परिच्छेद : एक

# शोध परिचय

## १.१. विषय परिचय

प्रस्तुत शोधपत्रको विषय **शैलेन्दुप्रकाश नेपालको महाकाव्यकारिता** हो। शैलेन्दुप्रकाश नेपाल (२०१८) आधुनिक नेपाली साहित्यकामा छुट्टै पहिचान भएका महाकाव्यकार हुन्। आधुनिक नेपाली साहित्यमा छन्द कविताको लोप हुन लागेको अवस्थामा छन्दबाटै सुन्दर र सिर्जनात्मक कविता रचना गरेर सफल सर्जकं भएका छन्। नेपाली साहित्यमा कलिलै उमेरमा कविता सिर्जना गरेर आफ्नो काव्य यात्रा सुरु गरेका नेपालको पहिलो कविता **फूलहरू** (२०२९) हो। नेपालको पहिलो रचना कविता भएपनि पहिलो प्रकाशित रचना भने **निबन्धकार देवकोटा** (२०३९) शीर्षकको समीक्षात्मक लेख हो। पहिलो प्रकाशित काव्यचाहिँ **प्रेमपूजा** (२०३९) गीतिकाव्य हो। नेपाली साहित्यमा विभिन्न विधामा कलम चलाएका नेपालले कविता विधामा मुक्तक, फुटकर कवितादेखि लिएर महाकाव्य र आख्यानमा कथा र उपन्यास समेत रचना गरेका छन् भने उनले निबन्ध, नाटक तथा समालोचना जस्ता विभिन्न विधामा कलम चलाएका भएपनि उनको क्षेत्र भने काव्य नै देखिन्छ।

शैलेन्दुप्रकाश नेपालद्वारा रचित **जुनू** (२०४८), **अनामिका** (२०५६) र **डायना** (२०६१) महाकाव्य शास्त्रीय, लोक र मुक्त लयको प्रयोग गरेर रचिएका महाकाव्य हुन्। यी तिनैवटा महाकाव्यको नामकरण नायिकाको नामबाटै गरिएको छ। आफ्ना सम्पूर्ण महाकाव्यमा नारी र प्रेमलाई बढी महत्त्व दिएका छन्। त्यस्तै उनका महाकाव्यमा स्वच्छन्दतावादी चेतना, प्रकृति चेतना, लय चेतना, सामाजिक-सांस्कृतिक चेतना, राष्ट्रिय चेतना, मानवतावादी चेतना जस्ता मूल प्रवृत्तिहरू देखा पर्छन्। संरचनागत र विषयगत दृष्टिले हेर्दा यी तिनवटै महाकाव्य नितान्त भिन्न रहेका छन्। **जुनू** उन्नाइस सर्ग, **अनामिका** एक्काइस सर्ग र **डायना**मा छत्तीस सर्गको संरचनामा संरचित भइका छन्। **जुनू** ग्रामीण समाजको यथार्थ चित्रण, **अनामिका**मा योगी र गणिकाको प्रेम प्रसङ्ग र **डायना**मा बेलायतकी युवराज्ञी डायनाको जीवनवृत्त प्रस्तुत गरिएको छ।

**जुनू** महाकाव्यमा लोक लयको मात्र प्रयोग गरिएको छ भने **अनामिका**मा लोकलय र शास्त्रीय लयको प्रयोग पाइन्छ। त्यस्तै **डायना**मा शास्त्रीय लय, लोक तथा मुक्त लयको

प्रयोग भएको पाइन्छ । मुख्यतः पूर्वीय महाकाव्य सिद्धान्तमा आधारित उनका महाकाव्यमा केही मात्रामा पाश्चात्य सिद्धान्तको पनि प्रयोग भेटिन्छ । चार पाउको श्लोकलाई विस्तार गरेर देवकोटाको शैलीलाई स्वीकार गरेका नेपालका तिनवटै महाकाव्यमा मानव मानव बिचमा माया, प्रेम र सद्भावले मात्र जीवन सफल हुन्छ भन्ने मान्यता पाउन सकिन्छ । उनका सम्पूर्ण महाकाव्यको अध्ययन गर्दा स्वच्छन्दतावादी चेतना, प्रकृति चेतना, लय चेतना, सामाजिक-सांस्कृतिक चेतना, राष्ट्रिय चेतना, मानवतावादी चेतना, नारीवादी चेतना जस्ता प्रवृत्तिलाई मूल प्रवृत्तिको रूपमा लिन सकिन्छ ।

## १.२ शोध समस्या

नेपाली साहित्य यात्रामा आफ्नो छुट्टै पहिचान कायम राख्न सफल स्रष्टा शैलेन्दुप्रकाश नेपालले साहित्यमा प्रायः सबै विधामा कलम चलाएका छन् । उनका प्रकाशित तिनवटै महाकाव्य (**जुनू, अनामिका र डायना**) मा महाकाव्य सिद्धान्तका आधारमा स्थापित सैद्धान्तिक मान्यताका आधारमा कस्तो देखिन्छ भन्ने प्राज्ञिक जिज्ञासालाई प्रस्तुत शोधमा मुख्य समस्याका रूपमा लिइएको छ । यस मुख्य समस्यालाई तपसिलका प्रश्नको माध्यमबाट प्रस्ट पार्न सकिन्छ :

क) शैलेन्दुप्रकाश नेपालको जीवनी र महाकाव्य कृतिबिचको अन्तः सम्बन्ध कस्तो छ ?

ख) महाकाव्य सिद्धान्तका आधारमा शैलेन्दुप्रकाश नेपालका महाकाव्य के-कस्ता रहेका छन् ?

ग) शैलेन्दुप्रकाश नेपालको महाकाव्यात्मक यात्रा, प्रवृत्ति र योगदान के कस्ता रहेका छन् ?

## १.३ उद्देश्य

उपर्युक्त शोध समस्याको प्राज्ञिक समाधानमा पुग्नु नै प्रस्तुत शोधको मूल उद्देश्य हो । यस उद्देश्यलाई तपसिलका बुँदाबाट स्पष्ट पार्न खोजिएको छ :

क) शैलेन्दुप्रकाश नेपालको जीवनी र महाकाव्य कृतिका बिच अन्तर सम्बन्ध खोजी गर्नु

ख) सैद्धान्तिक आधारमा शैलेन्दुप्रकाश नेपालका महाकाव्यको विश्लेषण गर्नु

ग) शैलेन्दुप्रकाश नेपालको महाकाव्यात्मक यात्रा, महाकाव्यात्मक प्रवृत्ति र योगदान पत्ता लगाउनु

## १.४ पूर्वकार्यको समीक्षा

शैलेन्दुप्रकाश नेपालका महाकाव्यको विभिन्न दृष्टिकोणबाट अध्ययन गरिएको छ । उनका सम्बन्धमा विभिन्न पक्षबाट अध्ययन अनुसन्धान गरिएको पाइए पनि उनको महाकाव्यकारिताका विषयमा प्राज्ञिक र प्रामाणिक अध्ययन हुन सकेको छैन । यस शोध कार्यका निम्ति तपसिलका लेख रचना तथा अध्ययन अनुसन्धानबाट सामग्री लिएर उपयोग गरिएको छ । जुन यसरी उल्लेख गरिन्छ :

१. गोपालप्रसाद भण्डारीले **जुनू महाकाव्यमा प्रकृति र नेपाली संस्कृति**, (रत्नश्री, वर्ष ३२, अङ्क ४, पूर्णाङ्क १६५, फागुन-चैत, २०५१) नामक लेखमा **जुनू** महाकाव्यमा चित्रित प्रकृति र ग्रामीण संस्कृतिको चर्चा गरिएको छ । प्रकृतिको सापेक्षतामा कविको रूपमा चर्चा गर्दै महाकाव्यात्मक प्रवृत्तिमा प्रकृतिवादी भनिए पनि समग्र महाकाव्यकारिताको चर्चा हुन सकेको देखिँदैन ।

२. दीपकमणि दाजुभाइले **लिटिल देवकोटा र अनामिका महाकाव्य**, (घटना र विचार, भदौं १७, २०५७ ) शीर्षकको लेखमा नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटासँग केही प्रवृत्ति मिल्ने भएकाले लिटिल देवकोटाको संज्ञा दिइए पनि महाकाव्यकारिताको चर्चा हुन सकेको छैन । महाकाव्य लेखनमा सङ्घर्ष गरेको कुरालाई देवकोटासँग तुलना गरिएको छ, तर महाकाव्यकारिताको चर्चा गरिएको छैन ।

३. रीता भट्टराईले **जुनू महाकाव्यको अध्ययन**, (२०६१) नामक शोधपत्रमा शैलेन्दुप्रकाश नेपालको महाकाव्यिक योगदानका विषयमा चर्चा गरे पनि महाकाव्यकारिताको प्राज्ञिक अध्ययन हुन सकेको छैन । प्रकृति चित्रणका उत्कृष्ट कवि भनी चर्चा गरे तापनि महाकाव्यात्मक प्रवृत्तिको निरुपण गरिएको छैन ।

४. श्रीश भण्डारीले **फूलको अवसानमा**, (कान्तिपुर, फागुन ८, २०६१) शीर्षकको लेखमा प्रकृतिको सापेक्षतामा मानवीय जीवनको यथार्थ चित्रणको साथै नारी रूप, गुण र

भाव पक्षको उदात्त चित्रण गर्ने कविका रूपमा चर्चा गरिए तापनि समग्र महाकाव्यकारिताको चर्चा हुन सकेको छैन ।

५. सिर्जना ढुङ्गानाले **शैलेन्दुप्रकाश नेपालको जीवनी, व्यक्तित्व र कृतित्व**, (२०६२) नामक शोधपत्रमा नेपालमा स्वच्छन्दतावाद, मानवतावाद, राष्ट्रप्रेमका साथै संस्कृतिप्रेमी भावना जस्ता प्रवृत्ति सशक्त रूपमा प्रवाहित भएको उल्लेख गरेकी भए पनि महाकाव्यकारिताको प्राज्ञिक अध्ययन हुन सकेको छैन। महाकाव्यहरूको सारसङ्क्षेपमा अध्ययन गरेर माथि उल्लेखित प्रवृत्तिहरू निरुपण गरे पनि समग्र महाकाव्यकारिताको चर्चा गरिएको भेटिदैन ।

६. विनयकुमार शर्मा नेपालले **नेपाली महाकवि र महाकाव्य**, (२०६४) नामक समीक्षा ग्रन्थमा कवित्व प्रवाहको चर्चा गर्दै कविको विचार र दर्शनको व्याख्या गरेको पाइए पनि महाकाव्य प्रवृत्तिको निरुपण गरिएको पाइदैन ।

७. धनकुमारी बस्नेतले **डायना महाकाव्यको विश्लेषणत्मक अध्ययन,** (२०६७) नामक शोधपत्रमा नारी पीडा र वेदनालाई संवेदनशील ढङ्गले प्रस्तुत गर्ने महाकाव्यकार भने पनि उनका महाकाव्यकारिताका बारेमा प्राज्ञिक एवम् प्रामाणिक अध्ययन अनुसन्धान गरिएको भने पाइदैन ।

८. बाबुराम ढकालले **अनामिका महाकाव्यको कृतिपरक अध्ययन**, (२०६७) नामक शोधपत्रमा महाकाव्यकारिताका विषयमा केही चर्चा गरे पनि प्राज्ञिक अध्ययन हुन सकेको छैन। **अनामिका** महाकाव्यलाई दृष्टिगत गरी महाकाव्यात्मक प्रवृत्तिको निरुपण गरे पनि समग्र महाकाव्यकारिताको चर्चा भने गरिएको पाइदैन ।

९. रीता भट्टराईले **जुनू महाकाव्यको अध्ययन**, (२०६१) नामक शोधपत्रमा शैलेन्दुप्रकाश नेपालको महाकाव्यिक योगदानका विषयमा चर्चा गरे पनि महाकाव्यकारिताको प्राज्ञिक अध्ययन हुन सकेको छैन। प्रकृति चित्रणका उत्कृष्ट कवि भनी चर्चा गरे तापनि महाकाव्यात्मक प्रवृत्तिको निरुपण गरिएको छैन ।

१०. शिवराम कोइरालाले **अनामिका महाकाव्यको विषयगत अध्ययन**, (२०६८) नामक शोधपत्रमा शैलेन्दुप्रकाश नेपालको महाकाव्यका विषयमा चर्चा गरे पनि महाकाव्यकारिताको चर्चा गरिएको छैन। महाकाव्यात्मक प्रवृत्तिको केही चर्चा गरिए पनि विधातात्विक अध्ययन भने हुन सकेको देखिँदैन ।

११. सङ्गीता थापाले **नारीवादी दृष्टिकोणबाट डायना महाकाव्यको अध्ययन**, (२०६९) नामक शोधपत्रमा नारीवादी दृष्टिकोणबाट अध्ययन गरेकी भए पनि महाकाव्यकारिताको चर्चा गरेकी छैनन् । नारीले गरेको सङ्घर्ष र उसको जीवनमा घटेका समग्र घटनामा आधारित भएर नारीवादी प्रवृत्तिको निरुपण गरिए पनि समग्र महाकाव्यात्मक प्रवृत्तिको निरुपण भएको छैन ।

१२. विष्णु धितालले **जुनू महाकाव्यको सामाजिक पक्ष**, (२०७०) नामक शोधपत्रमा **जुनू** महाकाव्यमा देखिएको प्राकृतिक समाजको चित्रण पाउन सकिन्छ । यसका साथै नेपाली ग्रामीण समाज, प्रकृति,र संस्कृतिको चित्रण गर्ने कवि भनी केही प्रवृत्ति देखाए पनि समग्र महाकाव्यका सापेक्षतामा महाकाव्यात्मक प्रवृत्तिको निरुपण हुन सकेको देखिँदैन ।

१३. पशुपति सापकोटाले **शैलेन्दुप्रकाश नेपालको महाकाव्यमा स्वच्छन्दतावाद**, (२०७१) शीर्षकको शोधपत्रमा समग्र महाकाव्यको स्वच्छन्दतावादी मान्यताअनुकूल अध्ययन गरे पनि विधातात्विक अध्ययन पाउन सकिँदैन । स्वच्छन्दतावादी प्रवृत्ति औँल्याए पनि समग्र महाकाव्यकारिताको अध्ययन भने हुन सकेको छैन ।

माथिका विभिन्न लेखक तथा अनुसन्धानकर्ताबाट महाकाव्य सिद्धान्तका आधारमा शैलेन्दुप्रकाश नेपालको महाकाव्यकारिताको प्राज्ञिक अनुसन्धान हुन सकेको छैन । उनको महाकाव्यकारिताका सम्बन्धमा सूचना दिने ती प्रयासहरू मध्येका लेख तथा अनुसन्धानहरू मूलतः एक कृतिमा केन्द्रित छन् भने पुस्तकहरुले पनि समग्र महाकाव्यलाई समेट्न सकेको पाइदैन । शैलेन्दुप्रकाश नेपालको महाकाव्यकारिताको वस्तुगत रूपमा व्यवस्थित र सिङ्गो अध्ययन देखा पर्दैन । महाकाव्य जगत्मा छुट्टै पहिचान राख्न सफल नेपालको महाकाव्यकारिताको सूक्ष्म अध्ययन हुनु जरुरी भएकोले महाकाव्य सिद्धान्तको आधारमा उनको महाकाव्यकारितालाई शोधकार्यको मुख्य विषय बनाएर प्रस्तुत गरिएको छ ।

## १.५ शोधको औचित्य

शैलेन्दुप्रकाश नेपालका महाकाव्य कृतिका सम्बन्धमा जे-जति अध्ययन विश्लेषण भएका छन् ती सबैलाई समग्र रूपमा दृष्टिगत गर्दा महाकाव्य सम्बन्धी निश्चित सैद्धान्तिक आधारमा उनको महाकाव्यकारिताको सिङ्गो अध्ययन भइ नसकेको परिप्रेक्षमा गरिएको यो

शोध प्राज्ञिक तथा अनुसन्धानात्मक अध्ययनका दृष्टिले उपयोगी हुनेछ। केही प्राज्ञिक अध्ययनमा उनको महाकाव्यकारिताका सम्बन्धमा भएका सङ्केतहरू निकै महत्त्वपूर्ण छन् र तिनले यस शोध कार्यलाई सफल बनाउन सहयोग पुऱ्याएका छन्। यसै सन्दर्भमा नेपालको कविता सिर्जनाको एक महत्त्वपूर्ण अंशका रूपमा रहेको महाकाव्यकारिताको अध्ययन महाकाव्यसम्बन्धी निश्चित सिद्धान्तकै आलोकमा गरिनु आवश्यक एवम् उचित देखिन्छ। यस किसिमको अध्ययन हुनु नेपाली साहित्यकै निम्ति एक महत्त्वपूर्ण उपलब्धि हुने कुरा निर्विवाद छ। यस कार्यबाट शैलेन्द्रप्रकाश नेपालको महाकाव्यकारिता लगायत साहित्यिक योगदानका सम्बन्धमा नयाँ एवम् मौलिक ज्ञान स्थापित भई समस्त प्राज्ञिक जगत् लाभान्वित हुन सक्ने देखिएकोले प्रस्तुत शोधको औचित्य स्वतः पुष्टि हुन्छ।

## १.६ शोधको सीमाङ्कन

शैलेन्द्रप्रकाश नेपालका केही महाकाव्य अप्रकाशित र परिमार्जनकै क्रममा रहेको भन्ने बुझिएको छ। लेखनका दृष्टिले **जलन** पहिलो महाकाव्य भएपनि अझै प्रकाशित हुन सकेको छैन। यस शोधकार्यमा २०७१ सालसम्म पुस्तकाकार रूपमा प्रकाशित महाकाव्यहरूको मात्र महाकाव्य सिद्धान्तका आधारमा सूक्ष्मताका साथ अध्ययन विश्लेषण गर्दै महाकाव्य कृति र जीवनीबिच अन्तः सम्बन्ध, महाकाव्य यात्रा, महाकाव्यात्मक योगदानका साथै समग्र महाकाव्यकारिताको अध्ययन गर्नु नै यसको सीमा हो।

## १.७ शोध विधि

### क) सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यको लागि आवश्यक सामग्री मुख्यतः पुस्तकालय विधिबाट सङ्कलन गरिए पनि शोध नायकसँग प्रत्यक्ष अन्तरवार्ता र कतिपय शैलेन्द्रप्रकाश नेपालसँग सम्बन्धित व्यक्तिसँगको सम्पर्क, भेटघाटका आधारमा प्राप्त भएको जानकारीको उपयोग पनि यस शोधमा गरिएको छ।

### ख) अध्ययन पद्धति

प्रस्तुत शोधमा उठाइएका प्राज्ञिक समस्या समाधानका लागि उल्लिखित स्रोतबाट सङ्कलित सामग्रीको विश्लेषण गरी सामान्यीकृत निष्कर्षमा पुग्न महाकाव्य सम्बन्धी

सैद्धान्तिक आधारको उपयोग गरिएको छ। मुख्यतः प्रस्तुत शोधकार्यका लागि विश्लेषणात्मक र वर्णनात्मक पद्धति अँगालिएको छ।

## १.८ शोधपत्रको रूपरेखा

शोध कार्यलाई व्यवस्थित र सङ्गठित रूपमा प्रस्तुत गर्न निम्नानुसार अध्यायमा विभाजन गरिएको छ।

| | | |
|---|---|---|
| परिच्छेद-एक | : | शोध परिचय |
| परिच्छेल-दुई | : | महाकाव्य सिद्धान्त |
| परिच्छेद-तिन | : | महाकाव्यकार शैलेन्दुप्रकाश नेपालको जीवनी र कृतित्व बिचको अन्तः सम्बन्ध |
| परिच्छेद-चार | : | शैलेन्दुप्रकाश नेपालका महाकाव्य कृतिको विश्लेषण, प्रवृत्ति र महाकाव्य यात्रा |
| परिच्छेद-पाँच | : | उपसंहार तथा निष्कर्ष |

परिच्छेद : दुई

# महाकाव्य सिद्धान्त

## २.१ विषयप्रवेश

साहित्य सर्वप्राचीन काव्य विधा हो । काव्य विधाका विभिन्न भेद रहेको देखिन्छ । लघुत्तम, लघु, मझौला, वृहत र वृहत्तर गरी जम्मा पाँच भेद रहेको भेटिन्छ । काव्यका यी विभिन्न विधामध्ये वृह/वृहत्तर आयाम अन्तरगत महाकाव्यलाई लिइन्छ । कविता विधामा सामान्यतः स्वीकारिने पाँच उत्तरोत्तर विस्तारित श्रेणीहरूमध्येका वृहत तथा वृहत्तर/वृहत्तम दुवै रूपको समष्टि संज्ञा हो-महाकाव्य (त्रिपाठी र अन्य, २०६५ : ६३) ।

महाकाव्य साहित्यको प्रमुख विधा कविता अन्तरगतको वृहत आकार भएको स्वतन्त्र उपविधा हो । कविता साहित्यको लय प्रधान एवम् भाव प्रबल विधा मानिन्छ, 'महत्' र काव्य दुई शब्दको मेलबाट निर्मित महाकाव्य शब्दको शाब्दिक अर्थ ठुलो काव्य भन्ने हुन्छ । कविता विधा अन्तरगत महाकाव्य सबैभन्दा वृहत उपविधा हो । अङ्ग्रेजीमा महाकाव्यलाई इपिक भनिन्छ । ग्रिसेली एपोस शब्दबाट विकसित भएर अङ्ग्रेजीमा आएको यस शब्दको अर्थ वीर काव्य हेरोइक पोयट भन्ने हुन्छ । पाश्चात्य मतमा महाकाव्यलाई विकासशील र कलात्मक गरी विभाजन गर्ने गरेको पाइन्छ । पूर्वीय साहित्य इतिहासमा महाकाव्य लेखनको प्रारम्भ धेरै पहिलेदेखि भएको हो तर महाकाव्यको सैद्धान्तिक पक्षमा बहस गर्ने र त्यसबारे समीक्षा गर्ने परम्परा भने इसाको छैटौँ शताब्दीका आचार्य भामहबाट प्रारम्भ भएको पाइन्छ । पाश्चात्य साहित्य जगत्मा भने महाकाव्य सम्बन्धी कलम चलाउने प्रथम विद्वान् अरस्तु नै हुन् (रिसाल, २०५० : ०८) । उनीपछि पूर्वीय र पाश्चात्य साहित्यमा आ-आफ्नै तरिकाले महाकाव्यको समीक्षा तथा लेखन प्रयास भएको देखिन्छ ।

प्रस्तुत अध्ययनमा महाकाव्यलाई चिनाउनका लागि पूर्वीय तथा पाश्चात्य साहित्य चिन्तकका विचार अघि सार्दै नेपाली विद्वान्बाट महाकाव्यका सम्बन्धमा व्यक्त धारणा समेत प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

## २.२ पूर्वीय मान्यता

महाकाव्य सम्बन्धी सिद्धान्त प्रस्तुत गर्नेहरूमा संस्कृत साहित्यका आचार्यहरूको विशेष योगदान रहेको पाइन्छ। महाकाव्य सम्बन्धी सिद्धान्त प्रस्तुत गर्ने सन्दर्भमा उनीहरूले महाकाव्य शब्दको व्युत्पत्तिदेखि रूपपक्ष र अन्तरवस्तु समेतमा महत्त्वपूर्ण विमर्श गरेको पाइन्छ। तीमध्ये केहीले महाकाव्य नभनी सर्गबन्ध, सकलकथा र महत्काव्य जस्ता शब्द प्रयोग गरेका छन् (ज्ञवाली, २०६८ : २)। पूर्वीय साहित्य परम्परामा बाल्मीकिको **रामायण** र व्यासको **महाभारत**लाई सर्वप्राचीन मान्न सकिन्छ। यिनै काव्यका आधारमा नै पूर्वमा महाकाव्य सम्बन्धी मान्यता स्थापित भएको पाइन्छ। पूर्वीय आचार्यहरू भामह, रुद्रट, दण्डी, विश्वनाथ, हेमचन्द्र, जगन्नाथ आदिले महाकाव्यका सम्बन्धमा आफ्ना चिन्तन प्रस्तुत गरेका छन्।

छैटौँ शताब्दीका चिन्तक आचार्य भामहले महाकाव्यको परिभाषा गर्दै भनेका छन्– "लामो कथानक भएको, महान् चरित्रमा आधारित, नाटकीय पञ्चसन्धिले युक्त भएको उत्कृष्ट एवम् अलङ्कृत शैलीमा रचित तथा जीवनका विविध रूप र कार्यको वर्णन गर्ने सर्गबद्ध सुखान्त काव्य नै महाकाव्य हो" (ज्ञवाली, २०६८ : २)।

भामहको यस परिभाषाले महाकाव्यलाई प्रबन्ध काव्यका रूपमा चिनाएको पाइन्छ। साथै स्पष्ट रूपमा महाकाव्यको विधागत मौलिकताको पहिचान र किटान गरेको छ। नायक र कथानक दुवै उच्च हुनुपर्ने, सर्गबद्ध हुनुपर्ने, शिष्ट शब्दार्थ एवम् आलङ्कारिक पद संयोजन रहनुपर्ने र कथानक पञ्चसन्धि युक्त हुनुपर्नेमा उनले जोड दिए पनि प्रकृति चित्रण, कथावस्तु र मङ्गलाचरणको कुनै कुरा उल्लेख गरेको देखिँदैन।

भामहपछि पूर्वीय साहित्यमा विस्तृत रूपले काव्य परिभाषा दिने अर्का आचार्य दण्डी हुन्। उनका अनुसार महाकाव्य सर्गबद्ध रचना हो। यसको प्रारम्भ आशीर्वादात्मक वा नमस्कारात्मक वा वस्तुनिर्देशनात्मक मङ्गलाचरणबाट हुनुपर्छ। इतिहास प्रसिद्ध सज्जन व्यक्तिको जीवनमा आश्रित कथा हुनुपर्छ। चतुर्वर्ग फल प्राप्ति देखाइएको महाकाव्यको नायक चतुर र उदात्त हुनुपर्छ। यसमा नगर, पर्वत, ऋतुचक्र, चन्द्रोदय, उद्यान, विहार, जलक्रिडा, मधुपान तथा सम्भोग आदिको वर्णन हुनुपर्छ। अलङ्कृत, विविध छन्द, रसयुक्त, सर्गान्तर वृत्तान्त, लोकरञ्जक जस्ता गुण भएको सर्गबन्ध महाकाव्य दीर्घजीवी हुन्छ ( ज्ञवाली, २०६८ : ४)।

दण्डीले यस परिभाषामा पूर्ववर्ती महाकाव्य चिन्तकको अनुसरण र केही मौलिकताको समावेश गरेको देखिन्छ। आचार्य दण्डीले चतुर्वर्ग फल प्राप्तिको धारणा र

मङ्गलाचरण, प्रकृति चित्रण, छन्द परिवर्तनको धारणा र लोकरञ्जनको धारणा जस्ता नयाँ कुरा थप गरे पनि पूर्ववर्ती चिन्तक आचार्य भामहलाई नै अनुसरण गरेका हुन् भन्ने बुझिन्छ ।

आठौँ शताब्दीको उत्तरार्द्धका साहित्य चिन्तक रुद्रटले आफ्नो **काव्यालङ्कार** नामक ग्रन्थमा महाकाव्यका तत्त्वहरूको विशेष महत्त्वका साथ विमर्श गरेको पाइन्छ । उनका अनुसार महाकाव्यमा धर्म, अर्थ, काम, मोक्षको उद्देश्यसहित सबै रस र काव्यस्थानहरूको वर्णन गरिएको हुनुपर्छ, उच्च, कुलीन, विजयका निमित्त सधैँ इच्छुक शक्तिशाली, शत्रुप्रति कठोर, युद्ध कौशल भएको नायक हुनुपर्छ । प्रणय, सम्भोग जस्ता विलास वर्णन हुनुपर्छ । अन्त्यमा नायकको विजय भएको सर्गबद्धताका साथै पञ्चसन्धिको विन्यास हुनुपर्छ (ज्ञवाली, २०६८ : ६) ।

रुद्रटको परिभाषालाई हेर्दा उनले महाकाव्यको आख्यान, पात्र, कथानक र तिनको स्वरूपतिर जोड दिए पनि मङ्गलाचरण, सर्गसंख्या, छन्दढाँचा, आकारप्रकारगत सीमा जस्ता पक्षमा खासै जोड दिएको पाइँदैन । यसरी हेर्दा पूर्ववर्ती चिन्तकलाई समर्थन गरी समन्वयवादी बनेको देखिन्छ ।

चौधौँ शताब्दीको उत्तरार्धका साहित्य चिन्तक विश्वनाथले साहित्य सिद्धान्त प्रस्तुत गर्ने सन्दर्भमा लक्षण ग्रन्थ **साहित्यदर्पण**मा महाकाव्यसम्बन्धी आफ्नो धारणा प्रस्तुत गरेका छन् । उनले महाकाव्य वीर नायक भएको सर्गबद्ध हुनुपर्ने कुरा गरेका छन् । क्षेत्रीय, धीरोदात्त गुणले सम्पन्न शृङ्गार, शान्त र वीर रसमध्ये एक रस अङ्गी रस भएको हुनुपर्ने, नाटकीय पञ्चसन्धि विन्यास हुनुपर्ने, कथावस्तु इतिहास प्रसिद्ध हुनुपर्ने, धर्म, अर्थ, काम, मोक्षमध्ये कुनै एकको सम्पूर्ण निरूपण हुनुपर्ने, मङ्गलाचरण आठभन्दा बढी शास्त्रीय छन्द प्रयुक्त सर्ग, स्वर्ग, नर्क, संयोग, युद्ध, विवाह, यात्रा आदि वर्णन हुनुपर्ने कुरामा जोड दिएका छन् (ज्ञवाली, २०६८ : ८) ।

प्रस्तुत चिन्तनलाई हेर्दा विश्वनाथले पनि पूर्ववर्ती चिन्तकको अनुशीलन, अनुसरणका साथै निजी स्थापनाको समेत समावेश गरेको पाइन्छ । पूर्ववर्ती मान्यताको अनुसरण गरे पनि सर्ग संख्या, छन्द प्रयोग, रस व्यवस्था, चतुर्वर्गमध्ये कुनै सिद्धिको प्रयोगमा जोड जस्ता निजी मान्यता समावेश गरिएको छ ।

यसरी महाकाव्यको सम्बन्धमा पूर्वीय साहित्यका विभिन्न आचार्यले आफ्नो मत प्रस्तुत गरेका छन् । आफ्नो मत प्रस्तुत गर्ने आचार्यमध्ये भामह, दण्डी, विश्वनाथ, रुद्रट र

हेमचन्द महत्त्वपूर्ण देखिन्छन् । उनीहरूको चिन्तनलाई सिंहावलोकन गर्दा महाकाव्यको परिभाषा यसरी दिन सकिन्छ– 'जीवनका विविध पक्ष समेट्ने महान वस्तु विधान भएको, प्राकृत भाषामा लेखिएको, उच्च कूलको महान् उदात्त चरित्र भएको पञ्चसन्धिले युक्त, वीर, शान्त र शृङ्गारमध्ये एक रस अङ्गी रस भएको, पञ्चसन्धि समन्वय गरिएको, ठुलो आयाममा फैलिएको गद्य र पद्यमा रचित कृति नै महाकाव्य हो ।'

## २.३ पाश्चात्य मान्यता

महाकाव्य सम्बन्धी सिद्धान्त प्रस्तुत गर्ने सन्दर्भमा पश्चिमा साहित्यमा पनि विभिन्न विद्वान्को महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । हामीले महाकाव्य मान्दै आएको विधालाई पश्चिमाहरूले 'एपिक वा लङन्यारेटिभ पोइम तथा हेरोइक पोइम' आदि संज्ञा दिएर व्यवहार गर्दै आएको देखिन्छ (धिताल, २०७० : १७) । पाश्चात्य साहित्यमा युनानी कवि होमरद्वारा रचित **इलियड**, **ओडिसी** जस्ता प्रसिद्ध महाकाव्यद्वारा साहित्य सिर्जनाको सुरुवात भएको हो । होमरद्वारा रचित यी महाकाव्यलाई आधार बनाएर महाकाव्यसम्बन्धी धारणा प्रस्तुत गरेको पाइन्छ ।

पाश्चात्य महाकाव्य सिद्धान्तका आधारभूमि अरस्तु हुन् । उनका महाकाव्य सम्बन्धी छरिएर रहेका धारणाहरू एकत्रित गरी उनको मत बुझ्न सकिन्छ । उनका अनुसार महाकाव्य कविता विधाको एक भेद हो । यसको कथावस्तु प्रख्यात वीर कथामा आधारित महाकाव्य पद्यमा लेखिएको, गम्भीर विषयको र भव्य शैलीमा तयार पारिएको अनुकरण हो भन्ने धारणाका साथै छन्दोबद्ध समाख्यानात्मक रचना महाकाव्य हो भन्ने धारणा पाइन्छ । यसका साथै समाख्यानात्मक हुनाले विस्तृत, अद्भूत र अनेक घटनाहरूको वर्णन गरिएको महाकाव्य हो (ज्ञवाली, २०६८ : १५) ।

यस चिन्तनलाई मनन गर्दा कवितात्मक अभिव्यक्ति महाकाव्य हुनका लागि वीर रसात्मक, वृहत आकार, लयात्मक, छन्दोबद्ध, महान विचारले पूर्ण, आकर्षक भाषाशैली तथा पाठकलाई काव्यानन्द प्रदान गर्न सक्ने हुनुपर्ने देखिन्छ ।

यसै क्रममा जोसेफ एडिसनले प्याराडाइज लस्टको भूमिकामा महाकाव्य सम्बन्धी धारणा प्रस्तुत गरेको पाइन्छ । उनका अनुसार महाकाव्यमा "दन्त्यकथा पूर्ण वा अपूर्ण हुन्छ, यसमा कम्तिमा एउटै घटना महान् र पूर्ण हुनुपर्छ" (धिताल, २०७० : १८) ।

उनले महाकाव्यमा लोकप्रसिद्ध दन्त्यकथा, उच्च र उदात्त गुणयुक्त नायक हुनुपर्ने कुराका साथै छन्दोबद्ध हुनुपर्ने कुरामा जोड दिएको देखिन्छ ।

यस्तै गरी एस.एच. स्टिनवर्गले **इन्साइक्लोपिडिया अफ लिटरेरी स्टर्म**को सम्पादन गर्ने सन्दर्भमा पनि महाकाव्य सम्बन्धी आफ्नो विचार प्रस्तुत गरेका छन् । उनले महाकाव्य वीर काव्य हो र यसमा राष्ट्रियताको अभिव्यक्ति हुनुपर्ने कुरामा जोड दिनुका साथै प्रमुख नायक प्रायः एउटै हुनुपर्ने कुरा बताएका छन् (ज्ञवाली, २०६८ : १७) ।

यसैगरी जोन्सनका अनुसार छन्दोमय रचना काव्य हो । कार्लाइलका अनुसार सङ्गीतपूर्ण विचार नै काव्य हो । वर्डस्वर्थका अनुसार प्रबल भावको सहज उच्छलन काव्य हो । त्यस्तै अर्का विद्वान् एड्गर एलेन पोकाअनुसार लयपूर्ण ढङ्गले सौन्दर्यको सृष्टि काव्यमा हुनुपर्छ (अवस्थी, २०६४ : १८) ।

यी सम्पूर्ण महाकाव्य सम्बन्धमा उल्लिखित पाश्चात्य मान्यतालाई अध्ययन गर्दा महाकाव्यलाई यसरी परिभाषित गर्न सकिन्छ : 'महाकाव्य आख्यानकेन्द्री, छन्दोबद्ध, विशाल आकार र व्यापक आयाम भएको कवितात्मक रचना हो, जसमा महान् कथावस्तु र महान् चरित्रको प्रयोग गरी सिङ्गो समाज, युग, सभ्यता र संस्कृतिको प्रतिबिम्ब प्रस्तुत गरिएको हुन्छ' ।

## २.४ नेपाली मान्यता

महाकाव्यका सम्बन्धमा नेपाली साहित्यका विभिन्न विद्वान्, समालोचक एवम् साहित्यकारले आ-आफ्नो मत राखेका छन् । नेपाली साहित्यमा महाकाव्य सम्बन्धमा मत प्रस्तुत गर्ने सम्पूर्ण विद्वानले अङ्ग्रेजी, संस्कृत र हिन्दीका आचार्यहरूले महाकाव्यका सम्बन्धमा दिएका धारणाको अध्ययन तथा अनुशीलनबाट प्राप्त गरेको निष्कर्षलाई नेपाली महाकाव्यसँग जोडेर प्रस्तुत गरेको पाइन्छ । महाकाव्य सम्बन्धी धारणा प्रस्तुत गर्ने विचारकहरूमा महाकवि लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, वासुदेव त्रिपाठी, हिमांशु थापा, कृष्ण गौतम, महादेव अवस्थी र अरु थुप्रै साहित्यकार रहेका छन् जसमध्ये केही परिभाषा उल्लेख गरिएको छ :

नेपाली महाकाव्य परम्परामा नयाँ युग निर्माता महाकवि देवकोटाले आफ्ना महाकाव्यहरूको चर्चा गर्ने सन्दर्भमा भनेका छन्– "तर छ साधारण, सामाजिक, औपन्यासिक सामग्री र युक्तिको कल्पनाद्वारा रचना गरिएको कविता-उपन्यास जसलाई

महाकाव्य भन्ने साधारण समझको उपाधि सायद उपाधि नै हुने गरी दिइएको छ" (सुलोचना-भूमिका, २०५०) । नेपाली काव्य परम्पराका अग्रजको यस भनाइले महाकाव्यका सम्पूर्ण पक्षलाई समेटेको त छैन तर सर्जकका आँखाले महाकाव्यलाई हेर्नका लागि यो परिभाषाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

त्यस्तै नेपाली महाकाव्य परम्पराका प्रयोगवादी काव्यकार बालकृष्ण समका अनुसार 'संलग्न रूपले लेखिएका धेरै कविताहरूको सङ्ग्रह नै महाकाव्य हो' (चिसो चूल्हो भूमिका, २०१५) । समको यो परिभाषाले महाकाव्यको सम्पूर्ण पक्षलाई समेट्न सकेको त अवश्य छैन तर यस परिभाषामा प्रयुक्त 'संलग्न रूपले लेखिएको कविता' भन्ने पदावलीले कथानकको अन्तः सम्बन्धतिर सङ्केत गर्दै काव्य महाकाव्यीय लक्षणयुक्त हुनुपर्ने कुरामा जोड दिएको छ ।

नेपाली साहित्यका समालोचक वासुदेव त्रिपाठी वि.सं. २०२७ सालको **प्रज्ञा**को वर्ष १, अङ्क १ मा भन्दछन्– "समसामयिक धरातल टेकेर मानसिक भावात्मक र वैचारिक चिन्तनात्मक स्तरमा महत्तम कवितात्मक छविद्वारा जीवनको विस्तृत, व्यापक र अझ विराट् अभिव्यञ्जना गर्नु नै महाकाव्य हो" । उनको यस भनाइले महाकाव्यमा भाव विचार र चिन्तनको मिश्रण हुनुका साथै जीवनको व्यापक र विस्तृत रूपलाई कविताका माध्यमबाट आनन्द प्रदान गराइने कुरा स्पष्ट हुन्छ तर यस भनाइमा पात्र, रस र छन्दका विषयमा स्पष्टता पाइँदैन ।

**नेपाली कविता** भाग ४ का अनुसार महाकाव्य कविता विधाको सबभन्दा विशाल त्यस्तो वृहत तथा वृहत्तर उपविधा भेद हो, जसमा साङ्गीतिक भाव प्रवाहको रूपमा कविताको प्राधान्य रहने गरी आख्यानको माध्यमबाट समग्र जीवन जगत्को विस्तृत कथन प्रायः सर्गबद्ध वृहत भाषिक सूचनाद्वारा गरिन्छ । महाकाव्यको रचनामा विपुल लय प्रवाह र विशाल भावराशी तथा समग्र जीवन जगत्को आख्यानीकरण र वृहत भाषिक संरचनाका मुख्य चार पक्षका रूपमा रही यिनले कवित्वको विस्तृति र व्याप्तिका साथै घनत्वलाई अभिव्यक्त गर्दछन् (त्रिपाठी र अन्य, २०६५ : ११२) ।

काव्य समालोचनाका क्रममा कृष्ण गौतमले महाकाव्य सम्बन्धी यस्तो धारणा राखेका छन् – "कुनै कृतिले ठुलो हुँदैमा महाकाव्यको अभिधान पाउँदैन । महाकाव्यका निम्ति उच्चता हुनुपर्छ, भव्यता हुनुपर्छ, गरिमा हुनुपर्छ र एउटै शब्दमा भन्ने हो भने गाम्भीर्य हुनुपर्छ" (गौतम, २०५५ : ३) । यस परिभाषाले महाकाव्यको काव्यात्मक

उचाइप्रति विशेष जोड दिँदै महाकाव्यलाई व्यापक, विशिष्टता, गाम्भीर्य बोकेको गरिमामय विधाका रूपमा लिएको पाइन्छ ।

त्यस्तै नेपाली साहित्यका अर्का समालोचक महादेव अवस्थी महाकाव्यका विषयमा यस्तो धारणा राख्छन्– "वास्तवमा मुक्त कविताका व्यतिरेकमा देखापर्ने प्रबन्ध काव्यका वृहत, वृहत्तर, वृहत्तम रूपलाई बुझाउने शब्द नै महाकाव्य हो र यसको स्वरूप महान् प्रबन्धात्मक किसिमको हुन्छ । कविताका पङ्क्तिगत, श्लोकगत, पृष्ठगत, सर्गगत प्रबन्धगत, स्थानिक लम्बाइ र तिनको पठनगत कालिक लमाइका आधारमा वृहत, वृहत्तर वा दीर्घतर ठहरिने रचना नै महाकाव्य हो" (अवस्थी, २०६४ : १४) । यस परिभाषाले महाकाव्यमा प्रयोग गरिने विषयवस्तु जीवन समग्रताको बहन गर्न सक्ने गरी वृहत आयामको हुनुपर्छ भन्ने मत राख्छ । अभिव्यक्तिगत आयाम व्यापक र संरचनागत आधार पनि सुगठित र समृद्धिपूर्ण हुनुपर्ने अपेक्षा राख्दछ ।

समग्रमा पूर्वीय र पाश्चात्य मान्यताकै आधारमा नेपाली विद्वान्हरूले महाकाव्यको परिभाषा प्रस्तुत गर्दै आएको देखिन्छ । हाल समयको क्रमसँगै महाकाव्यका सम्बन्धमा नयाँ नयाँ मान्यता र प्रयोग आइरहेका छन् । यस्तै कतिपय महाकाव्यको अन्तरविधात्मक लेखनशैलीलाई आत्मसात् गरेको पनि देखिन्छ ।

## २.५ महाकाव्यका तत्त्वहरू

महाकाव्य कृतिको रचनाका निम्ति जेजस्ता अङ्ग आवश्यक हुन्छन् तिनैलाई महाकाव्यका तत्त्व भनिन्छ । महाकाव्य कविताको वृहत आयामको प्रबन्धात्मक विधा भएकाले यसमा कवितालाई वृहत आयामसम्मको संरचनामा फैलाउने कविताधर्मी तत्त्वका साथै प्रबन्ध काव्यसापेक्षित तत्त्वहरू पनि अपेक्षित हुन्छन् । महाकाव्यका सम्बन्धमा पूर्वीय र पाश्चात्य साहित्याकाशमा विभिन्न तत्त्व निर्धारण गरिएका छन् । यिनै परिप्रेक्ष्यमा महकाव्यका तत्त्वलाई निम्नानुसार देखाउन सकिन्छ :

१) कथावस्तु

२) पात्र विधान

३) परिवेश विधान

४) विचार वा सन्देस

५) रसभाव विधान

६) लयविधान

७) बिम्ब र प्रतीक योजना

८) शीर्षकीकरण

९) भाषाशैली

### २.५.१ कथावस्तु

महाकाव्यमा महान् अर्थको अभिव्यक्ति गरिनुपर्छ भन्ने मान्यता भामहले नै स्थापित गरेका हुन् भने उनले त्यस अन्तरगत 'मन्त्रदूतप्रयाणादि'को चित्रण गरिने, त्यो सदाश्रित, पञ्चसन्धियुक्त, समृद्धियुक्त नातिव्याख्येय र नायकाम्थुदयमूलक हुने कुरा पनि जनाए ( अवस्थी, २०६४ : २४) । कथावस्तु महाकाव्यको महत्त्वपूर्ण तत्त्व हो। महाकाव्य कविताको वृहत आकार भएकाले कवितालाई वृहत आयामसम्म फैलाउन कथावस्तुले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। महाकाव्यमा जीवन जगत्को पूर्णांशलाई प्रस्तुत गर्न सक्ने किसिमको कथावस्तुको प्रयोग हुनु आवश्यक ठानिन्छ (ज्ञवाली, २०६८ : २५) । महाकाव्यमा कविताको विस्तारका क्रममा कार्यकारण शृङ्खलामा उनिएको कथावस्तु देखापर्छ। महाकाव्यको कथावस्तुको जीवनको समग्र पक्षलाई समेटिनु आवश्यक हुन्छ। मूल कथालाई प्रस्ट पार्ने खालका घटनालाई आदि, मध्य र अन्त्यको शृङ्खलामा उनिएको कथावस्तुको संयोजनले महाकाव्यलाई प्रभावशाली बनाउँछ। महान् अर्थ बोध गर्नका लागि कथावस्तु पनि महान् हुनुपर्छ। जीवनका विभिन्न आरोह अवरोहलाई समेट्दै विभिन्न मोड-उपमोडका सहायक कथाका माध्यमबाट कथावस्तुलाई बृहत बनाइनु पर्छ

महाकाव्यको कथावस्तु पुराकथा इतिहास तथा सामाजिक जीवनका विविध पक्षसँग सम्बन्धित हुनसक्छ। पुराकथा वा पौराणिक कथालाई कथावस्तु बनाएर महाकाव्य रचिएको छ भने ती कथाहरूले समसामयिक युग जीवनका अभिव्यञ्जनाहरूलाई प्रदर्शित गर्न सक्नुपर्छ। नायक र नायिका सम्बन्धी मूलकथाका अतिरिक्त अन्य उपकथा वा प्रकरणहरूलई प्रासङ्गिक प्रयोग गरेर कथावस्तुलाई व्यापक, विराट् र समष्टी आकारको बनाउनु आवश्यक छ। विषयवस्तुको मूर्तीकरण र अनुभूतिको आख्यानीकरणका लागि पनि कथावस्तु आवश्यक ठानिन्छ। महाकाव्यको प्राणतत्त्व मानिने कथावस्तु महान् कार्यको अभिव्यक्ति दिने खालको हुनुपर्छ। जुनसुकै समुदाय, जाति, वर्गका व्यक्तिमा आधारित भए पनि जीवनका उच्च, विशिष्ट र महत्त्वपूर्ण घटना वर्णित हुनुपर्छ। कथावस्तु सुखान्त,

दुःखान्त जुनसुकै प्रकृतिको भए पनि यसमा मानवीय आदर्श र जीवनमूल्यको विजयको पक्ष प्रस्तुत हुनुपर्छ (ज्ञवाली, २०६८ : २६) ।

कथावस्तु ऐतिहासिक, पौराणिक तथा कविकल्पनाजन्य मध्ये कुनै एक हुनुपर्छ । कथावस्तु सुखान्त दुखान्त दुवै खालको हुन्छ । पूर्वीय परम्परामा सुखान्त कथावस्तुलाई महाकाव्यले स्वीकारे पनि पाश्चात्य परम्परामा सुखान्त र दुखान्त दुवै कथावस्तुलाई स्विकारिएको पाइन्छ । यसर्थ सुखान्त र दुखान्त जुनसुकै कथावस्तु भए पनि समग्र जीवन समेट्ने खालको महान् कथावस्तु हुनुपर्छ ।

## २.५.२ पात्र विधान

पूर्वीय प्रथम महाकाव्यचिन्तक भामहले नै महाकाव्यमा महान् पात्र अपेक्षित रहने मान्यता स्थापित गरेका छन् (अवस्थी, २०६४ : २३) । महाकाव्यको नायक देवता, सद्वंशको क्षेत्रीय तथा महान् हुनुपर्दछ भन्ने पूर्वीय मान्यता रहेको छ । सज्जन तथा दुर्जन दुवै किसिमका पात्र हुनु जरुरी छ (आचार्य, २०६४ : ५०) । पाश्चात्य मान्यताअनुसार महाकाव्यको नायक सदोषयुक्त, भद्र, कुलीन, उदात्त, नैतिकवान्, यशस्वी र शक्तिशाली हुनुपर्दछ तथा अन्य पात्रहरू पनि भद्र हुनुपर्छ (अवस्थी, २०६४ : २३) ।महाकाव्यको अर्को महत्त्वपूर्ण तत्त्व चरित्र हो । कथावस्तुलाई गति दिएर यात्रा गराउने काम चरित्रका माध्यमबाट गरिन्छ । पात्रहरू/चरित्रहरूको क्रियाकलापबाट नै कथावस्तुले प्रारम्भ, विकास, चरमोत्कर्ष तथा फलागमको शृङ्खलात्मक अवस्था प्राप्त गर्दछ । पात्र वा चरित्रका हिसाबले महाकाव्यमा मूल नायक, मूल नायिका, सहनायक, सहनायिका, खलनायक, खलनायिका तथा अन्य प्रासङ्गिक एवम् गौण पात्रहरू पनि रहन सक्छन् । समाज सम्बन्धी कुनै पनि पक्षसँग सम्बन्ध राख्ने मानवीय स्वभावका पात्रहरू महाकाव्यमा रहनुपर्छ । खासगरी मूल नायक, नायिका उदात्त गुणले युक्त प्रेरक एवम् चरित्रवान् हुनु आवश्यक छ । त्यसबाहेक अन्य नायक नायिका कथानकको आवश्यकता अनुसार सत्, असत, शिष्ट, अशिष्ट, वर्गीय, व्यक्तिगत, वर्हिमुखी, अन्तर्मुखी, शिक्षित, अशिक्षित, महिला, पुरुष, बाल, युवा, मानवीय, मानवेतर आदि विभिन्न किसिमका हुन सक्छन् (भण्डारी र अन्य, २०७० : १५३) ।

उदारता, धैर्यता, दृढता, शालीनता, त्याग, बलिदान, समर्पण, यश, पराक्रम, वीरता जस्ता गुणहरूले युक्त महान् चरित्र हुनुपर्छ । पात्रका मानवीय गुण र दोषहरू स्वभाविक

रूपमा देखाइनु पर्छ। महाकाव्यमा प्रयुक्त पात्रहरूको क्षमता अन्य साधारण व्यक्तिको तुलनामा धेरै नै क्षमतावान् हुनुपर्छ। कथावस्तुको प्रकृतिअनुरूप तिनीहरू ऐतिहासिक, पौराणिक वा काल्पनिक जेजस्तो भए पनि प्रसिद्धिको प्राप्तिका निम्ति चाहिने गुणहरूले युक्त हुनुपर्छ। सहायक पात्र पनि प्रमुख पात्र वा कथावस्तुलाई गति दिने खालको हुनुपर्छ। महाकाव्यका पात्र वा चरित्र स्वद्देश्यपूर्ण ढङ्गले छनोट गरिनुपर्छ र तिनले जीवनका विविध पक्ष सम्बन्धी मानवीय यथार्थहरूलाई प्रतिबिम्बित गर्न सक्नुपर्छ। महाकाव्यलाई चरित्रविना यसको गरिमा प्रदान गर्न नसकिने हुनाले यो महाकाव्यको महत्त्वपूर्ण तत्त्व हो।

## २.५.३ परिवेश

पूर्वीय काव्यशास्त्रमा दण्डी तथा विश्वनाथका अनुसार महाकाव्यमा नगर, समुद्र, पर्वत, ऋतु, चन्द्रोदय, सूर्योदय, उद्यान, जलक्रीडा, सुरापान, सम्भोग-उत्सव, विप्रलम्भ, विवाह, कुमारजन्म, मन्त्रदूतप्रयाण आदिका साथै रात्रि, प्रदोष, अन्धकार, दिन, प्रातः काल, मध्याह्न, सिकार, युद्ध, वन, मुनि, स्वर्ग, पुर, यज्ञ आदिलाई परिवेशका रूपमा समावेश गर्दै मनोहर वातावरणको अपेक्षा गरिएको छ (अवस्थी, २०६४ : २५)। महाकाव्यमा विश्वजनीन रूपमा त्रिकालिक वर्णनीय क्षमता र स्वर्गदेखि धरतीसम्मको परिवेश समावेश हुनु जरुरी देखिन्छ। पाश्चात्य महाकाव्यमा परिवेश सम्बन्धी खासै, चर्चा गरिएको नपाइए पनि चरित्रको व्यक्तित्व, सामाजिक, सांस्कृतिक तथा जीवनचक्रलाई उतारिने हुँदा परिवेश स्वतः उत्रन्छ।

महाकाव्यमा वर्णित देश-काल र परिस्थिति भन्ने बुझिन्छ। कथावस्तुभित्र युग जीवनका विराट्ता र व्यापकतालाई सशक्त अभिव्यक्ति दिने विधा भएकाले यसमा वातावरण वा परिवेश चित्रणको पनि स्वभाविक, सन्तुलित एवम् जीवन्त प्रस्तुति हुनु आवश्यक छ। व्यक्ति जीवन सम्बन्धी प्राकृतिक, मानसिक, सामाजिक तथा अन्य विविध परिवेश वर्णन हुनु आवश्यक छ।

महाकाव्यमा कथावस्तुको क्रम, सन्दर्भ, चरित्रको सार्थकता बोध गराउनको लागि महान् परिवेश अपरिहार्य हुन्छ। वस्तु, नेता, रस हुनाका लागि पनि महान् परिवेश हुनुपर्छ। यसका निम्ति महाकाव्यमा प्रकृति र जीवनका गतिविधिका अनेक परिवेश हुनुपर्छ। महाकाव्य महान् वर्णनात्मक हुन्छ र उक्त वर्णनात्मकताका निम्ति महान् परिवेशको उपस्थिति जरुरी हुन्छ। समग्रमा वातावरण वा परिवेशको सशक्त एवम् जीवन्त चित्रणले

महाकाव्यलाई स्वाभाविक मात्र होइन कलात्मक एवम् हृदय संवेद्य पनि बनाउँछ। अतः वातावरण वा परिवेशलाई पनि महाकाव्यको अनिवार्य तत्वको रूपमा लिइन्छ।

### २.५.४ विचार वा सन्देश

महाकाव्यको प्रमुख तत्त्व मध्येकै एक तत्त्व विचार वा सन्देश पनि हो। जीवन यथार्थका बहुआयामिक सत्यहरूको उद्घाटन गर्नु र जीवन समग्रताको अभिव्यक्ति दिदै काव्यानन्द प्रदान गर्नु महाकाव्यको मुख्य उद्देश्य रहन्छ। महाकाव्यकारले महाकाव्यमा कुनै न कुनै जीवनदृष्टि वा जीवन दर्शन व्यक्त गरेको हुनुपर्छ। काव्यको रचना कुनै न कुनै उद्देश्यबाट प्रेरित भएर गरेको हुन्छ। जुन उद्देश्यबाट प्रेरित भएर काव्य सिर्जना गरिएको हुन्छ त्यही उद्देश्य पूरा गर्ने प्रेरणा वा आधार नै विचार हो। जुन उद्देश्यले काव्य रचना गरिएको हो त्यो उद्देश्य पूरा गर्ने आधार महान् हुनुपर्छ।

पुरुषार्थ चतुष्टय (धर्म, अर्थ, काम, मोक्ष) अभिव्यक्ति दिनु मुख्यतः महाकाव्यको प्रयोजन मानिन्छ। भौतिक तथा यथार्थ जीवन दर्शनसँग सम्बन्धित भौतिकवादी विचारहरूको अभिव्यक्तिलाई पनि जीवनदर्शनका रूपमा अभिव्यञ्जना गरिनुपर्छ, मानवीय अनुशासन र नैतिकता तथा मानवतावादी भाव चेतनको उत्कर्षलाई महाकाव्यको विचार वा सन्देश बनाइनु पर्छ। समग्रमा मानव जीवन सम्बन्धी यथार्थलाई जीवन दर्शनको स्रोत बनाएर युग र जीवनलाई व्यापक रूपले चिनाउनु पर्छ। महाकाव्यमा महाकाव्यकारले जुन विचार अभिव्यक्ति गरिरहेको हुन्छ त्यसैसँग गाँसिएर हुने चेतनाको प्रवाह नै महाकाव्यको विचार हो।

### २.५.५ रसभाव विधान

रसभाव विधान महाकाव्यको अर्को महत्त्वपूर्ण तत्त्व हो। महाकाव्यमा शृङगार, वीर र शान्त रसमध्ये कुनै एक रसको प्रधानता हुनु आवश्यक ठानिन्छ। जीवन समग्रताको अभिव्यक्ति गरिने महाकाव्यमा रससमग्रताको अभिव्यक्ति अपरिहार्य नै रहन्छ, तर कुनै एक रसलाई अङ्गी रस स्तरमा प्रवाहित गर्न सके कलात्मक महाकाव्यको गुणवत्ता गहिराइपूर्ण बन्न जाने कुरा पनि सत्य नै हो। (अवस्थी, २०६४:२६) कविता भाव प्रवल साहित्यिक विधा हो र महाकाव्य कविताको सर्वोच्च अभिव्यक्ति भएकाले रसभाव विधान महाकाव्यको महत्त्वपूर्ण तत्त्व हो। विभिन्न भाव सिद्धिद्वारा काव्यानन्द प्रदान गर्ने उद्देश्य महाकाव्यमा निहित हुन्छ। वस्तुतः मान्छेको मन अनेक भावराशिको पुञ्ज हो। जीवनका तमाम

अनुभूति र काव्यसँग तिनको सम्बन्धपछि मात्र भावकले आनन्दको अनुभूति गर्दछ (ज्ञवाली, २०६८ : २८) । महाकाव्यमा रति, उत्साह, सम जस्ता स्थायी भावहरूको चित्रण भएको हुनुपर्छ । कथावस्तुलाई प्रभावकारी बनाउन रसभावको महत्त्वपूर्ण भूमिका रहन्छ । रसभावको उचित र कलात्मक प्रयोगले नै महाकाव्यलाई परिपाकमा पुऱ्याउने गर्दछ ।

### २.५.६ लयविधान

पूर्वीय आचार्य भामहले महाकाव्यलाई वृत्तिबन्ध वा छन्दोबद्ध रचनाको रूपमा चिनाएका छन् (अवस्थी, २०६४ : २५) । महाकाव्यमा छन्द हुनुपर्ने भन्ने उनको मान्यता रहेको छ । त्यस्तै आचार्य दण्डीले महाकाव्यको प्रत्येक सर्ग एक छन्दमा रचिनुपर्छ र सर्गान्तमा चाहिँ छन्द परिवर्तन हुनुपर्छ । विश्वनाथका अनुसार एकै सर्गमा पनि अनेक छन्दको प्रयोग गर्न सकिन्छ र सर्गान्तमा छन्द परिवर्तन गर्नु आवश्यक मानिन्छ (अवस्थी, २०६४ : २७) । कविताको प्रमुख तत्त्वका रूपमा लयविधानलाई लिइन्छ । खण्डकाव्यको बृहत आयाम महाकाव्यमा पनि लय आधारभूत तत्त्व नै हो । गद्य र पद्यबिचको विभाजन रेखा कोर्ने लय भन्नाले श्रुतिमाधुर्य भन्ने बुझिन्छ । वर्ण, मात्रा, अक्षर, पङ्क्ति आदिको उपयुक्त विन्यासबाट लय उत्पन्न हुन्छ । कवितालाई सम्प्रेष्य, प्रभावशाली बनाउन लयको अहम् भूमिका हुन्छ । वर्णमात्रिक, मात्रिक, लोकलय, मुक्तलय आदि कुनै पनि लयको प्रयोग महाकाव्यमा हुनुपर्छ ।

### २.५.७ विम्ब र प्रतीक योजना

महाकाव्यलाई कलात्मक, आकर्षक र अलङ्करणका निम्ति विम्व, अलङ्कारको आवश्यकता पर्दछ । विभिन्न बिम्व र प्रतीकका माध्यमबाट सम्प्रेषण गर्न सकिने र काव्यमूल्य बढाउन सकिने हुनाले यो महाकाव्यको महत्त्वपूर्ण तत्त्व हो । विम्व र प्रतीक जीवन जगत्का विविध क्षेत्रबाट लिइएका हुन्छन् । अलङ्कारले पनि काव्यलाई सिँगारेर स्तरीय बनाउँछ । शब्द र अर्थको प्रयोगबाट काव्यमा  उत्पन्न हुने शोभा वा सौन्दर्य अलङ्कार हो । आफूले सोझै व्यक्त गर्न नसकेका कुरालाई विभिन्न बिम्ब, प्रतीक र अलङ्कारका माध्यमबाट प्रभावकारी बनाउनु पर्ने हुन्छ । यसरी विम्व प्रतीकको प्रयोगले काव्यगत उचाइ बढ्छ । महाकाव्यमा पात्र, शीर्षक, विषय प्रतीकात्मक हुन सक्छन् । काव्यभावलाई प्रभावशाली तुल्याउन बिम्ब, प्रतीक र अलङ्कारको विशेष भूमिका रहन्छ ।

### २.५.८ शीर्षकीकरण

पूर्वीय साहित्य शास्त्रीहरूले महाकाव्यको शीर्षकीकरण सम्बन्धमा आफ्ना मान्यताहरू अघि सारेको पाइन्छ । यस क्रममा आचार्य विश्वनाथले महाकाव्यको नामकरण त्यसका कवि, नायक, प्रतिनायक वा कथात्मक घटनामा आधारित हुनुपर्ने र अवान्तर सर्गको शीर्षकको नाम यो सर्गमा चित्रित हुनुपर्ने कुरा बताएका छन् (अवस्थी, २०६४ : २७) । पूर्वीय तथा पाश्चात्य दुबै महाकाव्य सिद्धान्तमा महाकाव्यको शीर्षकीकरणमा विषद् चर्चा गरेको पाइँदैन । पूर्वमा यसको सामान्य चर्चा गरिए पनि पश्चिममा भने यसको चर्चा पाइँदैन ।

### २.५.९ भाषाशैली

महाकाव्यको एक महत्वपूर्ण तत्त्व भाषाशैली पनि हो। महान् उद्देश्य बोकेको महान् कथावस्तु महान् चरित्र र महान् रस भएको महाकाव्यको भाषा पनि महान् हुनुपर्छ। कविता लय प्रधान विधा भएको र महाकाव्य पनि कविताको बृहत रुप भएकाले यसको भाषा पनि लयप्रधान हुनपर्छ। महाव्यमा प्रयुक्त भाषा भव्य, लयप्रधान, भाव वा विचार सुहाँउदो सुन्दर खालको हुनुपर्छ। महाकाव्यले भव्य भाषाको माग गर्ने भएकाले यसमा विपुल भावराशि, व्यापक युगबोध, बहुआयामिक जीवन बोध र विस्तृत परिवेश अनुकल साधनापूर्ण र लयदार भाषा हुनु जरुरी छ (ज्ञवाली, २०६८ : ३०) । महाकाव्यको भाषा विशिष्ट हुनुपर्छ। भाषामा विशिष्टता ल्याउन विम्व, प्रतीक र अलङ्कार योजना पनि अपरिहार्य हुन्छ। श्रुतिमधुरता र लयात्मकता प्राप्तिका क्रममा विशिष्ट भाषिक प्रयोग अपरिहार्य देखिन्छ। समग्रमा सरल, सरस, लयात्मक, भव्य, विशिष्ट र सुस्पष्ट भाषाशैली महाकाव्यमा आवश्यक देखिन्छ ।

## २.६ निष्कर्ष

महाकाव्य सम्बन्धी पूर्वीय, पाश्चात्य र नेपाली मान्यताको विश्लेषण पश्चात् समग्रमा महान् अर्थ बोध गर्ने, समग्र जीवन प्रस्तुत गर्ने, छन्दोबद्ध, लयात्मक, सर्गबन्ध, ऐतिहासिक पौराणिक र कवि कल्पित कथावस्तु महाकाव्यका लागि आवश्यक हुन्छ । बृहत कथावस्तु योजनाबद्ध र सुसङ्गठित रूपमा विस्तार हुनुपर्ने देखिन्छ । प्राकृतिक, सांस्कृतिक,

लौकिक, सामाजिक परिवेशको विस्तृत चित्रण हुनुपर्ने हुन्छ । लय, भाव, उक्ति, बिम्ब, प्रतीक योजना पनि आवश्यक छ । पुरुषार्थ चतुष्टयको अभिव्यक्ति सहित योजनाबद्ध बृहत विस्तार र सत्यको सङ्केत हुनु महाकाव्यको विशिष्टता हो ।

पूर्वीय, पाश्चात्य र नेपाली साहित्याकाशमा विभिन्न चिन्तनको विकाससँगै महाकाव्यका विभिन्न अवयवको विकास भएको पाइन्छ । यसरी महाकाव्यको चर्चा गर्ने सन्दर्भमा विभिन्न विद्वानले भिन्ना भिन्नै तत्वको चर्चा गरेका छन् । माथि उल्लेखित तत्त्व बाहेक सर्गयोजना, छन्दोबद्धता, शीर्षकीकरण, आयाम, जस्ता तत्त्व पनि माथिका तत्त्वमै समावेश गर्न सकिन्छ । त्यसैले महाकाव्यमा कथावस्तु, चरित्र, परिवेश, विचार, रसभाव, लय, विम्व, प्रतीक अलङ्कार, भाषा जस्ता तत्त्व नै मूख्य तत्त्व हुन् ।

परिच्छेद : तिन

# शैलेन्दुप्रकाश नेपालको जीवनी र कृतित्व बिचको अन्तः सम्बन्ध

## ३.१ शैलेन्दुप्रकाश नेपालको सामान्य परिचय

### ३.१.१ जन्म र जन्मस्थान

शैलेन्दुप्रकाश नेपालको जन्म प्रकृतिको सुन्दर नगरी भोजपुर जिल्लाको कटुँजेमा वि.सं. २०१८ साल मङ्सिर २९ गते बिहीबार, मार्ग शुक्ल सप्तमीका दिन पिता पूर्णप्रकाश नेपाल र माता चन्द्रकुमारी नेपालका जेष्ठ सुपुत्रका रूपमा भएको हो (ढुङ्गाना, २०६२ : १३) पाण्डित्य र भविष्यवक्ताका रूपमा पूर्खादेखि नै चिनिँदै आएको परिवारमा जन्मेका नेपालको न्वारनको नाम 'दिव्यप्रकाश' हो । बाल्यकालमा उनी 'बाबुराम' नामले चिनिन्थे भने केही साहित्यिक रचनामा 'श्रीकृष्ण भोजपुरे' तथा 'शैप्रने' प्रयोग गरेको पाइन्छ (ढुङ्गाना, २०६२ : १३) ।

वि.सं. २०२० सालमा पिता पूर्णप्रकाश नेपाल भोजपुरको कटुँजेबाट सुनसरीको चतरामा बसाइँसरेपनि पछि चतराबाट सुनसरीकै ढिकभ्फोडामा सरेका थिए । पटक पटक सबाइँसराइकै क्रममा २०३९ साल देखि काठमाडौंको कपनमा बसे भने हाल उनी श्रीमती सबिता, छोरी सिर्जना र छोरा साहित्यप्रकाशका साथ काठमाडौंको धापासीस्थित बसुन्धरामा बस्दै आएका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

बाबु, आमा र हजुरआमाको काखमा शैलेन्दुप्रकाश नेपालको बालयकाल बितेको देखिन्छ । बाबु साहित्यकार तथा भ्रमणशील व्यक्तित्व भएकोले उनको बाल्यकाल विशेषतः आमा र हजुरआमाको काखमै बितेको पाइन्छ । प्रकृतिको काखमा रमाइलोसँग बाल्यकाल बिताएका शैलेन्दुको बाल्यजीवन बसाइँसराइको कारण अस्तव्यस्त रहेपनि दुःखपूर्ण भने भएन ।

### ३.१.२ वंशपरम्परा

शैलेन्दुप्रकाश नेपालको जन्म शिक्षाको उद्गम स्थल मानिएको भोजपुर जिल्लाको कटुँजेका ब्राह्मण वंशमा भएको हो । नेपाल गाउँका रूपमा परिचित भोजपुर कटुँजेका

नेपालहरू दैलेखको दुल्लूका नेपालहरूको एक हाँगो हुन् (ढुङ्गाना, २०६२ : १५)। मध्यवर्गीय नेपालहरूले खेतीपाती र गाईवस्तु पाल्ने कार्यहरू ने आफ्नो मुख्य व्यवसाय बनाएका थिए। शैक्षिक अवस्था सामान्य स्तरको थियो तर उनका पिता पूर्णप्रकाश नेपालको परिवार सुशिक्षित, सुसंस्कृत र सुपठित रहेको पाइन्छ। ज्योतिष र कर्मकाण्डलाई आफ्नो मूल पेशाका रूपमा अँगाल्दै आएका उनका पूर्खा साहित्य लेखनतर्फ पनि अग्रसर देखिन्छन्। उनका पिता पूर्णप्रकाश नेपाल 'यात्री' ले नेपाली भाषा र साहित्यमा पुऱ्याएको योगदान उल्लेख्य रहेको छ। शैलेन्दुका छोरा साहित्यप्रकाशको पनि नेपाली साहित्यमा विशेष गरी काव्य विधातर्फ अभिरुचि देखिन्छ। शैलेन्दुका पिता पुर्खाहरूको विद्वता, पाण्डित्य र प्रतिभाको प्रेरणा र प्रभाव उनी लगायत उनका छोरामा पनि परेको पाइन्छ (ढुङ्गाना, २०६२ : १६) ।

## ३.१.३ पारिवारिक जीवन

शिक्षित, पठित, ज्योतिष, साहित्यकार तथा पण्डितको परिवारमा शैलेन्दुप्रकाश नेपालको जन्म भएको हो। कटुँजेका नेपाल परिवार तत्कालीन समयमा धुरन्धर पण्डित, ज्योतिष र ग्रन्थकार थिए। (शोध नायकबाट प्राप्त जानकारी) शैलेन्दुका पिता पूर्णप्रकाश नेपाली भाषा र साहित्यका मर्मज्ञ थिए जसको प्रभाव उनको बालमस्तिष्कमा परिसकेको थियो। पूर्णप्रकाशको दुई परिवार र सात भाइ छोरा भएपनि कहिल्यै वैरभाव नरहेको र सबै आ-आफ्नो पेशा व्यवसायमा लगनशीलताकासाथ संलग्न रहेको देखिन्छ (ढुङ्गाना, २०६२ : १८)। वि.सं. २०४५ सालमा धादिङको निवुवास्वारा निवासी सविता शर्मा (खतिवडा) सँग बैवाहिक सम्बन्ध गाँसिएपछि उनको पारिवारीक जीवन अत्यन्त सुमधुर देखिन्छ। जीवनका सहयात्री शैलेन्दु र सविताको कार्यक्षेत्रका पनि सहयात्री बन्न पाएकोमा अत्यन्त खुसी तथा सुन्तुष्ट देखिन्छन् (शोध नायकबाट प्राप्त जानकारी)। हाल उनी धापासी स्थित बसुन्धरामा श्रीमती र दुई सन्तानसँगै खुसी र सन्तुष्टिका साथ पारिवारिक जीवन व्यतित गर्दैछन्।

## ३.१.४ शिक्षादीक्षा

निरन्तर भएको बसाइँ सराइका कारण बाल्यकालमा केही प्रभाव देखिए पनि समयको गतिसँगै पढाइमा निकै ठुलो प्रगति गरेका छन्। पढ्नु र पढाउनु पर्छ भन्ने मान्यता बोकेको परिवारमा हुर्केका शैलेन्दुको अक्षराम्भ घरमै आफ्नै पिताबाट भएको हो। ६

वर्षको उमेरमा वसन्त ऋतु प्राथमिक विद्यालयबाट सुरु भएको औपचारिक शिक्षाको यात्रा विभिन्न विद्यालय र महाविद्यालय हुँदै विद्यावारिधि तहसम्म पुगेर (२०६१) सालमा समाप्त भएको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

विभिन्न विद्यालय परिवर्तन गर्दै अध्ययन अघि बढाएका नेपालले २०३७ सालमा संस्कृत माध्यमिक विद्यालय, पोखराबाट प्रवेशिका पास गरेका हुन् । संस्कृतबाटै उच्च शिक्षा अध्ययन गर्ने मनसायले वाल्मीकि क्याम्पसमा भर्ना भए पनि संस्कृत तर्फको शिक्षा भने अपुरै रह्यो । २०४१ सालमा पिपुल्स क्याम्पसबाट प्रविणता प्रमाणपत्र तह पुरा गरेका नेपालले केही समय पशुपति बहुमुखी क्याम्पसमा समेत अध्ययन गरे । त्रिचन्द्र क्याम्पसबाट २०४५ सालमा स्नातक र २०४६ सालमा महेन्द्ररत्न क्याम्पसबाट शिक्षाशास्त्र सङ्कायतर्फ पनि स्नातक पूरा गरेका हुन् । २०४८ सालमा नेपाली विषयमा स्नातकोत्तर पुरा गरेका नेपालले २०६१ सालमा नेपाल संस्कृत विश्वविद्यालयबाट **माधव घिमिरेका खण्डकाव्यको ध्वनि तात्त्विक अध्ययन** शीर्षकमा विद्यावारिधि उपाधि हासिल गरेका छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

बाल्यकालमा पटक-पटक बसाइँसराइको कारण अध्ययनमा केही प्रभाव देखिए पनि पछि विद्यावारिधि सम्मको उपाधि हासिल गरेको देखिन्छ ।

### ३.१.५ रुचि र स्वभाव

मानवको पहिचानको आधार रुचि र स्वाभाव हो । सामान्यतः साहित्यकारमा हुनुपर्ने गुण उनमा थियो । सादा जीवन उच्च विचारका धनी उनले पोशाकभन्दा पनि शिष्ट व्यवहारले मानिसलाई सफल बनाउन सक्ने विचार राख्छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

देवकोटाको मुनामदनलाई सर्वोप्रिय कृति ठान्ने उनले कविता र जीवन एक अर्काको पुरक ठान्दै कविताविहीन जीवन कल्पना गर्न नसकिने विचार राख्छन् । समग्र साहित्यको मुटु र आत्मा कविता हो भन्ने उनी यदाकदा चलचित्र हेर्ने, साथीभाइसँग रमाउने, घुमफिर गर्नुका साथै फुर्सदको समयमा नेपालको हिमाली-पहाडी प्रकृतिका साथै धार्मिक सांस्कृतिक महत्त्व क्षेत्रहरूको भ्रमणमा जुटेको पाइन्छ (ढुङ्गाना, २०६२ : २१) ।

मुदुभाषी र मिलनसार व्यक्तित्वका धनी उनी साथीभाइ, इष्टमित्र र बन्धु-बान्धवलाई परिआएमा सहयोग दिनमा पछि नपर्ने स्वभावका छन् । बढी नबोल्ने, सरल,

इमान्दार र गम्भीर प्रकृतिका उनी आवश्यकता अनुसार सहयोग गर्ने मिलनसार र सहयोगी छन् ।

### ३.१.६ पेसा र जागिरे जीवन

विभिन्न दृष्टिकोणले हेर्दा २०३९ साल शैलेन्दुप्रकाश नेपालका लागि महत्त्वपूर्ण देखिन्छ । साहित्यिक यात्रा र जागिरे जीवनको यात्रा एकैपटक सुरु भएको देखिन्छ । २०३९ सालमै समीक्षात्मक लेख प्रकाशन गरेर आफ्नो साहित्यिक यात्राको सुरुवात गरेका शैलेन्दुले जागिरे जीवनको सुरुवात पनि यसै वर्षबाट आरम्भ गरेका हुन् ।

बालाजुस्थित तरुण माध्यमिक विद्यालयबाट आफ्नो जागिरे जीवनको सुरुवात गरेका शैलेन्दुप्रकाश नेपालले झण्डै एक दर्जन बढी विद्यालय तथा क्याम्पसमा प्राध्यापन गरिसकेका छन् । पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार तथा पशुपति बहुमुखी क्याम्पस, चाबहिलमा प्राध्यापनरत उनले जीवनमा सफल हुने मान्छे मात्र सफल शिक्षक हुनसक्ने विचार व्यक्त गर्दछन् । शिक्षण पेशालाई सन्तुष्टिको पेशा मान्ने उनले यस पेशालाई सानै देखि आदर्श पेशाका रूपमा लिएका छन् (शोधनायकबाट प्राप्त जानकारी) । अनुशासन, सिर्जनशीलता, लगनशीलता जस्ता कुराहरू विद्यार्थीहरूका लागि अपरिहार्य भएपनि आजका विद्यार्थीमा यस्ता कुराहरू ह्रास हुँदै गएकोमा चिन्तित देखिने शैलेन्दुले आफू शिक्षक साहित्यकार दुबै भएकाले शिक्षणको अलवा साहित्य लेखनतर्फ पनि बराबर प्रेरित गरिरहन्छन् (ढुङ्गानाः २०६२ : २२) । विद्यार्थीहरूमा साहित्यिक प्रतिभा प्रस्फुटन गराउन सदैव प्रेरणाका स्रोत बनेका उनी आफ्नो पेसाप्रति जिम्मेवार, कर्तव्यनिष्ठ र प्रतिवद्ध भएर आजसम्म पनि लागिपरेको देखिन्छ ।

### ३.१.७ प्रेरणा प्रभाव

कुनै पनि व्यक्तिको जीवनलाई महान् बनाउन कसै न कसैको प्रेरणा र योगदान हुन्छ । नेपालको प्राकृतिक सुन्दरता र घर परिवारमा रहेको नेपाली भाषा र साहित्यप्रतिको लगाव नै उनको सबै भन्दा ठुलो प्रेरणा र प्रभाव हो । हरेक बालबालिकाको पहिलो पाठशाला घर हो । नेपाली साहित्यका मर्मज्ञ पिता पूर्णप्रकाश नेपाल (यात्री) को सहित्यिक लगाव, सुशिक्षित र सुसंस्कृत परिवार नै उनको लागि प्रेरणाको स्रोत बनेको छ । सुप्रसिद्ध साहित्यकारको परिवारमा जन्मेका र साहित्यिक वातावरणमा हुर्केका हुनाले पनि उनले सबै

भन्दा ठुलो प्रेरणा परिवारबाट पाएको देखिन्छ। शिष्टता, शालीनता र सौम्यता जस्ता गुणहरू हजुरआमा र सिर्जनात्मकता, रचनात्मकता र समाजसेवाजस्ता गुणहरू बाबुबाट लिएको स्वीकार गरेका छन् (शोधनायकबाट प्राप्त जानकारी)। उनको पारिवारिक वातावरण नै उनको भविष्य निर्माणको मूल आधार हो ।

प्रतिभा व्युत्पत्ति र अभ्यासलाई पूर्वीय साहित्य चिन्तनमा सिर्जनाको प्रेरक तत्त्व माने पनि साहित्य सिर्जनामा बाह्य प्रेरणाको पनि विशेष भूमिका रहेको हुन्छ। घरमा साहित्यिक वातावरणको प्रभाव स्वरूप उनका पिता पूर्णप्रकाश नेपाल (यात्री) नौ दश वर्षकै उमेरमा कविता लेख्न प्रेरित गरिरहन्थे। बाल्यकाल बिताएका विभिन्न स्थानका प्राकृतिक सौन्दर्य, नेपाली सस्कृतिका विभिन्न झलक तथा सामाजिक रहनसहन तथा रीतिरिवाज पनि उनको साहित्यिक प्रेरणा हुन्, जुन उनको बालमष्तिष्कमा परिसकेको थियो ।

अध्ययनको क्रममा पोखरा पुगेका शैलेन्दुलाई त्यस स्थानको प्राकृतिक सुन्दरताले अझ बढी प्रेरणा प्रदान गरेको बुझिन्छ। कलिलै उमेरमा 'फूलहरू' शीर्षकको कविता सिर्जना गरी आफ्नो काव्ययात्राको सुरुवात गरेका शैलेन्दुका मुख्य प्रेरणाका स्रोत नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाका कृतिहरू हुन् (शोधनायकबाटं प्राप्त जानकारी)। त्यस्तै महानन्द सापकोटा, मुकुन्दशरण उपाध्याय, सुषमा आचार्य, दीपक सोती, गोपालप्रसाद रिमाल आदि साहित्यकारबाट पनि प्रेरणा लिएको पाइन्छ। पूर्वीय साहित्यका कालिदास, भारवी, माघ आदि पाश्चात्य साहित्यका रविन्द्रनाथ ट्यागोर, सेक्सपियर, वर्डस्वर्थ, सेली, होमर, दाँते, भर्जिल आदि तथा नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल, भानुभक्त आचार्य, मोतीराम भट्ट, पारिजात, भूपि शेरचन, गोपाल प्रसाद रिमाल, अगमसिंह गिरी, गुरूप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला, माधव घिमिरे आदि व्यक्तित्वका रचनाबाट उनी विशेष प्रभावित भएको पाइन्छ (ढुङ्गाना, २०६२ : २४)। देवकोटालाई विशेष आदर्श मान्ने उनी वर्तमान प्रसङ्गमा माधव घिमिरेबाट प्रभावित देखिन्छन् ।

वंश परम्परादेखि नै रहिआएको पेशा र व्यवसायलाई निरन्तरता दिँदै आएका शैलेन्दु नेपालको प्राकृतिक सुन्दरता, साहित्यप्रतिको विशेष झुकाव तथा निरन्तर साहित्य साधना नै आज चर्चाको शिखरमा पुऱ्याउने प्रेरणा र प्रभाव हुन् ।

### ३.१.८ साहित्य लेखनको सुरुवात

नेपालको प्राकृतिक सुन्दरतामा रमाउने स्वाभावका उनी सानैदेखि साहित्य लेखनमा कलम चलाउने गर्दथे । प्रकृति र नेपाली संस्कृतिप्रति झुकाव भएका उनी विद्यालयमा हुने अतिरिक्त क्रियाकलाप, साथीहरूसँगको दोहोरी खेलाई अनि घुमफिरको कारणले गर्दा पनि सानैदेखि उनमा साहित्यिक प्रतिभाको सङ्केत देखिएको थियो ।

एघार वर्षको कलिलो उमेरमा 'फूलहरू' शीर्षकको कविता नै उनको पहिलो कविता हो । २०२९ सालमा उक्त कविता रचना गरे पश्चात साहित्य सिर्जनाको क्रम विस्तारै बढ्दे गएको हो । प्रकृतिको सुन्दर नगरी पोखरामा अध्ययन गर्ने हेतुले पुगेका उनको कवि मन अविरल रूपमा बर्सन थाल्यो । २०३९ सालमा **प्रेमपूजा** गीतिकाव्य प्रकाशन पश्चात् उनको कविमन अझ फैलने मौका पायो ।

२०२९ सालबाट सुरु भएको साहित्य लेखन यात्रा हालसम्म कवि, आख्यानकार, समालोचक, सम्पादक, बाल साहित्यकार, निबन्धकार व्यक्तित्वका रूपमा कायमै छ । बहुमुखी प्रतिभा सम्पन्न उनको काव्य विधा नै सबैभन्दा फस्टिएको देखिन्छ । काव्यका सबै आयाममा निपुण कवि नेपालका काव्य हरेक दृष्टिले उत्कृष्ट देखिन्छन् ।

### ३.१.९ संलग्नता

शिक्षण तथा साहित्य सिर्जनालाई मुख्य पेशा बनाएका शैलेन्दुको जीवन यात्रा निकै फराकिलो देखा पर्छ । विभिन्न विद्यालय तथा क्याम्पसमा प्राध्यापन गर्दै विभिन्न सामाजिक तथा साहित्यिक संघसंस्थासँग आबद्ध रहेका साहित्य र समाज कल्याणमा अग्रसर देखिन्छन् (ढुङ्गाना, २०६२ : २६) । विभिन्न पुस्तक, पत्रपत्रिकाको सम्पादन कार्य गरेका शैलेन्दुले नेपाल टेलिभिजनबाट प्रसारित टेलिशृङ्खला त्रिवेणी तथा हिजो आजका कुरामा अभिनय गरेको देखिन्छ । यसरी हेर्दा लेखन, सम्पादन, प्राध्यापन, समाजसेवा तथा अभिनय आदि कार्यमा उनको संलग्नता देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

### ३.१.१० सम्मान र पुरस्कार

साहित्य साधनामा लामो समय व्यतित गरेका कवि शैलेन्दुप्रकाश नेपाल नेपाली साहित्याकाशमा विभिन्न फूल फुलाउन सफल छन् । जसले नेपाली साहित्यको बगैंचालाई सुन्दर र सुरम्य बनाउन ठूलो इँटा थपेको छ । यसरी उनको साहित्यप्रतिको अथक प्रयासका लागि विभिन्न सम्मान तथा पुरस्कार प्रदान गरिएको छ ।

जिल्ला शिक्षा पुरस्कार, काठमाडौं (२०४९) राष्ट्रिय युवा महोत्सव (कविता) पुरस्कार (२०५६), कृष्णाकुमारी गुरुङस्मृति पुरस्कार (**अनामिका** महाकाव्यका लागि २०५८) गेरु अम्बिका कोइराला स्मृति सम्मान (वाणी) प्रकाशन, विराटनगरबाट प्राप्त जानकारी २०५९) लेखनाथ काव्य पुरस्कार २०७०) भानुभक्त काव्य पुरस्कार (२०७१) (शोधनायकबाट प्राप्त जानकारी) आदि उनले पाएको उत्कृष्ट पुरस्कार हुन् भने यसबाहेक उनले थुप्रै पुरस्कार तथा सम्मान प्राप्त गरेका छन् ।

### ३.१.११ जीवन दर्शन

जीवन दर्शन भन्नाले जीवनको उत्पत्ति, अन्त्य तथा जीवनशैली आदि विषयमा विचार गर्ने दृष्टिकोण भन्ने बुझिन्छ । जीवन सृष्टिलाई हेर्ने, जीवनको आगमन, जीवनको मूल्य, महत्त्व, कर्तव्य र दायित्व सम्बन्धमा राखिने दृष्टिकोण नै जीवनदर्शन हो (ढुङ्गाना, २०६२ : ३१) । जीवन आदर्शवादी, सिर्जनशील, गतिशील भयो भने जीवन सार्थक हुन्छ भन्ने शैलेन्दुप्रकाश नेपालको विचार छ । योग र भोग संयोग जीवनमा हुनुपर्छ भन्ने विचार उनको **अनामिका** महाकाव्यमा देखा पर्छ । मान्छेले अरुलाई चिन्नु अघि आफूलाई चिन्नुपर्छ भन्ने उनको मान्यता रहेको छ । मान्छे बौद्धिक हुनुभन्दा व्यवहारिक बन्नुपर्छ भन्ने मान्यता राख्ने उनको कुशल व्यवहार भएको व्यक्ति नै असल व्यक्ति हुन्छ भन्ने विचार रहेको छ (शोधनायकबाट प्राप्त जानकारी) ।

## ३.२ शैलेन्दुप्रकाश नेपालको जीवनी र महाकाव्य कृतित्वको अन्तः सम्बन्ध

शैलेन्दुप्रकाश नेपालको विभिन्न पक्षबाट उनको महाकाव्य कवित्व प्रभावित भएको पाइन्छ । साहित्यकार जुन देश, काल र परिस्थितिमा जसरी बाँचेको हुन्छ त्यसैबाट प्राप्त अनुभव वा अनुभूतिकै अभिव्यक्तिका क्रममा साहित्यिक कृति सिर्जना हुने हुँदा साहित्यकारको जीवनी र कृतित्वको अन्तः सम्बन्ध देखा पर्छ (खत्री, २०६७ : ६४) उनको महाकाव्य कृतित्व र महाकाव्य बिचको अन्तः सम्बन्धलाई तपसिलका बुँदामा संक्षेपमा अध्ययन गरिएको छ ।

### ३.२.१ बाल्यकाल र महाकाव्य कृतित्वको अन्तः सम्बन्ध

शैलेन्दुप्रकाश नेपालको महाकाव्य कृतित्वमा उनले भोगेको बाल्यजीवनको विशेष प्रभाव पाइन्छ । उनले बाल्यकालमा भोगेको जीवन भोगाइ उनका काव्यकृतिमा पाउन

सकिन्छ। सुन्दर, पहाडी प्रकृतिको काख भोजपुरको कटुँजेमा जन्मिएका उनी त्यस ठाउँमा धेरै समय बस्न पाएनन्। उनको बाल्यकाल सुनसरी चतरा र चक्रघट्टी (हाल महेन्द्रनगर भनेर चिनिने ठाउँ) भन्ने स्थानमा बितेको हो (शोधनायकबाट प्राप्त जानकारी)। डाँडा, पाखा, नदी, छाँगा छहराको प्राकृतिक परिवंशसँग नजिक रहेका शैलेन्दुको बालमष्तिष्कमै प्रकृतिको विविध रूपको अमिट छाप परेको थियो। पछि मोरङको सिजुवासौठा (जुन ठाउँ भ्रोडाका रूपमा बढी परिचित थियो) मा बस्दा पनि प्रकृति, तराईको संस्कृति, विभिन्न धार्मिक तथा सांस्कृतिक स्थलको प्रभाव परेको पनि देखिन्छ।

शैलेन्दुको बाल्यकाल शिक्षित, सुसंस्कृत परिवारमा बितेको थियो। आफ्नो वंशले पुर्ख्यौली पेशा ज्योतिष र कर्मकाण्ड गर्दै आए पनि उनका पिता नेपाली भाषा र साहित्यका मर्मज्ञ थिए। उनले कविता सिर्जनामा प्रेरणा दिइरहन्थे, त्यसैले यसको प्रभाव पनि देखिन्छ। अध्ययनका क्रममा पोखरा पुगेका उनलाई त्यहाँको प्राकृतिक सुन्दरताको छाप परेको पाइन्छ। उनले बाल्यकालमा अनुभूत गरेका सुन्दर प्रकृति, पहाडी ग्रामीण परिवेश, प्रकृतिका विविध रूपको चित्रण, लोक सांस्कृतिक सचेतता जस्ता विशेषता पाइनुमा बाल्यजीवन र त्यसको सेरोफेरोको प्रभाव परेको देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी)। यसबाट उनको बाल्यकाल र महाकाव्य कृतित्वका बिच अन्तः सम्बन्ध रहेको स्पष्ट हुन्छ।

### ३.२.२ अध्ययन र महाकाव्य कृतित्वको अन्तः सम्बन्ध

शैलेन्दुप्रकाश नेपालको अक्षरारम्भ घरमै पिताबाट भएपनि उनको औपचारिक शिक्षा ६ वर्षको उमेरमा वसन्त ऋतु प्राथमिक विद्यालय ढिकभ्रोडाबाट सुरु भएर विभिन्न विद्यालय तथा महाविद्यालय हुँदै विद्यावारिधि तहसम्म पुगेर (२०६१) सालमा समाप्त भएको पाइन्छ। घरमा आफ्ना पिता संस्कृत साहित्यका विद्वान हुनुका साथै पत्रकार, साहित्यकार, शिक्षक पनि थिए। त्यसैले पूर्ख्यौली प्रभाव उनमा पनि देखिएको छ (शोधनायकबाट प्राप्त जानकारी)।

माध्यमिक तहको शिक्षा आर्जन गर्ने क्रममा पोखरा पुगेका उनलाई त्यहाँको मनोरम प्रकृति, बौद्धिक सङ्गत तथा संस्कृत केन्द्रित पठनपाठनले उनको कविप्रतिभालाई प्रस्फुटित गर्ने काम गरेको देखिन्छ। उच्च शिक्षाका क्रममा काठमाडौं आएपछि महाकाव्य विद्या र त्यसको महत्त्वबारे बुझेपछि उनको महाकाव्य लेखन यात्रा आरम्भ भएको पाइन्छ। उच्च शिक्षा अध्ययनका क्रममा संस्कृत साहित्यका कालिदास तथा नेपाली साहित्यका महाकवि

लक्ष्मीप्रसाद देवकोटाको महाकवित्व र महाकाव्य कृतिबारे परिचित भएपछि उनको कवि जीवनका बृहत आयामको लागि थप प्रेरणा मिलेको बुझिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

यसरी अध्ययनका क्रममा उनी पुगेका स्थान र उनले अध्ययन गरेका व्यक्तित्व र तिनका सिर्जनाबाट पनि कविता काव्य सिर्जनामा प्रेरणा मिलेको हो । उनले औपचारिक अध्ययनबाट प्राप्त गरेको ज्ञान, स्वअध्ययनबाट प्राप्त गरेको ज्ञान र सीपको प्रभाव उनका महाकाव्यमा पाउन सकिन्छ । परिष्कार एवम् सुकुमार शैली अध्ययनकै प्रभाव हो भन्न सकिन्छ । तसर्थ उनको अध्ययन र महाकाव्य कृतित्व बिच पनि अन्तः सम्बन्ध रहेको स्पष्ट हुन्छ ।

### ३.२.३ दाम्पत्य जीवन र महाकाव्य कृतित्वको अन्तः सम्बन्ध

शैलेन्दुप्रकाश नेपालको दाम्पत्य जीवनको प्रारम्भ वि.सं. २०४५ मा धादिङको निवुवास्वाँरा गाउँकी सविता शर्मा (खतिवडा) सँग वैवाहिक बन्धनमा बाँधिएपछि भएको थियो । प्रारम्भिक चरणमा रहेको काव्ययात्रामा कवि शैलेन्दुले प्राप्त गरेको कविजीवनको सफलतामा पत्नी सविताको पनि मुख्य भूमिका रहेको देखिन्छ । सविताको आगमन शैलेन्दुको कवि जीवनमा सफलताको प्रेरक बनेको बुझिन्छ । सविताकै सहयोग र उपयुक्त वातावरणका कारण उनले **जुनू**, **अनामिका**, **डायना**, **जङ्गबहादुरको वायु** जस्ता महाकाव्यका साथै थुप्रै कविता कृति सिर्जना गर्न पाए । शैलेन्दु दाम्पत्य जीवन परस्पर सहयोग, समझदारी र प्रेम प्रणयमा आधारित हुन्छ, यो पारिवारिक जीवनका लागि सुखद सम्बन्ध हो । त्यसको अभावमा मानवजीवन दुखद र पारिवारिक अवस्था भताभुङ्ग हुन पुग्छ भन्ने दृष्टिकोण राख्छन् (शोधनायकबाट प्राप्त जानकारी) । पारिवारिक जीवनयात्रामा प्राप्त पारिवारिक आनन्द, सन्तान सुख तथा पारिवारिक जीवनबोधले शैलेन्दुका महाकाव्य कृतिमा कुनै न कुनै रूपमा प्रभाव पारेको देखिन्छ । उनका महाकाव्यमा पाइने पारिवारिक जीवनका सुखदुःख, जीवनप्रतिको मोह, आदर्श दाम्पत्य जीवन, प्रेमको आकर्षण र अविश्वासका कारण हुने घातप्रतिघात चित्रण जस्ता विशेषताले उनको दाम्पत्य जीवन र महाकाव्य कृतित्व बिचमा पनि अन्तः सम्बन्ध रहेको स्पष्ट हुन्छ ।

### ३.२.४ पेशागत जीवन र महाकाव्य कृतित्वको अन्तः सम्बन्ध

शैलेन्दुप्रकाश नेपालको पेसाको औपचारिक आरम्भ वि.सं. २०३९ सालमा तरुण माध्यमिक विद्यालयमा शिक्षकको रूपमा काम गर्न थालेपछि भएको हो । यसरी औपचारिक रूपमा जागिरे जीवनको सुरुवात गरेका शैलेन्दुले हालसम्म दर्जन बढी स्कुल तथा क्याम्पसमा प्राध्यापन गरिसकेका छन् । पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार र पशुपति बहुमुखी क्याम्पस, चावहिलमा प्राध्यापनरत शैलेन्दुलाई साहित्य लेखनमा जागिरे जीवनले पनि प्रेरणा प्रदान गरेको बुझिन्छ ।

पेशाले प्राध्यापक रहेका शैलेन्दुलाई पढ्ने र पढाउने क्रममा मानवीय जीवन दर्शन, साहित्यको महत्त्व र महाकाव्यको गौरवका विषयमा परिचित हुँदै गएपछि त्यसतर्फ आकर्षण बढेको बुझिन्छ । महाकवि देवकोटा लगायत अन्य महाकविहरूका कृतिहरू अध्यापन गराउने क्रममा आफूलाई पनि त्यो उचाइमा पुऱ्याउने रहर र महाकाव्य साहित्यको सर्वोच्च विधा हो भन्ने बोध भएपछि महाकाव्य लेखनतर्फ प्रवृत्त भएको बुझिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

यसरी शिक्षण पेशालाई निरन्तरता दिँदै गर्दा लेखनमा निखार थपिँदै गएको बुझिन्छ । विभिन्न साहित्यकारका काव्यकृतिको अध्ययन-अध्यापन गराउने क्रममा विशिष्ट खालका अर्थात् उनीहरूको सामिप्यमा पुग्ने खालका महाकाव्य कृति सिर्जना गर्ने प्रेरणा मिल्यो भन्न सकिन्छ । अतः उनको पेसागत जीवन र महाकाव्य कृतित्वका बिच अन्तः सम्बन्ध रहेको स्पष्ट हुन्छ ।

## ३.२.५ पुरस्कार तथा मानसम्मान र महाकाव्य कृतित्वको अन्तः सम्बन्ध

शैलेन्दुप्रकाश नेपालको साहित्यलेखनको प्रारम्भ वि.स. २०२९ सालमा 'फूलहरू' शीर्षकको कविता लेखेपछि भएको हो । २०२९ सालबाट सुरुवात भएको उनको कवित्व यात्राले पछि विस्तारित रूप लिँदै गयो । २०३९ सालमा **प्रेमपूजा** शीर्षकको गीतिकाव्य प्रकाशन पश्चात उनको आकर्षण महाकाव्य लेखनतर्फ बढेको बुझिन्छ । २०४० सालबाट लेख्न सुरुवात गरेको **जुनू** महाकाव्यको प्रकाशन २०४८ सालमा भएको हो । त्यो नै उनको पहिलो प्रकाशित महाकाव्य हो । यो भन्दा अघि नै उनले **जलन** महाकाव्य लेखेका थिए जुन अझैसम्म प्रकाशन हुन सकेको छैन । हालसम्म **जलन**, **जुनू अनामिका**, **डायना**, **जङ्गबहादुरको वायु** महाकाव्यको पिता भइसकेका उनका तिनवटा महाकाव्य प्रकाशित छन् ।

उनको प्रकाशित दोस्रो महाकाव्य **अनामिका** हो । यो महाकाव्य प्रकाशन भइसक्दा पनि कवि आफू यो कृति अस्पष्ट, दुरुह तथा असम्प्रेषणीय छ भन्ने सोचमा भए पनि यसको प्रकाशनसँगै उनको कवित्वको चर्चा भयो । चितवन साहित्य परिषद्ले **कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार** तथा वाणी प्रकाशन, विराटनगरले **गेरु-अम्बिका कोइराला स्मृति** सम्मान यस कृतिका लागि प्रदान गरे (शोधनायकबाट प्राप्त जानकारी) । यी लगायत यस्ता थुप्रै पुरस्कार तथा सम्मान पाएका उनलाई स्तरीय महाकाव्य सिर्जनामा हौसला र प्रेरणा मिल्यो । आफूले नै दुरुह र दुर्बोध्य ठानेको कृतिका माध्यमबाट जतातत‍ै चर्चा पाइनुका साथै विभिन्न पुरस्कार र सम्मान पाइनुबाट उनलाई काव्य सिर्जना गर्न हौसला मिलेको देखिन्छ । शैलेन्दुप्रकाश नेपाललाई मानसम्मान तथा पुरस्कारले प्रदान गरेको प्रेरणाबाट उनका महाकाव्य सिञ्चित भएका छन् । अतः उनको महाकाव्य कृतिमा पुरस्कार र मानसम्मानको अन्तः सम्बन्ध रहेको पाइन्छ ।

### ३.२.६ राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेश र महाकाव्य कृतित्वको अन्तः सम्बन्ध

शैलेन्दुप्रकाश नेपालका महाकाव्यमा राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेशको चित्रण पाउन सकिन्छ । महाकाव्यमा युगबोध वा युगचेतना हुनु आवश्यक छ । कुनै पनि कवि वा लेखक विश्वघटनाक्रम र परिवेशबाट अलग वा अछुत रहन सक्दैन । त्यसैले विश्वघट्नाक्रम र राष्ट्रिय परिवेशको प्रभाव उनका महाकाव्यमा पनि देख्न सकिन्छ (शोधनायकबाट प्राप्त जानकारी) । उनका महाकाव्यमा राजनीतिक परिवेशको प्रभाव कही कतै देखिएको छैन तर उनका फुटकर कविता र खण्डकाव्यमा त्यसको प्रभाव देख्न सकिन्छ ।

प्राकृतिक सुन्दरता, राष्ट्रिय प्रकृति, संस्कृति र प्राकृत जीवनशैली जस्ता राष्ट्रिय परिवेशले महाकाव्य अछुत रहन सकेका छैनन् । उनको **जुनू** महाकाव्य राष्ट्रिय परिवेशमा आधारित देखिन्छ । प्रेममय जीवनदर्शन उनको **अनामिका** महाकाव्यमा पाउन सकिन्छ । त्यस्तै **डायना** महाकाव्यले विश्वमानवका समस्या र युगबोधलाई समेट्ने प्रयास गरेको देखिन्छ । **डायना**को प्रेममय जीवनमा आएको विघटन, सङ्घर्ष र समाजसेवाको भावना यहाँ प्रस्तुत गरिएको छ । अविश्वासको कारण विश्व समुदायमा देखापर्ने समस्याको चित्रण उनको यस महाकाव्यमा पाउन सकिन्छ । राष्ट्रिय युग चेतनाका साथै अन्तराष्ट्रिय परिवेशको चित्रण पाइने हुँदा उनका महाकाव्यमा राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेशको प्रेरणा र प्रभाव पाउन सकिन्छ ।

उनका काव्यहरूमा आफ्नो जीवन भोगाइको राष्ट्रिय परिवेशको छाप पाउन सकिन्छ। अन्तराष्ट्रिय परिवेशमा अविश्वासका कारण तहसनहस बन्दै गएको मानव जीवनको चित्रण पाइने हुँदा राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेश र महाकाव्य कृतित्व बिच अन्तः सम्बन्ध रहेको पाइन्छ।

## ३.३ निष्कर्ष

महाकाव्यकार शैलेन्दुप्रकाश नेपालको महाकाव्य कृतिमा कवि जीवन पाउन सकिन्छ। कुनै पनि कवि वा लेखकको रचनामा जीवन बोधका साथै तत्कालीन युग देखिनु स्वाभाविक हुन्छ। आफ्नो रचना/कृतिलाई जीवन्त तुल्याउन उक्त कृतिमा रचनाकारको जीवन भोगाइ चित्रण हुनका साथै युग सापेक्ष हुन आवश्यक ठानिन्छ।

शैलेन्दुप्रकाश नेपालका तिनवटै महाकाव्यमा कविको जीवन दर्शन पाउन सकिन्छ। उनको '**जुनू**' महाकाव्यमा बाल्यकाल र अध्ययनको प्रभाव पाउनुका साथै आदर्श दाम्पत्य जीवनको चित्रण पाउन सकिन्छ। राष्ट्रिय परिवेश चित्रण गरिएको प्रस्तुत काव्य कवि जीवनसँग सम्बन्धित देखिन्छ। त्यस्तै उनले **अनामिका** महाकाव्यमा योग र भोग पक्षको मेल गराउँदै प्रेममय जीवनको कामना गरेका छन्। प्रेम बिना जीवन अपूर्ण छ, दाम्पत्य जीवन सफल बनाउन प्रेम र विश्वास आवश्यक पर्ने तथ्य उनका महाकाव्यमा पाउन सकिन्छ। उनका काव्यकृतिमा मानसम्मान तथा पुरस्कारको प्रभाव पनि देखिन्छ। **डायना** महाकाव्यले विश्वमानव समुदायमा अविश्वासका कारण तहसनहस बन्दै गएको मानव जीवन प्रस्तुत गरेका छन्। उनको यस काव्यमा अन्तराष्ट्रिय परिवेशको चित्रण पाउन सकिन्छ।

यसरी उनका काव्य कृतिहरूमा उनको जीवनदर्शन पाउन सकिन्छ। उनको साहित्यिक सफलतामा जीवनवृत्तका प्रत्येक घटना प्रस्तुत भएका छन्। राष्ट्रिय र अन्तराष्टिय परिवेशका महत्त्वपूर्ण घटनालाई कविकल्पना जोडेर प्रस्तुत गर्ने विशिष्ट काव्यकला उनको महाकाव्य कृतिमा पाउन सकिन्छ। बाल्यकाल, अध्ययन-अध्यापन, मानसम्मान, दाम्पत्य जीवन, पेसा, राष्ट्रिय तथा परिवेशबाट उनका महाकाव्य कृतित्वमा पाउन सकिन्छ।

परिच्छेद : चार

# शैलेन्दुप्रकाश नेपालका महाकाव्य कृतिको विश्लेषण, प्रवृत्ति र महाकाव्य यात्रा

## ४.१ जुनू महाकाव्य

### ४.१.१ विषयप्रवेश

शैलेन्दुप्रकाश नेपालको **जुनू** महाकाव्य प्रकाशनका दृष्टिले पहिलो महाकाव्य हो । २०४० बाट लेख्न सुरुवात गरिएको यस महाकाव्यको प्रकाशन २०४८ सालमा भएको हो । लेखनका दृष्टिले शैलेन्दुप्रकाश नेपालको पहिलो महाकाव्य **जलन** हो । नेपाली प्रकृति, संस्कृति र राष्ट्रप्रेमको भावना छताछुल्ल पोखिएको प्रस्तुत महाकाव्यमा हाम्रै ग्रामीण समाजका यथार्थ प्रस्तुति पाइन्छ । लोकलयको सफल प्रयोग गरिएको प्रस्तुत काव्य उन्नाइस किरणमा विभक्त छ । १२४ पृष्ठमा संरचित यो नायिकाप्रधान महाकाव्य हो ।

नेपाली ग्रामीण समाजलाई आफ्नो कार्यपिठीका वरण गरेको यस काव्यमा नेपाली गृहस्थाश्रमको चिनारी गराउँदै त्यहाँका सुखदुःख अवगत गराउने प्रयास गरेको देखिन्छ (भण्डारी, २०२० : ५०) । **जुनू** महाकाव्य राष्ट्रप्रेम, राष्ट्रिय भावनाले ओतप्रोत भएको राष्ट्रप्रति दर्शन र गहिरो चिन्तन काव्यले नदेखाए पनि प्रशस्तै ठाउँमा राष्ट्रिय भूमि, प्रकृति, संस्कृति र परम्परालाई छोएको पाइन्छ (शर्मा, २०५९ : ४८८) । नेपाली समाजको वास्तविक जीवनको चित्र यस काव्यमा पाउन सकिन्छ । प्राकृतिक सुन्दरताको चित्रण गर्दै प्रकृतिका विविध तत्त्वले जीवन चियाएको चित्रण यस काव्यमा रहेको छ । महाकाव्यको शीर्षक महाकाव्यको नायिका जुनूकै नामबाट नामकरण गरिएको यस काव्यमा नेपाली प्रकृति संस्कृति र राष्ट्रप्रेमको भावना मुखरित भएको छ ।

### ४.१.२ कथावस्तु

**जुनू** महाकाव्य शैलेन्दुप्रकाश नेपालको कल्पनामा आधारित सामाजिक कथावस्तु भएको काव्य हो । महान् विषय र आदर्श चरित्रमा आधारित ऐतिहासिक, पौराणिक र कविकल्पित विषयवस्तु नै महाकाव्यका लागि उपयुक्त हुन्छ भन्ने पूर्वीय मान्यतालाई पालना गरी **जुनू** महाकाव्य लेखिएको पाइन्छ (ढुङ्गाना, २०६२ : १११) नेपाली पात्र, समाज

र परिवेश वरण गरेको प्रस्तुत काव्य कवि कल्पनाको अभिव्यक्ति हो । मौलिक नेपाली सामाजिक महाकाव्यको प्रमुख नारी पात्रको जीवन यात्रामा घटेका विभिन्न घटना प्रसङ्गका आधारमा प्रस्तुत महाकाव्यको कथावस्तु अघि बढेको देखिन्छ ।

जीवन र शीला प्रकृतिको सुन्दर नगरी विशालकोट गाउँ निवासी ग्रामीण क्षेत्रका बासिन्दा हुन् । घरमा प्रशस्त धनसम्पत्ति, नोकरचाकर र पशुधन हुँदाहुँदै पनि सुखी र खुसी बन्न सकेका छैनन् । जिन्दगीको वास्तविक सुख र सन्तोषको अनुभूति सन्तान प्राप्तिबाट हुने विश्वास उनीहरूको रहेको छ । वात्सल्यप्रेमले भरिपूर्ण शीलाको हृदय सन्तानको अभावमा दुखी र निराश बन्दै गएको देखिन्छ । पूजा, पाठ र दान धर्ममा अत्यन्त विश्वास राख्ने यो दम्पतीले वर्षेनी पूजापाठ लगाउनुका साथै देवी देवता भाकल गर्ने गर्छन् । विभिन्न तीर्थस्थलहरूको भ्रमण गरिसकेका यो परिवारले भगवान्प्रति अटुट श्रद्धा र भक्ति राखेर विभिन्न धार्मिक क्रियाकलाप पनि सम्पन्न गरेको कुरालाई तलको श्लोकले स्पष्ट पार्दछ :

सन्तान हेर्न विचरा कति तीर्थमा धाइसके
घरमा कति विश्वाससाथ पुराण लाइसके (पृ ०६) ।

यसरी धर्मकर्ममा विशेष आस्था राख्ने यो दम्पती धेरै प्रयास गर्दा पनि सन्तान नभएपछि निरास बन्दै गएको थियो । एकदिन जीवनकी श्रीमती शिला राति देखेको सपनाले ब्युझन्छे । सपनालाई काव्यमा यसरी प्रस्तुत गरिएको छ :

हामीले तीन महिनासम्म आमाको जसरी
गाईको सेवा गर्नु रे ! अनि सन्तान हुन्छ रे ! (पृ. ७)

यस्तो सपनाअनुसार तिन महिनासम्म गाईको सेवा गर्ने अठोट गर्छन्, दिलिप राजा पनि गाईको सेवा गरेर सन्तान भएको भन्दै तिन महिनासम्म गाईको सेवा गर्छन् । गाईको सेवापश्चात यी दम्पतीलाई सन्तान सुख प्राप्त हुन्छ । शीलाको कोखमा एक बालिका जन्मन्छिन् । सन्तान अभावमा छट्पटिएका जीवन र शीलालाई सन्तान प्राप्ति हुँदा हर्षको सीमा हुँदैन । समाजसेवी जीवनलाई सन्तान हुँदा सारा विशालकोटबासी नै हर्षले विभोर हुन्छन् । छरछिमेक, इष्टमित्र सबैमा खुसीको सीमा हुँदैन । बालिकाको सात दिन पुगेपछि न्वारन गरिन्छ, जुनू नामकरण गरिन्छ । समयको वेगसँगै जुनू बस्न, उठ्न, हिँड्न सक्ने

हुन्छे। यसरी जुनूको बालसुलभ चञ्चलतामा जीवन र शीलामात्र होइन सारा गाउँ नै लालायित भएर उसलाई साथ दिइरहेको हुन्छ। समयको क्रमसँगै भुइँमा राखे कमिलाले टोक्छ, टाउकोमा राखे जुम्राले टोक्छ भनी निकै स्याहारसुसार गरेर जुनूलाई हुर्काइन्छ। किशोर अवस्थामा पुगेका जुनूका साथीहरू बढ्दै जान्छन्। उसको बोलीवचन र आनीबानीले गर्दा बाल, युवा, बृद्ध मात्र होइन सम्पूर्ण विशालकोटबासीकै प्रिय पात्र बनेकी देखिन्छ।

असारको समय रोपाइँ चलिरहेको थियो। उत्तरतर्फ फर्केर रोपाइँ सुरु हुन्छ। छिटोछिटो रोप्ने जुनूतिर नै सबैको नजर पुगेको हुन्छ। त्यसै दिन जुनूको घरमा बास बस्न दुई जना राम्रा पुरुष आउँछन्। एउटा ठिटा र अर्का बुढा ती पुरुष देख्दा जीवनको मनमा जुनूको विवाहबारे कुरा खेल्दछ। ती सुन्दर ठिटासँग विवाह गर्ने कुरा गर्छन्। जीवन र बुढा बिचमात्र होइन जुनू र ती सुन्दर पुरुष किरणबिच पनि कुराकानी हुन्छ। मङ्सिर महिनामा बिहे गर्ने निर्णय हुन्छ। बिस्तारै बिस्तारै बिहेको दिन नजिकिँदै जान्छ। (विशालकोट गाउँमा) दसैं, तिहारको रौनकसँगै विवाहको रौनक छाउँछ। जुनूको साथ छुट्ने आशङ्काले उसका साथीहरूमा उत्साह र जाँगर सेलाउँदै जान्छ, अनि ओठको मुस्कान र गलामा लाली हराउँदै जान्छ। यस्तै एक दिन वैदिक विधि विधान अनुसार जुनूको विवाह किरणसाथ सम्पन्न हुन्छ। उसको विवाह सम्पन्न भएपछि विशालकोट गाउँ नै दुखित बनेको छ, उनको विदाइ पछि समग्र गाउँ नै चिन्तित बनेको देखिन्छ। जुनूको विवाह पश्चात जुनूलाई आफ्नो आस्था र प्रेरणाको स्रोत मानेर उसकै नेतृत्वमा कार्य उनका साथीहरूमा पनि शून्यताको आभास हुन्छ। जूनुविना भएको शून्यताको आभास काव्यमा यसरी प्रस्तुत गरिएको छ :

मोहनी छैन कसैमा अब जगतै शून्य भो
हरायो रानी छरिए मौरी बिचल्ली भैगयो। (पृ. ६३)

जुनूको बिदाई पश्चात सम्पूर्ण विशालकोट गाउँ शुन्य र शुष्क बने पनि विलासपुर जुनूको आगमनले रमाइरहेको हुन्छ। किरण र उसको परिवार मात्र होइन। सारा गाउँ नै शील स्वाभाव भएकी रूपवती नारी भित्र्याउन पाएकोमा खुसी बन्न पुगेको देखिन्छ। उनको रूप र शील स्वभावको चर्चा पधेरोदेखि लिएर जतातत्तै उनको चर्चा हुन थाल्छ।

यस्तैमा एक दिन राति, किरण आफ्ना साथीहरू सुन्दरे, श्यामे, साहिलो, कान्छोसँग मिलेर भाग्छ। किरणले आकस्मिक रूपमा कसैलाई पनि थाहा नदिई घरबाट निस्केको घटनाले किरणको परिवार दुखित बन्न पुग्छ। एक दिन अघिको सुखमय र सुन्दर संसार दुखित बन्न पुग्छ। किरणको अनुपस्थितिले जुनू मात्र होइन सम्पूर्ण परिवार नै विह्वल बन्न पुग्छ। यसरी विह्वल बनेर विरह र वेदनाका स्वरहरू गुञ्जाइरहेको बेला पर्वते नामको युवक आउँछ र जुनूलाई जिस्क्याउँछ।

प्रस्तुत कथावस्तुले समेटेको जुनूको जीवनको पूर्ण आयाम महाकाव्यात्मक कथावस्तु अनुरूपको नै छ। यसमा जुनू र किरणको समग्र जीवन अवधि भित्र घटेका घटनाको विभिन्न कथा र उपकथाको समायोजन गरिएको छ। पूर्वीय मान्यता अनुरूप महाकाव्यको विषय कवि कल्पनामा आधारित रहेको छ। यो कथावस्तुमा जुनू (प्रमुख पात्र) को जन्म प्रसङ्गबाट सुरु भई जुनूको अन्त्यसँगै कथावस्तुको पनि अन्त्य भएको छ। यसरी प्रमुख नारी पात्रको जीवनमा जन्मदेखि मृत्युपर्यन्त घटेका सम्पूर्ण घटनाको विवरण यस कथामा पाउन सकिन्छ। यस कथावस्तुले जीवनको एक खण्ड नभई जीवन समग्रताको झलक प्रस्तुत गर्दछ। यथार्थभन्दा श्रेष्ठतर जीवनको अङ्कन हुनुका साथै विभिन्न उपाख्यान समावेश प्रस्तुत कथामा पाइन्छ। तसर्थ महाकाव्यमा प्रयुक्त कथावस्तु महाकाव्यात्मक कथावस्तुको अपेक्षा अनुसारकै भएपनि पूर्णतः महाकाव्य मान्यताको अनुसरण पाउन सकिदैन। जुनूले त्यसको प्रतिवाद गर्दछे। यसरी दुःख पीडामा डुबेकी जुनूलाई किरणको आरामीपत्रले आनन्द प्रदान गर्दछ। जुनूले पत्रको जवाफमा बाबु आमाले सुर्ता गरी बसेका र आफूलाई पनि एक्लो महशुस गर्दै फर्किन अनुरोध गर्छे। उक्त पत्रले किरणमा फर्किने विचार पलाए पनि कर्मवादी विचारले रोकेको कुरा तलको श्लोकले थप स्पष्ट पारेको छ :

हे आमा हामी कुशल बन्न आएका यहाँ छौं
आमाको माया पाएर हामी वीर भै चल्द छौं।
दुधको भारा तिर्नु नै पर्छ छोराको जातले
पौरख गर्न छोराले पर्छ हार्दैन बातले। (पृ. ८४)

छोरो भएर जन्मेपछि देशको लागि केही गर्नुपर्ने धारणा किरणमा पाइन्छ। समयको वेगसँगै रोपाइँ सकिन्छ। मेलापर्वको आगमन हुन थाल्छ। महिलाहरूको महान् चाड हरितालिका तीज नजिकिँदै गर्दा जीवनले जुनूलाई विशालकोट लिएर जान्छन्। जुनूको

विशालकोट आगमनले खुसीको सञ्चार हुन्छ। रमाइलोसँग तीज सकिएपछि ऊ फेरि कर्मघर फर्कन्छे। पर्वतेले जुनूलाई जिस्काएर जुनूको स्वच्छ र पवित्र हृदयका अगाडि ऊ नतमस्तक बन्छ। पछि पर्वतेलाई जुनूले आफ्नै माइतीतिरको केटी खोजेर बिहे गरिदिन्छे।

एकदिन जन्मभूमि र जुनूको पवित्र मायाले किरणलाई आफ्नै गाउँ फर्काउँछ। उसको आगमनले उसको परिवार मात्र होइन सम्पूर्ण विलासपूर नै हर्षित बन्छ। यसै खुसीयालीमा घरमा सत्यनारायण पूजा लगाइन्छ। गाउँमा सबै जना भेला भएर नाचगान गरी रमाइलो गर्छन्। सधैं मिलीजुली काम गर्ने जुनू र किरण बिच घाँस काट्न जाने विषयमा विवाद हुन्छ। जुनूले घाँस काट्न जान रोक्ने अनेक प्रयत्न गर्छे। किरणले गरेको एकोहोरो ढिपीका कारण दुबै जना घाँस काट्न वनमा पुग्छन्। रुखमा घाँस काट्न चढेको किरण एउटा भिषण सर्प देखेर रुखबाट लडेर देहत्याग गर्न पुग्छ।

श्रीमान्को यस्तो अवस्था देखेर जुनू भाव विह्वल बन्दछे। मुर्छित हुन्छे। गोठालाले देखेर गाउँलेलाई खबर गर्छ। गाउँले आएर किरणको अन्तिम संस्कारको तयारी हुन्छ, पतिको निधन पश्चात एक्लै बाँच्न नसक्ने कारण जूनु सती जाने निर्णय गर्छे। उसका सासु-ससुरा र गाउँलेहरूले उसलाई सती जानबाट रोक्न अनेक प्रयास गर्छन् तर कसैले गरेको प्रयास पनि सफल हुँदैन। अन्त्यमा जुनू जिउँदै सती जान्छे। यसरी महाकाव्य दुखान्तमा गएर टुङ्गिन्छ।

प्रस्तुत कथानकले समेटेको जुनूको जीवनको पूर्ण आयाम महाकाव्यात्मक कथावस्तु अनुरूपको नै छ। यसमा जुनू र किरणको समग्र जीवन अवधिभित्र घटेका घटनाको विभिन्न कथा र उपकथाको संयोजन गरिएको छ। पूर्वीय मान्यताअनुरूप महाकाव्यको विषय कविकल्पनामा आधारित रहेको छ। यो कथावस्तुमा जुनू (प्रमुख पात्र)को जन्म प्रसङ्गबाट सुरु भई अन्त्यसँगै कथावस्तुको पनि अन्त्य भएको छ। यसरी प्रमुख नारी पात्रको जीवनमा जन्मदेखि मृत्यु पर्यन्त घटेका सम्पूर्ण घटनाको विवरण यस कथामा पाउन सकिन्छ। यस कथावस्तुले जीवनको एक खण्ड नभई जीवन समग्रताको झलक प्रस्तुत गर्दछ। यथार्थ भन्दा श्रेष्ठतर जीवनको अंकन हुनुका साथै विभिन्न उपाख्यान समावेश प्रस्तुत कथामा पाइन्छ। तसर्थ महाकाव्यमा प्रयुक्त कथावस्तु महाकाव्य सिद्धान्तको अपेक्षाअनुसारकै भए पनि पूर्णतः महाकाव्य मान्यताको अनुसरण पाउन सकिँदैन।

### ४.१.३ पात्र विधान

सामाजिक कथामा आधारित **जुनू** महाकाव्य नायिका प्रधान महाकाव्य हो । कथानकलाई गति दिनको लागि यस महाकाव्यमा विभिन्न पात्रहरू समावेश गरिएका छन् । जसमध्ये जुनू यस काव्यकी प्रमुख पात्र वा नायिका हुन् । विशेषतः यस काव्यको कथा नायिकाको जीवनवृतमा घुमेको देखिन्छ । कविकल्पित विषयमा आधारित प्रस्तुत काव्यमा नारी पात्रलाई प्रमुख पात्रको रूपमा राखिएको छ । प्रमुख नारी पात्र जुनू, किरण, जीवन, शीला, किरणका बाबु आमा, पर्वते, जुनूको सङ्गीहरू र किरणका साथीहरू जस्ता पात्रहरू समावेश गरिएका छन् ।

**क) जुनू**

जुनू प्रस्तुत महाकाव्यकी प्रमुख नारी पात्र हो । उसकै नामबाट महाकाव्यको नामकरण गरिएको छ । जुनूको जीवन समग्रतामा आधारित भएकाले यसलाई नारीप्रधान महाकाव्य भन्न सकिन्छ । महाकाव्यको सुरुवात उसको जन्म प्रसङ्गबाट भई अन्त्यसम्म पनि उसकै व्यवहार, क्रियाकलाप र जीवन भोगाइको चर्चा गर्दै उसको मृत्युपश्चात महाकाव्यको पनि दुःखद अन्त्य भएको देखिन्छ । ग्रामीण परिवेशकी जुनू सरल, गुणवती तथा रूपवती छे । सुरुदेखि अन्त्य सम्म पनि जुनूको रूप सौन्दर्यको चर्चा यसरी गरिएको छ :

विशालकोटे सपना देख्छन् स्वर्गका अप्सरा
यत्तिकै होलान् ? के हुन्थे तिनी हेर्दैमा निम्सरा
पूर्णिमा पाई बढेकी जुनू सबैकी प्रिय छन् ।
गाउँकी देवी भनेर रम्ने सबैका ध्येय छन् । (पृ. २३)

सानैदेखि विशालकोटबासीले गाउँकी देवी मान्दै आएका छन् । उनको व्यवहार, रूप, आनीबानी सबैका लागि अनुकरणीय छन् । जुनूको रूप सौन्दर्य, बानी, व्यवहार र मृदुभाषाले गर्दा उनी पूजनीय बनेकी छन् ।

गाउँमा हुर्के बढेकी सिधा, सरल यी नारी सबैका लागि प्रेरणाकी स्रोत बनेकी छन् । उमेरको बृद्धि र विकास सँगसँगै जुनू रूप, व्यवहार, क्रियाकलापमा पनि सुन्दर र प्रशंसायोग्य बन्दै गएकी छिन् । उसको व्यवहारमा शीतलता, सौहार्द र शान्तपन पाइन्छ । जूनु भृकुटी र सीता जस्तै आदर्श र कर्तव्यपरायण नारी पात्र हुन् । समयको वेगसँगै युवा

अवस्थामा पुगेकी जुनूको विवाह विलासपुरका किरणसँग हुन्छ । उनको असल चरित्र र व्यवहारले गर्दा उनी बालक, युवा, वृद्ध सबैको प्रिय पात्र बनेकी छिन् । असल, रूपवती, सौन्दर्यवती तथा आदर्श बुहारी पाएर किरणको परिवारमा मात्र नभई सम्पूर्ण विलासपूर गाउँमै यसरी  खुसी र आनन्द छाउँछ :

सज्जन नारी भएमा घर, गाउँ नै सप्रन्छ
दुर्जन नारी रहेमा घर, गाउँ नै बिग्रन्छ
जुनू त चिल्लो पात झैं लाग्छिन् मेसो ने सप्रन्छ
अप्जस केही मिल्दैन, उनको काम के बिग्रन्छ ? (पृ ६७)

यसरी सारा गाउँ नै जुनू जस्तो कुशल, सिपालु र आदर्श नारीलाई बुहारी बनाउन पाएकोमा खुसी हुन्छन् । जुनू पनि आफ्नो श्रीमान्लाई नै आफ्नो सर्वस्व मान्ने आदर्श पतिपरायणा नारीका रूपमा प्रस्तुत भएकी छे । श्रीमानसँग छुटिएर एक्लै बस्नुपर्दा ऊ ज्यादै भाव विह्वल कुरा कवितामा यसरी बताइएको छ :

हजुर जस्तो मोहनी छायाँ कसरी हरायो ?
जानु भो कता सोचेर केही हृदय डरायो
सिन्दुर मैले सजाई बसें हजुरको मायामा
डोऱ्याइ ल्याओस् इच्छा म गर्छु रुखको छायामा । (पृ ७५)

जुनू स्वच्छ र पवित्र हृदय भएकी चरित्रवान् नारी हो । उसले आफ्नो पतिलाई सर्वस्व ठानेकी छ । किरणले घर छोडेपछि पर्वतेले जुनू माथि आँखा लगाउँछ र भाउजु जुनूलाई अन्यत्रै जाने सल्लाह दिन्छ । त्यसपछि रिसले चुर हुँदै आफ्नो बाटो लाग्न सल्लाह दिन्छे । यसरी हेर्दा **जुनू**को चरित्र **मुकुन्द इन्दिरा**को चरित्रसँग मिल्दोजुल्दो देखिन्छ (ढुङ्गाना, २०६२ : ११६) । जूनु सहयोगी र मिलनसार क्षमाशील नारी हो । आफूलाई नै नराम्रो दृष्टि राख्ने पर्वतेको विचारमा परिवर्तन ल्याई उसको विवाह आफ्नै गाउँमा सम्पन्न गरिदिनु उसको महानता हो ।

**जुनू**मा राष्ट्रप्रेमको भावना पनि पाउन सकिन्छ । आफ्नै देशमा पसिना बगाएमा देशको उन्नति हुन्छ भन्ने धारणा जुनूको रहेको छ । राष्ट्रप्रेमी नारी जुनूले आफ्नै देशमा पौरख गरेर पसिना बगाएर आफ्नो श्रम र सीप आफ्नै देशमा खर्चन यसरी आग्रह गर्छे :

जो मिल्थ्यो हामी सुखले खान्थ्यौं अमृत मानेर
पौरख आफ्नो देशमा गर्नु स्वर्ग नै ठानेर । (पृ ७५)

यसरी हेर्दा भौतिक सुख सुविधा भन्दा मानसिक सन्तोषलाई सुख ठान्ने जुनूको विचारमा महान्ता देखिन्छ । किरण फर्केपछि एक आपसमा सुख दुःख बाँडेर बसेका थिए । सहयोगी भावनाको जुनू परेमा सबैलाई सहयोग गर्न तत्पर रहन्थिन् । यी दुईको जोडी देखेर सबै जना अचम्म परेको कुरालाई तलको श्लोकले स्पष्ट पार्दछ :

ढुक्कुर जस्तो देखेर जोडी मानिस कल्पन्थे
दिनैमा पनि सपनासित मानिस अल्पन्थे
मुहार उस्तै दुबैको राम्रो चिटिक्क खुलेको
देखेर साँच्चै दुई यी जोडी ईश्वर भुलेको
परेमा केही मानिसलाई मद्दत गर्दथे
उन्नती गर्न गाउँमा तिनी अगाडि सर्दथे । (पृ १०३)

यसरी सेवाको भावना लिएर अघि बढेको जुनूको जोडी देखेर सबै कल्पिन्थे । सम्भाविक दुर्घटनाबाट बचाउन अनेक प्रयास जुनूले गरेकी थिइन् । जसको उदाहरणको रुपमा तलको श्लोक प्रस्तुत गर्न सकिन्छ :

नजानु आज बाहिर प्यारा छोडेर यो घर
लच्छिन् राम्रो देखिन मैले मनमा भो डर ।
यो दायाँ आँखा फुर्दछ किन लच्छिन अफाली ?
आउँछ दुःख छिनैमा फेरी गर्नलाई बहाली
प्यारा ! लच्छिन अफाली । (पृ १०९)

यसरी हरेक तरहको प्रयत्न जुनूले गरेपनि किरणको घमण्डी स्वाभाव र ढिपी गर्ने प्रवृत्तिका अगाडी उसले हार खान पुगिन् । अन्ततः किरण मृत्युवरण गर्न पुग्यो । पति वियोगले विह्वल बनेकी जुनू पतिसँगै सती गएर आफ्नो जीवन त्याग गर्न पुग्छिन् । यसरी आदर्श, कर्तव्य परायण पतिव्रता नारीको सम्पूर्ण जीवन लीला समाप्त हुन्छ ।

यसरी यस महाकाव्यको प्रमुख नारीपात्र जुनूको महानता आदर्श हुनु मै देखिन्छ । जुनूका सम्पूर्ण व्यवहार र क्रियाकलापबाट एकातिर आदर्श र पतिपरायणा नारी हो भन्न सकिन्छ भने अर्कातिर पुरुषविना पनि नारीको अस्तित्व रहन्छ भन्ने भावना नभएकी लक्ष्यहीन नारी हो भन्न पनि सकिन्छ । सङ्घर्ष र क्रान्तिकारी स्वाभाव नदेखाएकी नारी जुनू प्रस्तुत महाकाव्यमा आदर्श छोरी, आदर्श पत्नी, आदर्श गृहिणी र आदर्श बुहारीका रूपमा चित्रण प्रस्तुत भएकी छिन् ।

**ख) किरण**

किरण प्रस्तुत काव्यको नायक हो । किरणको नामबाट सर्गको नामकरण गरिएको छ । महाकाव्यमा किरणको भूमिका जुनूको तुलनामा न्युन रहेको देखिन्छ । यसैले पनि प्रस्तुत महाकाव्यलाई नायिका प्रधान महाकाव्य भनिएको छ ।

विलासपुर निवासी एक सुयोग्य परिवारमा जन्मेको किरणको चरित्र पनि सुयोग्य नै रहेको छ । आमाबाबुको इच्छा अनुकूल वैवाहिक सम्बन्ध गाँसेको किरण उक्त परिवारको आज्ञाकारी छोरो हो । आदर्श दम्पतीका रूपमा देखिएको जुनू किरणको दम्पतीलाई सफल बनाउन किरणको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । ग्रामीण परिवेशमा हुर्केको किरणले विवाह पश्चात आफ्नो पत्नीलाई हरकार्यमा सहयोग पुऱ्याएको देखिन्छ । सरल, सहयोगी, मिलनसार प्रवृत्तिको धनी किरण यस काव्यमा महत्त्वपूर्ण भूमिकामा रहेको चरित्र हो । गाउँमा आदर्श दम्पतीका रूपमा परिचित किरण दम्पती सहयोगी र मिलनसार थिए । उसले गाउँको विकासमा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको कुरा तलको श्लोकले स्पष्ट पार्दछ :

जुटेर दुबै पति र पत्नी गर्दछन् कमाइ
इच्छा त्यो छ चम्काउने गाउँ स्वर्ग नै बनाई
देशमा यस्तै कर्मठ मान्छे चाहिन्छ हर्दम ।
सज्जन होओस् गरोस् काम बनेर कर्दम । (पृ ६९)

श्रम र सीप सिकेर आफ्नो गाउँ-ठाउँ र राष्ट्रको भविष्य उज्वल पार्ने अभिलाषा बोकेको किरण राष्ट्रप्रेमी पात्र हो । विभिन्न सोचका साथ विदेशिए पनि ऊ भित्र राष्ट्रप्रेमको भावना पाउन सकिन्छ । देश छोडेर विदेश गएपनि आफ्नो जन्मभूमिको प्रतिको माया मोह कहिल्यै हराउँदैन भन्ने भाव किरणमा यसरी देखा पर्छ :

दुधको भारा तिर्नु नै पर्छ छोराको जातले
पौरख गर्नु छोराले पर्छ हार्दैन वातले । (पृ ८४)

देशमा बस्दा उकाली, ओराली, भन्ज्याङ चौतारीको माया गडेर रहेको कुरा उसले लेखेको चिठीबाट पनि प्रष्ट हुन्छ । किरण आफ्नो राष्ट्रलाई स्वर्ग ठान्दै आफ्नो राष्ट्र, राष्ट्रियता र वीरतामा गौरव गर्ने पात्र हो । नेपाली वीरताको वर्णन गर्दै आफूले चाहे विश्वलाई नै वशमा राख्न सक्ने कुरा गरेबाट पनि ऊ राष्ट्रप्रेमी पात्र हो भन्ने तथ्य तलको श्लोकले प्रष्ट पार्दछ :

हामीले हाँसे विश्व नै हाँस्छ मानेर खुसी रे
हामीले ताते विश्व यो सधै डरले काम्छ रे । (पृ.८४)

किरण ग्रामीण परिवेशमा रमाउने सहयोगी, राष्ट्रप्रेमी अनि मानवतावादी पुरुष हो । हेर्दा सहरी जीवन उच्च देखिए पनि सहयोग, भातृत्व र मानवीयता जस्ता गुण सहरमा सँधै अभाव खड्किने भाव उसले व्यक्त गर्दछ । सहरको बसाइ जस्तो उच्च रहेपनि सहयोग र सहृदयको अभाव ठान्दै ग्रामीण परिवेशमा फर्किने चरित्र किरण हो ।

यसरी हेर्दा किरण प्रकृतिप्रेमी, राष्ट्रप्रेमी, स्वाभिमानी पुरुष पात्र हो । उसको स्वाभाव सम्पूर्ण महाकाव्यमा नाम अनुसारकै देखिन्छ । ऊ कहिले विदेशिने त कहिले घर फर्किने गरेपनि अलिक घमण्डी र जिद्दीवाल देखिन्छ । उसको यसै प्रवृत्तिले गर्दा ऊ अकालमै मृत्युको मुखमा पुगेको देखिन्छ । जुनूले भनेको मानेर त्यो दिन वन नगएको भए सायद ऊ अकालमै भएको दुर्घटनाबाट बच्ने थियो । यस महाकाव्यमा कविले ग्रामीण समाजको अति सर्वसाधारण पात्रको चयन गरी महाकाव्य मान्यता भन्दा केही फरकपन प्रस्तुत गरेका छन् । उसको प्रवृत्ति हेर्दा सदोषयुक्त, नैतिकवान, आदर्श पात्रका रूपमा रहेको देखिए पनि किरण गतिशिल पात्र हो ।

**ग) जीवन र शीला**

जीवन र शीला प्रस्तुत महाकाव्यकी नायिकाका बाबु र आमा हुन् । उनीहरूलाई यस काव्यमा एक आदर्श दम्पतीको रूपमा प्रस्तुत गरिएको छ । गाउँले परिवेशका यी दम्पती सभ्य, सहयोगी तथा सुसंस्कृत दम्पतीका रूपमा रहेका छन् । सहयोगी र निलनसार

यी दम्पतीले सम्पूर्ण गाउँलेलाई आफ्नो सन्तानको नजरले हेर्ने गर्दथे उक्त कुरालाई काव्यमा यसरी प्रस्तुत गरिएको छ :

गाउँले मान्छन् - जीवन हाम्रा विधाता रहेछन्
जीवन् ठान्छन् - गाउँले मेरा सन्तति भएछन् । (पृ ०५)

दुबै दम्पती बिच अत्यन्त मेलमिलाप र सौहार्द पाइन्छ । सम पूर्ण कुराको सुख हुँदाहुँदै पनि सन्तान सुख प्राप्त गर्न नसक्दा केही दुखी बनेको पाइन्छ । दुबै दम्पती पुजा-आजा र धर्मकर्ममा निकै नै विश्वास गर्छन् । सन्तान सुख प्राप्त नहुँदा पूर्वजन्मको पाप सम्झने यो दम्पतीले गाईको स्याहार पश्चात सन्तान सुख प्राप्त गर्छन् । सुखी र सम्पन्न वर्गका यी दुई दम्पतीले आफ्नो सन्तानलाई सभ्य र सुसंस्कृत वातावरणमा हुर्काउँछन् समाजकै आदर्श दम्पतीका रूपमा चिनिने यो परिवारले जुनूलाई आदर्श नारीको रूपमा र स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

सहायक पात्रका रूपमा यस काव्यमा देखापरेका यी दम्पतीले आदर्श समाज निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । सभ्य, सुसंस्कृत र आदर्श दम्पतीले आफ्नो सन्तानलाई सभ्य, सुसंस्कृत वातावरण दिनुका साथै राम्रो आनीबानी र क्रियाकलाप सिकाउँछन् ।

**घ) पर्वते**

प्रस्तुत महाकाव्यमा खलनायकको रूपमा पर्वते देखा परेको छ । पर्वतेले किरण अचानक घर छोडेर बाहिरिए पछि जुनूलाई जिस्क्याउने, घर छोडेर गएका मान्छेको के भर ? बरु अर्कैसँग जीवन जिउने प्रण गर भन्ने सल्लाह दिन्छ । जुनूको सौन्दर्यबाट आकर्षित पर्वतेले अल्लारे केटाको रूपमा काव्यमा खलनायकको भूमिका निर्वाह गरेको छ । जुनूको एक्लोपनको फाइदा उठाएर समय समयमा उसलाई जिस्काउने र उसको पतिभक्तिमा खलल ल्याउने प्रयास गर्छ । किरणको अनुपस्थितिमा जुनूमाथि कुदृष्टि राख्छ तर जुनूको पतित्त्व र कर्तव्य निष्ठताबाट हार खान पुग्छ । जुनूको सल्लाहबाट ऊ प्रभावित भएको देखिन्छ । जुनूको सल्लाहबाट प्रभावित पर्वते गतिशील पात्र हो । जुनूको सल्लाहले उसमा सकारात्मक प्रभाव परेको छ । उसको व्यवहार पनि परिवर्तन भएको देखिन्छ ।

यसरी खलनायकका रूपमा देखा परेको पर्वते गतिशील पात्र हो । पहिले जुनू माथि नै कुदृष्टि राख्ने पात्र पर्वते पछि जुनूले देखाएको सहानुभूति र सद्भावबाट प्रभावित भई

परिवर्तन भएको छ । जुनूको असल चरित्रबाट प्रभावित भई अन्त्यमा जुनूलाई नै सम्मान गर्न पुग्दछ ।

यसैगरी प्रस्तुत महाकाव्यमा रहेका किरणका आमाबाबु पनि असल, भलाद्मी र कर्तव्यनिष्ठ देखिन्छन् । छोरा बुहारीप्रति अगाध प्रेम दर्शाउने यो दम्पती पनि सहयोगी र मिलनसार नै देखिन्छन् । पर्वते प्रस्तुत काव्यमा अल्लारे केटाको रूपमा देखिएको छ । उसले किरणको अनुपस्थितिमा जुनूमाथि कुदृष्टि राख्दछ तर जुनूको पतित्त्व र कर्तव्यनिष्ठताको अघि हार खान पुग्छ । जुनूको असल चरित्रबाट प्रभावित भई अन्तमा सम्मान गर्न पुग्छ ।

यसरी यस महाकाव्यमा जुनू, किरण, शीला र जीवन, किरणका आमाबाबु, पर्वते र जुनूका सङ्गीहरू जस्ता पात्रहरू रहेका छन् । प्रस्तुत काव्यमा प्रयुक्त चरित्रहरूमा आंशिक रूपमा पूर्वीय र पाश्चात्य मान्यताहरू देखा परे पनि पूर्ण रूपमा महाकाव्य महाकाव्य मान्यतालाई पालन गरेको पाइदैन । उच्च, कुलीन, क्षेत्रीय वंशको पात्र नभई सामाजिक विषयका पात्र, प्रकृति चित्रणलाई जोड दिनु जस्ता विशेषता यस काव्यमा चरित्रमा पाउन सकिन्छ । यसरी हेर्दा यस काव्यमा प्रयुक्त चरित्रका केही चारित्रिक विशेषता महाकाव्यको सैद्धान्तिक अपेक्षा अनुकूलकै रहे पनि पूर्ण रूपमा कवि कल्पनामा आधारित स्वच्छन्द रहेका छन् ।

### ४.१.४ परिवेश विधान

महाकाव्यले महत् परिवेशको अपेक्षा राख्दछ । प्रस्तुत जुनू महाकाव्यको परिवेश विधानलाई नियाल्दा यसको परिवेश विधान अन्तरगत आन्तरिक र बाह्य परिवेशको चित्रण भएको पाइन्छ । प्रकृति चित्रणमा आधारित प्रस्तुत काव्यमा प्राकृतिक, परिवेश, सामाजिक सांस्कृतिक परिवेश, स्थानिक परिवेशका साथै कालिक परिवेश चित्रण भएका छन् ।

कवि कल्पित कथावस्तुको उच्च प्रदर्शन रहेको प्रस्तुत काव्यको सुरुमै सुन्दर गाउँले परिवेशको चित्रण पाउन सकिन्छ । गाउँ, सहर, वन, पाखा, देश विदेशको परिवेश पनि प्रस्तुत काव्यमा समेटिएको छ । काव्यकी प्रमुख नारी पात्र जुनूको जन्म प्रसङ्ग पश्चात अन्त्य सम्म घुमेको कथावस्तुमा परिवेशलाई उत्कृष्ट रूपमा प्रयोग गरिएको छ । जुनूको सौन्दर्य चर्चा, उनको नारी सुलभ गुण, पति परायण आदि गुणको उत्कृष्ट चर्चाले आन्तरिक परिवेश सुन्दर बनेको छ । किरणको व्यक्तित्व, देशप्रेम, गाउँले जीवनको चर्चाले पनि परिवेश चित्रणमा उत्कृष्टता थपेको छ ।

यस महाकाव्यले विस्तृत र व्यापक परिवेश नओगटी प्राकृतिक परिवेशकै सेरोफेरोको चित्रण गरेको छ। विशालकोटको प्राकृतिक परिवेश, त्यस गाउँको परिवेश, विलासपुर गाउँको परिवेशका साथै किरण पुगेको विदेशी परिवेश यस काव्यमा पाउन सकिन्छ। वनजङ्गल पाखा, पहराको परिवेश यस काव्यमा जसरी वर्णन गरिएको छ :

पहाडी खोला बग्दछन् हर्दम छङछङ गरेर
सङ्गीत सुन्न लाग्दछ मजा अटल भएर। (पृ ०३)

प्रकृति चित्रणका साथै त्यसको सेरोफेरोमा घटेको घटना वर्णन गरिएको यस काव्यमा सामाजिक, सांस्कृतिक परिवेश पनि पाउन सकिन्छ। जिन्दगीमा सन्तान सुख नै सबैभन्दा ठुलो सुख हो भन्ने सामाजिक मान्यता पनि यस काव्यमा पाउन सकिन्छ। सन्तान सुखका लागि भोग, भक्कल, तिर्थ, व्रत जस्ता सामाजिक, सांस्कृतिक परिवेश पनि यस काव्यमा चित्रित छन्। सन्तानबिना स्वर्ग पुग्न नसकिने धारणा पनि सामाजिक परिवेशमा पाउन सकिने कुरा तलको उदाहरणले स्पष्ट पार्दछ :

शीलाको कोख साकार भए उफ्रिने थिए ती
सन्तान जन्मे सहजै स्वर्ग पुग्ने नै थिए ती। (पृ ०६)

प्राकृतिक सौन्दर्यको चित्रण पाइने यस काव्यमा ऋतु अनुसार हुने परिवर्तनको चित्रण पनि पाउन सकिन्छ। वर्षा, शरद् ऋतुको चित्रण गर्दै कवि कल्पनाको परिवेश पनि नेपाली वातावरण सुहाउँदो नै छ। सहरीया परिवेश केही चित्रण पाइए पनि ग्रामीण परिवेशको चित्रण गरी ग्रामीणोन्मुखता प्रकट गरेको पाइन्छ।

जुनूको जन्म प्रसङ्गदेखि लिएर उसको अन्त्य सम्मको कालिक परिवेश रहेको यो काव्य नायिकाकै सेरोफेरोमा घुमेको देखिन्छ। जन्मपश्चात उसको विकास, चाञ्चल्य स्वाभाव, सीप, व्यवहार र सुन्दरताको चर्चा यस काव्यमा पाउन सकिन्छ। जन्म पश्चात विकास हुँदै गएको गाउँमा आदर्श छोरी, बुहारी, गृहिणी बनेको र उसको जीवन कालसँग सम्बन्धित परिवेश नै यस महाकाव्यको कालिक परिवेश हो भन्न सकिन्छ।

यसरी यस महाकाव्यमा सिमीत परिवेशको चित्रण गरिएको र अन्य ठाउँको परिवेश पनि प्राकृतिक परिवेश भित्र समाहित गरिएको हुँदा यहाँको परिवेश मूलतः प्राकृतिक परिवेश हो। कुनै विशेष ठाउँको सङ्केत भन्दा पनि प्रकृतिको सार्वभौम गुणलाई समेटेको देखिन्छ।

प्रकृति वर्णनमै केन्द्रित प्रस्तत् काव्यमा प्राकृतिक परिवेशको चित्रण विस्तृत र जीवन्त रहेको पाइँदैन । परिवेश चित्रणका क्रममा मानवतावादको छनक पाउने प्रस्तुत काव्यमा महाकाव्य मान्यताले अपेक्षा गर्ने विस्तृत र व्यापक परिवेशको चित्रण हुन सकेको देखिँदैन ।

## ४.१.५ विचार वा सन्देश

कवि शैलेन्दुप्रकाश नेपालले **जुनू** महाकाव्यमा प्राकृतिक सुन्दरताको वर्णन गरेका छन् । ग्रामीण समाजको सामान्य विषयलाई सशक्त रूपमा उठान गरिएको यस महाकाव्यमा देशप्रेम र राष्ट्रगौरवको भावना हुनुपर्ने कुरामा जोड दिइएको पाइन्छ । आदर्श समाजको निर्माणमा नारीले अहम् भूमिका निर्वाह गर्नुपर्ने सन्देश पनि यस काव्यमा पाउन सकिने कुरालाई तलको उदाहरणले स्पष्ट पार्दछ ।

सज्जन नारी भएमा घर, गाउँ नै सप्रन्छ
दूर्जन नारी रहेमा घर, गाउँ नै बिग्रन्छ । (पृ ६७)

यसरी यस काव्यमा घर र समाज निर्माणमा नारी लागे पनि सिङ्गो मूलुक निर्माणमा छोराले लाग्नुपर्ने सन्देश दिएको छ । नेपालको प्रकृति र संस्कृतिलाई माया गर्न र तिनको जगेर्ना गर्न प्रेरित गर्दै हरेक नेपालीमा राष्ट्र र राष्ट्रियताको भावना हुनुपर्ने कुरा यसरी उल्लेख गरिएको छ -

दूधको भारा तिर्नु नै पर्छ छोराको जातले
पौरख गर्नु छोराले पर्छ हार्दैन वातले । (पृ ८४)

यसैगरी नारीको शील स्वाभावको चर्चा गर्दै नारीलाई आदर र सम्मान गर्नुपर्ने र घरव्यवहार राम्रो नराम्रो नारीको व्यवहारमा अडिने कुरा पनि यसरी काव्यमा बताइएको छ-

दुर्गति आफ्नो चाहने भए नारीलाई दुःख देऊ
उन्नति आफ्नो चाहन्छौ भने तिनलाई सुख देऊ । (पृ ५७)

यसैगरी उनका महाकाव्यमा मानवतावादी स्वर पनि पाउन सकिन्छ। मानवले मानवलाई सम्मान गर्नुपर्ने विचार प्रस्तुत भएको पाइन्छ। स्वतन्त्रता, समानता र मानवताका पक्ष कवि देखिएको कुरा तलको श्लोकले स्पष्ट पार्दछ :

ठूलो र सानो भनेर तोक्ने अवस्था नहोस्

धनील दुःखी जनको बास र गाँस नखोसोस् । (पृ १८)

प्रकृति चित्रणमा आकर्षित कविले ग्रामीण कृषक जीवनको कुरा पनि यहाँ प्रस्तुत गरेका छन् । प्रकृति नै गुरु हो, आमा हो, प्रेयसी हो र प्रकृतिको साथ पाउँदा सबै खुल्नाको साथै प्रकृतिसँगै रमाउन सके संसार फक्रिने विचार कविको देखिएको छ । जसलाई तलको श्लोकले स्पष्ट गर्दछ :

हातमा राता चुराथे आज हिलाले छोएका

प्रकृति साथ पाएर होला तिनी थे खुलेका

सिर्जना भित्र अस्तित्व जो छ त्यो मेरी के काम ?

प्रकृतिसितै रमाई जाऊ भुलेर के काम ? (पृ. ४५)

प्रस्तुत महाकाव्यमा प्रेमले जीवन सफल बनाउने कुरालाई प्रस्तुत गरिएको छ। अन्त्य जे जसरी गरिए पनि किरण र जुनूको जीवन आदर्श बनाउन प्रेमले अहम् भूमिका खेलेको देखाइएको छ । जुनू र किरणको जीवन जति सुखमय बनेको छ यसको कारण प्रेम हो भन्ने विचार पनि प्रस्तुत काव्यमा पाउन सकिन्छ । विवाह पश्चात विलासपुरमा नमुना जोडीका रूपमा देखा परेको छ यो सबै प्रेमका कारण भएको देखिन्छ । अचानक किरणले घर छोडेर देशमा सैनिक बन्न जानु, फर्किएर आउनु र जुनूको आग्रहलाई वास्ता नगर्नु आदि जे जस्ता घट्ना घटे यी सबैलाई हेर्दा महाकाव्य नियतिवादमा आधारित देखिन्छ । यी सबै घटना नियतीवश भएको बुझिन्छ । यसरी हेर्दा मानव जीवन नियतीमा आधारित हुन्छ भन्ने विचार पनि प्रस्तुत महाकाव्यमा पाउन सकिन्छ । यसका साथै जुनूको सहानुभूति र सद्भावले पर्वतेमा आएको परिवर्तनलाई हेर्दा सद्भावले मान्छेलाई सही बाटोमा ल्याउन विचार पनि प्रस्तुत महाकाव्यमा पाउन सकिन्छ ।

यसरी हेर्दा प्रस्तुत महाकाव्यमा पुरुषार्थ चतुष्ट्य रहेको देखिदैन । पूर्वीय महाकाव्य मान्यता विपरीत ग्रामीण परिवेशको कथामा पनि महाकाव्य बन्न सक्छ भन्ने देखाउनु

उनको विचार रहेको देखिन्छ। ग्रामीण समाजमा पनि राष्ट्रप्रेमको भावना हुन्छ भन्ने देखाउँदै नारीलाई प्रमुख बनाई उसकै नामबाट महाकाव्यको नामकरण गरिनुले लेखकको उद्देश्य नारीप्रति सम्मान देखाउनु रहेको बुझिन्छ। पारिवारिक जीवनमा आपसी मेलमिलाप, सौहार्द प्रेम नै हो भन्ने सन्देश ध्वनित गराउनु पनि यस महाकाव्यको उद्देश्य रहेको पाइन्छ।

### ४.१.६ रसभाव विधान

प्रस्तुत महाकाव्यमा अंगरसको रूपमा वीर, शान्त, करुण रसको अभिव्यक्ति भएको पाइन्छ। अङ्गी रसको रूपमा शृङ्गार रसको प्रयोग गरिएको पाइन्छ। यस काव्यको थालनीमा गरिएको प्राकृतिक सौन्दर्यको चित्रण र जुनू र किरण बिच चलेका प्रेममय प्रसङ्गको चित्रणमा शृङ्गारिकता झल्किन्छ। यस महाकाव्यमा विभिन्न उद्दीपन विभावका रूपमा चित्रण गर्दै रसको प्रयोग गरिएको पाइन्छ। प्रकृतिको सुन्दरताको चित्रण जुनू र किरणको भेट, विवाह लगायतका प्रसङ्गमा विभिन्न रसको प्रयोग भए पनि शृङ्गार रसलाई अङ्गी रसको रूपमा लिन सकिन्छ, जुन यसरी व्यक्त भएको छ। शृङ्गार रसको उदाहरणको रुपमा तलको श्लोक प्रस्तुत गरिएको छ।

हे मेरा प्राण ! हजुरकी रानी सुकेर गैसकी
सुवास छर्थी वनमा मिठो ओइलिने भइसकी !
किन पो छोडी जानु भो राजा ! राति नै भागेर
फर्किने किन लागेन मन माया त्यो जागेर ? (पृ ८०)

यसैगरी यस काव्यमा शान्त रस पनि पाउन सकिन्छ। सामाजिक, सांस्कृतिक परिवेशको चित्रण गर्ने सन्दर्भमा शान्त रसको प्रस्तुति भएको छ। प्रकृति चित्रणमा विशेष जोड दिइएको यस काव्यमा नेपालको प्राकृतिक, सांस्कृतिक र सामाजिक परिवेशको चित्रण पाउन सकिन्छ। शान्त रसलाई यस काव्यको अङ्ग रसको रूपमा यसरी लिन सकिन्छ -

वर र पर हरिया डाँडा रमित हेर्दछन्
वन र पाखा साँझ र बिहान सुसेली हाल्दछन् !
घामले पैलो पाइलो टेक्दा झल्किन्छ यो ठाउँ
सुन्दर, शान्त बनेर बस्ने यो गाउँ ! (पृ ०४)

यसैगरी देशप्रेम देखिने यस काव्यका नायक किरण देशले देशका लागि केही गर्नुपर्ने भाव व्यक्त गरेका छन्। घर छोडेर साथीसँग बाहिर गएका किरणले छोराले देशका लागि सम्पूर्ण कुरा त्यग्न सक्नु पर्ने वीरताको भाव प्रस्तुत गरेको तथ्य तलको श्लोकले स्पष्ट गर्दछ :

हिमाल हाम्रो शीर हो आमा, झुक्दैन कुनै दिन
वीरता हाम्रै पेवा हो आमा डर्दैन कुनै दिन
हिमाल हाँसे विश्व नै हाँस्छ मानेर खुशी रे
हामीले ताते विश्व यो सँधैं डरले काम्छ रे। (पृ. ८४)

त्यसैगरी शृङ्गारिक रसको बाहुल्यता रहेको जुनू महाकाव्यको दुखद अन्त्य भएको छ। महाकाव्यका नायक किरणको रुखबाट लडेर निधन पश्चात् जुनू पनि सती जान्छिन् र दुखान्तमा गएर कथा टुङ्गिएको छ। यसरी कथावस्तुमा मार्मिक, पीडादायि एवम् वेदनापूर्ण घटनाप्रसङ्गको बुनोटबाट प्रस्तुत महाकाव्य करुण रस आस्वाद्य अवस्थामा पुगेको कुरा तल प्रस्तुत भएको छ :

यी मेरा देव मुटुका राजा कसरी बिलाए
दशा यो भोग्न कसले आज साइत जुराए ?
अभागी बनी जन्मेकी रैछु भोग्दैछु वेदना
हृदय आजै बिलाई गए के गाऊँ बेदना ? (पृ ११३)

समग्रमा शृङ्गार रसपरिपाक भई अङ्गी रसका रूपमा र वीर, शान्त, करुण जस्ता रसहरू शृङ्गार रसकै परिपाकमा सहयोगी सिद्ध भई अङ्ग रसका रूपमा महाकाव्यमा अभिव्यक्त भएका छन्। शृङ्गार रस अङ्गी रसको रूपमा रहेको यो महाकाव्य मान्यता अपेक्षित नै रहेको देखिन्छ। यस महाकाव्यमा विभिन्न विभाव, अनुभाव, सञ्चारी भाव सक्रिय भई यथाप्रसङ्ग माथि उल्लेख गरिएका रसहरू सहज अनुभूतिका अवस्थामा पुगेको पाइन्छ।

### ४.१.७ लयविधान

**जुनू** लोकलयमा आधारित सामाजिक महाकाव्य हो। नेपाली साहित्यकाशमा लोकलयमा आधारित अन्य महाकाव्य लेखिए पनि सामाजिक महाकाव्य नलेखिएको समयमा यो महाकाव्य देखा परेको हो । नेपालीको चिर परिचित आफ्नै लय लोकलय हो र यसमा पनि उच्च साहित्य लेख्न सकिन्छ भन्ने महसुस गरेका लेखक शैलेन्दुप्रकाश नेपालले पहिलो महाकाव्य नै लोकलयमा लेखे ।

महाकाव्यकार शैलेन्दुप्रकाश नेपालले आफ्नो **जुनू** महाकाव्यमा विभिन्न छन्दको प्रयोग नगरी एउटै छन्द त्यो पनि झ्याउरे छन्द वा गीतिलयको प्रयोग गरेका छन् । ग्रामीण समाजको सामाजिक विषयको उठान गरिएको प्रस्तुत काव्यमा पनि ग्रामीण समाजमै रुजे भिजेको, ग्रामीण परिवेशका सबैले भावबोध गर्न सक्ने खालको झ्याउरे लयको प्रयोग गरेका छन् । झ्याउरे लय (३+२, ३+२, ३+३) को प्रयोग गरेका उनले महाकवि देवकोटाले **मुनामदन** खण्डकाव्यमा प्रयोग गरेकै लयको प्रयोग गरेका छन् । जस्तै :

मिर्मिरे गर्छ सत्कार राम्रो लिएर बाहन
थमाइ दिन्छ उषाको हात सुन्दर गहना ! (पृ ०१)
राष्ट्रिय चाड दशैंले आज सन्देश छर्दछ
नेपाली दिल नरम बान्की गौरव गर्दछ । (पृ ४३)

कविले प्रस्तुत काव्यमा झ्याउरे लयको प्रयोग गरेका छन् । दुई पङ्क्तिको एक श्लोक मानिने यो छन्दमा ५(३+२), ५(३+२) र ६(३+३) गरी एक पङ्क्तिमा सोह्र अक्षर हुन्छन् र पाँचौ, दशौं र सोह्रौ अक्षरमा विश्राम हुन्छ । भावना र कल्पनालाई सरल तथा सुबोध ढङ्गले व्यक्त गर्ने लोकप्रिय लय भएका कारण पनि यो छन्द रोजेको पाइन्छ । बौद्धिकतामा भन्दा हार्दिकतामा बढी जोड दिने महाकाव्यकार नेपालले शास्त्रीय छन्दको प्रयोगमा भन्दा सर्वसाधारणको भाषामा मिसिने नेपाली लोक संस्कृत सुहाउँदो झ्याउरे लय प्रयोग गरेको देखिन्छ ।

यसरी प्रस्तुत महाकाव्यमा एउटै मात्र छन्दको प्रयोग गरिएको छ । विभिन्न छन्दको प्रयोग गरी सर्गान्तमा छन्द परिवर्तनको मान्यता पालन गरिएको पाइँदैन । भाषाको उच्चार्य रूपमै लय प्रवाह गराउँदै आनुप्रासीय र अन्तरआनुप्रासीय ध्वनिबाट लोकलयलाई साङ्गीतिकता प्रदान गरिएको यो महाकाव्य छन्द प्रयोगका दृष्टिले नयाँ रहेको पाइन्छ ।

## ४.१.८ विम्ब र प्रतीक योजना

प्रस्तुत महाकाव्यमा विषयवस्तु र भावको प्रभावकारी प्रस्तुतिका निमित्त विविधखाले विम्ब प्रतीक तथा अलङ्कारको प्रयोग गरिएको पाइन्छ। यसमा भावको सौन्दर्यपूर्ण प्रस्तुतकिा लागि मूलतः प्राकृतिक बिम्बको प्रयोग गरिएको छ। यस महाकाव्यमा विम्ब र प्रतीकको प्रयोग सचेत रूपमा नगरी भाव प्रवाहमा स्वतः समाहित भएर आएको पाइन्छ। प्रकृतिको मानवीकरण गर्ने सन्दर्भमा पनि विभिन्न विम्ब र प्रतीकको प्रयोग भएको पाइन्छ। जस्तै :

जुनू हो हाँसे तिनले ठान्थे ईश्वर बोल्दछ
जुनूले बाँचे तिनले मान्थे ईश्वर झुल्दैछ। (पृ १२)

यसरी जुनू भगवान्कै प्रतीकको रूपमा देखिएकी छिन्। जुनूको चालचलन, आनीबानी, व्यवहार ईश्वर समान रहेको कुरालाई यहाँ प्रस्तुत गरिएको छ। काव्यमा सौन्दर्य र गरिमा बढाउन विभिन्न विम्ब, प्रतीक र अलङ्कारको आवश्यकता पर्दछ। काव्यको सुरु देखि अन्तिम सम्म कुनै न कुनै किसिमको अलङ्कारको प्रयोग गरी काव्यमा सौन्दर्य थप्ने काम यसमा भएको छ। जस्तै :

गुलाब हुन् यी धरती भित्र सौन्दर्य छरने
चन्द्रमा पाए के खोज्नु मैले यो जुग भरिमा ?
पाएमा साथ बढ्दछ मेरो धर्तीमा गरिमा। (पृ ३८)

यस काव्यमा जुनूलाई संस्कृति, आदर्श र सभ्यताको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ। आदर्श समाज निर्माणमा उनले नाइकेको भूमिका निर्वाह गरेको र उनको अनुपस्थितिमा एक्लो भएको कुरा यसरी प्रष्ट हुन्छ। जस्तै :

अब त हामी कसरी बस्ने रानो नै हराई
बिलखबन्द परेका मौरी बनेर कराई !
सभ्यता सिक्ने संस्कृति बुझ्ने को दिन्छ शिक्षण ?
हूलमा हामी कहाँ पो खोजौं साथीको लक्षण ? (पृ ५३)

यसरी काव्यमा नारी सभ्यता सिकाउने गुरुका रूपमा प्रस्तुत गरिएको छ। विभिन्न प्राकृतिक विम्ब र प्रतीकको संयोजन गरी काव्यलाई थप ओझपूर्ण बनाउने प्रयास गरेको देखिन्छ।

यसरी हेर्दा विभिन्न विम्ब र प्रतीकको संयोजन प्रस्तुत काव्यमा पाउन सकिन्छ। काव्यमा विभिन्न सांस्कृतिक बिम्बको संयोजन गरिएको पाइन्छ। तीज, दसैं, तिहार जस्ता पर्व मनाइएको देखाइनु सांस्कृतिक विम्ब हो त्यसैगरी रोपाइँ कृषि कर्मको विम्बका रूपमा देखा परेको छ। प्राकृतिक विम्बको कुशल संयोजन समग्र काव्यमा पाउन सकिन्छ। त्यसैगरी जुनू र पर्वते बिचको पहिलो भेटलाई यौन लिप्साको विम्बको रूपमा लिन सकिन्छ। ग्राम्य जीवनको विम्ब प्रष्ट रूपमा पाइने प्रस्तुत महाकाव्यमा यस्ता थुप्रै विम्बको संयोजन पाउन सकिन्छ।

प्रस्तुत काव्यमा विभिन्न प्रतीकको पनि संयोजन गरिएको छ। विभिन्न प्रतीकको संयोजनबाट शैली उत्कृष्ट बनाउने प्रयास यस महाकाव्यमा पाउन सकिन्छ। प्रस्तुत काव्यको खलनायक पर्वतेलाई खराब मानसिकताको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ। त्यस्तै किरण र जुनू बिच आदान प्रदान भएको चिठीलाई प्रेम सुत्रको प्रतीकका रूपमा लिन सकिन्छ। यसका साथै महाकाव्यको अन्त्य तिर देखा परेको सर्पलाई मृत्युको प्रतीकका रूपमा हेर्न सकिन्छ। यसरी प्रस्तुत काव्यमा थुप्रै प्रतीकको संयोजन गरिएको पाइन्छ।

समग्रमा यो महाकाव्य नै प्राकृत जीवनशैलीको प्रतीक हो। नायक किरण भौतिकताको प्रतीक बनेर आएको छ भने नायिका जुनू आत्मिकता तथा प्रकृतिको प्रतीक बनेर आएकी छे। यसरी काव्यमा प्रयुक्त बिम्ब र कृतिमता नभएर सहजता र स्वाभाविकता थपेको देखिन्छ। समग्रमा बिम्व प्रतीकको प्रयोगका दृष्टिले काव्य महाकाव्यको चित नै देखिन्छ।

## ४.१.९ शीर्षकीकरण

प्रस्तुत महाकाव्यको शीर्षक **जुनू** रहेको छ । जुनू प्रस्तुत महाकाव्यकी प्रमुख नारीपात्र हो । नारीपात्र भएर पनि काव्यमा प्रमुख भूमिकामा रहेको पाउन सकिन्छ। प्रमुख पात्रको नामबाट काव्यको नामकरण गरिएबाट पनि महाकाव्य चरित्रप्रधान छ भन्ने बुझिन्छ। प्रस्तुत महाकाव्य प्रमुख नारीपात्र जुनूको जन्मप्रसङ्गदेखि लिएर मृत्युसम्म उसकै

सेरोफेरोमा घुमेको छ । कथाको प्रारम्भदेखि अन्त्यसम्म जन्म, बाल्यकाल, विवाह, वैवाहिक जीवन र अन्त्यसम्म काव्यमा चर्चा गरिएको छ ।

यसरी प्रमुख नारीपात्रको नामबाट चयन गरिएको महाकाव्यको शीर्षक अभिधार्थ सरल नै रहेको देखिन्छ । नारीको नामबाट नामकरण गर्नुले काव्यकारमा नारीवादी चेतना उजागर भए पनि काव्यको शीर्षक महाकाव्योचित नै रहेको छ ।

### ४.१.१० भाषाशैली

**जुनू** महाकाव्यको भाषाशैली सरल, सहज र स्वाभाविक देखिन्छ । ग्रामीण समाजको सामान्य बोलचालको भाषा नै **जुनू** महाकाव्यमा पाइन्छ, सरलता, साङ्गितीकता र लयात्मकताले प्रस्तुत महाकाव्य भरिपूर्ण रहेको पाइन्छ। सरल र ग्राम्य भाषा प्रयोग गरिएको **जुनू** महाकाव्यमा गीतिलयको प्रयोग गरिएको छ। महाकवि लक्ष्मीप्रसाद देवकोटाको उत्कृष्ट खण्डकाव्य **मुनामदन** मा झैं गीतिलयको प्रयोगले पनि यो काव्य उत्कृष्ट बनेको छ ।

सामान्य पठित-अपठित नेपालीहरूले समेत बुझ्न सक्ने गरी झ्याउरे छन्दको प्रयोग गरी महाकाव्य परम्परामा नयाँपन दिएका छन् । प्रकृतिको चित्रण गर्दै सरल, सहज र सुबोध शैलीको प्रयोग गरिएको छ। विभिन्न बिम्व र प्रतीकको प्रयोग गरिए पनि भाषा जटिल र दुर्बोध्य बनेको छैन। प्रकृतिको वर्णन गर्ने क्रममा सहज भाषा शैलीको प्रयोग देखिन्छ । जस्तै :

पहाडी खोला बग्दछन् हर्दम छङ्छङ् गरेर
सङ्गीत सुन्न लाग्दछ मज्जा अटल भएर । (पृ ०३)

सरल शब्द संयोजन गरिएको प्रस्तुत काव्यमा मिठासता पाउन सकिन्छ । महाकाव्य कारुणिकतामा गएर अन्त्य भएकाले कारुणिक भाषाको प्रयोग पनि पाउन सकिन्छ । **जुनू** महाकाव्यमा ग्रामीण तथा सामान्य बोलचालको भाषा पाइन्छ । मानवीय जीवन र जगत सम्बन्धी विभिन्न बिम्व र प्रतीकको प्रयोग गरेर महाकाव्यको शैली सिँगारिएको छ। लोकलयमा साङ्गीतिकता अँगाली त्यसमा लयात्मक कोमलता र मिठासता कायम गरिएको पाइन्छ। आत्मपरक शैलीमा काव्यको भाषा प्रयोग गरिएको छ। जुनू, किरण, जुनूका बाबुआमाको चर्चा गर्दा पनि सौन्दर्यपूर्ण भाषाको प्रयोग गरिएको छ। उनले सहज, स्वतः

स्फूर्त भाषाको प्रयोग गरेका छन् । भाषिक प्रयोगमा कुनै कृत्रिमता, आडम्बर र मिथ्यापन पाउन सकिँदैन । कविकल्पनामा आधारित  प्रस्तुत महाकाव्यमा सहज, सरल तथा ग्राम्य भाषाको प्रयोग गरी गीति लयमा काव्य सिर्जना गरेका छन् ।

कविता विधाको भाषा विम्बात्मक र प्रतीकात्मक हुनु स्वाभाविकता नै हो । प्रस्तुत **जुनू** महाकाव्यको भाषामा पनि प्रकृतिका विभिन्न विम्ब र प्रतीकको पनि प्रयोग भएको पाइन्छ तापिन बोधगम्य भाषाको प्रयोग छ। **जुनू** महाकाव्यमा महाकाव्य मान्यताको आंशिक पालना गरिए पनि पूर्णत पालना गरिएको पाइँदैन। पूर्वीय महाकाव्य सिद्धान्तको विपरित सरल तथा ग्राम्य भाषाको प्रयोग **जुनू** महाकाव्यमा पाउन सकिन्छ।

## ४.१.११ निष्कर्ष

**जुनू** शैलेन्दुप्रकाश नेपालको पहिलो प्रकाशित महाकाव्य हो। नेपाली काव्य परम्परामा लोकलयको प्रयोग गरिएको पहिलो सामाजिक महाकाव्य **जुनू** हो। प्रमुख नारी पात्रको नामबाट महाकाव्यको नामकरण गरिएको यस काव्यमा नायकको नामबाट सर्गको नामकरण गरिएको छ। प्रकृति चित्रणमा आधारित प्रस्तुत काव्यमा ग्रामीण समाजको विषयलाई उठान गरिएको छ। कल्पनाशीलता, प्रकृति चित्रण, सौन्दर्य चित्रण तथा आत्मपरकता जस्ता विशिष्ट गुणले भरिपूर्ण महाकाव्य स्वच्छन्दतावादको छनक पनि पाउन सकिन्छ। नामकरणमा नायक र नायिका दुबैको सन्तुलन गर्ने प्रयास गरिए पनि महाकाव्यमा नायिकालाई नै विशेष जोड दिएका छन् ।

महाकाव्यमा नायिका जुनूको व्यवहार क्रियाकलाप र आदर्श प्रस्तुत गरी जुनूको जस्तै शीतलता र आनन्द प्रदायक बनाइएको पाइन्छ। प्रस्तुत काव्यले आदर्श समाज निर्माणमा नारीको अहम् भूमिका रहने कुरा प्रस्तुत गरेको छ। नारीलाई सम्मान गरेमा आफूले पनि सम्मान पाइने विचार पनि काव्यमा व्यक्त भएको देखिन्छ।

काव्यको नायक किरणमा पनि नाम अनुसार चञ्चल, अस्थिर र स्वच्छन्द प्रवृत्ति देखाइएको छ। नायक नायिका दुबैको नाम अनुकूलको प्रवृत्ति देखाइए पनि नायिकाको सर्वोपरि भूमिका रहेको छ।

पूर्वीय र पाश्चात्य महाकाव्य मान्यताका आधारमा हेर्दा प्रस्तुत महाकाव्यले **आंशिक** रूपमा मात्र महाकाव्य मान्यताको प्रयोग गरेको पाइन्छ। महाकाव्य मान्यता भन्दा केही भिन्न पन उनको महाकाव्यमा छ। मान्यता भन्दा बढि स्वच्छन्द भएर काव्य सिर्जना गरेको

पाइन्छ । महाकाव्य मान्यता अनुरूप मङ्गलाचरण महत् कथावस्तु, महान्, वीर, कूलीन नायक नायिका पनि नभई ग्रामीण समाजको कथावस्तुलाई आदर्श नायक नायिकालाई प्रस्तुत गरी देखाइएको छ । सर्गबद्धतालाई ध्यान दिइए पनि सर्गान्तमा छन्द परिवर्तन गरिने नियमको पालना गरिएको छैन । सम्पूर्ण महाकाव्यमा लोक छन्दको प्रयोग पाउन सकिन्छ । विभिन्न बिम्व र प्रतीकको प्रयोग गरिए पनि सरल तथा ग्राम्य भाषाको प्रयोग गरिएको पाइन्छ । पुरुषार्थ, चटुष्ट्यको नरहेको यस महाकाव्यमा प्राकृतिक परिवेशको चित्रण पाउन सकिन्छ ।

यसरी प्रस्तुत महाकाव्यमा **आंशिक** रूपमा मात्र महाकाव्य मान्यताको प्रयोग पाइन्छ । कल्पनाशीलता, प्रकृति चित्रण, ग्रामीणोन्मुखता, सौन्दर्यात्मकता, सरलता, सहजताका साथै मानवतावादी दृष्टिकोण पनि यस काव्यमा देखिएको छ ।

## ४.२ अनामिका

### ४.२.१ विषयप्रवेश

**अनामिका** महाकाव्य शैलेन्दुप्रकाश नेपालको दोस्रो प्रकाशित महाकाव्य हो । २०५३ सालमा लेखिएर २०५६ सालमा प्रकाशन भएको यो महाकाव्य लेखनका दृष्टिले तेस्रो महाकाव्य हो । प्रस्तुत महाकाव्य एक्काइस सर्ग तथा तिन सय पन्ध्र पृष्ठमा फैलिएको छ । वर्णमात्रिक छन्दको उत्कृष्ट प्रयोगका रूपमा प्रस्तुत महाकाव्यलाई लिन सकिन्छ । काव्यमा रहेका सम्पूर्ण सर्गको नामकरण गरिएको छ । योग र भोग पक्षबिच मिलन देखाइएको प्रस्तुत महाकाव्यमा प्रेमलाई सर्वोपरी ठानिएको छ ।

एउटा युवा योगी र गणिकाको प्रेमकथामा आधारित प्रस्तुत महाकाव्यमा वास्तविक जीवनको अनुभूति गर्न नपाएको योगी र वास्तविक प्रेमको अभावमा परेकी गणिकाको मिलन गराएर जीवनको वास्तविकता देखाउन खोजिएको छ । (ढुङ्गाना, २०६३ : ६९) । शरीरलाई स्वस्थ राख्नको लागि जसरी सन्तुलित आहारको आवश्यकता पर्दछ त्यसरी नै जीवनको वास्तविकता भोग्नको लागि आध्यात्मिकता र भौतिकता बिच समन्वय हुन जरुरी हुन्छ, (खनाल, २०५८ : २१) भन्ने कविको निष्कर्ष रहेको छ । प्रकृतिप्रेम र राष्ट्रप्रेमको भाव पनि काव्यमा मुखरित भएको देखिन्छ । आत्मिक प्रेम सामु संस्कार, परिवार, समाज, देश सबै गौण सावित हुन्छन् । मानिसले सबै कुरा त्यागे पनि प्रेम त्याग्न नसक्ने भाव महाकाव्यमा चित्रित छ ।

### ४.२.२ कथावस्तु

**अनामिका** महाकाव्य कवि कल्पनामा आधारित महाकाव्य हो । योग र भोगबिचको पक्षको मेल देखाइएको प्रस्तुत महाकाव्यमा ऐतिहासिक र पौराणिक विषय नभई कवि कल्पनाजन्य विषयवस्तु रहेको छ । प्रेमप्रकृतिको विरक्ति र आसक्तिबिचको तनाबलाई र प्रेमले जन्माएका अनुभूतिमा सूक्ष्मतम रूपको गहनातालाई यति सहज र शाश्वत रूपमा कविले महाकाव्यमा राखेका छन् कि महाकाव्य पढ्ने जो कोही पनि कविको लेखन सामर्थ्यलाई क्यावत् भन्न पछि पर्दैनन् (दाजुभाइ, २०५७ : ०६) । मोक्षकालागि गम्भीर ध्यानमा लीन योगी र जीवनप्रतिको आकर्षण चुरचुर बोकेकी प्रेमको आकाङ्क्षी युवतीबिच काव्यकार अद्भुत र प्रेमपूर्ण मिलन गराउँछ (दाहाल, २०५७ : ख) ।

प्रेम र प्रणयलाई कथावस्तुका रूपमा प्रस्तुत गर्दै आध्यात्मिकता र भौतिकताबिच सन्तुलन ल्याउन खोजिएको छ । यसका साथै महाकाव्यकारका प्रकृतिप्रेमी तथा राष्ट्रप्रेमी भावनाहरू मुखरित भएको छ । एक युवा योगी शिवको आराधना र ध्यानमा मग्न छन् । वर्षौंदेखि एक भक्त एक चित्त भई बिना कुनै स्वार्थ आराधना र ध्यानमा लीन छ । योगीमा कुनै लोभ लालसा छैन । उनी आध्यात्मिक प्रकृतिका छन् भन्ने कुरा तलको श्लोकले स्पष्ट गरेको छ :

स्वार्थीपना नाम निसान छैन
विशाल आस्थासित भुल्छ चैन
न वासनाको दिलमा छ लेस
छ किन्तु सौन्दर्य विराज ईश । (सर्ग-०३, श्लोक-४६)

यस्तो निस्वार्थ शिवको आराधनामा मग्न योगीले एकदिन अकस्मात् एक नवयौवन युवतीलाई देखेर आकर्षित हुन पुग्छ । उक्त युवतीको रूप, सौन्दर्य र यौवना देखेर आकर्षित हुन पुग्छ । जस्तै :

नौलो त्यो सुकुमार कान्ति हँसिलो जो दिव्यता झल्कियो
पूर्णै चन्द्र बन्यो मुहार गतिलो जो स्नेह चम्कियो ।
मेरो अन्धपना हटेर सहजै जाला उज्यालो मिले
मेरो स्वर्ग रमाउला हरघडी प्याला सुधाकै मिले । (सर्ग -४, श्लोक - ०६)

ती सुन्दर युवतीलाई देखेर आकर्षित युवा योगीका मनमा अनेक कुरा खेल्न थाल्छन् । यसको मनमा प्रेमाभासको अनुभूति हुन्छ । युवतीको सुन्दरतामा लठ्ठ परेको योगीले युवती समक्ष प्रेम प्रस्ताव राख्न पुग्छ । युवती अचानक युवकको प्रेमप्रस्ताव सुनेर अचम्म पर्छे । योगी युवाले प्रेम प्रस्ताव राखेपछि युवती सोचमग्न हुन पुग्छे । उसको प्रेम प्रस्ताव सुनेर दङ्ग परेकी युवतीलाई प्रेम प्रस्ताव स्वीकार गर्न प्रेरित गरिरहन्छ । यसका साथै अनुमप जिन्दगी बाँच्ने हौसला पनि योगीले प्रदान गर्दछ -

टोलाएकी किन र नलिनी ! बात यी सत्य मान

ज्यूँदो मेरो पुरुषपनको प्राणको भीक जान । (सर्ग-७, २ श्लोक २०)

योगीको प्रेम प्रस्ताव पछि सोच मग्न युवतीलाई आफ्नो प्रस्ताव उपर पटक-पटक विचार गर्न आग्रह गर्छ । पहिलो प्रस्तावमै प्रेम पासमा बाँधिए पनि युवती उक्त प्रस्ताव सत्य हो वा होइन भन्ने दोधारमा रहन्छे । प्रेम प्रस्तावले हर्ष विभोर युवती आफ्ना कुरा प्रस्तुत गर्दछे ।

ऊ आफू ग्रामीण समाजको एउटा सामान्य परिवारकी छोरी भएको कुरा व्यक्त गर्दछे । ग्रामीण परिवेशका उसका बाबुआमाले उसबाट ठुलो आशा राखेका थिए तर उसले आफ्ना बाबुआमाले उसमाथि राखेको आशा र भरोसा पुरा गर्न सक्दिन । बाबुआमाको इच्छा विपरित नगरबधु (गणिका) बनेर जीवन बिताई रहेको आशय युवक समक्ष व्यक्त गर्दछे । जस्तै :

सुन्दरी थैँ म अति नै योग्य

बन्न सकिन जीवन भोग्या

नगरबधुको संज्ञा दिलाई

मुलुक बिचमा नाँच देखाई (सर्ग - ८, २ श्लोक-१९)

आफ्नो नाम अनामिका रहेको बताउँदै योगी को हो ? र दिलमा यस्तो गहन प्रेम बोक्ने मानिस कसरी योगी ? भन्ने जिज्ञासा राख्छे । आफ्नो बारेमा सम्पूर्ण कुरा बताई सके पछि योगीका बारेमा पनि जान्ने इच्छा व्यक्त गर्छे । योगी आफू इन्द्रेणी गाउँमा जन्मेको, सानैमा टुहुरो भएको र आफूसँग भएको खेतबारी पनि अर्केले लुटेको कुरा बताउँछन् ।

त्यसैगरी एक दिन एक योगीले आफ्नो कुटीमा लगेको र तिनीहरूकै सङ्गतमा लागेर योगी बनेको कुरा व्यक्त गर्छ । उनीहरूकै सङ्गत र ज्ञानगुनका कुराले आफूलाई अध्यात्मवादतर्फ प्रेरित भएको कुरा व्यक्त गर्दछ । अहिले युवतीसँगको भेटपछि तपस्या खण्डित भएको तथा आपसी प्रेमभाव पैदा भएको कुरा व्यक्त गर्दछ ।

युवतीलाई प्रशस्त धनको लालसा भएकोले धन प्राप्त हुने भए मात्र प्रेम प्रस्ताव स्वीकार गर्ने नत्र स्वीकार गर्न नसक्ने विचार योगी समक्ष राख्दछे । यसरी युवतीले प्रेमको लागि विपुल सम्पत्तिको चाहना राखेपछि योगीले आफू आध्यात्मिक पक्षको साधक भएकाले भौतिक सम्पत्ति आर्जन गर्न नसक्ने विचार व्यक्त गर्छ । अनामिकाले उक्त समस्याको समाधानको उपाय आफै बताउँछे । नेपालका राजा असाध्यै दानी भएकाले गएर रत्नादि मागेर ल्याउन सकिने कुरा बताउँछे । नायिकाको प्रेममा लिप्त भएको योगी अनामिकाको कुरा स्वीकार गर्दै नेपालतिरको बाटो लाग्छ । जनकपुर हुँदै नेपाल भित्रने क्रममा भारतको उजाड भयावह र नीरस जीवन देखेको योगी नेपालको हराभरा प्राकृतिक सौन्दर्य देखेर आनन्दित हुन्छ । जनकपुर हुँदै नेपाल फर्कने क्रममा जनकपुरमा राम सीताको विवाह स्थल, मेला देखेर ऊ झन् बढी अचम्ममा पर्छ ।

अनामिकाको रत्नादि आर्जन गर्न नेपाल जान आग्रह गरे पश्चात नेपालको कान्तिपुर पुगेको योगीले त्यहाँको प्राकृतिक सांस्कृतिक सौन्दर्य देखेर निकै मोहित बन्छ । संसार साकार पार्ने मोती समेत नेपालमा रहेको बताउँछ । प्राकृतिक सांस्कृतिक पक्षको चर्चा गर्ने सन्दर्भमा पशुपतिनाथको चर्चा पनि योगीले गरेको छ । एक दिन योगीले एक जना ज्योतिषबाट नेपालको भविष्य बारेमा केही थाहा पाउँछ र उसले एक दिन राजाको दरबारमा गएर रत्नादिको याचना गर्दछ । आफ्नो कीर्ति भारतसम्म फैलिएकोले योगीलाई दान दिनुपर्ने सम्झी योगीको इच्छा अनुसार रत्नादि गर्छन् । रत्नादि पाएपछि अनामिकाको मन जित्न सकिने विश्वासले योगी अत्यन्त खुसी हुन्छ । प्रेम सफल हुने विश्वास उसमा पलाउँछ । राजाबाट दान पाएपछि पनि युवा योगी शिवरात्रीपर्वको लागि केही दिन नेपाल बस्छ । शिवरात्री सकेर भारत फर्कने अन्य योगीकासाथ युवा योगी पनि भारततर्फ प्रस्थान गर्दछ । यसरी भारत फर्कने क्रममा उसका मनमा अनेक कुरा खेल्छन् । हृदय अङ्कुरित प्रेमलाई सफल पार्ने प्रयत्नमा हौसला प्राप्त भएपछि कृतज्ञ बन्दै युवा योगीले अनामिका समक्ष नेपालीहरूका आस्थाका केन्द्र आराध्यदेव भगवान् पशुपतिनाथ, नेपालको हराभरा प्रकृति, नेपाली जातिको सद्भाव, नेपालले भारतलाई गरेको योगदानको भारतले ब्याज

समेत चुकाउन नसकेको कुरा बताउँदै आफूले ल्याएको रत्नादि अनामिका समक्ष सुम्पन्छ । आफूले संसार जितेको महसुस युवा योगीले गर्दछ । आफैले रत्नादि कमाउने सल्लाह दिएकी अनामिकाले ती सबै रत्नादि धनहरू मिल्काई प्रेमको परीक्षा मात्र लिएको आफूलाई रत्नादि धनसम्पत्ति आवश्यक नरहेको बताउँछे । भौतिक सम्पत्तिका सामु योगीको साधना नै ठुलो भएकोले धनलाई भन्दा साधनालाई महत्त्वपूर्ण मान्ने बताउँदै प्रेम प्रस्ताव स्वीकार गर्छे । साधनारूपी सम्पत्ति आफ्नो लागि सबैभन्दा महत्त्वपूर्ण बताउँदै प्रेमको परीक्षामा उत्तीर्ण भएकाले आफूलाई प्रेम प्रस्ताव स्वीकार्य भएको बताउँछे । यसरी प्रस्तुत महाकाव्य एउटा योगी र गणिकाको संयोगमा पुगेर अन्त्य भएको छ ।

यसरी प्रस्तुत महाकाव्यको कथावस्तु पूर्वीय मान्यता अनुकूल ऐतिहासिक, पौराणिक नभई कवि कल्पनामा आधारित देखिन्छ । आध्यात्मिकता र भौतिकताको मेललाई कथावस्तुका रूपमा प्रयोग गरिएको पाइन्छ, महत् कथावस्तुको चर्चा नभई काल्पनिक, प्रकृतिको चित्रणका साथै सौन्दर्यलाई नै सर्वोच्च ठानिएकोले प्रस्तुत महाकाव्यको कथावस्तु महाकाव्य मान्यता भन्दा केही फरक रहेको पाइन्छ । योगी र गणिकाबिचको प्रेम प्रसङ्ग प्रस्तुत गरिएको यस महाकाव्यमा जीवन समग्रताको चित्रण पाइँदैन । मानव जीवनमा प्रेम नै सर्वोपरि हो भन्ने यस महाकाव्यमा प्रेमका निम्ति योगी र नायिकाले गरेको त्याग र समर्थन नै कथावस्तुमा आएको छ । योगीको आश्रम भारतको एक गाउँदेखि लिएर नेपालको कान्तिपुर (काठमाडौं)सम्मको चित्रण प्रस्तुत कथावस्तुमा रहेको छ । महाकाव्यको कथावस्तु सुखान्तमा गएर टुङ्गिनु पनि महाकाव्य मान्यता अनुकूल नै देखिन्छ ।

समग्रमा प्रस्तुत महाकाव्यको कथावस्तु महाकाव्य अनुकूल नै देखिए पनि केही फरकपन पाउन सकिन्छ । कथावस्तु बृहत नभई सामान्य योग र भोग पक्षको मेलमा आधारित देखिन्छ । योग र भोग पक्षको मेललाई विभिन्न कथा उपकथाको बुनोट गर्दै बनाइएको यस काव्यको कथानक महाकाव्योचित नै देखिन्छ ।

यसरी प्रस्तुत महाकाव्यको कथावस्तु हेर्दा आदि, मध्य र अन्त्यको शृङ्खलामा कथा आबद्ध रहेको पाइन्छ । पहिलो सर्गले मङ्गलाचरणको भूमिका निर्वाह गरेको देखिन्छ । चौथो सर्गदेखि औपचारिक कथावस्तु देखिएको छ । गणिका र युवकको भेट भएको सन्दर्भलाई कथाको आदि भाग मान्न सकिन्छ । गणिकालाई भेटेर प्रेम प्रस्ताव राख्नु, प्रेम प्रस्ताव प्रेमिकाले सहज स्वीकार नगरी, धनधान्यको अपेक्षा गर्नु जस्ता प्रसङ्गलाई कथावस्तुको मध्य भाग मान्न सकिन्छ । नेपाल आई राजासँग धनसम्पत्ति लिएर फर्कनु र प्रेमीकालाई

सुम्पनु प्रेमिकाले धनसम्पत्ति खोजी परीक्षणमात्र भएको भन्दै प्रेम प्रस्ताव स्वीकार गरी सँगै बस्ने प्रण गर्नु जस्ता घट्ना प्रसङ्गलाई कथाको अन्त्य भाग मान्न सकिन्छ ।

प्रस्तुत महाकाव्यको कथावस्तुको स्रोतलाई हेर्दा कविकल्पित विषयवस्तु भन्नु उपयुक्त हुन्छ । पूर्वीय परम्परामा योग ध्यान साधनाद्वारा जीवन सार्थक बनाउने परम्परा पाइन्छ । त्यस्तै पूर्वीय परम्परामा लौकिक अस्तित्वमा रहेका गणिका वर्णन पनि पुराण महापुराणमा पाउन सकिन्छ । एकातिर योग साधना र अर्कोतिर भोग सुविधाको समन्वय गराई जीवन सार्थकता योग र भोगको सामञ्जस्यमा खोज्ने उद्देश्य प्रस्तुत महाकाव्यको कथावस्तुमा रहेको छ । योगी र अनामिका बिचको प्रेम प्रणयलाई मूल कथावस्तु बनाइएको प्रस्तुत महाकाव्यमा मूल कथालाई फलागममा पुऱ्याउने अन्य सहायक कथा पनि आएको पाइन्छ । भारतीय द्विपको वर्णन, राम, सीता र जनकको सांस्कृतिक चर्चा ज्योतिषीको नेपाल सम्बन्धि भविष्यवाणी, राजा भेट, शिवरात्री मेला जस्ता घट्ना वर्णनलाई सहायक घटना मान्न सकिन्छ ।

प्रस्तुत महाकाव्यको कथावस्तु केही फितलो देखिने, क्षीण कथावस्तु युक्त छ । महाकाव्यमा प्रमुख कथावस्तु भन्दा कविको कवित्व तर्फ ध्यान देखिन्छ । आफ्नो कवित्व शक्ति काव्यमा राख्नुपर्ने विचार कविले भरपुर राखेका छन् । विचारपक्ष प्रवल हुनाले काव्य दुर्बोध्य र क्लिष्ट बन्न गएको छ (शर्मा, २०५९ : ४९२) । पूर्वीय दर्शन सभ्यता, संस्कृति र पाश्चात्य भौतिक यथार्थपरक सभ्यताको प्रतीकात्मक मेल रहेको प्रस्तुत महाकाव्यमा आध्यात्मिक र भौतिक पक्ष बिच द्वन्द्व देखाइएको छ । प्रेम, मित्रता, सद्भाव जस्ता आत्मिक तत्त्वका माध्यमबाट मात्र मानव जीवन सफल र सार्थक हुने कुरा प्रस्तुत महाकाव्यको कथावस्तुमा पाइन्छ ।

### ४.२.३ पात्रविधान

योग र भोग बिच मेल गराई जीवन दर्शन प्रस्तुत गरिएको प्रस्तुत महाकाव्यमा थोरै पात्रहरू रहेका छन् । **अनामिका** महाकाव्यको कथानकलाई गति दिनको लागि यस महाकाव्यमा विभिन्न पात्रहरूको संयोजन गरिएको छ । जसमध्ये अनामिका (गणिका) यस महाकाव्यकी प्रमुख पात्र वा नायिका हो । कविकल्पित विषयमा आधारित यस महाकाव्यमा आध्यात्मिक र भौतिक पक्षको मेल गराइएको छ । अत्यन्तै थोरै पात्रको संयोजन गरी लेखिएको यस काव्यमा प्रेम नै सर्वोपरि हो भन्ने जीवन दर्शन प्रस्तुत महाकाव्यको कथानक

योगी र गणिकाको प्रेम प्रसङ्गमा घुमेको देखिन्छ । यसरी यस महाकाव्यमा अनामिका, योगी, ज्योतिषी, लगायतका पात्रको साथै अन्य गौण पात्रहरू पनि रहेका छन् । अनामिकाको बुबा-आमा, योगीका बुबा आमा र अन्य योगीहरूलाई गौण पात्रका रूपमा देखाइएको छ । मुख्यतः प्रस्तुत महाकाव्यको कथावस्तु योग र भोगको मिलनमा केन्द्रित रहेको देखिन्छ ।

**क) अनामिका**

अनामिका प्रस्तुत महाकाव्यको प्रमुख नारी पात्र वा नायिका हो । प्रस्तुत महाकाव्यको नामकरण पनि नायिकाकै नामबाट गरेको पाइन्छ । प्रेमको प्रतीकका रूपमा देखिएकी अनामिका ग्रामीण परिवेशको एक सामान्य परिवारकी छोरी हो । उसका बाबु आमाले उसबाट ठुलो अपेक्षा राखेका थिए । उसले त्यो अपेक्षा पूरा गर्न सकेकी छैन । बाबुआमाको इच्छा आकाङ्क्षा विपरीत जीवन व्यतित गर्न बाध्य बनेकी छ । यौवनावस्था सँगै ऊ सहरमा नगरबधुको रूपमा देखा परेकी छे भन्ने कुरा तलको श्लोकले स्पष्ट गर्दछ :

धुँधुर बाँधी छमछम पार्दै
सङ्गीतको त्यो महिमा सार्दै
नाच देखाइ हरदिन बस्ने
गणिका हुँ म देशभरिकी । (सर्ग ८, श्लोक १७)

नगरबधुको रूपमा परिचित गणिकाको एकदिन ध्यानमा लिप्त योगीसँग भेट हुन्छ । अनामिकाको रूप सौन्दर्य देखेर योगी आकर्षित हुन्छ । गणिकाको सुन्दरताले योगीको विचारमा पनि परिवर्तन आउँछ । यसरी हेर्दा अनामिका एक सुन्दरी युवती हो । सहरका सम्पूर्णलाई आफ्नो नाच देखाएर वा उनीहरूलाई सन्तुष्टि दिलाएर आफ्नो जिविकोपार्जन गर्ने नारी हो । उसको सुन्दरताबाट प्रभावित योगीले अनामिका समक्ष प्रेम प्रस्ताव राख्दछ । योगीको प्रेम प्रस्तावबाट अनामिका सोचमग्न बन्न पुग्छे । योगीको प्रेम प्रस्तावले उसको सोचाइमा परिवर्तन ल्याउँछ ।

यसरी भौतिकताको पक्षमा देखिएको अनामिकाको जीवनमा परिवर्तन ल्याउन योगीले पनि महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । ग्रामीण परिवेशमा जन्मे हुर्केकी आफू बाबु आमाको इच्छा र चाहनालाई लत्याएर नगरबधुको रूपमा जीवन जिउने तय गरेकी अनामिकाले योगीको प्रेम प्रस्ताव सुनेपछि योगीका बारेमा जान्ने जिज्ञासा राख्छे । योगीका बारेमा सम्पूर्ण वृत्तान्त सुनेपछि यस्तो प्रेम भाव भएको मान्छे कसरी योगी बन्यौ ? भन्दै

जान्ने इच्छा राख्दछे। योगीको बारेमा सम्पूर्ण कुरा सुनेपछि प्रशस्त धनसम्पत्ति पाएमा मात्र प्रेम प्रस्ताव स्वीकार गर्ने भन्दै भौतिकवादी विचार राख्छे। यसरी हेर्दा अनामिकाले धनसम्पत्तिलाई बढी जोड दिएको छ। विपुल सम्पत्तिको चाहना राख्ने अनामिकालाई योगीले आफू अभौतिक पक्षको साधक भएकाले भौतिक सम्पत्ति आर्जनमा नलागेकोले उक्त चाहना पुरा गर्न नसक्ने विचार प्रस्तुत गर्दछ। यता नायिका आफ्नो विचारमा अडिग रहँदै नेपालका राजा अत्यन्त दानी भएकोले उनी समक्ष गएर रत्नादि मागेर ल्याउने सल्लाह योगीलाई दिन्छे। यसरी हेर्दा विपुल सम्पत्ति भएमा मात्र प्रेम प्रस्ताव स्वीकार गर्ने निर्णयबाट अनामिका भौतिकवादमा अडिग रहेको देखिन्छ। योगीले भौतिक सुख-सम्पत्ति दिन नसक्ने विचार गर्दा उल्टो भौतिक सुख सम्पत्ति आर्जन गर्ने उपाय बताइदिनुले पनि भौतिक पक्षलाई सर्वेसर्वा ठान्ने पात्रको रूपमा लिन सकिन्छ।

अनामिका यौन व्यापारमा लागेकी एक चरित्रहीन नारीपात्र हो। भौतिक सुख सम्पत्तिलाई नै आफ्नो जीवनको लक्ष्य मानेको देखिन्छ। जस्तै :

मिल्नेछ वैभव अथाह शरीर रम्छ
उत्साहले हरघडी शिर यो चुलिन्छ
भन्ने भए मनन गर्छ दिलै रमेर
बस्ला यसै नगरमा ममता जमेर। (सर्ग १०, श्लोक ९९)

यसरी भौतिक सम्पत्तिलाई नै जीवनको लक्ष्य ठान्ने युवतीको चाह अनुसार योगी जनकपुरको बाटो हुँदै नेपाल प्रवेश गर्छ। नेपालमा आई राजाबाट थुप्रै रत्नादि प्राप्त गर्दछ। राजाबाट पाएका सम्पूर्ण रत्नादि लगेर युवतीलाई समर्पण गर्दछ। आफूले अपेक्षा गरे अनुकूल युवक योगीले भौतिक सम्पत्ति समपर्ण गरेपछि युवती खुसी हुँदै सम्पूर्ण रत्नादि मिल्काएर उसको प्रेम प्रस्ताव स्वीकार गरेको कुरा काव्यमा यसरी प्रस्तुत गरिएको छ :

विपुल नगद रत्नको के कुरा
मिलन निकट व्यर्थ छन् ती कुरा
चरण मयल जत्तिकै तुच्छ छन्
चपल युवती रत्न ती फ्याँक्दछिन्। (सर्ग २१, श्लोक ३९)

यसरी सुरुमा विपुल सम्पत्तिको चाह देखाएकी अनामिकाले युवक योगीलाई प्रेमको परीक्षा लिएको कुरा बताउँछिन्। योगीलाई साधनारूपी सम्पत्ति भन्दा अरु केही चिज पनि

आफ्ना लागि महत्त्वपूर्ण नभएकोले प्रेम परीक्षा उत्तीर्ण भएको विचार व्यक्त गर्दछे । यसरी संयोगमा पुगेर कथा अन्त्य भएको छ ।

यसरी हेर्दा अनामिका प्रस्तुत महाकाव्यकी प्रमुख नारीपात्र वा नायिका हो । गाउँकी सुन्दर युवती अनामिका बाबुआमाकी आशाकी केन्द्र भएपनि नगरबधु बनेर जीवन व्यतीत गरेकी छ । अन्त्यमा युवक योगीको प्रेममा परेकी छ । भौतिक सुख र सम्पत्तिलाई जीवनको लक्ष्य मान्ने अनामिका गतिशील पात्र हो । पहिले भौतिकताको पक्ष लिए पनि अन्त्यमा उसले प्रेमलाई सर्वोपरी ठानेको देखिन्छ । आध्यात्मिक पक्ष र भौतिक पक्षबिच मेल गराएर सफल जीवनको लागि प्रेम अपरिहार्य रहेको तथ्य देखाउन खोजिएको प्रस्तुत महाकाव्यकी नायिका महाकाव्य मान्यता विपरित नै देखिन्छ । ग्रामीण परिवेशकी सुन्दरी चरित्रहीन भौतिक सुख सम्पत्तिलाई जीवनको पहिलो लक्ष्य मान्ने नायिकाको प्रयोग महाकाव्योचित नदेखिए पनि प्रयोगका दृष्टिले नयाँ रहेको पाइन्छ ।

यसरी हेर्दा अनामिकाकै प्राप्तिका लागि योगीले आफ्नो ध्यान छोडी भौतिक संसारतर्फ लागेको र अनामिकालाई प्राप्त गरेपछि कथा समाप्त भएको छ ।

काव्यकारले अनामिकाको योगीसँगको संयोगबाट अध्यात्म र भौतिक तत्त्वको मिलन देखाएका छन् । यस महाकाव्यमा अनामिका प्रमुख नाटकीय भूमिका निर्वाह गर्ने प्रमुख नारीपात्र हो भन्न सकिन्छ । त्यस्तै महाकाव्यमा अनामिका बद्ध पात्रका रूपमा देखा परेकी छ । तेस्रो सर्गदेखि सर्गान्तसम्म देखिएकी अनामिका मञ्चीय पात्र हो । जीवनलाई सत्मार्गमा लैजान प्रेमको पक्षमा देखिएकी अनामिका सत्पात्र हो । सुरुमा भोगवादी देखिएकी अनामिका अन्त्यमा अध्यात्मिक बन्न पुग्नाले ऊ गतिशील पात्र पनि हो ।

**ख) योगी**

योगी प्रस्तुत महाकाव्यको प्रमुख पुरुष पात्र वा नायक हो । भारतको ग्रामीण परिवेशमा हुर्केको नायक सानैमा बुबा आमाको निधन पश्चात टुहुरो हुन्छ । आफूसँग भएको प्रशस्त सम्पत्ति पनि अरुले लुटिदिन्छन् । बेसहारा, एक्लो जीवन व्यतित गरेको उसलाई योगीले लग्छ । योगीको सङ्गत र ज्ञानगुनका कुराले उसलाई अध्यात्मवाद तर्फ प्रेरित गर्दछ । यसरी अध्यात्मवाद तर्फ लागेको योगी वर्षौंदेखि ध्यान योगमा रहेको देखिन्छ । भौतिक सुख सम्पत्तिको लिप्सारहित तथा जप र ध्यानमा लीन योगीले एकदिन ध्यानकै समयमा एक सुन्दर युवतीलाई भेटेपछि उसको मनमा उत्पन्न भाव काव्यमा यसरी प्रस्तुत गरिएको छ :

अजेय नौला तपसी चनाखा
अधीन पार्दा पनि सुह आँखा
कसो पुगेछन् नव यौवनमा
डुल्दै रहेकी धरती कुनामा । (सर्ग ०३, श्लोक ६४)

युवतीसँग भेट भएपछि उसको ध्यान भङ्ग हुन्छ । सुन्दर युवतीसँग भेट भएपछि उसका मनमा अनेक कुरा खेल्छन् । उसलाई प्रेमभासको अनुभव हुन्छ । युवती सुन्दरतामा अचम्मित परेको उसले उक्त युवतीलाई प्रेम प्रस्ताव राख्छ । युवक योगीको प्रेम प्रस्ताव पछि सोच मग्न बनेकी युवतीका बारेमा सबै कुरा बुझ्छ । युवतीलाई प्रेमप्रस्तावको बारेमा पुनः विचार गर्न अनुरोध गर्दछ । आध्यात्मिक प्रकृतिको युवक योगी अनामिकालाई प्रेम गर्न जतिसुकै दुःख कष्ट भोग्न पनि तयार हुन्छ । कुनै समय प्रेम, माया र स्नेहलाई बेकार ठान्ने योगी युवतीसँगको भेटले परिवर्तन भएको छ । यसरी हेर्दा ऊ परिवर्तित पात्र हो ।

युवतीसँग प्रेममा परेको योगीले युवतीको लागि जे पनि गर्न तयार हुन्छ । पटक पटकको प्रेम आग्रह पश्चात् विपुल सम्पत्ति पाएमा प्रेम प्रस्ताव स्विकार गर्ने आशा युवतीबाट देखेपछि त्यसको पनि तयार बन्छ । सुरुमा आफू अभौतिक पक्षको भएकाले विपुल सम्पत्ति दिन नसक्ने विचार व्यक्त गरे पनि प्रेमका सामु उसले आफूलाई परिवर्तन गर्छ । युवतीको सल्लाह अनुसार ऊ भौतिक सम्पत्ति आर्जनका लागि नेपालतिर प्रस्थान गर्छ । यसरी हेर्दा योगी गतिशील पात्र हो ।

युवतीले नेपालका राजा दानी भएको उनैसँग गएर रत्नादि मागेर ल्याउने सल्लाह दिएपछि युवक जनकपुर हुँदै नेपाल प्रस्थान गर्छ । भारतको निरस र उजाड जीवन देखेको योगीले नेपालको हराभरा प्राकृतिक वातावरण देखेर ऊ आश्चर्य चकित बन्न पुग्छ । जस्तै :

नयाँ ज्ञानै मिल्ला गिरीशिखर यात्रातिर बढे
विनायात्रा मान्छे अमर कसरी बन्छ नबढे ?
हिमाली नेपाली अविदित कला प्राणमय छ
बिहानी अभाले कुसुमित कला बिम्बमय छ ! (सर्ग १४, श्लोक २५)

यसरी नेपालको प्राकृतिक सुन्दरताबाट योगी मनमोहित भयो । राम सीताको विवाह स्थल (जनकपुर) मा विवाह पञ्चमीको बेला आइपुगेको योगीले त्यहाँको सुन्दरता देखेर

अचम्म पर्छ । नेपालको पहाडी प्राकृतिक सुन्दरता, हिमशृङ्खला, छाँगा, छहरा देखेर योगी मखख पर्छ । यसरी नेपालको प्रकृति र सुन्दरताबाट प्रभावित योगी कान्तिपुर आइपुग्छ । कान्तिपुर आएको योगी त्यहाँको प्राकृतिक सुन्दरताबाट झन् मोहित हुन पुग्छ । आराध्य देव पशुपतिनाथको चरणमा पुगेको योगीले एक ज्योतिषलाई भेट्छ । उक्त ज्योतिषले नेपालको बारेमा केही कुरा बताइदिएपछि ऊ राजा समक्ष पुग्छ । राजासँग पुगेर रत्नादिको याचना गर्छ । आफ्नो इच्छा अनुसार राजाले योगीलाई प्रशस्त रत्नादि दान गर्छन् । अपेक्षित रत्नादि प्राप्त गरेका कारण योगी आनन्दले पुलोकित बन्दछ । शिवरात्रीको समय आएकाले केही समय नेपाल बसी शिवरात्री पश्चात् अन्य योगी (जो शिवरात्रीको लागि नेपाल आएका थिए । )को साथमा भारत फर्कन्छ । आफ्नो अपेक्षा अनुसार भौतिक सम्पत्ति प्राप्त गरेपछि खुसी बन्दै भारत फर्कन्छ । भारत फर्कने क्रममा उसले विभिन्न कुरा मनमा खेलाउँछ । यसरी युवतीको इच्छा अनुकूल प्रशस्त धन सम्पत्ति बोकेर फर्किँदा उसको मनमा अनेक खालका कुरा खेल्नुका साथै एक प्रकारको त्रास पनि देखिन्छ ।

यसरी प्रस्तुत काव्यमा योगी पूर्वीय योग दर्शनको, आध्यात्मिक भावको विचारको व्याख्येता, तपस्वीका रूपमा देखिएको पाइन्छ । अनामिकालाई देखेपछि उसको मनमा आएका भावहरूको परिपूर्ति नै काव्य निष्कर्ष र फलागम हो । योगीका मनका इच्छा पूरा भएर नै काव्यमा आध्यात्मवादी आडम्बरी ढोँगी जीवनले संयोजी, संयमित, सन्तुलित अवस्था पाएको छ । योगीका मनमा आएका परिवर्तित भावहरूको परिपूर्ति नै समग् काव्यको सार हो । यसर्थ योगी काव्यको प्रमुख पुरुष पात्रका रूपमा रहेको पाइन्छ । काव्यको पहिलो सर्गदेखि अन्तिम सर्गसम्म उपस्थित योगी बद्धपात्र हो । प्रत्यक्ष भूमिकामा देखिएकोले मञ्चीय पात्र हो । जीवनलाई सत् मार्गमा लैजान ऊ अध्यात्म छोडेर लचिलो देखिएकाले सत्पात्रका साथै गतिशील पात्र पनि हो । जस्तै :

सुते मस्त निद्रा शरीरै थकायो
डरायो दिलै स्वप्नमा चोर आयो
समाती सबै रत्न लौ गुट्मुट्यायो
कराए गुहारे कता भाग्न भ्यायो ! (सर्ग १९, श्लोक ३५)

यसरी सपना देखेर त्रसित बनेको योगीले नेपालका राजाबाट प्राप्त गरेको सम्पूर्ण धनसम्पत्ति लिएर भारत फर्कन्छ । अनामिका समक्ष पुगेर सम्पूर्ण रत्नादि समर्पण गर्दै आफू

सफल बनेकोमा खुसी व्यक्त गर्दछ। अनामिकाले सम्पूर्ण रत्नादि मिल्काई प्रेम प्रस्ताव स्वीकारे पछि उसले प्रेममा आफूले जितेको अनुभव गर्दछ ।

यसरी प्रस्तुत योगी महाकाव्यको प्रमुख पुरुषपात्र वा नायक हो। सुरुमा आध्यात्मिक पक्षमा देखिए पनि युवतीलाई भेटेपछि ऊ परिवर्तन भएको छ। यसरी हेर्दा ऊ परिवर्तित पात्रका रूपमा देखा परेको छ। अनामिकालाई देखेपछि योग भङ्ग गरी भोगको समर्थन गरेको देखिन्छ। महाकाव्यको सुरुमा भौतिक सम्पत्ति लिप्सा रहित, योग र ध्यानमा लिन देखिए पनि कथाको विकाससँगै उसमा परिवर्तन देखिएको छ। योग तथा ध्यानको नियममा रही कठोर ब्रत गरेको योगीले सुन्दरी युवती देख्नासाथ आफ्नो ध्यानसँगै विद्रोह गरेको देखिन्छ। योग साधना र शिवको ध्यानबाट मुक्ति प्राप्त गर्ने लक्ष्यलाई सुन्दरीको आगमनसँगै सम्पूर्ण कुरा छोडेर प्रेम तर्फ आकर्षण हुनु नायकमा रहेको विद्रोही भाव हो। यसरी हेर्दा प्रेम प्राप्तिका लागि युवा योगीले गरेको त्याग, विद्रोहले नायक गतिशिल बनेको छ। प्रस्तुत महाकाव्यको नायक महाकाव्योचित नदेखिए पनि प्रस्तुत महाकाव्यको उद्देश्य अनुकूल नै रहेको पाइन्छ।

यसरी प्रस्तुत काव्यमा योगी पूर्वीय योग दर्शनको, आध्यात्मिक भावको विचारको व्याख्येता, तपस्वीका रूपमा देखिएको पाइन्छ। अनामिकालाई देखेपछि उसको मनमा आएका भावहरूको परिपूर्ति नै काव्य निष्कर्ष र फलागम हो। योगीका मनका इच्छा पूरा भएर नै काव्यमा आध्यात्मवादी आडम्बरी ढोँगी जीवनले संयोगी, संयमित, सन्तुलित अवस्था पाएको छ। योगीका मनमा आएका परिवर्तित भावहरूको परिपुर्ति नै समग्र काव्यको सार हो। यसर्थ योगी काव्यको प्रमुख पुरुष पात्रका रूपमा रहेको पाइन्छ। काव्यको पहिलो सर्गदेखि अन्तिम सर्गसम्म उपस्थित योगी पात्र हो। प्रत्यक्ष भूमिकामा देखिएकोले मञ्चीय पात्र हो। जीवनलाई सत्मार्गमा लैजान ऊ अध्यात्म छोडेर लचिलो देखिएकाले सत्पात्रका साथै गतिशील पात्र पनि हो।

**ग) ज्योतिषि**

ज्यातिषि प्रस्तुत महाकाव्यको सहायक पात्र हो। भोग र योग बिच मेल देखाइएको प्रस्तुत महाकाव्यमा योगीलाई नेपालको बारेमा सम्पूर्ण वृत्तान्त बताउने पात्रका रूपमा ज्योतिषी देखा परेको छ। अनामिकाको विपुल सम्पत्तिको चाह पुरा गर्ने हेतुका साथ नेपाल आएको योगीसँग आराध्य देव पशुपति क्षेत्रमा ज्योतिषीको भेट हुन्छ। उक्त योगीलाई नेपालको प्राकृतिक सुन्दरताको वर्णन गरेको बारेमा ज्योतिषीले प्रष्ट पारिदिन्छ। भारतको

निरस वातावरण देखेको युवक योगीलाई नेपालको प्राकृतिक सुन्दरताले मोहित पारेको हुन्छ, त्यसमा थप आकर्षक बनाउन ज्योतिषीले अहम् भूमिका खेलेको देखिन्छ। त्यसका साथै राष्ट्रप्रेमको भावना पनि ज्योतिषीमा पाउन सकिने कुरा तलको श्लोकले स्पष्ट गर्दछ :

सगरभरि चम्कने तारा गनेर सकिन्न
नेपाल तेरो रहस्य सबै भनेर सकिन्न
सागर तेरै मुहानबाट धर्तीमा बग्दैछ
जीवन जल हिमालबाट पग्लिई बग्दैछ ! (सर्ग-१६,श्लोक-२७)

यसरी नेपालको सुन्दरता र राष्ट्रप्रेमको कुरा ज्योतिषीले योगीलाई बताउँछ र यति मात्र नभई आजको मान्छेमा भएको स्वार्थीपन र त्यसले निम्त्याएको समस्या पनि युवक योगी समक्ष दर्शाएको पाइन्छ। पश्चिमी संस्कारको प्रभावले दाम्पत्य जीवनमा देखिएको प्रभाव, विकासको नेतागणले गर्ने हर्कत, अविश्वासका कारण धरापमा परेको मानव सभ्यताको चर्चा पनि ज्योतिषीले गरेको देखिन्छ। यी र यस्तै समस्याको कारण नेपाली जनताको भविष्य अन्योलमा रहेको कुरा व्यक्त गरेको देखिनुका साथै पशुपतिनाथसँग हिन्दुको देश नेपालको सुरक्षा गरिदिनको लागि प्राथना गरेको देखिन्छ। जस्तै :

शिवले तेस्रो नखोले नेत्र देश यो सप्रन्न
घामको तेज नपरिकन कोपिला फक्रन्न
नेपालीलाई जाँगर दिने रहर गर्दिए
हे पशुपति ! हिन्दुको राष्ट्र सुरक्षा गर्दिए !

यसरी हेर्दा प्रस्तुत महाकाव्यको सहायक पात्र ज्योतिषीमा पनि राष्ट्रप्रेमको भावना देखिन्छ। भारतबाट नेपालमा आएको योगीलाई यहाँको प्राकृतिक सुन्दरता र मानवीय प्रवृत्तिको बारेमा बोध गराउनुको साथै नेपालीको भविष्यको बारेमा बताएको देखिन्छ। समग्रमा राष्ट्रप्रेमको भावना भएको आदर्श पात्रका रूपमा ज्योतिषी देखा परेको छ। महाकाव्यमा देखा परेको सहायक पात्र ज्योतिषी महाकाव्यको मान्यता अनुकूलकै देखिएको छ।

यसरी प्रस्तुत महाकाव्यमा अनामिका, योगी, ज्योतिषी बाहेक अन्य गौण पात्रहरू पनि रहेका छन्। भारतको ग्रामीण परिवेशको चित्रणबाट सुरु गरिएको महाकाव्यमा

अनामिकाका बाबुआमा, योगीका बाबुआमा, राजा र अन्य योगीहरू जस्ता गौण पात्रको प्रयोग गरिएको देखिन्छ । महाकाव्यमा देखिएका अनामिकाका बाबुआमा ग्रामीण परिवेशका पात्र हुन् । उनीहरूले छोरीबाट ठुलो अपेक्षा राखे पनि त्यो अनुसारको उपलब्धि छोरीबाट पाउन सकेका छैनन् ।

त्यसै गरी योगीका बाबुआमा योगी सानै छँदा मरेको भनी प्रस्तुत गरिएको छ । प्रशस्त धनसम्पत्ति भए पनि सानै छँदा निधन भएकोले योगी एक्लो भएको देखिन्छ । त्यसैगरी एक्लो भएको युवक योगीलाई अर्को योगीले लगेपछि उसँग रहँदा बस्दा युवक योगीले आध्यात्मिकता प्राप्त गरेको देखिन्छ । अनामिकाको इच्छा अनुकूल नेपाल पुगेको योगीलाई दान दिने राजा (नृपति) दानी राजाका रूपमा देखा परेका छन् । 'सेवा नै परमो धर्म' भन्ने विचार भएका राजा गरिब, दी, दुःखीको सेवामा निसन्देह लाग्ने गरेको देखिन्छ । यसरी हेर्दा राजा दानी, सहयोगी, गुणी प्रजासेवक थिए भन्न सकिन्छ । त्यसैगरी नेपालबाट रत्नादि दान प्राप्त गरेको युवक योगी भारत फर्कँदा बाटोमा देखिएका अन्य योगीहरू पनि गौण पात्रका रूपमा देखा परेका छन् । अन्य योगीलाई सहयोगी र मिलनसार साथीका रूपमा प्रस्तुत महाकाव्यमा देखाइएको छ ।

यसरी हेर्दा प्रस्तुत महाकाव्यमा सीमित पात्रको प्रयोग भएको पाइन्छ । प्रमुख नारी पात्र अनामिका हो, जसको नामबाट महाकाव्यको नामकरण गरेको देखिन्छ । प्रमुख पुरुष पात्र योगी र सहायक पात्रका रूपमा ज्योतिषी देखा परेका छन् । त्यसका साथै अन्य गौण पात्रहरू पनि रहेका छन् । यस महाकाव्यमा ग्रामीण परिवेशका पात्रको चयन गर्दै योग र भोग पक्षको मेल गराइएको पाइन्छ । आदर्श जीवनको लागि प्रेम अत्यावश्यक छ भन्ने विचारलाई सार्थक बनाइएको देखिन्छ । महत्, शक्तिशाली, नैतिकवान् तथा उदात्त पात्रको चयन गर्नुको साटो योगी बनेर आफ्नो नियममा बस्न नसक्ने अनि गणिका तथा नगरबधु बनेकी पात्रको चयन गरिएको देखिन्छ । प्रकृति चित्रण, प्रकृति र मानव सम्बन्ध देखाइनुका साथै पात्रगत सौन्दर्य देखाइएको यसकाव्यका पात्र महाकाव्योचित नरहे पनि प्रस्तुत महाकाव्यले लिएको उद्देश्य अनुकूलका रहेको देखिन्छ ।

### ४.२.४ परिवेश विधान

महाकाव्यमा प्रस्तुत महत् कथा विन्यासको लागि महत् कथा वस्तु आवश्यक देखिन्छ। प्रस्तुत अनामिका महाकाव्यमा विभिन्न परिवेशको समायोजन गरिएको पाइन्छ। प्रस्तुत महाकाव्यमा आन्तरिक, बाह्य सामाजिक, सांस्कृतिक, धार्मिक, स्थानिक र कालिक परिवेशको संयोजन प्रस्तुत काव्यमा पाउन सकिन्छ।

कवि कल्पित कथाको प्रस्तुति रहेको यस महाकाव्यको सुरुमा भारतको गाउँले परिवशको चित्रण पाइन्छ। प्रकृतिका सुन्दर दृश्यका साथै योगका लागि सान्दर्भिक वातावरणको चित्रण यस महाकाव्यमा पाउन सकिन्छ। भारत हुँदै नेपाल सम्मको प्राकृतिक सुन्दरताको चित्रण पनि यस काव्यमा पाउन सकिन्छ। योगमा लिप्त योग भौतिक सम्पत्ति आर्जनका लागि नेपाल प्रवेश गर्छ। यसरी नेपाल प्रवेश गरेको योगी जनकपुरको बाटो हुँदै नेपाल आइपुग्छ। त्यहाँको प्राकृतिक मात्र नभई सांस्कृतिक परिवेशमा पनि अल्मलिन्छ। विवाह पञ्चमीको समयमा जनकपुर आइपुगेको योगीले राम जानकीको विवाह स्थलको सांस्कृतिक पक्षलाई नियाल्छ। यस समयमा काव्यमा सांस्कृतिक परिवेशको बाहुल्यता पाउन सकिन्छ। काव्यमा राम जानकीको विवाह प्रसङ्ग, त्यहाँ जम्मा भएका मानिस लगायत विवाह पञ्चमीको अवसरमा त्यहाँ सिर्जना भएको माहोलको परिवेश चित्रण पनि पाउन सकिन्छ। यस परिवेशलाई सांस्कृतिक परिवेशको रूपमा लिन सकिन्छ।

गाउँले परिवेशमा हुर्केकी अनामिका, बाबुआमाको ठुलो अपेक्षा हुँदाहुँदै पनि नगरबधुका रूपमा परिचित भएकी, उसको सुन्दरता, नारीसुलभता जस्ता गुणले युवक योगी मोहित भएको जस्ता पक्ष यस काव्यमा आन्तरिक परिवेश हुन्। भोगलाई त्यागेर युवती योगतर्फ आकर्षित हुनु, योगलाई त्यागेर भोग विलासतर्फ उन्मुख हुनु यसलाई पनि आन्तरिक परिवेशको रूपमा लिन सकिन्छ। नायिका अनामिका र युवक योगीको प्रेमलाप वर्णनमा घुमेको कथावस्तुको आन्तरिक परिवेश सशक्त बनेको छ।

भारतको गाउँले परिवेश, नेपालको जनकपुर देखि कान्तिपुर (काठमाडौं) पशुपतिनाथ क्षेत्रको चर्चा स्थानिक परिवेशको रूपमा देखा परेको छ। नायक नायिका जन्मे-हुर्केको भारतको ग्रामीण परिवेश, भारतबाट भौतिक धनसम्पत्ति आर्जनको अपेक्षा गरी नेपाल आएको योगीले देखेको जनकपुर र जनकपुर देखि कान्तिपुरसम्मको परिवेशलाई स्थानिक परिवेशको रूपमा लिन सकिन्छ। भारतमा निरस परिवेश देखेको योगीले नेपाल प्रवेश गरेपछि उसको मनमा देखिएको आनन्दले पनि भारतभन्दा नेपाली परिवेशलाई अझ बढि सशक्त रूपमा प्रस्तुत गरेको देखिन्छ। नेपाल प्रवेश गरेपछि यहाँको प्राकृतिक सुन्दरता

र रमाइलो वातावरण देख्छ। यसरी हेर्दा नेपालका सुन्दर क्षेत्रको चित्रण यस काव्यमा पाउन सकिन्छ। प्राकृतिक सुन्दर परिवेशको प्रयोग यस काव्यमा यसरी रहेको पाइन्छ -

मलाई नेपाली हृदयसित नै प्रेम छ अहो
हिमाली आस्थाको सरल पनको स्वच्छ रसको
सुनौलो धर्तीको गगनतलको निर्मल पना
समेट्ने ज्योत्स्ना त्यो शिखर चुचुरा जङ्गल घना ! (सर्ग १४, श्लोक २९)

यसरी हेर्दा भारतदेखि नेपालसम्मको गाउँ, सहर, हिमाल, पहाड तराई जस्ता विभिन्न स्थानिक परिवेश पाउन सकिन्छ। ग्रामीण परिवेशबाट सुरु गरिएको यस काव्यको सुरुवातमा योगी व्यक्तित्वले काव्यको परिवेशलाई शास्त्रीयतातर्फ उन्मुख गराए पनि अनामिका (गणिका) को आगमन र त्यसको प्रभावले नयाँ मोड प्रदान गरेको देखिन्छ।

अनामिकालाई पाउने आशामा प्रशस्त भौतिक सम्पत्ति आर्जनको लागि नेपाल प्रवेश गरेका युवा योगी जनकपुर हुँदै नेपाल प्रवेश गर्छ। जनकपुर हुँदै नेपाल प्रवेश गर्ने क्रममा उसले देखेका प्राकृतिक सुन्दरताको वर्णन यस काव्यमा पाउन सकिन्छ। प्राकृतिक सुनदरताले उसको नेपाल यात्रालाई अझ बढि सार्थक र उपयोगी बनाउन सहयोग गरेको देखिन्छ। यसरी हेर्दा प्रस्तुत काव्यमा प्राकृतिक परिवेशको चित्रण पनि पाउन सकिन्छ। प्रकृतिको सुन्दरता त्यसले पारेको प्रभाव र योगी देखा परेको जोश जाँगरले प्राकृतिक परिवेशलाई सशक्त बनाएको देखिन्छ। जस्तै :

जता हेर्‍यो धर्ती सुखद सपना सुन्दर अहो
सबै मान्छे नौला सुन्दर रसिलो झुम्मिन गयो !
कता हाँसे स्रष्टा मनुज भवमा तैरिन गयो
चमत्कारै गर्ने अटल प्रतिभा सिर्जित भयो। (सर्ग १४, श्लोक ९३)

त्यसैगरी प्रस्तुत अनामिका महाकाव्यमा सांस्कृतिक तथा धार्मिक परिवेशको चित्रण पनि पाउन सकिन्छ। विवाह पञ्चमीको अवसरमा रामजानकी विवाह स्थल जनकपुर आइपुगेको योगीले त्यहाँ सांस्कृतिक तथा धार्मिक परिवेशको चित्रण गरेको पाइन्छ। राम जानकीको विवाह प्रसङ्ग त्यहाँ उपस्थित रहेको जनमानस, त्यस स्थानको सांस्कृतिक महत्त्व, धार्मिक महत्त्वको उल्लेख जस्ता कुरालाई सांस्कृतिक परिवेशका रूपमा लिन

सकिन्छ। त्यसै गरी काठमाडौं स्थित आराध्यदेव पशुपतिनाथको चित्रण, पशुपति क्षेत्रको वर्णनले पनि धार्मिक परिवेशको झलक दिएको पाउन सकिन्छ। त्यसैगरी शिवरात्री पर्वको लागि योगीले पर्खेर बसेको त्यसकालागि भारतबाट अन्य योगी पनि आएको र फर्कने बेला सबै साथै फर्केको जस्ता कुराले यस काव्यमा धार्मिक तथा सांस्कृतिक परिवेशलाई विशेष महत्त्वका साथ हेरिएको पाइन्छ।

भारतको एक गाउँमा ध्यानमा रहेको योगी वर्णनबाट सुरुवात गरिएको यस महाकाव्यमा योगीको गणिकासँग भेट भई, उसलाई प्रेम प्रस्ताव राखेको र उसकालागि गरिएको त्यागले नेपाल आउन बाध्य बनेको नेपालबाट फर्केको प्रसङ्गसम्मलाई हेर्दा काव्यको कालिक परिवेश लामै देखिएको पाइन्छ। युवतीको आग्रह अनुसार नेपाल आएको योगी विवाह पञ्चमीको अवसरमा जनकपुरमा देखिन र शिवरात्रीको अवसरमा पशुपति क्षेत्रमा देखिनुले समय एकदमै छोटो रहेको पाइन्छ। यसरी हेर्दा यस महाकाव्यको कालिक परिवेश कम समयको रहेको पाइन्छ।

यसरी हेर्दा प्रस्तुत महाकाव्य प्रकृति चित्रणका दृष्टिले उत्कृष्ट रहेको पाइन्छ। प्रकृतिमा मान्छे आनन्दित हुन्छ भन्ने कुरालाई यस काव्यमा प्रस्तुत गरिएको पाइन्छ। भारतमा रहेको योगीको योग स्थलमा देखिएको आध्यात्मिक परिवेश, जनकपुर र कान्तिपुरमा देखिएको प्राकृतिक परिवेश, वनपाखा, छाँगा, छहरा, नदीनाला, हिमाल आदिको वर्णनले काव्यिक परिवेश सुन्दर देखिएको छ। धार्मिक, सांस्कृतिक परिवेशका साथै शृङ्गारिक परिवेशको चित्रण पनि यस काव्यमा पाउन सकिन्छ। जनकपुरको धार्मिक, सांस्कृतिक महत्त्वका साथै पशुपति क्षेत्रको धार्मिक परिवेश पनि यस काव्यमा रहेको देखिन्छ। कवि कल्पित विषयमा आधारित कथामा योग र भोग पक्षको मेल देखाइ संयोगपूर्ण परिवेशको निर्माण पनि प्रस्तुत काव्यमा पाउन सकिन्छ। सहरीया भन्दा ग्रामीण परिवशेको चित्रण पनि प्रस्तुत काव्यमा पाउन सकिन्छ। प्रकृति चित्रणलाई जोड दिइएको प्रस्तुत महाकाव्यको परिवेश पूर्णतः महाकाव्योचित नभए पनि यो काव्यात्मक उद्देश्य अनुकूल नै रहेको देखिन्छ।

### ४.२.५ विचार वा सन्देश

प्रस्तुत **अनामिका** महाकाव्यमा योग र भोगको समन्वय पाइन्छ। दुई विपरित ध्रुवको मिलन प्रस्तुत काव्यमा देखिन्छ। वर्षौंदेखि शिव आराधना, योग र ध्यानमा लीन आध्यात्मिक प्रवृत्तिको योगी र नगरमा सबैको भोग्य बनेकी एउटी घुँघुरु लगाएर नाच्ने नगरबधु नामले परिचित युवतीको समावेश गरी यी दुईको प्रेमलापलाई यस काव्यमा प्रस्तुत गरिएको छ।

जीवनमा प्रेम सर्वेसर्वा हो, प्रेम, सद्भाव, सहयोग विना जीवन सार्थक बन्न सक्दैन भन्ने तथ्य प्रस्तुत महाकाव्यमा पाउन सकिन्छ। योगी र भोगी बिच मेल गराई सार्थक जीवनका निम्ति प्रेम आवश्यक रहेको तथ्य अघि सारेका छन्। योगी आध्यात्मिक भएर मात्र सन्तुष्ट छैन, ऊ गणिकालाई देखेपछि आफूले प्रेम गर्ने र विवाह गर्ने आवश्यकता महसुस गर्छ भने अनामिका भौतिक सुख सम्पत्ति नभए पनि आफूलाई स्वच्छ र पवित्र प्रेम गर्ने मान्छेको आवश्यकता महसुस गर्दछे। यसरी जीवनमा पूर्णता छाउनका निम्ति प्रेम सर्वोपरि रहने विचार यस काव्यमा प्रस्तुत गरिएको छ।

प्रस्तुत महाकाव्यमा पुरुषको सफलतामा नारीको अहम् भूमिका रहने विचार अघि सारिएको छ। मानव जीवनमा नारी र पुरुष एकरथका दुई पाङ्ग्रा हुन्। जसरी रथ एक पाङ्ग्राले सम्भव छैन त्यसरी नै मानव जीवनको सारथी पनि नारी वा पुरुष एक्लैले चलाउन नसक्ने भाव काव्यमा पाउन सकिन्छ। विशेषतः योग र भोग पक्षबिच मिलन देखाइए पनि सारमा विभिन्न नारीवादी विचार यस काव्यमा भेट्न सकिन्छ। पुरुषले प्राप्त गर्ने सफलतामा नारीको असल भूमिका हुनुपर्ने विचार योगीका माध्यमबाट प्रस्तुत गरिएको पाइन्छ। जसरी भगवान् रामलाई जगत्मा यश कमाउन सीताले साथ दिइन् त्यसरी नै गणिकाले आफूलाई साथ दिएमा आफूले यश कमाउन सक्ने विचार योगीमा यसरी देखिएको छ :

प्रेमी छाया मनुज दिलको लक्ष्य आधार सीमा  
उत्थानी भै अगि बढी उत्रँदी त्यो कसीमा !  
सीता आभा निकट रहँदा राममा फुर्ति आयो  
त्यै फुर्तिले जगत्भरमा कीर्ति नौलो कमायो ! (सर्ग ०७, श्लोक ३०)

यसरी प्रस्तुत काव्यमा योग र भोग पक्षको मिलन देखाइ प्रतीकात्मक रूपमा पूर्वीय र पाश्चात्य दर्शन, संस्कृतिको मेल गराएको देखिन्छ। पूर्वीय संस्कृतिको प्रतीकका रूपमा

देखिएको योगी र पाश्चात्य संस्कृतिको प्रतीकका रूपमा रहेको गणिका दुबैले आफूमा योगी र भोगी जीवन व्यतित गर्दा पूर्णता भएको महसुस नगरी वैवाहिक जीवन बिताउने निर्णय गर्छन् । वैवाहिक जीवनमा वास्तविक सुख र सन्तुष्टिको अनुभूति हुने विचार पनि प्रस्तुत काव्यमा पाउन सकिन्छ । जस्तै :

एक्लै कुनै काम हुँदैन पक्का
चाहिन्छ पूरै सहयोग सच्चा !
बुझी स्वयंले अनमोल मित्र
छानेर चल्दा नग हो पवित्र ! (सर्ग ०५, श्लोक ५७)

प्रस्तुत महाकाव्यमा अध्यात्मवादी मात्र बनेर र भौतिकवादी मात्र बनेर सुख र आनन्द प्राप्त हुँदैन भन्ने भाव पाइन्छ । दुबैको समन्वयबाट मात्र मानव जीवन सार्थक र पूर्ण बन्छ तर एउटा पक्षमात्र अँगाल्दा जीवन एकाङ्गी बन्न पुग्छ । यसैले मानवजीवनमा आध्यात्मिकता र भौतिकताबिच समन्वय हुनु अत्यन्त आवश्यक हुन्छ भन्ने विचार नै प्रस्तुत महाकाव्यबाट प्रवाहित भएको छ । नारी शील स्वाभावको चर्चा गर्दै नारीलाई आदर र सम्मान गर्नुपर्ने, नारीकै व्यवहार र क्रियाकलापमा नै घरपरिवारको सुख-दुख अडिएको हुन्छ भन्ने सन्देश फैलाउनु पनि प्रस्तुत महाकाव्यको उद्देश्य रहेको देखिन्छ ।

मासिन आफूले आफूलाई पूर्ण नियन्त्रण गर्न खोजे पनि त्यस कुरामा असफल हुन्छ र प्रेम विनाको जीवन अधुरो र अपुरो हुन्छ भन्ने देखाउनु नै काव्यको उद्देश्य रहेको छ । जीवनको वास्तविक सुख उच्च आध्यात्मिकवादी तथा उच्च भौतिकवादी दुबैमा पाउन सकिने तर यी दुबैको समन्वय गर्न सके जीवनको वास्तविक सुख तथा आनन्द प्राप्त हुन सक्छ भन्ने विचार प्रस्तुत काव्यमा पाउन सकिन्छ । अनामिका महाकाव्यमा मानव जीवनका लागि आध्यात्मिक र भौतिक दुबै पक्ष बिच समन्वय गरेर जीवनलाई सार्थक तथा सुखी र आनन्ददायी बनाउने विचार व्यक्त गरिएको छ ।

प्राकृतिक, सांस्कृतिक पक्षको चित्रण गर्दै राष्ट्रप्रेमको भाव पनि काव्यमा रहेको छ । मानवतावादी तथा राष्ट्रप्रेमी भावनाहरू पनि प्रस्तुत महाकाव्यमा रहेका छन् । महाकाव्य मान्यता विपरित युवक योगी तथा युवतीको योग र भोगको विषयलाई कथावस्तुमा उतारी गाउँलेदेखि सहरिया जीवन सम्म पनि महाकाव्यको विषय बन्न सक्छ भन्ने देखाउनु महाकाव्यकारको विचार रहेको देखिन्छ । महाकाव्यमा पुरुषार्थ चतुष्ट्यको संयोजन पाउन

सकिन्छ। नारीलाई प्रमुख पात्र बनाई उसकै नामबाट काव्यको नामकरण गर्नुले महाकाव्यकारको उद्देश्य नारीप्रति सम्मान देखाउनु पनि रहेको छ।

## ४.२.६ रसभाव विधान

प्रेममय जीवनको खोजी गरिएको प्रस्तुत महाकाव्यमा विभिन्न रसको पाइन्छ। रस प्रयोगका दृष्टिले महाकाव्योचित देखिएको यस महाकाव्यमा शृङ्गार रसलाई अङ्गी रसको रूपमा प्रयोग गरिएको छ। पूर्वीय महाकाव्य मान्यतामा शृङ्गार, वीर र शान्त रसमध्ये कुनै एक अङ्गी रसका रूपमा र अरु रस अङ्ग रसका आउनुपर्ने धारणा रहेको पाइन्छ। सोही अनुकूल यस अनामिका महाकाव्यमा पनि शृङ्गार रस अङ्गी रसको रूपमा आएको देखिन्छ।

शृङ्गार बाहेक अन्य रसको परिपाक पनि प्रस्तुत काव्यमा पाउन सकिन्छ। हास्य, करुण, रौद्र, वीर, शान्त रसको प्रयोग यस काव्यको अध्ययन पश्चात् पाउन सकिन्छ। हास्य रसको स्थायी भाव हाँस वा हाँसो, करुण रसको स्थायी भाव शोक, रौद्र रसको स्थायी भाव क्रोध, वीर रसको स्थायी भाव उत्साह, शान्त रसको स्थायी भाव वैराग्य, विभत्स रसको स्थायी भाव घृणा हो। विभिन्न विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट माथि उल्लेखित रस निष्पत्ति भएको पाइन्छ।

अनामिका महाकाव्यको समग्र अध्ययन गर्दा शृङ्गार रस नै अङ्गी रसको रूपमा आएको पाइन्छ। काव्यको प्रमुख उद्देश्य नै प्रेममय जीवनको खोजी भएकाले व्यञ्जनात्मक रूपमा शृङ्गार रस प्रबल रहेको देखिन्छ भने योगी र अनामिका बिचमा नायक नायिकाका रूपमा व्यक्त भएका हाउभाउ तथा वार्तालापले पनि शृङ्गार रस अङ्गी रसका रूपमा रहेको देखिन्छ। यसका साथै प्रेमलाप वर्णनका साथै अनामिकाको रूप सौन्दर्यको चर्चाले पनि काव्यमा शृङ्गारिकता थपेको देखिन्छ। जस्तै :

आयौ रे कसरी उर्मान दिलमा सौन्दर्यको चेत यो
पाएँ देख्न नयाँ बिहान नभमा लाली खुलेझैं अहो !
बास्नादार सफा सुरम्य धरती खुल्दो भयो तेजले
ढाकेको पनि देखिँदैन नभमा कालो बडो मेघले ! (सर्ग ०४, श्लोक ५३)

यसका साथै यस काव्यमा थुप्रै रसको प्रयोग पाउन सकिन्छ। मङ्गलाचरणबाट काव्यको कथावस्तुको सुरुवात गरिएको यस काव्यमा शान्त, वीर, करुण, हास्य, रौद्र, विभत्स, अद्भूत जस्ता रसको परिपाक भएको बुझिन्छ। प्रेमी प्रेमीकाको एक अर्काप्रतिको आशक्त भावनालाई महाकाव्यको मूल विषयवस्तु बनाई अन्त्यमा प्रेमी प्रेमिकाको मिलन देखाइएको छ। तसर्थ नायक नायिका वार्तालापका विभिन्न प्रसङ्ग तथा नायक नायिकाको सौन्दर्य वर्णनमा शृङ्गारिकताको प्रचुरता पाउन सकिन्छ। जस्तै :

चाँदनी रातकी प्रातकी हौ उषा
मुग्ध संध्या बनी बाँड्दछ्यौ रे सुधा
मार्गमा ओजका प्रेमका तेजमा
रम्छु छाया बनी दङ्ग भै रोज म ! (सर्ग २०, श्लोक १४)

प्रस्तुत काव्य विचार र दर्शनको थुप्रो हो। काव्यकारले बौद्धिक खुराक पाठक समक्ष प्रस्तुत गरेको पाउन सकिन्छ। काव्यमा प्रत्येक सर्गको नामकरण गरिएको छ। काव्यको पहिलो सर्गमा उठान शीर्षक दिई मङ्गलाचरण गरिएको छ। पहिलो सर्गमा पूर्वीय दर्शन र काव्यको औचित्य पहिल्याउने सन्दर्भमा यसरी शान्त रस निष्पत्ति भएको पाइन्छ -

साझा वर्ण र जातको प्रिय कथा सौन्दर्यको वाग यो
वाणी अमृत यै पियाउँछ सदा माधुर्यको राग यो !
मान्छे बढ्दछ देवता सतहमा चैतन्यको सिन्धु यो
यौटा मात्र पवित्र वस्तु नगको आदर्शको विन्दु यो। (सर्ग ०१, श्लोक ४४)

काव्यको उठानसँगै नायक योगीको आगमन भएको छ। योगीको साधना अतिरिक्त पूर्वीय दर्शनमा हुने ध्यान, जप, तप आदिको चर्चा गरिएको छ। यसरी योगी वर्णन गर्ने सन्दर्भमा शान्त रसको बाहुल्यता रहेको पाइन्छ। शान्त रस बाहेक शृङ्गार, वीर, रौद् रसको पनि उपस्थिति पाइन्छ। शान्त रसको बाहुल्यता रहे यस पनि वीरताको भाव पनि योगी मै देखाइएको छ।

वीर रसभावको उदाहरणका रूपमा निम्न श्लोकलाई लिन सकिन्छ -

नौलो आस्था उदाएर धर्तीमा शुभ्र भावना
फैलने फक्रने लाखौं सिर्जना रम्दछन् यहाँ

वीरको देश हो हाम्रो कर्ममा सब उत्सुक
शान्तिको मन्त्र बाँड्दछौं विश्वमा नव मञ्जुल (सर्ग ०२, श्लोक ०६)

शिवको आरधना र जपमा लिन योगीले एक सुन्दरी युवती अनामिकालाई भेटेपछि काव्यमा शृङ्गार रसाभाव देखा परेको छ। नायिकाको रूपलावण्यले मन्त्रमुग्ध भएको भाव पनि काव्यमा देखा परेको छ। शृङ्गार रसको व्यापकता रहेपनि योगी युवतीको सुन्दरतामा मन्त्रमुग्ध बनेको बेला क्रोध भाव पनि काव्यमा पाउन सकिन्छ। रौद्र रसको उदाहरणका रूपमा तलको उदाहरणलाई लिन सकिन्छ -

अर्काको रिस राग डाह नगरी आँटी विचारी बनी
लाछी काँतर भाव प्रेम रसले चिल्याउँदै बेसरी
जाँदा ज्योति खुलेर उन्नत हुने बाटो समाते भलो
कालो दुर्जनका खराब पथको नामै मिलाए भलो ! (सर्ग ०४, श्लोक ४९)

नायिका सौन्दर्यमा लट्ठ परेका योगी नायिकालाई प्रेम प्रस्ताव राख्न पुग्छन्। योगीले प्रेम प्रस्ताव राखेपछि युवती सोचमग्न बन्छे। हाउभाउ सहित आफ्नो बारेमा सबै कुरा बताई योगीका बारेमा पनि जान्ने इच्छा व्यक्त गर्छे। यस क्रममा पनि काव्यमा शृङ्गारिकताले व्यापकता पाएको देखिन्छ। काव्यको आठौं सर्गमा आइपुग्दा युवतीले आफ्नो विगत बताउने सन्दर्भमा शोक भाव व्यक्त भएको पाइन्छ। करुण रस प्रयुक्त काव्य श्लोक उदाहरणको रूपमा तल प्रस्तुत गरिन्छ -

पीडितहरूको विरह व्यथाले,
पोल्दछ स्वस्थहरूको छाती
संवेदनाका झिल्का स्वयंमा
उडिरहेछन् माथि माथि !
बादल भित्र आत बनेर,
सुर्य रोएको सुन्दछ कसले ? (सर्ग ०८, श्लोक १३)

गणिकाको आग्रह अनुसार आफ्नो विगत बताउने सन्दर्भमा अन्य रस पनि प्रयुक्त भएको पाइन्छ। योगीले आफ्नो आत्म वृत्तान्त वर्णन गर्ने सन्दर्भमा घृणा भाव पनि पाउन सकिन्छ। विभत्स रसको उदाहरणका लागि तलको श्लोक प्रस्तुत गर्न सकिन्छ -

थिचिएँ, मिचिएँ, किचिएर गुमैँ
दुःखका लहरासित मात्र झुमैँ
जगतै यसरी सुनसान भयो,
धरती तब नै त मसान भयो । (सर्ग ०९, श्लोक ५३)

एक आपसमा विभिन्न कुराकानी भइसके पछि युवतीले स-सर्त प्रेम प्रस्ताव स्वीकार गर्ने भाव व्यक्त गर्दछे । सोही अनुरूप योगी भौतिक सुख सम्पत्ति आर्जनका लागि नेपाल प्रवेश गर्दछ । नेपाल प्रवेश गर्ने सन्दर्भमा यहाँको प्राकृतिक सुन्दरता र व्यापकता देखेर आश्चर्य चकित बन्न पुग्छ । भारतमा निरस र सुख्खा वातावरण पाएको योगीले नेपालको प्रकृति र रोचकता देखेर बनेको आश्चर्य बनेको भाव काव्यमा पाउन सकिन्छ । यसरी नेपाली प्रकृति चित्रणको बेला अद्भूत् रसाभाव पाउन सकिन्छ -

तपस्यामा लाग्ने ऋषिमुनि सबै उच्च शिखर
हिमाली आभामा मुकुलित हुँदै पूर्ण रहर
बखानेका किस्सा रसिक मनले पान गरियो
अहो भाग्यै जाग्यो नयन खुश भै हेर्न सुरियो ! (सर्ग १४, श्लोक २६)

विवाह पञ्चमीको समयमा नेपाल प्रवेश गर्ने क्रममा योगी जनकपुर आइपुगेको थियो । यसरी राम जानकीको विवाह स्थल आइपुगेको योगीले नेपालको वर्णन गर्ने सन्दर्भमा हास्य रसको प्रयोग पनि देखिन्छ । जस्तै :

असारे भ्यागुता सरह किन यो टुर्टुर् गरी
करौदे हेस भुस्या कुकुरसरिझैं ङुर्ङुर् गरी
बझौटी तेरो त्यो हृदय भरी नै दुर्गुण छ कि
सधै राम्रो भर्दै कुसुम रमिते सुन्दर ढकी ! (सर्ग १४, श्लोक ५७)

नेपाल प्रवेश गरेर राजासँग रत्नादिको अपेक्षा गरे पश्चात् उसले प्रशस्त रत्नादि प्राप्त गर्छ । राजाबाट पाएको रत्नादि लिएर जाँदा बाटोमा बास बस्नुपर्ने हुन्छ । बाटोमा बस्नुपर्दा उसले मस्त निद्रामा सपना देख्छ । यसरी सपना वर्णन गर्ने सन्दर्भमा भयानक रस निष्पत्ति भएको पाइन्छ । जस्तै :

लखेटी लखेटी त्रिशूलै सँगैमा
कुदे च्याप्प धोती समाती करैमा
कता गो कता गो कुदेरै हरायो
छ शून्यै वनैमा नता क्यै करायो ! (सर्ग १९, श्लोक ३६)

नायक योगीले अनामिकालाई नेपालबाट ल्याएका रत्नादि सुम्पन्छ। नायिकाले धनसम्पत्ति भन्दा योगीको साधनारूपी परिश्रम नै ठुलो मानी योगीको प्रेम प्रस्ताव स्वीकार गरेका भाव शृङ्गार र शान्त रसमा अभिव्यक्त भएको पाइन्छ। यसरी हेर्दा काव्य सुखान्त भएको पाइन्छ। काव्यको सुरुदेखि अन्त्यसम्म पनि शृङ्गारिकता पाउन सकिन्छ। जस्तै :

त्यागमा रम्छु मै प्रेममा जम्छु मै
छौ तिमी आत्मको रागमा गम्छु मै
प्राण नै दिन्छु रे रक्त नै दिन्छु रे
प्रेमकै मार्गमा भक्त भै हिँड्छु रे। (सर्ग २०, श्लोक ५४)

यसरी योग र भोग पक्ष बिच मेल देखाइएको प्रस्तुत महाकाव्यमा विभिन्न रसनिष्पत्ति भएको पाइन्छ। काव्यको सुरुदेखि अन्त्यसम्म कुनै न कुनै किसिमले शृङगारिकता छरिएको छ। प्रेममय जीवनको अपेक्षा गरिएको प्रस्तुत महाकाव्यमा शृङ्गार रस नै अङ्गी रसका रूपमा देखा परेको छ। मानव जीवनमा भव्यता र उच्चताको लागि प्रेमभावले उच्च महत्त्व हुनुपर्ने भाव पनि काव्यमा पाउन सकिन्छ। सकारात्मक, बाटोतर्फ लाग्न प्रेरणा प्रदान गर्ने प्रस्तुत काव्यमा शृङ्गार रसको बाहुल्यता पाउन सकिन्छ। नायक नायिकाको सुन्दरता वर्णन, प्रेमलाप वर्णनमा आधारित भई संयोग मै काव्यको अन्त्य हुनुले पनि शृङ्गार रसलाई नै अङ्गी रस मान्न सकिन्छ। यो बाहेक अन्य रसको पनि प्रयोग पाउन सकिन्छ। प्रस्तुत महाकाव्यमा नवरसको नै प्रयोग भएको पाउन सकिन्छ। विभिन्न भाव व्यक्त गर्ने सन्दर्भमा विभिन्न स्थायी भाव निष्पत्ति हुँदै विभिन्न रसको प्रयोग भएको पाइन्छ। शृङ्गार रसका साथै वीर, शान्त, करुण, विभत्स, अद्भूत, हास्य, भयानक, रौद्र रसको पनि प्रयोग पाउन सकिन्छ। शृङ्गार रसलाई केन्द्रिय रस र अङ्गी रस बनाई अन्य रसलाई अङ्ग रसको रूपमा स्वीकार गरिएको पाइन्छ। यसर्थ यस महाकाव्यमा काव्योचित

रस प्रयोगमा काव्यकार सफल देखिन्छन् । रस प्रयोगका दृष्टिले हेर्दा महाकाव्य मान्यता अनुकूल नै रहेको यो काव्य सरल, सहज र मर्मस्पर्शी बनेको छ ।

### ४.२.७ लयविधान

प्रस्तुत अनामिका महाकाव्य शैलेन्दुप्रकाश नेपालको शास्त्रीय छन्दमा लेखिएको महाकाव्य हो । पहिलो महाकाव्य लोकलयमा रचना गरेका कविको दोस्रो प्रयास पूर्णतः शास्त्रीय छन्दमा लेखिएको छ । यसरी हेर्दा प्रस्तुत महाकाव्यको लयविधान अत्यन्त शसक्त रहेको देखिन्छ । छन्द प्रयोग र परिवर्तनका दृष्टिले चक्र जस्तै देखिएको प्रस्तुत महाकाव्यमा पूर्णतः नयाँपन पनि पाउन सकिन्छ । सर्गान्तमा छन्द परिवर्तन गरिएको यस काव्यको अन्तिम सर्गको अन्त्यमा रहेको छन्द र पहिलो सर्गमा प्रयोग गरिएको छन्द एउटै हुनाले चक्र बनेको देखिन्छ ।

महाकाव्यमा गद्य र पद्य दुबै लयको प्रयोग हुन सक्ने भए पनि पद्य लयलाई बढि प्रभावकारी मानिदै आएको छ । प्रस्तुत महाकाव्यको पद्य लयको प्रयोग गरिएको छ । प्रस्तुत महाकाव्यमा वार्णिक, मात्रिक र लोकलय गरी तिनै प्रकारका छन्द प्रयोग भएको पाइन्छ । हृदयबाट स्वच्छन्दरुले निस्केको सशक्त भावलाई सर्वस्व ठान्दै कवितालाई लयात्मक पाराले चराहरूको आवाजका रूपमा प्रस्तुत गर्ने देवकोटाको छन्दवादी धारणाका नजिक पुगेर महाकाव्यकार शैलेन्दुप्रकाश नेपालले यस महाकाव्यमा छन्दको साधना गरेको देखिन्छ ( ढकाल, २०६७ : १०१) स्वच्छन्दरूपमा प्रस्फुटन भएको भाववेगलाई सहज र सरल रूपमा काव्यमा संयोजन गरेका देखिन्छ । काव्य छन्दमा रचना गरे पनि काव्यमा प्रयुक्त शब्दहरू सरस र सुकोमल रहेको देखिन्छ । भावना र कल्पनालाई सरल तथा सुबोध ढङ्गले व्यक्त गर्दै नेपाली जनमानसमा भिजेका छन्दको संयोजन गरी काव्य सरल र सुन्दर बनाएको देखिन्छ ।

प्रस्तुत काव्य छन्द प्रयोगका दृष्टिले विशिष्ट रहेको छ । प्रत्येक सर्गको अन्त्यमा छन्द परिवर्तन गर्नुपर्ने पूर्वीय मान्यताको अक्षरसः पालना गरिएको पाइन्छ । कथावस्तु र प्रसङ्गले नयाँ बाटो लिँदा कहीँ कतै सर्गको बिचमा पनि छन्द परिवर्तन गरिएको छ । महाकाव्यका २१ वटा सर्गमा फरक फरक २१ वटै छन्दको प्रयोग गरेको देखिन्छ । कुनै कुनै सर्गमा तिन वा चार पटक सम्म छन्द परिवर्तन गरेको पनि देखिन्छ ।

अनामिका महाकाव्यको सबै सर्गमा छन्द प्रयोग गरिएको छ । सबै सर्गको अन्त्यमा भावी सर्गको सङ्केत पनि देख्न सकिन्छ । शास्त्रीय प्रचलित छन्दको बढि प्रयोग पाउन सकिन्छ । लोकले सहज स्वीकार गर्न सक्ने छन्दको प्रयोग गरेको देखिन्छ । शार्दूलविक्रीडित, अनुष्टुप, मन्दाक्रान्त, झ्याउरे जस्ता पाठकले सहजै ग्रहण गर्न सक्ने खालका छन्द प्रयोगमा जोड दिएको देखिन्छ । यसका साथै अधिक छन्दको प्रयोग गरी आफ्नो कविकौशल काव्यमा पोख्न समेत सफल रहेको देखिन्छ । यसरी हेर्दा छन्द प्रयोगका दृष्टिले उच्च रहेको प्रस्तुत काव्यमा छन्द प्रयोगको स्थिति श्लोक सङ्ख्यागत दृष्टिले यस प्रकार रहेको पाइन्छ -

| **छन्द** | **श्लोक सङ्ख्या** |
|---|---|
| अनुष्टुप छन्द | १७९ |
| शिखरिणी छन्द | १६३ |
| शार्दूलविक्रीडित छन्द | १५९ |
| उपजाति | १३९ |
| भुजङ्गप्रयात | १२२ |
| लोक (झ्याउरे) | ९४ |
| द्रुतबिलम्बित | ८५ |
| इन्दिरा | ७९ |
| तोटक | ७२ |
| स्राग्विणी | ७१ |
| स्वागता | ६८ |
| मालिनी | ५८ |
| पञ्चचामर | ५७ |
| वशंस्थ | ५३ |
| वसन्ततिलका | ४९ |
| मन्दाक्रान्ता | ४९ |
| शालिनी | ३६ |
| मात्रिक | ३२ |
| मन्दाकिनी | ३१ |
| मालभारिणी | २७ |

स्रग्धरा २

यसरी प्रस्तुत महाकाव्यमा देखिएको छन्दगत विविधता नै यसको भिन्न र विशिष्ट पहिचान हो भन्न सकिन्छ । प्रस्तुत महाकाव्यमा सबै भन्दा बढी श्लोक अनुष्टुप छन्दका र सबैभन्दा कम श्लोक स्रग्धरा छन्दका पनि रहेको देखिन्छ । २१ वटै सर्गमा फरक फरक छन्द देखिएको प्रस्तुत महाकाव्यमा सर्गगत निम्नानुसार छन्दको प्रयोग भएको देखिन्छ ।

सर्ग १, शार्दूलविक्रीडित र अनुष्टुप, सर्ग २ अनुष्टुप र उपजाति, सर्ग ३ उपजाति र शार्दूलविक्रीडित, सर्ग ४ शार्दूलविक्रीडित र उपजाति, सर्ग ५ उपजाति र अनुष्टुप, सर्ग छ अनुष्टुप र मन्दाक्रान्ता, सर्ग ७ मन्दाक्रान्ता र मात्रिक, सर्ग ८ – मात्रिक शार्दूलविक्रीडित, सर्ग ९ शार्दूलविक्रिडित तोटक, अनुष्टुप, वंशस्थ, सर्ग १० वंशस्थ र इन्दिरा, सर्ग ११ इन्दिरा र द्रुतविलम्वित, सर्ग १२ द्रुतविलम्वित र अनुष्टुप, सर्ग १३ अनुष्टुप र शिखरिणी, सर्ग १४ शिखरिणी र शालिनी, सर्ग १५ शालिनी र लोक (झ्याउरे), सर्ग १६ लोक (झ्याउरे) र पञ्चचामर, सर्ग १७ पञ्चचामर र मालिनी, सर्ग १८ मालिनी र भुजङ्गप्रयात, सर्ग १९ भुजङगप्रयात र स्रग्विणी, सर्ग २० स्रग्विणी र मालभारिणी, सर्ग २१ भालभारिणी र स्रग्धरा छन्दको प्रयोग गरिएको छ ।

यसरी हेर्दा प्रस्तुत काव्यको लयविधान महाकाव्योचित नै देखिन्छ । सर्गान्तमा छन्दको परिवर्तन गरी भावी सर्गको सूचना दिएको प्रस्तुत काव्यको भाषा पनि सरल र सहज नै रहेको देखिन्छ । प्रत्येक सर्गको अन्त्यमा छन्दको परिवर्तन गरी भावी सर्गको छन्द र कथावस्तुको सङ्केत सम्म देखाइएको प्रस्तुत महाकाव्यमा छन्दै पिच्छे फरक फरक छन्दको प्रयोग गरिएको छ । केही कुनै श्लोकमा छन्द प्रयोग कविले आफू अनुकूल गरे पनि स्वच्छन्द भावधाराका कविले अधिक छन्द प्रयोग गरी काव्य लेख्नु महत्त्वपूर्ण नै मान्नुपर्ने देखिन्छ । यसरी हेर्दा **अनामिका**को लयविधान महाकाव्य मान्यता अनुकूल ने रहेको पाइन्छ ।

### ४.२.८ बिम्व र प्रतीक योजना

कुनै व्यक्ति, वस्तु घटना आदिको वर्णनमा पाइने जीवन्त प्रस्तुति नै बिम्ब हो । प्रस्तुत महाकाव्यमा पनि पौराणिक ऐतिहासिक, सामाजिक, धार्मिक, प्राकृतिक बिम्वका साथै प्राकृतिक विम्बको सहज प्रयोग पनि पाउन सकिन्छ । महाकाव्यकारले पनि अनामिकामा कलात्मक रूपले विभिन्न बिम्ब र प्रतीकको प्रयोग गरेको पाउन सकिन्छ । विम्ब र

प्रतीकको प्रयोगले काव्य दुर्बोध्य र क्लिष्ट बन्नुको साटो सरल र सहज बनेको पाइन्छ। काव्यकारले व्यक्त गर्न खोजेको स्वच्छन्द भावलाई बिम्व र प्रतीकको प्रयोगले स्वाभाविक बनाएको देखिन्छ।

काव्यमा विभिन्न बिम्बको प्रयोग पाउन सकिन्छ। सुर्य, चन्द्र, स्वर्ग, राम, सीता, हिमाल, सिन्धु, छहरा, फूल, फूलबारी, ज्वाला, पण्डित, योग-भोग आदिको बिम्ब सहज रूपमा पाउन सकिन्छ। प्रजातन्त्रको बहाली पश्चात निर्वाचन भएर चुनिएका जन प्रतिनिधिको कार्यथलोका रूपमा रहेको संसदको यथार्थ विम्बात्मक रूप काव्यमा यसरी पाउन सकिन्छ -

सदन कागको भो गुँड
रमित हेर्छ रे हात्तिको सुँड
रकम कोषको थुत्न खोज्नुछ
सुनयानसँग सुत्न खोज्नुछ
विगत रुन्छ रे कष्ट मिल्न गै
समय स्वार्थले टक्क चिल्न गै। (सर्ग ११, श्लोक ४१)

यस्तै प्रस्तुत काव्यमा सांस्कृतिक विम्बको प्रतीकका रूपमा होली, विवाह पञ्चमी, शिवरात्रीको चर्चा गरेको पाइन्छ। हाली पर्वलाई रङ्गसँग खेल्दै उमङ्ग र मेलमिलापको विम्बको रूपमा प्रस्तुत गरिएको पाउन सकिन्छ। यसका साथै जीवन दर्शनको प्रतीकका रूपमा विवाह पञ्चमी देखा परेको छ। यसका साथै शिव आरधना, ज्योतिषी चर्चा जस्ता कुरा पनि सांस्कृतिक वातावरणको बिम्बका रूपमा देखा परेको छ। यसरी प्रस्तुत काव्यमा विभिन्न सांस्कृतिक विम्बको चर्चा गरिएको पाउन सकिन्छ।

ग्रामीण जनजीवनको चित्रण गरी कथावस्तुको उठान गरिएको प्रस्तुत महाकाव्यमा ग्रामीण जीवनको विम्ब पनि फेला पार्न सकिन्छ।

ग्रामीण जीवनको अपेक्षा राखेका विविध पक्षको चित्रण गर्दै काव्यमा ग्रामीण विम्ब पनि प्रस्तुत गरिएको छ। देश प्रेमको भाव छताछुल्ल पोखिएको प्रस्तुत काव्यमा प्राकृतिक बिम्व पनि उत्तिकै फेला पार्न सकिन्छ। महाकाव्यकार प्रकृति चित्रणमा बढी अग्रसर देखिएको यस काव्यमा प्राकृतिक विम्ब पनि फेला पार्न सकिन्छ। नेपाल भु-बनोट र प्राकृतिक सुन्दरता चित्रण गर्ने सन्दर्भमा प्राकृतिक विम्ब फेला पार्न सकिन्छ। जस्तै :

शिखर उत्तरमा अतिरम्य छन्
उदरभित्र अहो कति रत्न छन्
हिमचुलीसँग शासन मित्रता
मधुर बन्दछ भाग्दछ वैरता (सर्ग १२ श्लोक ७७)

यसरी प्रस्तुत काव्यमा विभिन्न विम्बका साथै प्रतीकको पनि प्रयोग पाउन सकिन्छ। प्रस्तुत महाकाव्यको शीर्षक नै प्रतीकात्मक रहेको पाउन सकिन्छ। यस काव्यमा प्रयुक्त नायक नायिका नै प्रतीकात्मक रूपमा देखा परेका छन्। नायक योगी पूर्वीय दर्शनको प्रतीकका रूपमा देखा परेको छ भने नायिका पाश्चात्य दर्शनको प्रतीकका रूपमा देखा परेकी छे। योगीको ध्यान, जप, शिव आरधना पूर्वीय दर्शनको प्रतीक हो अनामिकाको नगरबधुका रूपमा देखा परेका व्यवहार पाश्चात्य दर्शनको प्रतीक हो।

योग र भोग पक्षबिच मिलन देखाइएको प्रस्तुत महाकाव्यमा नायकलाई योगको प्रतीकका रूपमा देखाइएको छ भने नायिकालाई भोगको प्रतीकका रूपमा देखाइएको छ। योग र भोग पक्ष दुबैको प्रतीकात्मक रूपमा समन्वय देखाइएको प्रस्तुत महाकाव्यमा योग र भोग मध्ये कुनै एकको अनुपस्थितिमा जीवन एकाङ्गी बन्ने कुरा प्रस्तुत गरिएको छ। त्यसका साथै प्रस्तुत महाकाव्यमा पूर्वीय परम्परा र पाश्चात्य परम्पराको पनि नायक र नायिकाको माध्यमबाट प्रतीकात्मक रूपमा समन्वय गरिएको पाइन्छ। पूर्वीय आध्यात्मिक परम्पराको प्रतीकका रूपमा नायक योगीलाई उभ्याइएको छ भने पाश्चात्य भौतिक परम्पराको प्रतीकका रूपमा अनामिका (गणिका) लाई प्रस्तुत गरिएको पाइन्छ।

यसरी प्रस्तुत काव्यमा योग र भोग पक्षको बिचमा मेल देखाइ कुनै एक पक्षको अनुपस्थितिमा जीवन अपुरो हुने कुरा प्रस्तुत गरिएको पाइन्छ। यसका साथै यस महाकाव्यका नायकलाई आत्मिक प्रेमको प्रतीकको रूपमा देखाइएको छ भने नायिकालाई भौतिक सुख सम्पत्तिको प्रतीकका रूपमा प्रस्तुत गरिएको पाइन्छ। यस बाहेक समाजमा घट्ने विभिन्न घट्ना प्रतिघटनालाई पनि काव्यमा प्रस्तुत गरिएको पाउन सकिन्छ।

हिटलर, क्रुरताको प्रतीक, संसद कुशासनको प्रतीक, योगलाई आध्यात्मिक जीवन र भोगलाई भौतिक जीवनको प्रतीकको रूपमा प्रस्तुत गरिएको पाइन्छ। समाजका फटाहा वा धूर्तहरूलाई हिटलरको प्रतीकका रूपमा प्रस्तुत गरेको पाइन्छ। जस्तै :

हिटलरै कति छन् नव धूर्त या,

इदि आमी नै सबे भव भार याँ
समरमात्र अधीर मुसोलिनी,
निहित स्वार्थ विकास सुसेलीनी ! (सर्ग १२, श्लोक १५)

यसरी यस काव्यमा विभिन्न बिम्ब र प्रतीकको संयोजन गरिएको पाइन्छ। काव्यमा विभिन्न बिम्ब र प्रतीकको प्रयोग गरिए तापनि काव्यको भाषा सहज र सरल रहेको पाउन सकिन्छ। काव्यमा प्रयुक्त विभिन्न विम्ब र प्रतीकले काव्यको भाषालाई थप स्तरीय बनाउन सहयोग पुऱ्याएको देखिन्छ। यहाँ प्रयोग गरिएका सबै बिम्ब र प्रतीकले काव्यको भावलाई कुण्ठित नगरी त्यसलाई उजिल्याउन र चम्काउन महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ। महाकाव्यमा प्रयुक्त विम्ब र प्रतीकले महाकाव्यमा कृत्रिमता नभएर सहजता र स्वाभाविकता थपेको देखिन्छ। समग्रमा विम्ब र प्रतीकको प्रयोगक ादृष्टिले काव्य महाकाव्योचित नै रहेको पाउन सकिन्छ।

## ४.२.९ शीर्षकीकरण

प्रस्तुत महाकाव्यको शीर्षक **अनामिका** रहेको छ। अनामिका प्रस्तुत महाकाव्यको प्रमुख नारी पात्र हो। नारी पात्र भएर पनि काव्यमा प्रमुख पात्रको भूमिका रहेको देखिन्छ। काव्यको प्रमुख पात्रको नामबाट काव्य शीर्षक चयन गरिएबाट पनि प्रस्तुत महाकाव्य चरित्रप्रधान महाकाव्य हो भन्न सकिन्छ। प्रस्तुत महाकाव्यको प्रमुख नारी पात्र अनामिका कै सेरोफेरोमा महाकाव्यको कथावस्तु घुमेको पाइन्छ। कथाको प्रारम्भमा भोगमार्गमा देखिएकी अनामिका भोग मार्ग छोडी योग मार्गतर्फ लागेपछि कथावस्तु समाप्त भएको छ। योग छोडेर प्रेमतर्फ समर्पित भएपछि कथावस्तुले टुङ्गो पाएको देखिन्छ।

योग र भोग बिच समन्वय देखाइएको प्रस्तुत महाकाव्यको शीर्षक अभिधार्थ सरल रहेको देखिन्छ। महाकाव्यमा पुरुषपात्र तथा दार्शनिक प्रख्यात विषयवस्तु भएपनि काव्यकारले नायिकाको नामबाट महाकाव्यको नामकरण गर्नुमा उनको नारीवादी चेतना उजागर भएको देखिन्छ। पूर्वीय र पाश्चात्य मान्यतालाई संयोजन गर्ने उद्देश्यले लेखिएको महाकाव्यमा प्रमुख नारी पात्र अनामिकाले काव्यको उद्देश्यतर्फ उन्मुख गराउन प्रमुख भूमिका निर्वाह गरेको देखिन्छ। त्यसका साथै योग र भोग, अध्यात्म र भौतिकता, आदर्श र यथार्थको समन्वयमा प्रमुख भूमिका रहेकी अनामिकाको नामबाट काव्यको शीर्षक छनोट

गर्नु उपयुक्त नै रहेको देखिन्छ। तसर्थ प्रस्तुत काव्यको शीर्षक महाकाव्योचितका साथै सिद्धान्तअनुकूल सार्थक नै रहेको देखिन्छ।

## ४.२.१० भाषाशैली

प्रस्तुत अनामिका महाकाव्यको भाषाशैली सरल, सहज र प्रवाहमय रहेको देखिन्छ। महाकाव्यमा आख्यान फितलो भएकाले काव्यमा काव्यकारको बौद्धिकताले अधिकता पाएको देखिन्छ। जसका कारण लेखकीय स्वच्छन्दता प्रबल हुन गई वर्ण, मात्रा, लय गति यतिको उचित प्रयोगका अतिरिक्त भावानुकूल प्रयोग पनि गरेको पाइन्छ (ढकालः २०६७, ११२)। महाकाव्यको भाषा कतै दुर्बोध्य र कठिन रहेको देखिन्छ भने कतै सरलता पनि देख्न सकिन्छ, तसर्थ सामान्य पाठकको लागि दुर्बोध्य रहेको पाइन्छ। महाकाव्यमा पूर्वीय सिद्धान्त अनुरूप वर्णमात्रिक छन्दकै प्रयोग गरिए तापनि भाषा सरल, सहज र सुबोध्य रहेको पाइन्छ।

कविको दार्शनिकता र बौद्धिकतापूर्ण अभिव्यक्तिले भाषाशैली उत्कृष्ट बन्न पुगेको देखिन्छ। संस्कृत, हिन्दि, उर्दू भाषाका शब्दहरूको प्रयोग पनि काव्यमा पाउन सकिन्छ। तत्सम शब्दको बाहुल्यता रहेकाले काव्यको भाषा स्तरीय बन्न पुगेको देखिन्छ। काव्यमा विभिन्न विम्ब र प्रतीकको प्रयोग यथेष्ट मात्रामा प्रयोग गरिएको पाइन्छ। अन्त्यानुप्राशको पनि ख्याल गरिएको यस काव्यमा संस्कृत तत्सम शब्दको प्रयोगले काव्यको भाषामा स्तरीयता प्रदान गरेको छ। भूवन, नृपति, शिववाहन, जलधि, ललाट, समाधि, विश्राम, वृक्षः, ओष्ठ, मनुष्य, सुष्क, उषा जस्ता थुप्रै तत्सम शब्दको प्रयोगका साथै संस्कृतको एक हरफ नै श्लोकगत रूपमा काव्यमा आएको देखिन्छ। जस्तै :

फलेको वृक्षले झुक्दो गुणी ज्ञानी स्वाभाव त्यो
छ स्नेह निष्छलैपूर्ण पूर्णबाट निकालियो
हार्दिकपनले गर्छ यही उद्घोषा यत्नले
पूर्णस्य पूर्णादाय पूर्ण मेव वशिष्यते। (सर्ग ०६, श्लोक १५)

यसै गरी काव्यमा तत्सम शब्द मात्र नभई मौलिक शब्दको प्रयोग पनि गरेको पाउन सकिन्छ। बाघचाल, घचाल, यत्रतत्र, निर्धक्क, मदानी, लालुपाते, माइत जस्ता शब्दको चयन गरेको देखिन्छ। संस्कृत शब्दको अधिक प्रयोग देखिए पनि अनामिका महाकाव्यमा देवकोटेली स्वच्छन्द शब्द चयनको शैली प्रयोग भएको देखिन्छ। विरुपिलो, भँडार, शोकतन्त्र, भोकतन्त्र, विचारिनु बनेली जस्ता शब्दहरू मौलिक र लेखकीय निजी

स्वच्छन्द शैलीमा रहेको देखिन्छ । अन्त्यानुप्रास मिलाउनको लागि पनि थुप्रै अनुकरणात्मक शब्द संयोजन गरी काव्यमा स्तरीयता थपेको देखिन्छ । झिलिक्क, घुर्रघुर्र, टमक्क, थरर, रमझम जस्ता थुप्रै अनुकरणात्मक शब्दको प्रयोग गरिएको पाइन्छ ।

सामान्यतः वर्णमात्रिक छन्दमा चार पाउको एक श्लोक रहने मान्यता रही आएको पाइन्छ तर प्रस्तुत महाकाव्यमा काव्यकारले चार पाउ भन्दा बढी पाउको एक श्लोक पनि मानेको देखिन्छ । यो देवकोटाबाट अनुसरण गरिएको स्वच्छन्द शैली हो (सापकोटा, २०७१ : ७८) । प्रस्तुत काव्यमा मानवीय जीवन र जगतसँग सम्बन्धित विभिन्न प्राकृतिक र सांस्कृतिक बिम्ब र प्रतीकको संयोजन गरी महाकाव्यको शैलीमा शृङ्गारिकता थपिएको पाइन्छ । काव्यमा मात्रिक तथा वर्णमात्रिक छन्दको प्रयोग गरी साङ्गीतिकता, लयात्मकता, कोमलता र मिठासता थपेको पाउन सकिन्छ । प्रकृतिको सुन्दरताको वर्णन गर्दै सरल भाषा र सुबोध शैलीको प्रयोग गरेको देखिन्छ । प्रेम प्रणयमा आधारित कथावस्तु भएकाले भाषिक शृङ्गारिकता प्रशस्त मात्रामा पाउन सकिन्छ ।

आत्मपरक शैलीमा काव्यको भाषाशैली रहेको देखिन्छ । काव्यमा मानवतावादी शैली पनि पाउन सकिन्छ । काव्य पढ्दै जाँदा सरल, सरस देखिए पनि कही कतै दुर्बोध्य नरहेको होइन । दुर्बोध्य शैली रहेता पनि कृतिमता, आडम्बर वा मिथ्यापन भने काव्यमा देखिँदैन । ग्रामीण परिवेशको कथावस्तु रहेकाले सरलता पाउन सकिन्छ । भावको स्वतः स्फूर्तता भएका स्थानमा सरल शैलीको प्रयोग पाइए पनि कतिपय स्थानमा बौद्धिकता प्रदर्शन गर्ने क्रममा क्लिष्ट र जटिल बन्न पुगेको देखिन्छ । विषयवस्तु अनुकूल सरल, सहज र लयात्मक भाषाशैली प्रयोग भएको पाइन्छ । भाषा जति सरल छ त्यति नै रागात्मक व्याञ्जणात्मक, लालित्यात्मक र सुक्तिमय पनि रहेको छ ।

यस प्रकार प्रस्तुत महाकाव्यको भाषाशैली पूर्वीय काव्य मान्यता र पाश्चात्य काव्य मान्यताको संयोजन गरी प्रस्तुत भएको पाइन्छ । विशेषतः भावानुकूल भाषाको प्रयोग गरिएको पाइन्छ । यस काव्यमा प्रयुक्त विभिन्न विम्ब र प्रतीकले काव्यको शैलीलाई थप आकर्षक बनाएको देखिन्छ । नाटकीय र वर्णनात्मक दुबै शैलीको संयोजन गरिएको प्रस्तुत महाकाव्यमा स्वच्छन्द शैली प्रयोग गरिएको छ । ग्रामीण परिवेशको सरल, सहज भाषाको साथै संस्कृत शब्दको प्रयोग पाउन सकिन्छ । विभिन्न तत्सम र आगन्तुक शब्दको संयोजनले काव्यको स्तरीयता बढाएको पाइन्छ । यसरी हेर्दा स्तरीय तर सरल र सहज,

बोधगम्य भाषा काव्यमा पाउन सकिन्छ। काव्यको भाषा शैलीलाई समग्रमा नियाल्दा महाकाव्योचित नै देखिए पनि दार्शनिकताले अधिकता पाएको देखिन्छ।

### ४.२.११ **निष्कर्ष**

योग र भोग पक्ष बिच मेल देखाइएको प्रस्तुत काव्यमा प्रकृति चित्रणको अधिकता पाउन सकिन्छ। महाकाव्यको कथावस्तु मौलिक भए पनि कवि कल्पनामा आधारित रहेको पाइन्छ। कूल एक्काइस सर्गमा विभक्त प्रस्तुत काव्य पेजमा संरचित रहेको छ। मङ्गलाचारणबाट सुरु भएको महाकाव्यको प्रारम्भ मान्यता अनुरूप नै रहेको पाइन्छ।

प्रस्तुत महाकाव्य युवा योगी र वणिकाको प्रेम कथामा आधारित छ। वास्तविक जीवनको अनुभूति गर्न नपाएको योगी र वास्तविक प्रेम गर्न नपाएको गणिका बिच मेल गराइएको छ। आध्यात्मिकता र भौतिकता बिच समन्वय गर्न सकेको खण्डमा नै जीवन सार्थक हुने र वास्तविक जीवनको रसाानुभूति गर्न सकिने यथार्थ काव्यमा प्रस्तुत गरिएको छ। काव्यमा प्राकृतिक-ग्रामीण जीवनप्रतिको आकर्षण देखाइए पनि महाकाव्यको मुख्य उद्देश्य चाहिँ योग र भोग पक्षको मेल देखाइ यी दुई मध्ये कुनै एकको अभावमा मानव जीवन एकाङ्की हुने तर्क प्रस्तुत गरिएको देखिन्छ। काव्यमा प्रकृति प्रेमका साथै राष्ट्रप्रेमको भावना पनि मुखरित भएको पाउन सकिन्छ। अहिलेको समयमा भोग र योगको सन्तुलनबाट नै विश्वमा शान्ति, भातृत्व र अमनचयन कायम गर्न सकिने यथार्थ काव्यमा प्रस्तुत गरेको देखिन्छ।

प्रस्तुत महाकाव्यमा श्रृङ्गार रस अङ्गी रसका रूपमा रही परिपाक अवस्था तिर पुगेको तथा अन्य सम्पूर्ण रसहरू अङ्गरसका रूपमा रही उत्कर्षतिर प्रवाहित हुनुले काव्य रसपूर्ण रहेको मान्न सकिन्छ। लय र छन्दविधान उच्च स्तरको देखिन्छ। विभिन्न एक्काइस किसिमका शास्त्रीय छन्दहरूलाई भावानुकूल हुने गरी प्रयोग गरेको देखिन्छ। काव्यमा संस्कृतका तत्सम शब्दको थुप्रै प्रयोग हुनुका साथै अन्य भाषाका शब्दहरूको समेत प्रयोग गरेको पाइन्छ। यस काव्यमा कविले कतिपय भावानुकूल नयाँ शब्दको निर्माण गरेको पाइन्छ। काव्यमा तीव्र भाव प्रवाह हुनाले कवित्व उच्च स्तरको देखिएको छ। कवित्व अनुकूल शिल्प सौन्दर्य पाउन कठिनाई पर्छ। कतिपय शास्त्रीय लक्षणलाई उपेक्षा गरिए पनि पश्चिमी महाकाव्यबाट समेत केही प्रभावित देखिए पनि **अनामिका** महाकाव्य मुख्य पूर्वीय परम्परागत महाकाव्य लक्षणमै आधारित देखिन्छ।

## ४.३ डायना

### ४.३.१ विषयप्रवेश

वि.सं. २०५७ सालमा रचना गरी २०६१ सालमा प्रकाशित **डायना** महाकाव्य शैलेन्दुप्रकाश नेपालको प्रकाशित तेस्रो महाकाव्य हो । अन्तर्राष्ट्रिय विषयवस्तुमा आधारित प्रस्तुत महाकाव्यमा बेलायतकी युवराज्ञी डायना र उनको जीवनयात्रा तथा उनको आकस्मिक अन्त्य जस्ता घट्नाहरू समाविष्ट भएका छन् । प्रेमको प्रतीकको रूपमा डायनालाई प्रस्तुत गरिएको छ । मानव बिच पारस्परिक प्रेम तथा सहयोग सद्भाव हुनुपर्ने समयमा वर्तमान विम्ब हिंसावादी मनोवृत्तितर्फ उन्मुख भइरहेकोले मानवताको अभाव टड्कारो रूपमा महाकाव्यले देखाएको पाइन्छ (ढुङ्गाना, २०६२ : १३१) ।

अन्तर्राष्ट्रिय विषयवस्तुको उठान गरिएको प्रस्तुत महाकाव्य शैलेन्दुप्रकाश नेपालको महाकाव्य शैलेन्दुप्रकाश नेपालको महाकाव्य यात्रामा दोस्रो चरणको पहिलो महाकाव्य हो । छत्तीस सर्गमा संरचित प्रस्तुत महाकाव्यमा छ सय पचासी गुच्छक आबद्ध गरिएको छ । प्रत्येक गुच्छकमा दस-दश पङ्क्ति राखिएको छ । विभिन्न अठार छन्द प्रयुक्त प्रस्तुत महाकाव्यको प्रत्येक सर्गमा छुट्टाछुट्टै विषयको प्रयोग गरिएको देखिन्छ । प्रत्येक सर्गमा सर्ग सङ्ख्या सहित सर्गमा प्रयुक्त विषयको शीर्षक र सो सर्गमा प्रयुक्त छन्दको नाम राखिएको छ ।

बेलायतकी युवराज्ञी डायनाको जीवनवृत्तमा आधारित प्रस्तुत महाकाव्यमा डायनाका बाबुआमाको प्रेम विवाह, दुई दिदीसहित डायनाको जन्म प्रसङ्गको उल्लेख पाइन्छ । यसका साथै बाल्यावस्था, युवावस्था, प्रेम विवाह, विवाहपछिको पारिवारिक जीवन, पारिवारिक जीवनमा आएको वैमनस्य, पारपाचुके लगायत स्वतन्त्र व्यक्तिगत जीवनका प्रसङ्गका साथ विभिन्न राष्ट्रका राजनेता तथा उच्च पदस्थ व्यक्तिहरूले दिएको समवेदना सन्देशका साथ कविले पनि समवेदना सन्देश दिएको देखिन्छ । वर्तमान विश्व समुदायमा हिंसा र स्वार्थी मनोवृत्ति देखिएकाले मानवताको अपेक्षा काव्यमा रहेको छ ।

### ४.३.२ कथावास्तु

अन्तराष्ट्रिय प्रसङ्गलाई कथावस्तु बनाइएको प्रस्तुत महाकाव्यमा बेलायतकी युवराज्ञी डायनाको जीवनवृत्त उल्लेख छ । **डायना** महाकाव्यकार शैलेन्दुप्रकाश नेपालको

एक भिन्न विषयवस्तुमा आधारित महाकाव्य हो । यस अघिका महाकाव्यमा भन्दा यस महाकाव्यको कथावस्तुमा केही भिन्नता भेटिन्छ । कवि कल्पित तथा दन्त्यकथामा आधारित कथावस्तुबाट टाढा रहेर अन्तराष्ट्रिय स्तरको कथावस्तुलाई  यसमा समेटिएको ।

काव्यको सुरुवातमा विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय चर्चित विभिन्न कविको काव्यकला, सिर्जना शक्तिको चर्चा गरिएको छ । काव्यको पहिलो सर्गमा गरिएको कवि चर्चालाई उत्पत्ति शीर्षक दिएर मङ्गलाचरणको अनुभूति गराएको देखिन्छ । कविको सिर्जनकला वर्णनबाट उठान गरिएको काव्यमा डायनाका बाबु आमा (अल्थर्प स्पेनसर र प्रान्सिस प्रेमर) को प्रेम विवाह प्रसङ्ग प्रस्तुत भएको छ । उनीहरूका तिन छोरी मध्ये कान्छी छोरीका रूपमा डायनाको जन्म प्रसङ्ग प्रस्तुत गरिएको छ । यो सँगै उनको बाललिला पनि काव्यमा चर्चा गरिएको पाइन्छ । कविले डायनाको बाल्यकाल भाइसँग हाँसखेल गर्दै बितेको चर्चा गरेको देखिन्छ । कथाको विकासको क्रममा डायनाका बाबु आमाबिच उत्पन्न वैमनस्यता र कटुताले उनको जीवनमा केही प्रभाव पारेको छ । सानै उमेरमा बाबु आमाबिच देखिएको समस्याले उनीहरूलाई छोडेर आमा अलग बसेकी छन् । सानैदेखि मातृस्नेहबाट बञ्चित हुनु परेको प्रसङ्ग पनि काव्यमा पाइन्छ । मातृस्नेहबाट वञ्चित रहेपनि किशोरावस्था र युवावस्था राम्रोसँग व्यतित गरेको प्रसङ्ग उल्लेख छ । युवावस्थामा उनलाई रूपकी रानीका रूपमा चर्चा गरिएको कुरा निम्न तथ्यबाट पुष्टि हुन्छः

म ता रूपरानी सबैकी बयानी
नयाँ फूलजस्तो छ मेरो जवानी
यसो हेर्छ केही लगाई निशानी
बनेको छ धर्ती उछिन्ने कहानी ! (सर्ग : ४, गुच्छक ५७)

यसरी रूपवर्णन गरिएको महाकाव्यमा डायनाको सुन्दरताले सबैलाई आकर्षित गरेको प्रसङ्ग प्रस्तुत छ । एक दिदीसँग एउटा भोजमा सहभागी भएको समयमा त्यसै देशका राजकुमार चार्ल्ससँग भेट हुन्छ । रूपकी रानी डायनालाई देख्नासाथै उनको रूप सौन्दर्यबाट चार्ल्स पनि आकर्षित बन्न पुग्छ । भौतिक प्रेममा जोड दिने चार्ल्सले डायनालाई देखेपछि विभिन्न कुरा सोच्छ । समयको वेगसँगै पुनः चार्ल्स र डायनाको भेट हुन्छ । चार्ल्सको जन्म दिन मनाउँदा उनीहरूको भेटघाट हुन्छ । दोस्रो पटक चार्ल्स र डायनाको भेट भएपछि चार्ल्स डायनाको प्रेममा बहकिन थाल्छ । चार्ल्स र डायना बिचको प्रेम सम्बन्ध

एक दिन वैवाहिक सम्बन्धमा परिवर्तन गरिन्छ। एकदिन दरबारमा धुमधामसँग विवाह सम्पन्न गरिन्छ। उनीहरूको विवाहमा सम्पूर्ण राजधानी सहर मात्र होइन सम्पूर्ण देशबासीले हर्ष मनाउँछन्। शाही संस्कारले विवाह सम्पन्न भएको तलको तथ्यले प्रष्ट पार्दछ।

रङ्गियो राजधानी यो सुन्दरता मनोहर
डायना चार्ल्सको विहे राष्ट्र निम्ति धरोहर
धुमधाम भयो पूरै विवाह महोत्सव
शाही संस्कारले पूर्ण जनकै निम्ति उत्सव। (सर्ग ९, गुच्छक : १५७)

विवाहपछि उनीहरूका दिन निकै सुखमा बित्छन्। अत्यन्त आनन्द र हर्षोल्लासका साथ उनीहरूको मधुमास सम्पन्न हुन्छ। यसरी उनीहरूको दाम्पत्य जीवन दम्पतीलाई विलियम र ह्यारी नामका दुई सन्तान हुन्छन्। यी दुई सन्तानको जन्म हुनासाथ डायना दम्पति मात्र होइन सारा दरबारमै हर्ष उल्लास मनाइन्छ। अपसोच दुई सन्तानको जन्म पश्चात डायनाबाट चार्ल्स दूर बन्दै जान्छ। श्रीमतीलाई माया ममता भन्दा पनि घृणा र खराव व्यवहार प्रस्तुत गर्दछ। यस्तो प्रवृत्तिले डायना अत्यन्तै दुखित हुन्छिन्। डायनाको यौवन र जवानीमा आकर्षित भएको चार्ल्सले स्वार्थ सिद्धिका लागि मात्र डायनासँग सम्बन्ध जोडेको देखिन्छ। एकपछि अर्को फूलको रस चुस्दै हिँड्ने भ्रमर जस्तो चार्ल्स हरेक दिन नवयुवतीसँग प्रेमको नाटक गर्न थाल्छ। आत्मिक प्रेम भन्दा पनि वासनात्मक प्रेममा चार्ल्स निर्लिप्त भएको छ। त्यस्तै क्रममा नवयौवना क्यामिलासँगको प्रेम पासोमा फसेको चार्ल्स डायनाप्रति नराम्रो व्यवहार देखाउँछ। यसरी डायना र चार्ल्स बिचको सम्बन्ध क्षणिक बन्दै जान्छ। एकअर्का बिचको सम्बन्ध गाढा र सुमधुर हुनुपर्ने समयमा झन् झन् खस्कँदै जान्छ। जसले गर्दा दरबारको इज्जत पनि धरापमा पर्छ।

उनीहरूको सम्बन्ध बिग्रँदै गएको देखेर यता रानी पनि चिन्तित बन्न थाल्छिन्। छोराको नराम्रो व्यवहारले आजित बनेकी चार्ल्सकी आमा रानीले चार्ल्स र डायनालाई बेग्लै बस्ने आदेश दिन्छिन्। यसरी चार्ल्स र डायना बिच झन् झन् दुरी बढ्दै जान्छ। दरबार भित्रको अन्याय अत्याचार, शोषण, दमन, कुकृत्यदेखि विचलित बनेकी डायना छुट्टै बस्न थाल्छिन्। आफ्ना दुई छोरा विलियम र ह्यारीका साथ बसी अनाथ, असहाय, दुःखी र

गरिवको सेवा गर्न थाल्छिन् । दरबारले जनताको पीडा बुझ्न नसक्ने विचार व्यक्त गर्दै आफू दरबारकी रानी नभई जनहृदकी रानी बन्न खोजेको विचार यसरी व्यक्त गर्दछिन् :

म दरबारकी रानी बन्न चाहान्न स्वार्थले
जनहृदयकी रानी बन्न चाहान्छु यत्नले
प्रिय राजकुमारी हुँ जनताकी सधै भर
हामी सँधै समेटिन्छौं एकअर्का परि भर । (सर्ग १८, गुच्छक ३२७)

दरबारिया सुख र आनन्द भन्दा पनि दुःखी, गरिवको सेवामा रमाउन थाल्छिन् । दरबारिया सुख भन्दा जनसेवामा नै उनी सुखको अनुभूति गर्दछिन् । यसरी जनसेवामा लाग्ने क्रममा जेम्स हेविटसँग उनको भेट हुन्छ । एउटै कार्यक्षेत्र भएका कारण जेम्स हेविटसँग मित्रता बढ्दै जान्छ । यसरी यी दुई बिचको मित्रतालाई अनैतिक र अनुचित मानेर अनेक कुरा हुन्छन् । अनेक कुराको जालो बुनेर चार्ल्ससँग पारपाचुके गर्न नचाहेरै बाध्य बनाइन्छ । बाध्यतामा परेर पारपाचुके गर्न विवश बनेको कुरा यसरी पुष्टि हुन्छ :

आखिर मैले नचाहेरै पारपाचुके गर्नुभयो
युवराज्ञी पद त्यागेर दरबारबाट झर्नुपर्‍यो । (सर्ग २३, गुच्छक ४१०)

पारपाचुकेपछिको जीवन झन् मानव सेवामा व्यतित गर्ने निधो गर्छिन् । दुःखी र गरिबको सेवा गर्ने सिलसिलामा उनी विभिन्न देशको भ्रमण गर्छिन् । नेपाल, अमेरिका, पाकिस्तान जस्ता विश्वका थुप्रै देशको भ्रमण गर्न पुग्छिन् । विभिन्न देशमा पुगेर गरिव दुःखीको सेवा गर्ने सन्दर्भमा उनी नेपाल पनि आइपुग्छिन् । नेपाल आइपुगेकी उनलाई यहाँको प्राकृतिक सुन्दरताले मुग्ध बनाउँछ । यसरी देश विदेशमा पुगेर मानव सेवा गर्ने क्रममा उनलाई अन्तर आत्मादेखि नै आनन्दको अनुभूति हुन्थ्यो । मानव सेवामा रमाउने डायना विश्वमै चर्चा बटुल्न सफल भइन् । भौतिक प्रेमको पासमा परेकी डायनाको पारपाचुके पछिको जीवन मानव सेवामै आनन्दित बन्न थाल्छ । मानव सेवाकै क्रममा उनलाई आर्थिक अभावको अवस्था सिर्जना हुन्छ । आर्थिक अभावको समस्या टार्न उनले आफ्ना महङ्गा लुगा तथा गहना नै बेचेर अभाव टारेको निम्न पङ्क्तिले पुष्टि गर्छ ।

आफ्ना सारा गहना गुरिया बेची बेची पैसा जुटाई
डायना गर्छे सेवाबाटै दुःखीहरूका दिलमा रजाइँ ।

महँगा आफ्ना कपडा बेची तिनको थुप्रै मोल लिएको
शान्ति लिएर मनमा आफ्नो ममता अरुमा दान दिएको । (सर्ग २९, गुच्छक ५४३)

आफूसँग भएका बहुमुल्य वस्त्र र गहना सबै बेचेर भएपनि अनाथ, असहाय, गरिब, दुःखीको सेवामा लागिरहिन् । यसरी सेवामा अनवरत रूपमा लागेकी डायनाको ख्याती चर्चा बढ्दै गएपछि पत्रकारवर्ग उनका पछि लाग्छन् । पत्रकार यसरी पछि लागी उनका हरेक कार्यको चियो गरेको उनलाई पटक्कै मन पर्दैनथ्यो । उनी अत्यन्त दुःखित हुन्थिन् तर पनि पत्रकारले उनलाई पछ्याउन कहिल्यै छोड्दैनथे । यसरी उनी त्यस्ता पत्रकार (महाकाव्यमा चित्रराक्षस भनेर संबोधन गरिएको छ ।) बाट आजित थिइन् ।

एकदिन आफ्ना अत्यन्त मिल्ने साथी दोदीसँग रिट्स होटलमा खाना खान जान्छिन् । खाना खाने क्रममा डायनाबाट प्रभावित भएर दोदीले उनलाई बहुमुल्य औंठी उपहार दिन्छ। खाना खाएर राती अबेर निस्कने क्रममा पनि पत्रकारहरू उनलाई बाटो कुरेर बसेका हुन्छन् । डायनाको पिछा गरेका सात पत्रकारले नभेट्न भनेर डायना गाडी तीव्र गतिमा हाँक्न लगाउँछिन् । गाडी अति तीव्र गतिमा रहेको हुन्छ। एक्कासी बाटोको छेउमा रहेको पोलमा ठोकिएर गाडिमा सवार तिन जना मध्ये दोदी र गाडी चालकको घट्ना स्थलमै निधन हुन्छ भने डायनाको उपचारको क्रममा निधन हुन्छ। यसरी बेलायतकी युवराज्ञी डायनाको दुखद अवसान हुन्छ। यसबाट सम्पूर्ण विश्व नै शोकाकूल बनेको कुरा तलको पङ्क्तिबाट पुष्टि हुन्छ :

झर्न पुगेको धर्तीको फूल एक्कासी नै लास बनी
बाँच्न दिएन ईश्वरले नै स्वार्थीहरूको दास बनी (सर्ग ३३: गुच्छक ६०५)

× × × ×

सुखको सपना देख्नेहरूले पाइला टेक्ने थलो थियो ।
विश्वभरिकै पीडा-केन्द्र बन्दै आज पेरिस रोयो । (सर्ग ३३: गुच्छक ६०६)

यसरी संसारले नै फूल मानेकी डायनाको सवारी दुर्घटनामा अवसान हुन्छ। उनको अवसानपछि चार्ल्स अत्यन्त विव्हल हुँदै पश्चाताप गर्न थाल्दछ। मोतीको टुक्रालाई जर्बजस्ती मिल्काएको भन्दै पश्चातापको भूमरीमा पर्छ। डायनाको मृत्यु सारा विश्व नै दुःखी बनेको देखिन्छ। उक्त दुखद् घडीमा डायनाको परिवार लगायत विभिन्न राष्ट्रका

राष्ट्राध्यक्षहरू पनि उनको आकस्मिक निधनमा मर्माहत बन्न पुग्दछन् र समवेदना सन्देश पठाउँछन् । यसरी डायनाको आकस्मिक अन्त्यसँगै कथावस्तुको पनि अन्त्य भएको छ ।

प्रस्तुत महाकाव्यको कथावस्तु बेलायतकी युवराज्ञी डायनाको जीवन वृत्तमा घुमेको देखिन्छ । कथावस्तु महाकाव्योचित नदेखिएर सामान्यतः व्यक्ति वर्णनमै आधारित रहेको पाइन्छ । अन्तराष्ट्रिय तर ऐतिहासिक विषयको उठान गरी विभिन्न कथा उपकथाको बुनोट गर्दै तयार पारिएको यो काव्यको कथात्मक उपयुक्त नै रहेको छ ।

प्रस्तुत महाकाव्यको कथावस्तु हेर्दा आदि, मध्य र अन्त्यको शृङ्खलामा बुनिएको छ । महाकाव्यको पहिलो सर्गमा विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय कवि व्यक्तित्वको सिर्जनशील क्षमता प्रस्तुत गर्दै मङ्गलाचरणको भूमिका प्रस्तुत गरेको देखिन्छ । बाबुआमाको प्रेमसम्बन्ध, बाबुआमाको प्रेम विवाह, तिन छोरी मध्ये कान्छी छोरीका रूपमा डायनाको जन्म प्रसङ्ग वर्णन गर्दै कथावस्तुको उठान भएको छ । जन्मप्रसङ्ग, बाल्यावस्था, किशोरावस्था वर्णन कथाको आदि भाग हो । चार्ल्ससँग भेट, प्रेम विवाह, मधुमास, पुत्रलाभ लगायतको प्रसङ्ग सम्मलाई मध्य भाग मानिएको छ भने त्यसपछि डायनाको अवसान र विभिन्न व्यक्तित्वबाट शोक मन्तव्य व्यक्त गर्नुसम्म कथानकको अन्त्य भाग हो । यसरी एक श्रृङ्खलामा रहेको कथालाई फलागम सम्म पुऱ्याउन विभिन्न कथा उपकथाको बुनोट पनि भएको छ । नेपाल आउने प्रसङ्गमा नेपालको प्राकृतिक सुन्दरता र नेपाली मानवीय प्रवृत्तिको चर्चा पनि काव्यमा गरेको पाउन सकिन्छ ।

यसरी महाकाव्यकारले प्रस्तुत डायना महाकाव्यको विषयवस्तु ऐतिहासिक र अन्तराष्ट्रिय परिवेशबाट लिए पनि कवि कल्पनाको बाहुल्यता देखिन्छ । अविश्वासका कारण देखिने पारिवारिक समस्या र दरबार भित्रै नारीलाई गरिने व्यवहार, अन्याय, अत्याचार जस्ता कुराको चित्रण भेटिन्छ । यसका अविश्वासले परिवार मात्र होइन मानव जीवन पनि बेहाल हुने विचार डायना महाकाव्यको कथावस्तुमा देखापर्छ ।

### ४.३.३ पात्रविधान

पश्चिमी संस्कृतिमा अविश्वासको कारण देखिने समस्यालाई **डायना** महाकाव्यको विषयका रूपमा उठान गरिएको छ । सात समुन्द्र पारीको ऐतिहासिक विषयलाई महाकाव्यको कथा बनाएका महाकाव्यकारले अन्य महाकाव्यमा भन्दा यस महाकाव्यमा पात्रगत बहुलता छ । कथानकलाई गति दिन विभिन्न पात्रको चयन गरिएको पाइन्छ ।

डायनाका आमाबाबुको प्रेम विवाह वर्णनबाट सुरुवात गरिएको कथानक विभिन्न देशका राष्ट्राध्यक्षले डायनाको अवसानमा समवेदना प्रकट गरेपछि समाप्त भएको छ ।

अविश्वासले पारिवारिक वातावरण तहसनहस हुने सन्देश दिन खोजेको यस महाकाव्यमा डायना, चार्ल्स, डायनाका आमाबाबु, चार्ल्सकी आमा, क्यारोलिन जेम्स हेविट क्यामिला, एलिजावेद, दोदी तथा विभिन्न देशका राष्ट्रप्रमुखहरू रहेका छन् । यसका साथै डायनाका भाइ, चार्ल्स-डायनाका छोराहरू लगायत अन्य पात्रहरू पनि प्रयोग गरिएको पाइन्छ । यसरी थुप्रै पात्रको प्रयोग गरेर उनले अविश्वासले पारिवारिक स्थिति तहसनहन हुने, वासनात्मक प्रेमले जीवनलाई अव्यवस्थित बनाउने हुनाले आत्मिक प्रेमको अपेक्षा काव्यमा पाउन सकिन्छ ।

**क) डायना**

डायना प्रस्तुत महाकाव्यकी प्रमुख नारी पात्र वा नायिका हो । प्रस्तुत महाकाव्यको नामकरण पनि नायिकाकै नामबाट गरिएको छ। बेलायतकी सुन्दरी डायना प्रस्तुत महाकाव्यमा आत्मिक प्रेमको पक्षमा देखिएकी छिन् । अविश्वासका कारण बाबुआमा बिच वैमनस्यता सिर्जना भएपछि बाल्यकाल देखिनै मातृवियोगमा परेकी छिन् । बाबुको सहारमा हुर्किएकी डायना मातृवियोगी, पतिबाट सुरुमा माया पाए पनि पछि विछोडिएकी, मानवतावादी विचार भएकी, दयावान्, निस्वार्थ भावनाले सेवा गर्ने नारी पात्रका रूपमा देखिएकी छिन् ।

सानै उमेरमा बाबुआमा बिच राम्रो सम्बन्ध बन्न नसक्दा मातृवियोगमा परेको देखिन्छ । तिन छोरी मध्ये कान्छी छोरी डायना हो । आमा छुट्टै बस्न थालेपछि बुबा र दिदीको संरक्षकत्वमा हुर्केको देखिन्छ । बेलायतमै दिदीसँग भोजमा सहभागी हुने क्रममा बेलायतका युवराज चार्ल्ससँग भेट हुन्छ । पहिलो भेटमा उनको सुन्दरता देखेर चार्ल्स प्रभावित हुन पुग्छ । पछि फेरि चार्ल्सको जन्मदिन मनाउने क्रममा दरबारमा पनि भेट हुन्छ । यसरी चार्ल्स र डायना बिच प्रेम आँकुराको सुत्रपात हुनपुग्छ । डायनाको प्रेममा चार्ल्स डुबेको देखिन्छ । चार्ल्सले डायनाको सुन्दरतामा प्रभावित भई प्रेम गरेको तथ्य यसरी प्रष्ट हुन्छ :

सुन्दरी डायना जुनकी रश्मी हौं
सिर्जना सार हौं चिनकी चोर हौ ।
प्यारको गानकी एक झंकार हौ

चार्ल्सका निम्तिमा पूर्ण संसार हौ । (सर्ग ७, गुच्छक १०७)

यसरी चार्ल्स डायनाको प्रेम मौलाउँदै गएर वैवाहिक रूपमा परिणत हुन्छ । सामान्य परिवारमा जन्मेकी डायना राजदरबारमा युवराज्ञी बनेर प्रवेश गर्छिन् । केही समय युवराज चार्ल्सबाट अति नै माया पाए पनि पछिल्लो समयमा अविश्वासका कारण दाम्पत्य जीवनमा खाडल देखा पर्न सुरु हुन्छ । पति चार्ल्सको भ्रमर जस्तो व्यवहारको कारण डायना पतिसँग टाढिन पुग्छिन् । अन्त्यमा चार्ल्सकी आमा अर्थात् रानी सल्लाह अनुसार उनीहरू अलगमात्र होइन पारपाचुके गर्न विवश हुन्छन् । पारपाचुके डायनाको रहर नभई बाध्यता बन्न पुगेको कुरा यसरी प्रष्ट हुन्छ ।

आखिर मैले नचाहेरै पारपाचुके गर्नु पर्‍यो
युवराज्ञी पद त्यागेर दरबारबाट झर्नुपर्‍यो । (सर्ग २३, गुच्छक : ४१०)

मातृवात्सल्य र ममताले भरिपूर्ण नारी डायनाले पति चार्ल्सको बेवास्तामा पनि आफ्ना छोराको हेरचाह गरेर उनीहरूकै संसारमा रमाएकी छिन् । बाबुले कुनै वास्ता नगरे पनि उनले छोराको लागि सक्दो माया दिएर कुनै अभाव सिर्जना गराएकी थिइनन् । पतिले वास्ता नगरे पनि उचित माया ममताका साथ आफ्ना सन्तानको लालनपालनमा विशेष ध्यान पुर्‍याएकी थिइन् । उनले दरबारमा छोरी दिनेलाई बली दिएको संज्ञा दिँदै दरबारिया अन्याय, अत्याचार र शोषणको विरोध पनि गरेकी छिन् । यसरी डायना दरबारिया अन्याय, अत्याचार भन्दा सर्वसाधारण गरिब, दुःखी जनताका पक्षमा रहेको देखिन्छ ।

सेवा र सद्भावकी साक्षात् मूर्ति बनेर सेवाको भावना लिएर विभिन्न देशको भ्रमण गरी उक्त देशका गरिब दुःखीको सेवामा तल्लीन रहन्छिन् । त्यस देशका गरिब, दुःखी, रोगी र असहायलाई सेवा पुर्‍याउने कार्यमा जुट्ने क्रममा केही आर्थिक अभाव पनि हुन्छ । उक्त आर्थिक अभाव टार्न बहुमूल्य कपडा र गहना बेचेर पनि मानवीय सेवामा जुट्छिन् । उनले सेवा गरेको कुरालाई विश्वका विभिन्न समाजसेवीले खुलेरै प्रशंशा गरेको पनि देखिन्छ । उनीभित्रको सेवाभाव उनको मृत्यु पछि मदर टेरेसाले दिएको यस अभिव्यक्तिबाट थप स्पष्ट हुन आउँछ :

मर्माहत भए तीव्र मेरै आँखा थिइन् तिनी
मेरै कार्य सघाएर मेरै हात बनिन् तिनी

मेरै प्राण छुटेझैं भो डायना कसरी गयौ ?
एक प्राण बनी खुल्थ्यौ अलग्गै कसरी भयौ ?
दुःखी गरिबमा चासो राख्थिन् दयालु भैकन
हाम्रो प्रगाढ सम्बन्ध छुटेको सुन्न सक्दिन (सर्ग ३६, गुच्छक ६७१)

यसरी सामान्य परिवारमा जन्मेर आठ वर्षको उमेरदेखि मातृवियोगमा परेकी डायना युवराज चार्ल्ससँग प्रेम विवाह गर्न पुग्छिन् । पहिलो युवराज्ञीको रूपमा माया पाए पनि पछि अविश्वासका कारण डायना दरबारको सुख छोडेर मानव सेवामा समर्पित हुन्छिन् । यसरी गरिब, दुःखी, अनाथ, असहायको सेवामा रमाउने डायना विभिन्न देशको भ्रमण गरी आफ्नो यश फैलाउन सफल भइन् । यसै क्रममा नेपाल पनि आएर यहाँको प्राकृतिक सुन्दरतासँग पनि रमाएको देखिन्छ । विभिन्न समस्याका कारण युवराज चार्ल्ससँग पारपाचुके गर्न पुगेकी डायना महाकाव्यको अन्त्यतिर दोदीको प्रेममा परेको पनि देखिन्छ । दोदीको प्रेममा परेकी डायनाको एक रात होटलबाट खाना खाएर फर्कने क्रममा पत्रकारबाट छलिन खोज्दा गाडी दुर्घटनामा निधन हुन्छ । उनको निधनको खबरले बेलायत मात्र नभई सम्पूर्ण विश्व नै शोकमग्न बन्न पुग्छ । प्रेमिका क्यामिलासँग बिहे गर्ने तयारीमा पुगेको डायनाको पति चार्ल्स पनि उनको निधनमा पश्चाताप गर्न थाल्छ । यसरी एक असल फूलको अवसानमा सम्पूर्ण विश्व नै शोकाकूल बनेको देखिन्छ ।

डायना प्रस्तुत महाकाव्यकी प्रमुख नारी पात्र वा नायिका हो । गाउँकी एक सुन्दर युवती दरबारकी युवराज्ञी बनेपनि पुनः साधारण मानव जीवन व्यतित गर्न पुगेको देखिन्छ । वासनात्मक प्रेम भन्दा पनि आत्मिक प्रेमको पक्षमा डायना देखिएको पाइन्छ । प्रस्तुत काव्यकी नायिका महाकाव्य मान्यता अनुकूल रहेको देखिन्छ । काव्यको विषयवस्तु अनुकूल रहेकी डायना यस काव्यकी मञ्चीय पात्र हो । कथाको सुरुदेखि अन्त्यसम्म उसकै सेरोफेरोमा कथा घुमेकोले डायना बद्धपात्र पनि हो । यस काव्यमा डायनालाई प्रमुख नाटकीय भूमिकामा रहेकाले प्रमुख नारीपात्र हो भन्न सकिन्छ । आत्मिक प्रेमको पक्षमा रहेकी डायनाले सत् पात्रको भूमिका निर्वाह गरेकी छे । यसका साथै चार्ल्ससँगको अविश्वासका कारण पारपाचुके गर्न पुगेकी डायना पहिले समाज सेवामा लागेपनि पछि दोदीको प्रेममा परेको देखिनाले गतिशील पात्र हो भन्न सकिन्छ । यसरी हेर्दा डायना मञ्चीय, बद्ध, गतिशील तथा सत् पात्रका रूपमा काव्यमा देखा परेकी छ ।

**ख) चार्ल्स**

चार्ल्स प्रस्तुत **डायना** महाकाव्यको प्रमुख पुरुष पात्र वा नायक हो । ऊ डायनाको श्रीमान भएर देखा पर्दछ । प्रमुख पुरुष पात्र चार्ल्स, महाकाव्यका नायक चार्ल्स, राजकुमार भएर पनि वासनात्मक प्रेममा अल्झिएको पात्रको रूपमा देखा परेको छ । आत्मिक प्रेम भन्दा पनि कामवासनामा बढी जोड दिने गरेको पाइन्छ । यसका साथै सौन्दर्यलाई बढी जोड दिने पात्रका रूपमा चार्ल्स देखिएको छ । वासनात्मक प्रेमको प्रतीकका रूपमा देखा परेको नायक उपन्यासका रूपनारायण सिंहको **भ्रमर** उपन्यासको पात्र शेखर जस्तै पात्र हो ।

साधारण परिवारमा जन्मेकी सुन्दर युवती डायनासँग एक दिन भोजमा चार्ल्सको भेट हुन्छ । डायनाको सुन्दरताले उसलाई आकर्षित गर्दछ र उसले डायनालाई प्रेम गर्न थाल्छ । आफ्नो डायना सबथोक भएको अभिव्यक्ति दिन्छ । डायना नै आफ्नो संसार रहेको भाव प्रस्तुत गर्दछ । यसरी उसले डायनाको सुन्दरतालाई नै प्रेम गरेको देखिन्छ । डायनाको प्रेम नपाएमा आफू बाँच्न नसक्ने भाव पनि व्यक्त गर्दछ :

प्यार देऊ प्रिय नत्र ता मर्छु म
भै अभागी सधैं नर्कमै झर्छु म !
प्रेमकी सुन्दरी प्रेम आभा छरी
घाइते भैगएँ लाउ रे ओखती ! (सर्ग ७, गुच्छक ११०)

यसरी चार्ल्सले डायनालाई मन पराउन थालेपछि एकअर्काबिच नै यो सम्बन्ध फैलँदै जान्छ । पछि यो प्रेम सम्बन्धलाई वैवाहिक सम्बन्धमा परिवर्तन गरिन्छ । दरबारमात्र नभई सम्पूर्ण राष्ट्रमा एक प्रकारको हर्षोल्लास हुन्छ । धुमधामका साथ विवाह सम्पन्न हुन्छ । सामान्य परिवारकी डायनालाई चार्ल्सले युवराज्ञी बनाउँछ । विवाह पछि केही समय दाम्पत्य जीवन राम्रै देखिए पनि राजकुमार चार्ल्सको वासनात्मक प्रेमका कारण असफल बन्न पुग्छ । विलियम र ह्यारी दुई छोराको जन्म पश्चात चार्ल्स परिवार र सन्तानबाट टाढा बन्दै जान्छ । परिवार प्रतिको दायित्वबोध हुनुपर्ने ठाउँमा वेवास्ता गर्न थाल्छ । यसरी, चार्ल्स बाहिरतिरै कामवासनामा लिप्त हुन्छ । घरपरिवारप्रतिको चासो घट्दै गएपछि पारिवारिक सम्बन्धमा फाटो देखापर्न थाल्छ । पत्नीसँग छुट्टिएर बस्न थाल्छ । जसको कारण

अनेकौं समस्या सिर्जना भएपछि डायनासँग पारपाचुके गर्छ। बाहिर प्रेमिकासँगै रमाउन थालेर घरपरिवारबाट टाढिएको तथ्य तलको गुच्छकले स्पष्ट गर्दछ :

डायना ! तेरो फोस्रो हाँसो पाई रम्न म सक्तिन रे
मेरी प्यारी क्यामिलाकै प्रेम पुकारी रम्दछु रे ।
कति सुन्दर छे कति उत्सुक छे सौन्दर्यको सार हो ऊ
शिल्प कलाको मृदु मोहनी माधुर्यको द्वार हो ऊ । (सर्ग : १३, गुच्छक : २२६)

यसरी सन्तान प्राप्तिपछि ऊ सुन्दरतामा आकर्षित हुँदै वासनात्मक प्रेममा लीन भएको देखिन्छ। डायनासँग विवाह हुनुपूर्व र भएपछि पनि चार्ल्सका थुप्रै प्रेमिका देखा पर्छन। पारिवारिक दायित्व र जिम्मेवारीबोध गर्न नसक्ने पात्रका रूपमा चार्ल्स देखिएको छ। जसरी फूलमा मीठो रस पाउन्जेल भमराले रस चुस्छ र रस आउन छोडेपछि फूल नै छोड्छ त्यस्तै चार्ल्सले पनि सुन्तरता र जवानी हेरेर वासनात्मक प्रेम गरेको छ। भमरोले जस्तै युवतीलाई वासनात्मक प्रेम गर्दै हिँडेको छ। पारिवारिक दायित्व र जिम्मेवारीबाट टाढा हुनको लागि पारपाचुके गरेर स्वतन्त्र बनेको चर्चा गरिएको छ।

यसरी डायनासँग पारपाचुके गरेपछि नयाँ नयाँ युवतीसँग मोजमस्ती गर्दै हिँड्छ। सुन्दर युवती देख्ने वित्तिकै लहसिने, बहकिने तथा भ्रमर जस्तै पछि लाग्ने प्रवृत्ति भएको राजकुमार चार्ल्स वासनाको पछि लाग्छ। यसका साथै राजकुमार चार्ल्समा दरबारिया प्रवृत्ति हाबी भएको छ। पछि डायनाको असामयिक निधनपछि पश्चाताप गर्न पुग्छ। पहिले व्यक्तिगत कामलिप्सामा लीन भएको चार्ल्सले घरपरिवार र श्रीमतीको कुनै वास्ता नगरे पनि डायनाको मृत्यु पछाडि मात्र आफ्नो भूल स्वीकार गर्दै पश्चाताप गरेको यस कविताशंले स्पष्ट गर्दछ :

सुन्दर फूल स्रष्टले मेरै निम्ति सुम्पिए
दुर्भागी किन सम्झन्थें पाइला अन्त लम्किए ।
मैले हत्या गरेको हुँ जानी जानी सुपुष्पको
देउ सजायँ मैलाई संसारका मनुष्य हो । (सर्ग ३४ गुच्छक ६११) ।

यसरी डायनाको निधनमा चार्ल्स अत्यन्तै विह्वल बन्न पुग्छ। चार्ल्स प्रस्तुत महाकाव्यको नायक तथा पुरुष पात्र हो। डायनासँग भेट भएपछि केही समय आत्मिक

प्रेमका पक्षमा देखिए पनि ऊ वासनात्मक प्रेमको प्रतीकका रूपमा देखा परेको छ। सुन्दरता र कामवासनामा लीन चार्ल्स दायित्व र जिम्मेवारी बोध गर्न नसक्ने पात्रका रूपमा देखा परेको छ। भ्रमर जस्तै वासनाको पछि लाग्ने पात्रका रूपमा चार्ल्सलाई लिन सकिन्छ। घरमा श्रीमती, छोराछोरी हुँदाहुँदै पनि बाहिर प्रेमिका बनाउनु र उसकै तारिफ गर्दै हिँड्नुले पनि उसलाई वासनात्मक प्रेमको पक्षपाति भन्न सकिन्छ। प्रत्यक्ष भूमिकामा काव्यमा कथाको उठानदेखि देखा परेको चार्ल्स अन्त्यसम्म प्रत्यक्ष भूमिकामा देखिएकाले यो प्रमुख पुरुष पात्र तथा नायकका साथै मञ्चीय पात्र पनि हो।

काव्यका सबै घटनामा उसको उपस्थितिले ऊ बद्ध पात्र पनि हो । वासनात्मक प्रेमका पक्षमा रही पारिवारिक दायित्व र जिम्मेवारी बोध नगरे पनि अन्त्यमा डायनाको निधनमा पश्चाताप गर्नुले ऊ गतिशील पात्र हो। वासनात्मक प्रेमका पक्षमा देखिएको चार्ल्स असत् पात्र हो। यसरी यस महाकाव्यको प्रमुख पुरुष पात्र वा नायक केही प्रसङ्गमा महाकाव्योचित देखिए पनि पूर्णतः काव्य उद्देश्य अनुकूलको मात्र रहेको देखिन्छ।

**ग) सहायक पात्रहरू**

**डायना** महाकाव्य नारीप्रधान महाकाव्य हो। यस काव्यको प्रमुख पात्र नारी डायना रहेकी छे। प्रत्यक्ष मञ्चीय पात्रका रूपमा डायना र चार्ल्स रहेको देखिन्छ। अन्य केही पात्र सहायक पात्रका रूपमा देखिएका छन्। डायनाको भाइ चार्ल्स स्पेन्सर, डायनाको साथी दोदी लगायत रानी पनि सहायक पात्रको भूमिकामा देखिएका छन्। कथानक अघि बढाउन विभिन्न प्रसङ्ग थप्ने क्रममा यी पात्र देखा परेका हुन्।

सामान्य परिवारमा जन्मेकी डायना युवराज चार्ल्ससँग वैवाहिक सम्बन्धमा गाँसिएपछि रानी (चार्ल्सकी आमा) देखा परेकी छिन्। विवाहपछि केही समय चार्ल्स डायना सम्बन्ध राम्रै देखिए पनि अविश्वास र चार्ल्सको गैरजिम्मेवार प्रवृत्तिले टाढा हुन्छन्। यसैक्रममा डायना मानवसेवामा तल्लीन रहन्छिन्। यसैक्रममा छुट्टै बस्न थालेका चार्ल्स डायनालाई पारपाचुके गर्ने निर्देशन रानीले दिन्छिन्। यसरी हेर्दा रानीको प्रतिकूल भूमिका महाकाव्यमा देखा परेको छ।

कार दुर्घटनामा डायनाको निधन भएपछि शोकाकूल अवस्थामा रानीले पश्चाताप गरेको देखिन्छ। डायनालाई सुन्दर फूलको संज्ञा दिँदै समयमा चिन्न नसकेको कुरा व्यक्त गर्छिन्। यसरी सुरुमा प्रतिकूल भूमिकामा देखिएकी रानी पछि अनुकूल भएकाले गतिशील पात्र हुन् भन्न सकिन्छ।

त्यसैगरी दोदी पनि यस महाकाव्यमा सहायक पात्रको भूमिकामा रहेको देखिन्छ। डायनाले पारपाचुके गरेपछि समाजसेवामा निरन्तर लागेकी हुन्छिन्। यसै क्रममा डायनाको विभिन्न साथीसँग भेट हुन्छ। विभिन्न व्यक्तित्वको साथ र सहयोग पनि पाइरहेकी हुन्छिन्। यसै क्रममा मित्रतामा त्याग र समर्पणको भाव हुनुपर्ने विचार राख्दै डायनालाई औँठी उपहार दिन्छ। यसरी डायनाको एक मित्रका रूपमा देखा परेको दोदीको डायनासँगै कार दुर्घटनामा निधन हुन्छ। यसरी दोदी पनि प्रतिकूल पात्रका रूपमा काव्यमा देखा परेको छ।

यसका साथै डायनाको अवसानमा सम्पूर्ण विश्व स्तब्ध बनेको पाइन्छ। यसै सन्दर्भमा विभिन्न देशका राष्ट्रप्रमुख तथा उच्च पदस्थ व्यक्तिहरूले समवेदना प्रकट गरेको देखिन्छ। फूलको अवसान सम्झेर र महारानी एलिजावेद द्वितीय, चार्ल्स स्पेन्सर (डायनाका भाइ), राजा वीरेन्द्र (नेपाल) राष्ट्रपति के.आर. नारायण तथा प्रधानमन्त्री इन्द्रकुमार गुजराल (भारत), मदरटेरेसा (समाजसेवी), राष्ट्रपति विल क्लिन्टन (अमेरिका), प्रधानमन्त्री वेन्जामिन नेतान्याहु (इजरायल), प्रधानमन्त्री लियो जास्पिन (फ्रान्स), मोहम्मद अल फायेद (दोदीको बाबु), क्यारोलिन (डायनाकी साथी) र कवि जस्ता व्यक्तित्वले समवेदना प्रकट गरेको देखिन्छ। यी सम्पूर्ण व्यक्तित्वलाई पनि सहायक पात्रका रूपमा लिन सकिन्छ।

**घ) गौण पात्रहरू**

प्रस्तुत **डायना** महाकाव्यमा थुपै गौण पात्र पनि देखापरेका छन्। कथानकलाई फलागममा पुऱ्याउन कविले विभिन्न गौण पात्रको चर्चा काव्यमा गरेको देखिन्छ। महाकाव्यकारले यस महाकाव्यमा अन्तर्राष्ट्रिय परिवेशका थुप्रै चरित्र निर्माण गरी काव्यलाई उत्कृष्ट बनाएको देखिन्छ।

प्रस्तुत काव्यमा डायनाका बाबु, आमा, डायनाका साथीहरू, छोराहरू लगायत पत्रकारलाई पनि गौण पात्रका रूपमा प्रयोग गरेको पाइन्छ। यसका साथै चार्ल्सकी बहिनी एन, भाइ एन्ड्रयु र बुहारी फर्गुसनलाई पनि गौण पात्रका रूपमा प्रयोग गरेको देखिन्छ। डायनाका साथीहरू क्यारोलिन, जेम्स हेविट, छोराहरू विलियम र ह्यारीको चर्चा पनि काव्यमा भएको पाइन्छ। यसरी काव्यमा थुप्रै सीमित पात्रको प्रयोग गरिएको पाउन सकिन्छ।

यसरी हेर्दा प्रस्तुत महाकाव्य सीमित मञ्चीय पात्र रहे पनि थुप्रै गौण पात्र रहेका छन्। प्रमुख नारीपात्र डायना हो, जसको नामबाट महाकाव्यको नामकरण भएको देखिन्छ। प्रमुख पुरुष पात्रका रूपमा चार्ल्स र अन्य थुप्रै सहायक तथा गौण पात्र देखा पर्छन्। राजदरबार र सामान्य परिवारका पात्रको चयन गर्दै वर्तमान समयमा अविश्वासका कारण

देखा परेको पारिवारिक समस्यालाई काव्यमा प्रस्तुत गरिएको छ । आदर्श जीवनको लागि विश्वास आवश्यक पर्ने विचार काव्यमा पाउन सकिन्छ । महान्, शक्तिशाली, नैतिकवान् तथा उदात्त पात्रको चयन गरेर अलिक फरकपन देखाएका छन् । उच्च कुलीन पुरुष पात्र लिए पनि प्रवृत्ति प्रतिकूल रहेको छ । पात्रका सम्पूर्ण प्रवृत्ति हेर्दा महाकाव्योचित नदेखिए पनि काव्यगत उद्देश्य अनुकूल छन् ।

### ४.३.४ परिवेश विधान

महाकाव्यमा महत् कथा विन्यासको लागि विभिन्न महत् परिवेशको आवश्यकता पर्दछ । त्यसैगरी प्रस्ततु **डायना** महाकाव्यमा पनि विभिन्न परिवेशको संयोजन गरिएको छ । प्रस्तुत काव्यमा आन्तरिक, बाह्य, सामाजिक, सांस्कृतिक तथा कालिक र स्थानिक परिवेशको संयोजन काव्यमा देखा पर्छ ।

काव्यको सुरुवात विश्वप्रसिद्ध विभिन्न कवि व्यक्तित्वको काव्यकलाको चर्चा गरिएको छ । त्यसपछि वेलायतको परिवेश चित्रण भएको छ । वेलायतमा हुने प्रेम विवाह र त्यसका राम्रा नराम्रा पक्ष त्यसका साथै प्रेम विवाहका कारण देखिएका समस्या यस परिवेशमा चित्रण गरिएको पाइन्छ । काव्यको आन्तरिक परिवेश प्रेममय रहेको पाउन सकिन्छ । डायनाको सौन्दर्य चर्च, उनमा रहेको नारी सुलभ गुण, मातृवात्सल्य, सेवाभाव, मानवीयता जस्ता गुणको चर्चाले आन्तरिक परिवेश बलियो बनेको छ । डायनाका बाबुआमाको गृहजीवन र बाबुआमाको सम्बन्ध विच्छेद, उनीहरूको जीवनशैलीको परिवेशलाई कवि कल्पनाले सुन्दर बनाएको देखिन्छ ।

काव्यमा पश्चिमी समाज परिवेश भएर देखा पर्दछ । पश्चिमी परम्परामा विवाह परम्परा, अविश्वास, गैरजिम्मेवारीपन लगायत स्वतन्त्रताजस्ता प्रवृत्तिको चित्रण छ । पश्चिमी परम्परामा देखा परेका सामाजिक समस्या पनि  परिवेश भएर भित्रिएको छ । वेलायतको दरबारदेखि नेपाल, पाकिस्तान, अमेरिका लगायत अन्य विभिन्न देशको सामाजिक परिवेश काव्यमा प्रस्तुत भएको छ । सेवाको भावनाले ओतप्रोत डायनाको जीवन वर्णनमा विभिन्न समाज परम्पराको चित्रण भेटिन्छ ।

यसका साथै कवितामा प्राकृतिक परिवेशको चित्रण पनि पाउन सकिन्छ । डायनाको जन्म प्रसङ्गदेखि लिएर नेपालयात्रा लगायत विश्वका विभिन्न देशको भ्रमणमा समेत प्राकृतिक परिवेश आएको पाउन सकिन्छ । सगरमाथाको देश नेपालमा डायना आउँदा कवि

प्रकृति चित्रणमा रमाएको पाउन सकिन्छ। यहाँको प्राकृतिक सुन्दरतामा रमाउँदा प्राकृतिक परिवेश आएको तथ्य तलको श्लोकले स्पष्ट पार्दछ :

प्राचीन कालका उच्च कलाकृति मनोहर
देख्न पाइन्छ आँखाले छरिएका सबैतिर
आफ्ना शिल्प सजाएर नेपाली गुण गौरव
विश्वमा छर्दछन् मिठो प्राकृत स्वच्छ सौरभ। (सर्ग २२, गुच्छक ३८५)

डायनाले भ्रमण गरेका अन्य विभिन्न देशका प्राकृतिक पक्षको चित्रण काव्यमा रहेको देखिन्छ। यसरी काव्यमा प्राकृतिक, परिवेश पनि सशक्त रूपमा रहेको पाउन सकिन्छ।

प्रस्तुत **डायना** महाकाव्य एक अन्तर्राष्ट्रिय विषयमा आधारित महाकाव्य हो। वेलायतकी युवराज्ञी डायनाको जीवनवृत्तमा काव्यको कथा घुमेको देखिन्छ। यसै सन्दर्भमा डायनाका बाबुआमाको विवाह प्रसङ्गलाई र डायना चार्ल्सकै विवाह प्रसङ्गलाई काव्यको सांस्कृतिक परिवेशको रूपमा लिन सकिन्छ। धार्मिक, नैतिक प्रसङ्गको चर्चा गर्ने सन्दर्भमा काव्यमा चर्चको वर्णनलाई पनि सांस्कृतिक परिवेशको रूपमा लिन सकिन्छ। सांस्कृतिक परिवेशका रूपमा आतिथ्य स्वीकार तथा मानवीय सेवाजस्ता पक्षलाई पनि समावेश गरेको पाउन सकिन्छ। त्यसका साथै चार्ल्स डायनाको विवाह शाहीसंस्कार अनुकूल भएको प्रसङ्गलाई पनि सांस्कृतिक संस्कारको रूपमा यसरी लिन सकिन्छ :

रङ्गियो राजधानी यो सुन्दरतामा मनोहर
डायना चार्ल्सको बिहे राष्ट्रनिम्ति धरोहर
घुमघाम भयो पुरै विवाहको महोत्सव
शाही संस्कारले पूर्ण जनकै निम्ति उत्सव। (सर्ग ९, गुच्छक १५७)

प्रस्तुत काव्यमा विभिन्न स्थानिक परिवेश पनि समावेश भएको पाइन्छ। विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश चित्रण भएको छ। वेलायत, वेलायतको राजदरबारका साथै वेलायतका विभिन्न स्थानहरू, नेपाल, पाकिस्तान र अमेरिकाका विभिन्न परिवेश काव्यमा रहेका छन्। दरबार लगायत अन्य देशको प्राकृतिक सुन्दरताको चित्रण काव्यमा

पाउन सकिन्छ। अन्तराष्ट्रिय तथा राष्ट्रिय स्थानिक परिवेश चित्रणले काव्यलाई सशक्त बनाएको देखिन्छ।

बाबुआमाको विवाह प्रसङ्गदेखि लिएर डायनाको जन्म चार्ल्ससँगको भेट, प्रेमविवाह, सन्तान प्राप्ति, पारपाचुकेदेखि लिएर उसको अन्त्यसम्म देखाइएको यस काव्यको कालिक परिवेश निकै व्यापक रहेको छ। लगभग ३६-४० वर्ष लामो कालिक परिवेश काव्यमा प्रस्तुत छ। जन्म, विवाह, पारपाचुके र निधनसम्मको अवधि काव्यमा समेटिएको छ। डायनाको जीवनवृतमा आधारित यस काव्यले एक युगको परिवेश समेट्न सकेको छ।

यसरी हेर्दा प्रस्तुत महाकाव्यमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशको संयोजन गरिएको पाउन सकिन्छ। काव्यकी मुख्य नारीपात्र डायनाका बाबुआमाको वियोग, आफ्नै पारपाचुके, संघर्षमय जीवन भोगाइ, दुर्घटनामा परी निधनजस्ता कुराले काव्यको परिवेश कारुणिक बनाएको छ। डायनाको सुन्दरता वर्णनका साथै भ्रमरझैँ देखिएको चार्ल्सले डायनालाई आत्मिक प्रेम गरेजस्तो देखिँदा काव्यको परिवेशमा शृङ्गारिकता थपिएको पाउन सकिन्छ। यसका साथै सेवाको मूल मन्त्र लिएर विभिन्न देशको यात्रा गर्दाको सौन्दर्यपूर्ण परिवेश पनि काव्यमा रहेको तथ्य तलको श्लोकले स्पष्ट पार्दछ :

समाजसेवाको दीप उज्यालो पार्दै संसार घुमिरहेकी
मानवहरूमा प्रेम संचार गर्नै हर्दम झुमिरहेकी
एक परीको जीवनगाथा जूनझैँ शीतल सुन्दर छ
रोमाञ्चको एक कहानी मान्छेहरूमा प्रेरक छ । (सर्ग ३३, गुच्छक ५९७)

यसरी प्रस्तुत महाकाव्यमा प्रकृतिको चित्रणको उत्कृष्ट प्रयोग पाउन सकिन्छ। विभिन्न परिवेशको संयोजन गरिएको यस काव्यमा नदी, खोला, वनजङ्गल, हिमाल, पहाड, पाखाको चित्रण गरिएको छ। ग्रामीण तथा सहरीया परिवेशको चित्रण पनि काव्यमा प्रस्तुत भएको छ। चार्ल्सको दरबारिया वातावरणका साथै डायनाको घरपरिवार रहेको वातावरणको भव्य चित्रण पनि काव्यमा पाउन सकिन्छ। जीवनमा सफलता प्राप्तिको लागि आत्मिक प्रेमको आवश्यकता देखाएका कविले सहरिया परिवेशको चित्रण पनि गाउँले परिवेश जस्तै गरी प्रयोग गरेका छन् । प्रकृति चित्रणको उत्कृष्ट काव्य (शोध नायकबाट प्राप्त जानकारी) डायनाको परिवेश महाकाव्य मान्यता प्रतिकुल रहे पनि काव्यात्मक उद्देश्य अनुकूलको रहेको पाइन्छ।

## ४.३.५ विचार वा सन्देश

प्रस्तुत **डायना** महाकाव्यमा वासनात्मक प्रेमले सिर्जना गरेका समस्याको उठान गरिएको छ। पश्चिमी परम्परामा बिहे र पारपाचुके जस्ता कुरालाई सामान्य रूपमा लिने गरेको विचार पनि व्यक्त गरिएको पाइन्छ। यस काव्यकी प्रमुख नारीपात्रको जन्म प्रसङ्गदेखि लिएर अन्त्यसम्म वर्णन गरिएको यस काव्यमा मानव जीवनलाई सफल बनाउन आत्मिक प्रेमको आवश्यकता पर्ने कुरालाई चर्चा गरिएको छ। अविश्वासका कारण तहसनहस वैवाहिक सम्बन्ध काव्यमा चर्चाको विषय बनेको छ।

शैलेन्दुप्रकाश नेपालको डायना महाकाव्य मानवतावाद छताछुल्ल पोखिएको काव्यको रूपमा रहेको छ । 'सेवा नै धर्म हो' भन्ने भावना काव्यमा रहेको छ। गरिब, दुःखी, अनाथ, असहाय, रोगीको सेवा गर्न सकेमा मानव जीवन सार्थक बन्ने कुरा काव्यमा चर्चा गरिएको पाउन सकिन्छ। यसका साथै काव्यकी नायिका डायनालाई प्रेमको प्रतीकका रूपमा प्रयोग गरेर मानव जीवन सफल र सार्थक बनाउन प्रेम अपरिहार्य रहेको कुरालाई पनि चर्चा गरिएको छ । वर्तमान विश्व हिंसावादी मनोवृत्तितर्फ लागिरहेको परिप्रेक्ष्यमा हिंसाहत्याका घटनाबाट शान्ति सुव्यवस्था कायम हुन नसक्ने विचार पनि काव्यमा पाउन सकिन्छ। समाजमा शान्ति सुव्यवस्था कायम गर्न हत्या हिंसा छोडेर शान्तिको बाटो लाग्नुपर्ने सन्देश पनि काव्यमा रहेको छ।

**डायना** महाकाव्यको मूल विचार पुरुषार्थ चतुष्ट्य भन्दा पनि मानवतावादी भावको सम्प्रेषण गर्नु रहेको छ। सामान्य परिवारमा जन्मेर वेलायतकी युवराज्ञीसम्म बन्न पुगेकी डायना र भ्रमरझैँ युवती फेरी फेरी भोगविलासमा रमाउने वेलायती राजकुमार चार्ल्सको कथालाई विषयवस्तु बनाई ती दुई बिच प्रेम तथा विवाहसम्मको घटनालाई संयोजन गरी प्रकृति अनि संस्कृतिको चित्रण गर्दै मानवतावादको उच्च नमुना प्रस्तुत गर्नु महाकाव्यकारको मुख्य उद्देश्य रहेको देखिन्छ। यसका साथै जातीयता र क्षेत्रीयताबाट माथि उठेर मानव सेवामा लाग्नुपर्ने सन्देश पनि काव्यमा रहेको तथ्य तलको कवितांशले स्पष्ट पार्दछ :

मान्छेको जात धर्तीमा मान्छे मात्रै छ आखिर
अनेकौँ भेद उब्जाई किन बन्छ विभाजित
आकार, रङ्ग, भूगोल, इतिहास र संस्कृति

जात, कर्म र सम्पत्ति औँल्याई भर्छ विकृति
जहाँ जन्मोस् नयाँ मान्छे धर्तीकै बन्छ सन्तति
भोग्छ संसारमा आफ्नो पाएको कर्मपद्धति
समेटेर सबैलाई चल्नुपर्छ निरन्तर
मान्छेले प्रेम मान्छेमा गर्नुपर्छ सधैँभर
गाँसी मधुर सम्बन्ध प्रत्येक राष्ट्र जातमा
धर्ती आकाशको रूप स्वच्छ पार्ने छ कामना । (सर्ग २५, गुच्छक ४५७)

यसरी काव्यमा जातीयता र क्षेत्रीयताको भावनाभन्दा पनि मानवताको भाव उच्च हुनुपर्ने सन्देश पाइन्छ। मानवतामा लागे सामाजिक विकास पनि सम्भव हुने सन्देश काव्यले दिएको छ ।

यसका साथै काव्यमा नारीको शील स्वभावको चर्चा गर्दै नारीलाई सम्मान गर्नुपर्ने भाव व्यक्त गरेका छन् । आजको विश्व नारीकै क्रियाकलापमा अडेको बताएका छन् । यसका घरपरिवारको सम्पूर्ण कुरा नारीकै व्यवहार र क्रियाकलापमा अडेको हुनाले नारीलाई आदर र सम्मान गर्नुपर्ने भाव पनि काव्यमा यसरी व्यक्त भएको छ :

नारीविहिन धर्ती मरभूमितुल्य
माया दिने कुसुम हो जगमा अमूल्य । (सर्ग ३०, गुच्छक ५६९)

यसरी नारीविनाको घर वा धर्ती सबै मरुभूमि जस्तै हुन्छ। घरपरिवार र धर्तीलाई सजाउन नारी जातिको अहम् भूमिका रहने कुरा काव्यमा प्रस्तुत भएको पाइन्छ। नारीले पनि स्वतन्त्र रूपमा बाँच्न पाउनुपर्छ। नारी जातिले पनि लक्ष्य बनाउन सक्ने विश्व कल्याणमा लाग्न सक्ने विचार काव्यमा व्यक्त भएको छ। नारीको रूप लिएर जन्म लिए पनि सत्कर्ममा लाग्न सके जीवन सार्थक बन्ने सन्देश पनि काव्यमा रहेको छ। मानवतावादको प्रसार नै **डायना** महाकाव्य हो । बुहारीलाई जन्तुको व्यवहार गरेको प्रसङ्ग उल्लेख गर्दै नारीको सम्मान गर्नुपर्ने विचार पनि काव्यमा पाउन सकिन्छ। मानव मानवबिचमा प्रेम, सद्भावना तथा भाइचाराको सम्बन्ध हुनुपर्ने विचार व्यक्त गर्दै नारी अधिकार हनन भएको सन्दर्भ पनि उजागर भएको छ। पुरुषले जस्तोसुकै गल्ती गरे पनि पुरुषार्थ कहलिने र नारीको सानो कमजोरी पनि कसुर ठहरिने भएकाले त्यसमा गर्व गर्न नहुने विचार पनि काव्यमा उल्लेख गरिएको छ ।

राजकुमार चार्ल्सले आफू पूर्ण रूपमा भ्रमर जस्तै देखिएर नारीलाई भोग्याका रूपमा लिए पनि डायनाको अवसानपछि पश्चाताप गरेको छ । प्रेवविना जीवन अपुरो छ, अधुरो छ भन्ने देखाउनु पनि काव्यको उद्देश्य रहेको पाउन सकिन्छ। जीवनको आनन्द प्रेममय जीवनमा रहेको छ भन्ने भाव पनि काव्यमा रहेको छ। प्रेम नै जीवनको ठुलो सम्पति भएको कुरा काव्यमा यसरी व्यक्त भएको छ :

मिलेका दिल छन् दोटा सौभाग्ययुक्त राष्ट्रमा
बनेका दिलका मूर्ति जनता गर्छ बन्दना
मायाप्रेम सजाएर रमेका चार्ल्स दम्पती
मायाविहीन मान्छेको केही रहन्न सम्पति । (सर्ग ११, गुच्छक १८६)

विभिन्न सुक्तिको प्रयोग गरी काव्यमा सुन्दरता थप्ने प्रयास भएको छ। यसका साथै महाकाव्यमा मानवतावादी र राष्ट्रप्रेमी भावहरू पनि अभिव्यक्त भएका छन्। स्वतन्त्रता, मानवता, सौन्दर्य चित्रण र समानताको पक्षमा मान्छेलाई उभ्याउनु **डायना** महाकाव्यको उद्देश्य रहेको छ। पूर्वीय र पाश्चात्य महाकाव्य मान्यता विपरित नारी र पुरुषको प्रेम र विछोड तथा मानवसेवाको चर्चा पनि महाकाव्यको विषय बन्न सक्छ भन्ने देखाउनु नै उनको मुख्य हो । यसका साथै प्रेम विना जीवन अधुरो र अपुरो रहेकाले प्रेम नै ठुलो सम्पति हो भन्ने भाव पनि प्रस्तुत गरेको पाइन्छ। यसका साथै जातीयता र क्षेत्रीयताबाट माथि उठेर मानव सेवामा समर्पित हुनुपर्ने भाव काव्यमा भेटिन्छ। पुरुषार्थ चतुष्ट्य संयोजन रहेको छैन। नारीलाई प्रमुख पात्र बनाई उसकै नामबाट काव्यको नामकरण गर्नुले महाकाव्यको उद्देश्य नारीप्रति आदर सम्मान देखाउनु हो ।

## ४.३.६ रसभाव विधान

प्रेममय जीवनमा अविश्वासको कारण देखिएको कठिन अवस्थाको चित्रण प्रस्तुत महाकाव्यमा रहेको छ । रस प्रयोगका दृष्टिले नयाँपन देखिएको प्रस्तुत महाकाव्यमा विभिन्न प्रसङ्गमा विभिन्न रस निष्पत्ति भएको छ। महाकाव्य परम्परामा वीर, शृङ्गार र शान्त, रसमध्ये कुनै एक रस अङ्गी रस हुनुपर्नेमा त्यसो हुन सकेको पाइँदैन । वीर, शृङ्गार र शान्त नभई करुण रस अङ्गीरसको रूपमा रहेको छ ।

करुण रस बाहेक अन्य थुप्रै रसको परिपाक पनि यस काव्यमा भएको देखिएको छ । शृङ्गार, वीर, शान्त लगायतका रसको प्रयोग यस काव्यमा देखिएको छ । शृङ्गार रसको स्थायी भाव रति, वीर रसको स्थायी भाव उत्साह, रौद्र रसको स्थायी भाव क्रोध, शान्त रसको स्थायी भाव सम र करुण रसको स्थायी भाव शोक हो । विभिन्न विभाव, अनुभाव र व्यभिचारी भावको संयोजनबाट माथि उल्लिखित रस निष्पत्ति भएको पाउन सकिन्छ ।

**डायना** महाकाव्यको समग्र अध्ययन पश्चात् करुण रस नै अङ्गी रसको रूपमा प्रयुक्त भएको छ । मानवतावादी, उदार सोचकी डायनाको निधन र उसले जीवनमा गरेको संघर्ष चित्रित प्रस्तुत काव्यमा करुण रसको बाहुल्यता देखिन्छ। काव्यको सुरुवातमा शृङ्गारिकता देखिए पनि काव्यमा कथाको विकाससँगै करुण रसको हाबी रहेको देखिन्छ । यसका साथै विभिन्न राष्ट्रप्रमुख लगायत उच्च पदस्थ व्यक्तित्वले दिएको यो अभिव्यक्तिबाट पनि काव्यमा कारुणिकता छ :

कस्तो चोट पऱ्यो कठै मलिन भो हा हाः पियारो मुटु
बज्रै पर्न गयो हरे ! हृदयमा छाती कसोरी पिईँ ?
बच्चा साथ लिँदै अकासिइ कतै जाँदै थिए मस्किई
जोडा ती चिडिया गमरे मनले आनन्दको निर्झरी
पैल्याई सुखको सहर्ष विपना भोग्ने थियो चाहना
यौटा बाज बनेर पो नियति नै आयो कठै सामुमा । (सर्ग ३५, गुच्छक ६३८)

काव्यमा अन्य थुप्रै रसको पनि प्रयोग भएको पाइन्छ। विभिन्न कविको सिर्जनकलाको चर्चा गरी सुरुवात गरिएको प्रस्तुत काव्य अन्य रसको पनि परिपाक भएको देखिन्छ। काव्यका नायक नायिका भेट पछि एक अर्काको आकर्षणमा शृङ्गारिकता वर्णन पाउन सकिन्छ । नायक नायिकाको एकअर्काप्रतिको आशक्त भावनालाई चर्चा गर्ने सन्दर्भमा शृङ्गार रस परिपाक भएको छ। नायकनायिका वार्तालापका विभिन्न प्रसङ्ग चर्चा गर्ने क्रममा काव्यमा शृङ्गारिकताले उचाइ लिएको तथ्य तलको श्लोकले स्पष्ट गर्दछ :

प्रेममा लीन भै जिन्दगी हाँस्छ रे
फूले सृष्टिमा प्रीत नै गाँछ रे
प्रीत पग्ली उठ्यो त्यो हिमाली छटा
प्रीतकै जादूले बढ्छ रे उच्चता

जिन्दगी भन्नु नै प्रीत हो प्रीत हो
सभ्यता चम्किँदा प्रीतकै जीत भो । (सर्ग ७, गुच्छक १२०)

यस्तै काव्यमा शृङ्गारिकताले पनि एक खालको चुली प्राप्त गरेको छ। यसका साथै काव्यमा विभिन्न विचार र दर्शनको पनि प्रयोग भएको छ। मानवतावादी विचारको थुप्रोका रूपमा काव्यलाई लिइएको छ। यसका साथै काव्यमा प्रकृति चित्रण पनि गरिएको छ। प्रकृति प्रयोगका दृष्टिले अन्य महाकाव्यभन्दा पनि उत्कृष्ट (शोधनायकबाट प्राप्त जानकारी) रहेको छ। मानवतावादी विचार प्रकट गर्ने तथा प्रकृति चित्रण गर्ने सन्दर्भमा पनि शान्त रस निष्पत्ति भएको भाव तलको श्लोकबाट स्पष्ट गर्न सकिन्छ :

झुकाएर सँधै माथ सेवाका निम्तिमा बढें
जत्ति म हिँड्छु धर्तीमा उत्ति नै चुचुरा चढें
उच्च सगरमाथाको सम्झनामा विलिन भै
महासागर गम्भीर चालमा चुम्दछु अझै । (सर्ग २५ : गुच्छक, ४५२)

पश्चिमी परम्परामा अविश्वासका कारण विभिन्न समस्या देखा पर्छन् । बेलायतका युवराज चार्ल्सको भ्रमर जस्तै प्रवृत्तिले गर्दा विक्षिप्त बनेकी डायना मानवसेवामा निरन्तर लाग्ने सङ्कल्प गर्छिन् । यसरी शृङ्गारिकता वर्णन देखिए पनि नारीमा रहेको वीरताको भाव चर्चा गर्ने सन्दर्भमा वीर रसको परिपाक भएको पाइन्छ। काव्यमा वीरताको चर्चा पनि प्रशस्त मात्रामा पाउन सकिन्छ। यसका साथै नारीलाई पनि अवसर दिए केही गर्न सक्ने कुरा काव्यमा प्रस्तुत भएको देखिन्छ। वीररसाभावको उदाहरणका रूपमा तलको श्लोकले प्रष्ट पार्छ :

नारी उठौं जगत यो मजले सिगारौं
सौन्दर्य-रश्मि धरतीभरि नै फिँजारौं
अन्याय शोषण सबै बलले भगाऔं
माया दिई नरवर्ग पथमा लगाऔं (सर्ग २० : गुच्छक, ५६९) ।

चार्ल्स र डायना बिचको प्रेम सम्बन्धमा अविश्वासका कारण विभिन्न समस्या देखा पर्छन् । उता क्यामिलाको प्रेममा परेको चार्ल्सले डायना प्रति क्रोध भाव प्रकट गर्दछ ।

यसरी डायना प्रति क्रोध भाव प्रकट गर्ने सन्दर्भमा रौद्र रस निष्पत्ति भएको तथ्य तलको श्लोकबाट थप स्पष्ट हुन्छ :

डायना ! तेरो बैंस हरायो सुन्दरताको छैन जवानी
खोक्रो जीवन भोग्न बढेकी सकियो तेरो प्रेम कहानी
तेरो मुहार मैलिइसक्यो रङ्ग न ढङ्ग जीउ भयो
गर्भवतीको ढोँग रचाई मासु थुपार्ने निहुँ भयो ।

× × × ×

पैली तँ राम्ररी सुन्दरी थिइस् आँखा रमाए मेरा पनि
मनले खोज्यो तेरो बैंस भोग्न सजिलो काम ध्वनि !
अब तँ बनेकी खोक्रो पोथी अण्डा पारेकी बुढीझैं ।
आफ्नै चल्ला स्याहार गर्दै धर्ती भोग यो रुढिझैं । (सर्ग १३ : गुच्छक २२४)

यसरी चार्ल्ससँगको सम्बन्धपछि मानवसेवामा लागेकी चार्ल्स नेपाल भ्रमणमा आउँछिन् । नेपाल भ्रमणमा आएकी डायना यहाँको प्रकृति र संस्कृति देखेर आश्चर्य पर्छिन् । यसरी आश्चर्य भावका साथै नेपाली प्रकृतिको चित्रणमा अद्‌भूत रस पनि यसरी काव्यमा रहेको छ :

नेपाल नाममा प्यारो माया बसेछ चित्तमा
म छक्क पर्दैछु छोरा हो ! बोल्छु गीतमा
जहाँ छ सुनको धारा त्यही छ धरहरा रमी
सृष्टिको खेलझैं मीठो भर्दै छ जीवनी-ध्वनि !
सभ्य संस्कारले पूर्ण हँसिला जातको कथा
सुन्दैमा सान्त्वना मिल्छ घट्‌दछन् दिलका व्यथा ! (सर्ग २२ : गुच्छक ३८५)

यसरी बेलायतकी युवराज्ञी डायनाको जीवनवृत्तमा आधारित प्रस्तुत महाकाव्यमा विभिन्न रसाभावनिष्पत्ति भएका छन् । काव्यको सुरुमा शृङ्गारिकताको बाहुल्यता देखिए पनि काव्यमा विभिन्न रस निष्पत्ति भएको छ । मानवतावादको उच्च र भव्य प्रस्तुति रहेको काव्यमा मानवतावादकै प्रतीकका रूपमा रहेकी डायनाको आसमयिक निधनले काव्यलाई कारुणिकतातर्फ उन्मुख गराएको पाइन्छ । डायनाको जीवनमा घटेका सम्पूर्ण घटना र सङ्घर्षमय जीवनको व्याप्ति रहेको काव्यमा कारुणिकतामा अन्त्य भएको छ । काव्यको मूल

पात्रको जीवन नै करुण बनेकाले पनि करुण रसलाई अङ्गी रसको रूपमा देखा परेको छ। शृङ्गार-करुण रसका साथै विभिन्न भाव व्यक्त गर्ने सन्दर्भमा विभिन्न स्थायीभाव निष्पत्ति हुँदै विभिन्न रसको प्रयोग भएको छ। करुण रसका साथै शृङ्गार, शान्त, वीर, रौद्, अद्भूत रसको प्रयोग पनि काव्यमा रहेको छ। करुण रसलाई अङ्गी रस र अन्य रसलाई अङ्ग रसको रूपमा लिन सकिन्छ। यसर्थ काव्यमा रस प्रयोगका दृष्टिले हेर्दा शान्त, वीर, शृङ्गार बाहेक अन्य रस अङ्गी नै रसका रूपमा देखिएकाले नयाँपन देख्न पाइन्छ। रस प्रयोगका दृष्टिले काव्य मान्यता प्रतिकूल रहेको यो काव्य सरल र सहज बनेको छ।

## ४.३.७ लयविधान

**डायना** महाकाव्य विभिन्न छन्दको प्रयोग गरिएको पाउन सकिन्छ। लेखनका दृष्टिले चौथो तथा प्रकाशनका दृष्टिले तेस्रो प्रस्तुत डायना महाकाव्यमा कविले शास्त्रीय ( वर्णमात्रिक र मात्रिक) लोक र मुक्त गरी तिनै प्रकारका लयको प्रयोग गरेको पाउन सकिन्छ। विभिन्न अठार छन्दको प्रयोग गरिएको प्रस्तुत महाकाव्य छन्द प्रयोगका दृष्टिले एक उत्कृष्ट तथा नयाँ देखिन्छ। धेरै सर्गमा एउटै छन्दको प्रयोग गरिए पनि केही छन्दमा भने दुई वा सो भन्दा बढी छन्दको प्रयोग पनि पाउन सकिन्छ।

महाकाव्यमा गद्य र पद्य दुबै लयको प्रयोग गर्न सकिने भए तापनि पद्यलयलाई बढी प्रभावकारी मान्न सकिन्छ। प्रस्तुत महाकाव्यमा पनि पद्यलयको बाहुल्यता रहेको पाउन सकिन्छ। शास्त्रीय, लोक र मुक्त तिनै लयको प्रयोग गरिएको प्रस्तुत महाकाव्य छन्द प्रयोगका दृष्टिले उत्कृष्ट रहेको छ। कवि हृदयबाट स्वच्छन्द निस्केको भावलाई लयात्मक पाराले काव्य सिर्जना गरेका छन्। स्वच्छन्द रूपले प्रस्फुटित भावलाई सरल, सहज र सुसंस्कृत ढंङ्गले काव्यमा संयोजन गरेका छन्। काव्यमा शास्त्रीय छन्दको बाहुल्यता देखिए पनि काव्यमा प्रयुक्त शब्दहरू सरल, सहज र बोधगम्य नै रहेको पाइन्छ। भावना र कल्पनाको मिश्रण गर्दै नेपाली जनमानसमा भिजेका सरल र सुन्दर लय संयोजन गरी काव्य सिर्जना गरेको देखिन्छ।

सामान्यतः शास्त्रीय छन्दको काव्यमा चार हरफको एक श्लोक हुने परम्परा छ। प्रस्तुत डायना महाकाव्यमा दस हरफको एक श्लोक/गुच्छक बनाई काव्य सिर्जना गरेको पाइन्छ। प्रत्येक छन्द छुट्टाछुट्टै सर्गमा हुनुपर्ने पूर्वीय मान्यताको पालना गरिएको छन्। कथावस्तु र प्रसङ्गले बाटो लिँदा विभिन्न फरक फरक छन्दको प्रयोग गरिएको पाइन्छ।

काव्यमा प्रत्येक सर्गमा फरक-फरक छन्दको प्रयोग गरेपनि कहीँ कतै दुई वा सोभन्दा बढी छन्दको प्रयोग रहेको छ। महाकाव्यमा रहेका कूल ३६ सर्गमा भिन्ना भिन्नै १८ वटा छन्दको प्रयोग गरिएको छ।

**डायना** महाकाव्यको सबै सर्गमा छन्द प्रयोग गरिएको छ। शास्त्रीय, लोक तथा मुक्त मध्ये कुनै एक छन्दको प्रयोग भेटिन्छ । लोकले सहज स्वीकार गर्ने शार्दूलविक्रीडित, अनुष्टुप, भ्याउरे जस्ता छन्दको प्रयोग पनि काव्यमा प्रयुक्त भएका छन् । पाठकले सहजै ग्रहण गर्न सक्ने छन्दको प्रयोग गरी काव्यकारले आफ्नो काव्यकौशल प्रस्तुत गरेको पाइन्छ। छन्द प्रयोगका दृष्टिले केही नयाँपन देखिएको प्रस्तुत काव्यमा छन्द प्रयोगको स्थिति सङ्ख्यागत दृष्टिले यसप्रकार रहेको छ :

| **छन्द** | **श्लोक सङ्ख्या** |
|---|---|
| अनुष्टुप | २६७ |
| मात्रिक | १२७ |
| शार्दूलविक्रीडित | ५२ |
| लोक | २८ |
| चम्पकमाला | २० |
| मुक्त | २० |
| उपजाति | २० |
| प्रमाणिका | १८ |
| वसन्ततिलका | १७ |
| इन्दवंशा | १६ |
| भुजङ्गप्रयात | १६ |
| स्रग्विणी | १५ |
| लोक २ | १५ |
| लोक ३ | १३ |
| पञ्चचामर | १३ |
| मन्द्राक्रान्ता | १३ |
| मालिनी | १२ |
| स्रग्धरा | १३ |

यसरी प्रस्तुत काव्यमा विभिन्न छन्दको प्रयोग गरिएको छ ।

सबैभन्दा बढि अनुष्टुप छन्दको प्रयोग काव्यमा रहेको पाउन सकिन्छ । काव्यकारले कल्पना र भावनालाई सरल र सुबोध ढङ्गले व्यक्त गर्न नेपाली जनमानसमा रुझ्े भिजेका लोकलयका साथै मात्रिक र वर्णमात्रिक छन्दको प्रयोग गरी काव्यलाई सरल तथा सुन्दर बनाएका छन् ।

डायनाको जीवनवृत्तमा फैलिएको प्रस्तुत काव्यमा डायनाको मन्मय वर्णन, प्रकृतिको कलात्मक वर्णन, बेलायत, स्विजरल्याण्ड, फ्रान्स, अमेरिका, पाकिस्तान, भारत, नेपाल लगायतका देशको प्रकृतिको सुन्दर चित्रण छ । प्रकृतिको सुन्दरता जस्तै काव्यको लय पनि सुन्दर र सुमधुर बन्न पुगेको देखिन्छ । नेपाली साहित्याकाशमा प्रचलित विभिन्न छन्दको प्रयोग भए तापनि कृत्रिम जस्तो देखिँदैन । विभिन्न छन्दको प्रयोगले कवितामा साङ्गीतिक मधुरता थप्नुको साथै काव्य नै सङ्गीतमय बन्न पुगेको छ ।

यसरी हेर्दा समग्रमा काव्यको लयविधान महाकाव्य मान्यता अनुरूपकै देखिए पनि पूर्णतः महाकाव्योचित भने छैन । प्रत्येक सर्गमा छन्द परिवर्तन गरिएको यो महाकाव्य छन्द प्रयोगका दृष्टिले नयाँ रहेको छ । पहिलो **जुनू** पूर्णतः लोकलयमा, दोस्रो **अनामिका** पूर्णतः शास्त्रीय छन्दमा रहे पनि **डायना** लोक, शास्त्रीय तथा मुक्त गरी तिनै लयको प्रयोग गरिएको पाइन्छ । बौद्धिकता र दार्शनिकताको थिचाइमा रहेका विभिन्न छन्दको प्रयोगलाई सरल तथा सरस शब्दको चयन गरी ग्रामीण सर्वसाधारणको भाषा समेत काव्यमा प्रयोग कविले आफू अनुकूल नै गरेपनि स्वच्छन्द भावधाराका कविले यसरी अधिक छन्द प्रयोग गरी काव्य सिर्जना गर्नु नै महत्त्वपूर्ण हुन्छ । लयविधान आंशिक रूपमा पूर्वीय मान्यता अनुकूल देखिए पनि प्रयोगको शैलीमा नयाँपन देखापर्छ ।

## ४.२.८ विम्ब र प्रतीक योजना

कुनै पनि व्यक्ति, वस्तु, घटना आदिको वर्णनमा पाइने जीवन प्रस्तुति नै विम्ब हो । प्रस्तुत महाकाव्यमा सामाजिक, ऐतिहासिक, धार्मिक तथा प्राकृतिक विम्बको सहज प्रयोग पनि काव्यमा पाउन सकिन्छ । **डायना** महाकाव्यमा पनि रचनाकारले सुन्दर कलात्मक तरिकाले विभिन्न विम्ब र प्रतीकको प्रयोग गरेको देखिन्छ । विम्ब र प्रतीकको प्रयोगले काव्य दूर्बोध्य र क्लिष्ट बन्नुको साटो सहज र सरल बनेको पाइन्छ । काव्यकारले व्यक्त

गर्न खोजेको स्वच्छन्द भावलाई बिम्व र प्रतीकको प्रयोगले सरल, सहज र स्वाभाविक बनाएको छ ।

काव्यमा विभिन्न विम्बको प्रयोग गरिएको छ । फूल, शोषक, कंकाल, धुवाँ, दानव, कृष्णजी, गोपिनी, हाँसको पोथी, तरबार, मरुभूमि, गला, जमरा, पूर्णिमाको जून, चौंरी गाईको चमर, मुजुर, कोकिल कला, भगीरथकी गङ्गा जस्ता शब्दको बिम्वात्मक प्रयोग भएको देखिन्छ । डायनाको सुन्दरता, चार्ल्सको प्रेम, डायनाको मानवतावादी विचार आदिको चर्चा गर्ने सन्दर्भमा विभिन्न विम्बको प्रयोग भएको छ । मानवजातिले देखाउन शोषक प्रवृत्तिको विम्ब पनि काव्यमा रहेको पाइन्छ । गरिब निमुखाले मेहनत गर्ने र उनको मेहनतको फल अभिजात्य वर्गले चुस्ने गरेको कुरालाई पनि बिम्वात्मक रूपमा काव्यमा प्रस्तुत गरेको रहेको पाइन्छ । यसका साथै किसानको मेहनतको गाँस अर्कैले खोजेको विम्ब पनि काव्यमा देखिन्छ । जस्तै :

श्रम नै शुद्ध हो पूजा आत्मगौरवको धन
विना किसानको धर्ती प्राणीका निम्ति वैगुन
कतै किसानको चोखो पसिना चुस्तछन् कुनै
नटेकी खेतमा कैल्यै मालिक बन्दछन् उनै
खोसेर मुखको गाँस स्वाद मानी चबाउँछन् ।
धर्ती पुत्रहरूलाई पाखण्डी भै कजाउँछन् । (सर्ग ०८ : गुच्छक, १३८)

यसरी धर्तीपुत्रलाई किसानको बिम्वका रूपमा प्रयोग गरिएको छ । चार्ल्सलाई उसको घरप्रतिको व्यवहार तथा गैर जिम्मेवारीपनको चर्चा गर्दै जङ्गली बिरालोको बिम्वको रूपमा पनि प्रयोग गरिएको छ । त्यस्तै कवितामा चार्ल्स-डायना विवाह प्रसङ्ग, चर्च जस्ता कुराको चर्चाले धार्मिक तथा सांस्कृतिक बिम्वको पनि झल्को दिएको पाउन सकिन्छ ।

दरबार, रानी, युवराज चार्ल्स र युवराज्ञी डायनाको चर्चाले दरवारीया बिम्व पनि काव्यमा रहेको छ । दरबारिया जीवनमा देखा परेका समस्या तथा अविश्वासका कारण बनेको पारिवारिक अवस्थाको चर्चा गर्दै दरबारिया बिम्वको प्रयोग पनि काव्यमा गरेको देखिन्छ । प्रकृति चित्रणको उत्कृष्ट नमुना मानिएको प्रस्तुत महाकाव्यमा प्राकृतिक बिम्व पनि फेला पार्न सकिन्छ । बेलायत, फ्रान्स, भारत, अमेरिका, पाकिस्तान लगायत बिम्वका

विभिन्न देशको भ्रमण गर्दा त्यहाँका सुन्दर र कलात्मक वस्तुको वर्णन गर्ने प्रसङ्गमा पनि प्राकृतिक बिम्व देखा परेको पाइन्छ। नेपालको प्राकृतिक सुन्दरता, भु-बनोट र उच्च हिमाली परवेशको चित्रण गर्दै प्राकृतिक बिम्व प्रयोग गरेको पाउन सकिन्छ। यसका साथै नेपालमा रहेको जातीय, धार्मिक र सांस्कृतिक विविधताको चित्रण पनि काव्यमा यसरी देखा परेको छ :

नेवार्नी काठमाडौंकी हेलम्बुतिर शेर्पिनी
थकाली थाकखोलाकी पूर्वकी स्वच्छ लिम्बुनी
सिन्धुपाल्चोक-तामाङ्नी धनुषातिर मैथिली
रुम्जाटारे गुरुङ्नी र थरुनी हुन् मदेशकी
बाहुन क्षेत्री डुल्छन् हाँसी हाँसी सबैतिर
मगर्नी रइनी खुल्छन् यथास्थान निरन्तर
पार्वती भृकुटी सीता छोरी हुन् रे स्वदेशका
संसकृति बिन्दु नेपाली पहाडा र मदेशका। (सर्ग २२, गुच्छक ३९३)

यसरी नेपालमा रहेको धार्मिक, जातीय, क्षेत्रीय तथा सांस्कृतिक विविधताको प्रतीक पनि काव्यमा पाउन सकिन्छ। काव्यको शीर्षकदेखि लिएर विभिन्न पक्षमा काव्यमा प्रतीकात्मक प्रयोग पाउन सकिन्छ। काव्यकी नायिका डायना आत्मिक प्रेमको प्रतीकका रूपमा देखापरेकी छे। मानव जीवन सफल र सार्थक बनाउन प्रेम नितान्त आवश्यक छ भन्ने कुरा काव्यमा देखाउन खोजिएको छ। यसका भ्रमरजस्तै देखा परेको नायक चार्ल्स वासनात्मक प्रेमको प्रतीक हो। भ्रमर जस्तै रस चुसेर हिँड्ने चार्ल्स सुन्दर तथा नव यौवना युवतीको अस्तित्व समाप्त गर्ने भ्रमरको प्रतीकका रूपमा काव्यमा देखा परेको पाउन सकिन्छ।

यसका साथै वैवाहिक जीवनमा आएको सम्बन्ध विच्छेद पश्चात समाजसेवातर्फ उन्मुख डायना मानवतावादकी प्रतीक हो। सेवा, सहयोग र सद्भावको भावना रहेकी डायना मानवतावादकै प्रतीकका रूपमा देखापरेकी छ। समाजमा रहेका निमुखा, गरिब, अनाथ, असहायलाई सेवा गर्नुपर्ने भाव व्यक्त गर्दै काव्यमा मानवतावाद तथा सेवाकी पुजारीको प्रतीक रूपमा डायना देखा परेकी छ। यसरी काव्यकी प्रमुख पात्र डायना नै काव्यमा प्रतीकात्मक रूपमा देखा परेको पाउन सकिन्छ।

स्वार्थी, निष्ठुरी र दयाहीन मानवलाई हिटलरको प्रतीकका रूपमा काव्यमा देखाइएको छ। वर्तमान विश्व अविश्वास र अन्य थुप्रै कारणले गर्दा अस्तव्यस्त बनेको र हिंसातर्फ उन्मुख भएको प्रसङ्गलाई चर्चा गर्दै त्यस्ता मानवलाई हिटलर र मानवले निर्माण गरेको प्रविधिलाई ग्यासच्याम्बरको प्रतीकका रूपमा प्रयोग गरेको पनि देखिन्छ। यसका साथै डायनालाई सीताको रूपमा वा पतिपरायणा नारीको प्रतीकका रूपमा पनि काव्यमा प्रयोग गरेको पाइन्छ।

यसरी काव्यमा विभिन्न विम्ब र प्रतीकको प्रयोग गरिएको छ। काव्यमा विभिन्न विभिन्न विम्ब र प्रतीकको प्रयोग गरी काव्यको शैली विशिष्ट बनाउने प्रयास पनि गरिएको देखिन्छ। काव्यमा विम्ब र प्रतीकको प्रयोग गरिए तापनि भाषा सरल, सहज र बोधगम्य रहेको छ। काव्यमा विभिन्न विम्ब र प्रतीकको प्रयोगले काव्यको भावलाई स्वतःस्फूर्त प्रस्फुटित गराउँदै उज्वल बनाउन सहयोग पुऱ्याएको देखिन्छ। काव्यमा कृत्रिमता थप्नुको साटो सहजता र स्वाभाविकता थपेको पाउन सकिन्छ। समग्रमा विम्ब र प्रतीक प्रयोगका दृष्टिले प्रस्तुत महाकाव्य महाकाव्योचित नै रहेको पाउन सकिन्छ।

### ४.३.९ शीर्षकीकरण

प्रस्तुत महाकाव्यको शीर्षक डायना हो। डायना प्रस्तुत महाकाव्यकी प्रमुख नारी पात्र हो। नारी पात्र भए पनि काव्यमा उसको प्रमुख भूमिका रहेको पाउन सकिन्छ। काव्यको प्रमुख पात्रको नामबाट नै महाकाव्य शीर्षक चयन गरिएबाट नै प्रस्तुत महाकाव्य चरित्रप्रधान महाकाव्य हो भन्न सकिन्छ। प्रस्तुत महाकाव्यकी नारी पात्र डायनाकै सेरोफेरामा महाकाव्यको कथा घुमेको पाउन सकिन्छ। कथाको प्रारम्भमा साधारण परिवारमा देखिएकी डायना वेलायतकी युवराज्ञी बने पनि अविश्वासको कारणपछि साधारण नारीकै रूपमा रहन पुगेको देखिन्छ।

मानवतावादी विचारको सम्प्रेषण गरिएको प्रस्तुत महाकाव्यको शीर्षक अभिधार्थ सरल रहेको पाउन सकिन्छ। महाकाव्यमा पुरुषपात्र, दरबारिया कथावस्तु भए पनि काव्यकारले प्रमुख नारीपात्रको नामबाट महाकाव्यको नामकरण गर्नुमा काव्यकारमा रहेको नारीवादी चेतना उजागर भएको बुझिन्छ। प्रस्तुत महाकाव्यमा मानव जीवन सफल र सार्थक बनाउन प्रेम नितान्त आवश्यक हुनुपर्ने र दाम्पत्य जीवनमा सफलता पाउनका निम्ति विश्वास हुनुपर्ने विचार व्यक्त भएको छ। सोही विचार सम्प्रेषण गर्न डायनाको भूमिका अहम् देखिन्छ।

नारी जातिप्रति उच्च सम्मान देखाउने कवि व्यक्तित्वले प्रस्तुत महाकाव्यको नामकरण पूर्वीय मान्यता अनुकूल गरेको पाउन सकिन्छ। अवान्तर शीर्षकको नामकरण घटनामा आधारित हुनुपर्छ भन्ने पूर्वीय मान्यताअनुसार अवान्तर कथा तथा घटनामा आधारित भएर शीर्षकीकरण गरेको देखिन्छ। संकेतात्मक शीर्षकसँगै कथावस्तुको झलक पनि काव्यमा पाउन सकिन्छ। काव्यको प्रमुख पात्रको नामबाट महाकाव्य नामकरण हुनपर्छ भन्ने पूर्वीय मान्यताअनुसार देखिए पनि वर्णन र घटनालाई आधार मान्दा काव्यको शीर्षकीकरणमा नितान्त व्यक्तिगतपन देखा पर्छ।

## ४.३.१० भाषाशैली

डायना महाकाव्यको भाषाशैली सरल र सुमधुर देखिन्छ। विभिन्न विम्ब प्रतीकको संयोजन गरिए तापनि जटिलता र दूरुहता पाइँदैन। प्रस्तुत काव्यको एक सर्ग गद्य शैलीमा पनि रचना गरिएको पाउन सकिन्छ। पूर्वीय मान्यता अनुकूल वर्णमात्रिक तथा मात्रिक छन्दको प्रयोग गरिए तापनि काव्यको भाषा सरल, सहज र सुबोध्य बनेको देखिन्छ।

काव्यमा विभिन्न छन्दको प्रयोग गरे पनि नयाँ शैलीको प्रयोग गरेका छन्। सामान्यतः वर्णमात्रिक छन्दमा एक श्लोकमा चार पाउ हुने गरे पनि प्रस्तुत काव्यमा दस पाउको एक श्लोक छ। यो नै भाषाको विशेष नयाँपन हो। यसरी काव्य रचना गरिए पनि काव्यको भाषा सहज र स्वाभाविक नै रहेको देखिन्छ। काव्यको भाषा कोमल छ। खारिएका र माझिएका शब्दको प्रयोग गरिए तापनि कृत्रिम र अस्वाभाविक भने छैन। महाकाव्यमा छन्द संयोजनमा पनि नयाँपन पाउन सकिन्छ। त्यो महाकाव्यकारको नितान्त व्यक्तिगत शैली हो।

सामान्य पाठकको लागि डायना सरल, सहज र बोधगम्य रहेको पाउन सकिन्छ। कथाको परिवेश अन्तर्राष्ट्रिय भए पनि त्यहाँ प्रयोग गरिने शब्दहरू (विशेषतः पात्रहरूको नामबाहेक) नेपाली नै रहेका छन्। अङ्ग्रेजी भाषाका शब्दलाई पनि नेपालीकरण मात्र गरिएकाले उच्चारणमा समस्या देखिन्छ। त्यसले समस्या देखिए पनि कठिन शब्दको अर्थ काव्यकै पछाडि टिप्पणीको रूपमा राखिएको छ।

काव्यमा सहज रूपमा आएका विम्ब, प्रतीक र अलंकारले काव्य दुर्बोध्य बन्नुको साटो सहज बनेको देखिन्छ। प्रकृतिको वर्णनका साथै मानवीय जीवन र जगत्सँग सम्बन्धित विभिन्न विम्ब र प्रतीक योजनाले काव्यको शैलीमा सुन्दरता थपेको छ। काव्यमा मात्रिक तथा वर्णमात्रिक छन्दको प्रयोग गरिए पनि लयात्मक कोमलता र मिठास कायम

राखेको छ। ग्रामीण तथा सामान्य बोलचालको भाषा काव्यमा प्रयोग गरिएको पाउन सकिन्छ। महाकाव्यको अन्त्य कारुणिकतामा पुगेर भएकाले कारुणिक शब्द संयोजन पनि काव्यमा रहेको छ। काव्यमा मानवतावादी शैलीका साथै आत्मपरक शैली पनि पाउन सकिन्छ। तत्सम, तद्भव शब्दको प्रयोग गरिए तापनि काव्यको भाषा सरल रहेको छ। कृत्रिमता, आडम्बर वा मिथ्याभिमान अनि परिश्रमसाथ बाह्य सहघजको साटो स्वच्छन्द एवम् स्वस्फूर्त भाषाको संयोजनले काव्य सजिएको छ। यसरी हेर्दा काव्यको भाषाशैली महाकाव्योचित नभए पनि काव्यगत उद्देश्य अनुकूलकै रहेको छ।

## ४.३.११ निष्कर्ष

महाकाव्यकार शैलेन्दुप्रकाश नेपालद्वारा रचिएको चौथो तथा प्रकाशनका दृष्टिले तेस्रो महाकाव्य **डायना** एक उत्कृष्ट महाकाव्य हो। अन्तर्राष्ट्रिय सत्य कथामा आधारित प्रस्तुत महाकाव्यले समाजमा देखा परेका समस्यालाई प्रस्तुत गरेको छ। अविश्वासका कारण विश्व समाजमा देखा परेको समस्या र त्यसले सिर्जना गरेको पारिवारिक वातावरणको चित्रण काव्यको विषय हो।

प्रस्तुत महाकाव्यमा डायनाका मानवतावादी सहयोगी र सद्भावपूर्ण व्यवहार प्रस्तुत गरिएको छ। डायना आफ्नो जीवनमा आइपरेका अनेकौं उतारचढाव तथा विचलबाट कत्ति पनि टसमस नभई मानवसेवामा जुटेकी छ। नारी एक्लैले पनि समाज तथा राष्ट्रका लागि केही गर्न सक्छन् भन्ने भाव सम्प्रेषण गरिएको छ । यसका साथै विश्व हत्या, हिंसा, अमानवीय व्यवहारबाट दिनप्रतिदिन आक्रान्त बन्दै गएको छ। यसरी मानव मानवबिच उत्पन्न वैमनस्यले कसैको पनि हित नहुने विचार पनि काव्यमा रहेको छ। अब सबै मानवले हातेमालो गरेर परस्पर विश्व बन्धुत्व र भाइचाराको सम्बन्ध राखेर अघि बढ्नुपर्ने विचार काव्यमा व्यक्त भएको छ।

यसरी प्रस्तुत **डायना** महाकाव्यले पूर्वीय तथा पाश्चात्य मान्यताको आंशिक प्रयोग गरेको छ। छन्दबद्धता, विविध छन्दको प्रयोग, नायकनायिका छनोट, शीर्षक चयन जस्ता कुरा पूर्वीय मान्यता अनुकूल रहे पनि मङ्गलाचरण, परिवेश, सर्गान्तमा छन्द परिवर्तन जस्ता कुरा प्रतिकूल रहेका छन्। यसका साथै छत्तीस सर्गमा अठार छन्दको प्रयोग गरिएको काव्य वृहत आयामको देखा पर्छ। कल्पनाशीलता प्रकृतिचित्रण, सौन्दर्यात्मकता तथा आत्मपरकताको विशिष्टता रहेको प्रस्तुत काव्यले विश्वमानवतावादी सन्देश प्रवाहित गरेको छ।

## ४.४ शैलेन्दुप्रकाश नेपालको महाकाव्यात्मक प्रवृत्ति

शैलेन्दुप्रकाश नेपालले वि.सं. २०२९ सालमै एघार वर्षको कलिलो उमेरमा 'फूलहरू' शीर्षकको कविता लेखेर आफ्ना काव्यायात्रा सुरुवात गरेका हुन् । २०३९ सालमा **प्रेमपूजा** गीतिकाव्य प्रकाशनपश्चात उनको काव्ययात्राले अझ बढी मौलाउने अवसर पाएको हो । २०२९ सालबाट निरन्तर साहित्ययात्रामा लागेका शैलेन्दुप्रकाश नेपालले साहित्यका थुप्रै विधामा कलम चलाएका छन् । २०४० साल अघि नै उनले **जलन** भन्ने महाकाव्य लेखे पनि प्रकाशन हुन सकेको देखिँदैन । प्रकाशनका दृष्टिले लेखकका हालसम्म **जुनू**, **अनामिका** र **डायना** तिनवटा महाकाव्य प्रकाशित भएको बुझिन्छ । उनका यी महाकाव्यको तत्त्वगत विश्लेषण यथास्थान चौथो परिच्छेदको ४.१, ४.२ र ४.३) मा गरिसकिएको छ र उनका महाकाव्यहरूको तत्त्वगत विश्लेषणका क्रममा देखिएका विशिष्ट अभिलक्षणहरूलाई एकत्रित गरी उनले महाकाव्यका रचनामा आत्मसात् गरेका प्रवृत्तिको निरूपण गर्न सकिन्छ । यहाँ उनका महाकाव्यहरूको अध्ययन विश्लेषणका क्रममा संकेतित भएका तिनै विशिष्ट अभिलक्षणहरूलाई नै मूल आधार मानी उनका महाकाव्यगत प्रवृत्तिहरूको निरूपण क्रमश: गरिएको छ ।

### ४.४.१ प्रेरणा र प्रभाव स्रोतगत प्रवृत्ति

शैलेन्दुप्रकाश नेपालको महाकाव्यकारिता उनकै शिक्षादीक्षा, जीवन भोगाइ, सामाजिक, सांस्कृतिक तथा राजनीतिक सन्दर्भ, युगीन परिस्थिति र विभिन्न साहित्यिक व्यक्तित्वबाट प्रेरित प्रभावित रहेको पाउन सकिन्छ । महाकाव्यको सिर्जनामा आफ्नै जीवनका वरिपरि भेटिएका मार्मिक सन्दर्भहरूलाई सहज, स्वाभाविक रूपमा उर्जास्वरप ग्रहण गरेको पाउन सकिन्छ । नेपाली साहित्यका लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल, भानुभक्त आचार्य, गोपालप्रसाद रिमाल, भूपी शेरचन, अगमसिंह गिरी लगायत माधव घिमिरेको कवित्वबाट प्रेरित प्रभावित हुँदै संस्कृतका कालीदास, भारवी, माघ लगायत अंग्रेजी साहित्यका सेक्सपियर, वर्डस्वर्थ, सेलीजस्ता कविको काव्यकलालाई समेत आत्मसात् गरेको पाउन सकिन्छ । उनका तिनवटै महाकाव्यमा स्वच्छन्दतावादी कविको प्रभाव पाउन सकिन्छ ।

काव्यमा परिष्कारवादी छनक देखा परे पनि स्वच्छन्दतावादी काव्यकलाका हार्दिकता, आत्मपरकता, गाउँ, समाज, संस्कृति, लोकव्यवहारप्रति उन्मुखता, युगीन

विसङ्गतिप्रतिको व्यङ्ग्य, मानवताको खोजी, प्रकृतिको मन्मय चित्रण जस्ता कुरा पनि काव्यहरूमा पाउन सकिन्छ। उनका **जुनू**, **अनामिका** र **डायना** तिनवटै काव्यमा आफ्नै जीवनका उकालीओराली तथा अनुभूतिलाई आत्मसात् गरेको पाउन सकिन्छ। आफ्ना महाकाव्यमा आफू जन्मेको र हुर्केबढेको गाउँठाउँको प्रकृतिको कलात्मक प्रयोगका साथै बाल्यकाल, युवाकाल र जीवन संघर्षका सुखदुःखमा सँगालेका अनेकानेक अनुभूतिलाई पनि अभिव्यक्त गरेका छन्। सामाजिक-सांस्कृतिक सन्दर्भ, इतिहासको मार्मिकता र युगीन परिस्थितिलाई पनि आफ्नो महाकाव्यकारिताका प्रेरणा र प्रभाव पनि स्वीकारेको पाउन सकिन्छ। यसका साथै पारिवारिक वातावरण पनि प्रेरणा र प्रभाव रहेको पाउन सकिन्छ।

यसरी शैलेन्दुप्रकाश नेपालको **जुनू** समाज र संस्कृतिको उपज हो। त्यस्तै **अनामिका** अध्ययन र अध्यापनको उपजका रूपमा जीवनदर्शन बनेर आएको छ। युगीन स्वार्थ, सन्त्रास, हिंसा र मानवतावादको रूपमा **डायना** देखापरेको छ। यस काव्यमा अन्तर्राष्ट्रिय परिवेशको प्रभाव भेटिन्छ। उनको पेसा तथा साहित्यिक संलग्नताले पनि उनको महाकाव्यकारितालाई उजागर गरेको छ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन** खण्डकाव्यकै प्रभावमा लोकलय र सामाजिक विषयको प्रयोग गरी **जुनू** महाकाव्य लेखेको काव्यकारकै स्वीकारोक्ति हो। यसका साथै उनको कवित्व शक्ति उनको महाकाव्यकारिताको मुख्य प्रेरक स्रोत हो। यसरी आफ्नै शिक्षादीक्षा, जीवनकालका अनुभूतिहरू, युगीन परिस्थिति, प्रकृति, आफ्नै कवित्व शक्तिका ऊर्जाबाट प्रेरित भई काव्य सिर्जना गर्नु शैलेन्दुप्रकाश नेपालको महाकाव्यकारिताको प्रेरणा र प्रभाव स्रोतगत प्रवृत्ति रहेको देखिन्छ।

### ४.४.२ कथावस्तुगत प्रवृत्ति

शैलेन्दुप्रकाश नेपालका महाकाव्यमा विभिन्न स्रोतबाट कथा लिइएका छन्। **जुनू** महाकाव्यमा ग्रामीण समाजको यथार्थ घटना र प्रकृतिबाट कथा लिइएको छ। त्यस्तै योग र भोग पक्ष बिच मेल देखाइएको **अनामिका** महाकाव्यको विषय कविकल्पनाबाट लिइएको हो। **डायना** महाकाव्यमा वेलायती दरबारमा घटेको सत्य घटनालाई आधार मानिएको छ। कथावस्तुको स्रोतलाई हेर्दा ऐतिहासिक, बौद्धिक, पौराणिक नभई कविकल्पितमा पनि नयाँपन देखापर्छ। लेखकले महाकाव्यहरूमा प्रशस्त मौलिकता र कल्पना थप्ने काम गरेका छन्।

यसरी हेर्दा उत्पाद्य स्रोतबाट कथावस्तु ग्रहण गर्नु उनको कथावस्तु स्रोत सम्बन्धी प्रवृत्ति भएको बुझ्न सकिन्छ ।

आख्यान प्रयोगका दृष्टिले उनका काव्य मध्यम खालका छन् । आख्यान संरचना अन्तर्गत पात्र र परिवेश हुँदाहुँदै पनि झिनो आख्यानलाई अनुभूति र घटनाप्रतिको मानसिक प्रतिक्रियालाई बढी महत्त्व दिएको छ । उनका काव्यमा आख्यानभन्दा जीवनदर्शन र प्रकृति चित्रणको बाहुल्यता रहेको पाइन्छ । पुष्ट आख्यानको प्रयोग गरी महाकाव्य सिर्जना गर्नु तथा आख्यानलाई भन्दा अनुभूतिलाई महत्त्व दिनु उनको महाकाव्यकारिताको आख्यान प्रयोगगत प्रवृत्ति हो ।

उनका महाकाव्यमा पुष्ट कथावस्तु प्रयोगको कुरा पहिले नै गरिसकिएको छ । **जुनू** महाकाव्यमा जुनू र किरणको विवाह, किरण एकदिन साथीसङ्गतले घरबाट निस्कनु, पछि घरको मायाले फर्कनु, जुनू र किरण मिलेर बस्नु, एकदिन घाँस काट्न जङ्गल जाने क्रममा जुनूले भनेको नमानी आफूले ढिपी गर्न खोज्दा रुखबाट लडेर मर्नु, अन्त्यमा जुनू पनि सती गएको प्रसङ्ग उल्लेख गरिएको छ । त्यस्तै **अनामिका**मा योग पक्षको योगी र भोग पक्षकी गणिका (अनामिका)को मेल देखाइएको छ भने **डायना**मा वेलायतकी युवराज्ञी डायनाको जीवनवृत्त प्रस्तुत गरिएको छ। यसरी उनका महाकाव्यमा आदि, मध्य र अन्त्यको शृङ्खला देखापर्दछ। कथावस्तुको बनोट सरल प्रवृत्तिको रहेको छ भने समग्र जीवनको सन्दर्भ पनि झल्किएको छ। यति हुँदाहुँदै पनि अनुभूति तीव्रता र कवित्व प्रवाहको चापबाट कथावस्तु विकसित भएको छ। पुष्ट कथावस्तु भनिए पनि कथावस्तु पातलो पातलै किसिमले रहेको छ ।

उनका महाकाव्यमा कथान्तका दृष्टिले **अनामिका** महाकाव्य संयोगान्त महाकाव्य हो भने **जुनू** र **डायना** वियोगान्त महाकाव्य हुन् । यसरी समग्रमा हेर्दा सुसङ्गठित, पुष्ट र सूक्ष्म तथा झिनो कथाप्रयोग गर्नु, कथान्तमा सुखान्त र दुःखान्त प्रविधि अपनाउनु उनको मूल विशेषता हो । कवित्व प्रवाहको अन्तरचापबाट कथावस्तुको विकसित हुने अवसर दिनु सरल प्रकृतिकै कथा संयोजन गर्दै प्रकृति चित्रण गर्नु, ग्रामीण समाजको चित्रण गर्नु, काल्पनिकतामा जोड दिनु जस्ता प्रवृत्ति उनको महाकाव्यकारिताको मूल प्रवृत्ति हो भन्ने देखिन्छ ।

## ४.४.३ पात्र प्रयोगगत प्रवृत्ति

शैलेन्दुप्रकाश नेपालले आफ्ना महाकाव्यहरूमा नेपाली जनजीवन र परिवेश सुहाउँदा पात्रहरूको संयोजन गरेका छन् । कथावस्तु र विषय सन्दर्भले अपेक्षा गरेभन्दा बढी पात्रहरूको संयोजन भएका छैनन् । उनका सबै महाकाव्यमा कमै पात्र रहेको पाउन सकिन्छ तर **डायना**मा सहायक र गौण पात्रको अधिक प्रयोग भएको पाउन सकिन्छ । ग्रामीण परिवेशका सामान्य पात्रको चयन गर्नु उनको मौलिक विशेषता हो । पात्रका माध्यमबाट प्रकृतिको मानवीकृत गरिएको पाउन सकिन्छ । उनका महाकाव्यमा सामाजिक, सांस्कृतिक, प्राकृतिक, धार्मिक पृष्ठभूमिका पात्रहरू पाउन सकिन्छ ।

उनका **जुनू** र **अनामिका** महाकाव्यमा ग्रामीण परिवेशका पात्रको चित्रण पाइन्छ । लोकलयमा रचिएको सामाजिक महाकाव्य **जुनू**मा ग्रामीण समाजको यथार्थ चित्रण छ । त्यस्तै **अनामिका** महाकाव्यमा पनि नेपाल र भारतीय परिवेशका साधारण पात्रको प्रयोग भेटिन्छ । **डायना** महाकाव्यमा उच्च कूलीन पात्रका रूपमा वेलायतका युवराजको प्रयोग गरे पनि असत् पात्रका रूपमा देखाइएको छ । यसरी उनले पात्र चयनमा विशेषतः ग्रामीण परिवेशमा हुर्किएका पात्रहरुको छनोट गरेका छन् ।

उनका महाकाव्यमा चयन गरिएका पात्रहरू प्रवृत्तिका दृष्टिले अनुकूल/सत् र प्रतिकूल/असत्, आबद्धताका दृष्टिले बद्ध र मुक्त, वर्गीयताका दृष्टिले उच्च, मध्यम र निम्न, भूमिकाका दृष्टिले मुख्य, सहायक र गौण गरी अनेक थरी पात्रहरू रहेको पाउन सकिन्छ । उनका महाकाव्यमा कतिपय पात्रहरू प्रत्यक्ष र कतिपय पात्रहरू सूच्य छन् भने कतिपय ठाउँमा कवि आफै पनि पात्रका रूपमा उपस्थित भएका छन् । यिनै विविध सन्दर्भलाई समेटेर समग्रमा भन्दा आफ्नै जीवन, समाज, शिक्षादीक्षा, धर्मसंस्कृति, बौद्धिक हैसियत, ग्रामीण परिवेश, उच्च कुलीन नभई सामान्य मध्यम वर्गीय सेरोफेरोबाट पात्र चयन गर्नु उनको प्रवृत्ति हो ।

यसका साथै ग्रामीण परिवेशका सरल तथा सिधा पात्रको चयन गर्नु, प्रकृतिको मानवीकरण गर्नु, प्रकृतिप्रेमी, मानवतावादी, पात्रगत सौन्दर्यको चर्चा गर्नु, सहृदयी पात्रको चयन गर्नु उनको महाकाव्यकारिताको पात्र प्रयोगगत प्रवृत्ति हो भन्ने ठहर हुन्छ ।

## ४.४.४ परिवेश विधानगत प्रवृत्ति

शैलेन्दुप्रकाश नेपालले आफ्ना महाकाव्यहरूमा स्थानिक, कालिक, सामाजिक, सांस्कृतिक, प्राकृतिक, आन्तरिक तथा बाह्य परिवेशको संयोजन गरेको पाउन सकिन्छ ।

उनले आफ्ना महाकाव्यहरूमा आफैले देखेभोगेको गाउँठाउँ र जानेबुझेको स्थान विशेषलाई प्रयोग गरेका छन् । सामाजिक परिवेश अन्तरगत विशालकोट, विलासपुर, कान्तिपुर, पाशुपत क्षेत्र, जनकपुर (रामजानकी विवाह स्थल), भारतको ग्रामीण परिवेश, वेलायत, अमेरिका, पाकिस्तान जस्ता स्थानहरू स्थानिक परिवेशका रूपमा आएका छन् । प्राकृतिक परिवेशलाई प्रस्तुत गर्ने क्रममा हिमाल, पहाड, छाँगा, छहरा, वनजङ्गलको आदि स्थान सुन्दर रूपमा उल्लेख भएको पाइन्छ । **जुनू**मा प्रकृतिको सुन्दर चित्रण गरिएको छ भने **अनामिका**मा नेपाल र भारतका विभिन्न स्थानिक परिवेश आएका छन् । **डायना**मा वेलायत, भारत, नेपाल, अमेरिका जस्ता स्थानको परिवेश छ । स्थानिक परिवेशमा प्रकृति चित्रणले प्राथमिकता पाएको छ ।

शैलेन्दुप्रकाश नेपालले महाकाव्यमा कालिक परिवेश अन्तरगत कथावस्तुगत समय सन्दर्भको संकेत गरेका छन् । महाकाव्यले महत् परिवेशको अपेक्षा गर्ने हुनाले सिङ्गो जीवनलाई काव्यमा प्रस्तुत गरिएको छ । जन्मदेखि अन्त्यसम्मको कालिक परिवेश काव्यमा संकेत गरेको पाउन सकिन्छ । सामाजिक विषयका महाकाव्यमा उनले देखेभोगेको र अनुभूत गरेको युगीन कालखण्डको झल्को प्रस्तुत भएको पाइन्छ । त्यस्तै उनका महाकाव्यमा निश्चित कालको चर्चा नगरे पनि **डायना** महाकाव्यमा सन् १९६१ को सेरोफेरोदेखि सन् १९९७ सम्मको कालिक परिवेश छ । यस काव्यमा अन्तर्राष्ट्रिय समुदायमा देखिएको हिंसा र दानवीय प्रवृत्तिको चर्चा गर्दै उक्त कालखण्डमा देखिएका समस्या र संक्रमणकालीन अवस्थाको चित्रण फेला पर्छ ।

शैलेन्दुप्रकाश नेपालले आफ्ना महाकाव्यहरूमा नेपाली जनजीवन, धर्मसंस्कृति र परम्पराको सामाजिक, सांस्कृतिक परिवेश पनि संयोजन गरेका छन् । रसमय ग्रामीण समाज र शुष्क सहरी वातावरणको चित्रण फेला पर्ने उनका महाकाव्यमा सतीप्रथा जस्तो कुप्रथाको विरोध पाइन्छ । रोपाई, तीज, दसै, तिहार, विवाह, बेहुला, बेहुली, मण्डप, मन्दिर, पुराण, सप्ताह आदि अनेक सामाजिक-सांस्कृतिक परिवेशका सन्दर्भहरू पनि फेला पर्छन् । उनका सबै महाकाव्यमा लोक विश्वासका विविध सन्दर्भ तथा नेपाली समाज र संस्कृतिको अंकन पाइन्छ ।

शैलेन्दुप्रकाश नेपालले आफ्ना महाकाव्यमा प्राकृतिक परिवेशको मनमोहक प्रयोग गरेका छन् । उनले विषयवस्तु र कथासन्दर्भसँग सुहाउने प्रकृतिका विभिन्न रूपको संयोजन गरेका छन् । डाँडा, पाखा, वन, चउर, हिमाल, खोलानाला, हिउँदवर्षा, रातदिन,

साँझबिहान, ऋतु, जन्तु, बतास, बादल, आकाश, धर्ती आदि अनेक प्राकृतिक सन्दर्भहरू पनि उनका महाकाव्यमा रहेका छन् । उनका काव्यमा प्रकृतिका अनेकानेक विम्बहरूकै प्रयोगबाट तीक्ष्ण भावसम्प्रेषण गरिएको पाइन्छ । उनले प्रकृतिचित्रणका क्रममा मानवलाई प्रकृतीकरण र प्रकृतिलाई मानवीकरण गरिएको छ । उनका काव्यमा प्रकृतिको वस्तुपरक चित्रण नभई आत्मपरक चित्रण पाउन सकिन्छ । प्रकृतिका शान्तसौम्य, उग्रकठोर जस्ता अनेक रूपको चर्चा गर्दै स्वच्छन्दतावादी काव्यकलाको मर्मानुकूल काव्य सिर्जना गरेको पाउन सकिन्छ । प्राकृतिक विम्बको प्रयोगबाट कलात्मक भाव सम्प्रेषण गरिएको छ ।

यसरी उपर्युक्त चर्चाका सन्दर्भहरूलाई हेर्दा कवि शैलेन्दुप्रकाश नेपाल आफ्नै जीवनका सरोफेरोमा अनुभूत गरेका स्थानीक, सामाजिक, सांस्कृतिक तथा ग्रामीण पहाडी विशेषताको प्राकृतिक परिवेश प्रयोग गर्ने महाकाव्यकार हुन् भन्ने स्पष्ट हुन्छ ।

### ४.४.५ विचार वा सन्देश सम्प्रेषणगत प्रवृत्ति

महाकाव्यकार शैलेन्दुप्रकाश नेपालले आफ्ना तिनवटै महाकाव्यमा कुनै न कुनै जीवनदृष्टि वा विचार तथा नैतिक सन्देश सम्प्रेषण गरेका छन् । उनको वैचारिकता र नैतिक सन्देशको आधार उनको जीवन भोगाइ, शिक्षादीक्षा, समाज, संस्कृति, युगीन परिवेशबाट निर्माण भएको देखिन्छ । यसका साथै स्वच्छन्दतावादी एवम् मानवतावादी चेतना, प्रकृतिको अनन्त रहस्यप्रतिको विश्वास तथा पूर्वीय सभ्यताको चिन्तनबाट विचार तथा नैतिक सन्देश सम्प्रेषण भएको पाइन्छ । प्रायः सबै महाकाव्यमा स्वच्छन्दतावादी काव्यकलाका मर्मबाट प्रभावित भई मानवीयताकै पक्षमा अन्तरतहबाट विचार सम्प्रेषण गरेका छन् ।

**जुनू** महाकाव्यमा मानव जीवनको सफलताको सूत्र प्रेम हो । विवाह मात्र सबै कुरा होइन, प्रेम भएमा मात्र जीवन सार्थक बन्न सक्ने विचार काव्यका नायक नायिकाको प्रेमप्रणय वर्णनबाट स्पष्ट हुन्छ । त्यस्तै **अनामिका** महाकाव्यमा पनि प्रेमबिना जीवन एकांकी बन्ने विचार प्रस्तुत गरिएको छ । योग र भोग पक्षको मेल गराई जीवनलाई खुसी बनाउन प्रेमले अहम्भूमिका खेल्ने विचार सम्प्रेषण गरिएको छ । यसका साथै भौतिक सुख सम्पतिभन्दा आत्मिक प्रेम ठुलो हो भन्ने विचार पनि व्यक्त गरिएको छ । शैलेन्दुप्रकाश नेपालको तेस्रो महाकाव्य **डायना**मा पनि प्रेमबिना जीवन अपुरो बन्ने विचार सम्प्रेषण गर्नुका साथै मानवतावदी स्वर पाइन्छ । यसका साथै प्रकृतिकै शीतल छहारीमा मानव

जीवन सुन्दर बन्ने, राष्ट्र व्यक्तिगत स्वार्थभन्दा माथि हुने विचार सम्प्रेषण गर्दै राष्ट्रियताको भाव प्रस्तुत गरिएको छ। त्यस्तै युगीन वेथिति र सन्त्रासको संकेत गर्दै मानवतावादी चिन्तन समेत व्यक्त भएको छ।

यसरी विविध सन्दर्भबाट प्रेरित हुँदै विचार सम्प्रेषण गरिएका शैलेन्दुप्रकाश नेपालका महाकाव्यहरूमा तिनै विचारका सापेक्षतामा मानवतावादी सन्देश सम्प्रेषण गरिएका छ। जस्तै :

ठूलो र सानो भनेर तोक्ने अवस्था नहोस्
धनीले दुःखी जनको वास  र गास नखोसोस् ! (जुनू : पृष्ठ, १८)

सामाजिक, सांस्कृतिक कुरीतिमा सुधार गर्नुपर्ने विचार पनि व्यक्त गरिएको छ। निष्कर्षतः नारीले स्वतन्त्र रूपमा बाँच्न पाउनुपर्ने सन्देश पनि काव्यले दिएको छ। स्वच्छन्दतावादी, मानवतावादी, प्रकृतिवादी, रहस्यवादी चिन्तनकै सेरोफेरोबाट अनुप्राणित हुँदै आफ्नो जीवन भोगाइ र शिक्षादीक्षाकै मूल आडमा विचार र सन्देश सम्प्रेषण गर्नु उनको महाकाव्यकारिताको विचार र सन्देश सम्पेषणगत प्रवृत्ति हो।

## ४.४.६ रसभाव विधानगत प्रवृत्ति

शैलेन्दुप्रकाश नेपालका महाकाव्यमा विषयवस्तु तथा कथावस्तुको प्रस्तुतिको साथमा रसभावको पनि प्रस्तुति भएको पाइन्छ। प्रेम, मिलन, विछोड, जन्म, मृत्यु, निराशा, आशा, देशभक्ति आदि अनेक विषयसन्दर्भका प्रस्तुतिका क्रममा पूर्वीय साहित्यशास्त्रमा वर्णित प्रायः नवै रसको प्रयोग उनले गरेका छन्। यीमध्ये यिनले सर्वाधिक प्रयोग गरेको रस शृङ्गार रस हो। जसको उदाहरण तल प्रस्तुत गरिएको छ :

हे मेरा प्राण ! हजुरकी रानी सुकेर गैसकी
सुवास छर्थी वनमा मिठो ओइलने भैसकी !
किन पो छोडी जानु भो राजा ! राती पो भागेर
फर्किने किन लागेन मन माया त्यो जागेर ? (जुनू : पृष्ठ ८०)

त्यागमा रम्छु मै प्रेममा जम्छु मै
छौ तिमी आत्माको रागमा गम्छु मै

प्राण नै दिन्छु रे रक्त नै दिन्छु रे
प्रेमकै मार्गमा भक्त भै हिँड्छु रे । (अनामिका : सर्ग २०, श्लोक ५४)

कस्तो चोट पऱ्यो कठै मलिन भो हा हा पियारो मुटु
बज्रै पर्नै गयो हरे ! हृदयमा छाती कसोरी पिई । (डायना : सर्ग ३५, गुच्छक ६३८)

उनको **जुनू** महाकाव्यमा शृङ्गार, वीर, शान्त र करुण रसको प्रयोग गरिए पनि अंगी रसको रूपमा शृङ्गार रस रहेको छ । त्यस्तै **अनामिका** महाकाव्यमा नवै रसको प्रयोग भए पनि शृङ्गार रस नै अंगी रसको रूपमा आएको छ । उनको **डायना** महाकाव्यमा करुण, शृङ्गार, वीर, शान्त, अद्भूत लगायतका रसका रूपमा देखा परे पनि करुण रस अंगी रसका रूपमा देखा परेको छ । यसरी विभिन्न रससँग सम्बन्धित विभिन्न व्यभिचारी/सञ्चारी भाव पनि यथास्थानमा प्रयोग भएकै देखिन्छन् । उनले माथि उल्लिखित रसहरूका विभाव एवम् अनुभावका रूपमा नायक नायिकादि पात्र र तिनका स्थानकालगत् परिवेश एवम् चेष्टालाई नै प्रस्तुत गरेका छन् ।

यसरी शैलेन्दुप्रकाश नेपालले आफ्ना महाकाव्यमा पूर्वीय काव्यशास्त्रोचित रसभावको प्रयोग गरेका छन्, उनका तिनवटै महाकाव्यमा शृङ्गार रसको प्रधानता पाउन सकिन्छ । **जुनू** र **अनामिका** महाकाव्य शृङ्गार रसको केन्द्रीयतामा घुमे पनि **डायना** महाकाव्यमा कारुणिकता वा करुण रसको बाहुल्यता पाउन सकिन्छ । यसबाट मूलतः उनी शृङ्गार रस अंशतः करुण, वीर, शान्त रसका महाकाव्यकार हुन् भन्न सकिन्छ । महाकाव्य मान्यताअनुसार शृङ्गार, वीर र शान्त मध्ये कुनै एक रस अंगी रस हुनुपर्नेमा **डायना** महाकाव्यमा त्यो पाउन सकिँदैन । निष्कर्षतः शृङ्गार, वीर, शान्त र करुण रसलाई महत्त्व दिनु उनको महाकाव्यकारिताको रसभावगत प्रवृत्ति हो भन्न सकिन्छ ।

## ४.४.७ लय प्रयोगगत प्रवृत्ति

शैलेन्दुप्रकाश नेपालका तिनवटै महाकाव्यमा बद्धलयको प्रयोग भएको छ । उनको **डायना** महाकाव्यको २६ औं सर्गमा मुक्तलयको प्रयोग भएको छ । स्वच्छन्दतावादी भावधाराबाट प्रभावित भए पनि उनले आफ्ना महाकाव्यहरूमा लय प्रयोगप्रति उदासिनता देखाएका छैनन् । शास्त्रीय, वर्णमात्रिक लोक लयको कलात्मक एवम् श्रुतिमधुर प्रयोग

उनका महाकाव्यमा पाउन सकिन्छ । उनको **जुनू** महाकाव्यमा पूर्णतः लोकलयको प्रयोग गरिएको छ । **अनामिका** महाकाव्यमा पूर्णतः शास्त्रीय लयको प्रयोग गरेका छन् भने **डायना** महाकाव्यमा लोक शास्त्रीय र मुक्त तिनैलयको प्रयोग गरेको पाउन सकिन्छ ।

शैलेन्दुप्रकाश नेपालका महाकाव्य गेयताका दृष्टिले अत्यन्त प्रभावकारी छन् । लोक प्रसिद्ध शार्दूलविक्रीडित, अनुष्टुप, शिखरिणी, उपजाति, इन्द्रबज्रा, स्रगधराजस्ता शास्त्रीय छन्दका साथै लोकलयको प्रयोग गरी रचिएका उनका महाकाव्यहरू श्रुतिमधुर र मनोहारी गेयगुणले युक्त देखिन्छन् । लयगत परिष्कार र परिमार्जनका लागि काव्यकार अत्यन्त सचेत देखिएका छन् । लयविधानलाई सरल र आत्मपरक सहज सिर्जनाका रूपमा प्रयोग गरेका छन् । आफ्ना महाकाव्यमा अन्त्यानुप्रास, मध्यानुप्रास, अनुकरणात्मक शब्द प्रयोग जस्तो अनेक कलाको प्रयोग गरेको देखिन्छ । बौद्धिकता भन्दा हार्दिकतामा बढी जोड दिने महाकाव्यकार नेपाल बौद्धिकताको थिचाइमा रहेका विभिन्न छन्दको प्रयोगमा भन्दा ग्रामीण सर्वसाधारणको भाषा निस्कने नेपाली लोक संस्कृति सुहाउँदो झ्याउरे लयको प्रयोग गर्नमा पनि रमाएको पाउन सकिन्छ । विभिन्न शास्त्रीय लयको प्रयोग गरेका काव्यमा पनि ग्रामीण नेपाली जनजीवनका सरल र साधारण शब्दको प्रयोग गरिएको छ । यसरी हेर्दा लयप्रयोगमा बौद्धिकता भन्दा हार्दिकतामा जोड दिइएको छ ।

यसरी हेर्दा कवि शैलेन्दुप्रकाश नेपालले विषय र भाव सुहाउँदो लय प्रयोग, लयानुकूल भाषा प्रयोग र लयबाटै भावोत्कर्ष थप्ने सन्दर्भमा पनि सचेत छन् । यसरी लयबद्ध महाकाव्य रचना गर्नु, शास्त्रीय र लोकलयका साथै कहिकतै मुक्त लयको पनि प्रयोग गर्नु एवम् लय सिर्जनामा अत्यन्त सचेत देखिनु उनको महाकाव्यकारिताको लय प्रयोगगत प्रवृत्ति हो ।

## ४.४.८ विम्ब र प्रतीक योजनागत प्रवृत्ति

शैलेन्दुप्रकाश नेपालले आफ्ना महाकाव्यमा आफैले देखेभोगेका, अनुभूत गरेका, विश्वास गरेका तथा जीवन भोगाइ र शिक्षादीक्षाका क्रममा अनुभव गरेका विविध सन्दर्भका विम्बहरूको कलात्मक प्रयोग गरी तीक्ष्ण भाव सम्प्रेषण गरेका छन् । उनले काममा प्रयोग गरेका विम्बहरूको मूल स्रोत प्रकृति हो । यसका साथै इतिहास, धर्म, दर्शन, समाज, संस्कृति लोक परम्परा, लोक विश्वास आदि अनेक क्षेत्रका लोकप्रिय विम्बको प्रयोगबाट आफ्ना महाकाव्यमा कलात्मक अर्थ सम्प्रेषणको प्रयास गरेका छन् ।

जीवनका विविध क्षणमा अनुभूत गरिने सुख, दुःख, हर्ष, विस्मात, उमेर समूहगत अनुभव, जन्म, मृत्यु, विवाह, प्रेम, वियोग आदि अनेक सन्दर्भका भावमय बिम्वको प्रयोग गरेका छन् । उनका महाकाव्यमा प्रयोग भएका प्राकृतिक बिम्वहरू यी हुन् : घाम, छायाँ, पुतली, कोइली, परेवा, जून, तारा बादल, वन, शरद ऋतु, वर्षा ऋतु, वसन्त ऋतु, सर्प, माछा, सुर्यास्त, फूल आदि । त्यस्तै धर्म, दर्शन, समाज, संस्कृति, पुराण एवम् मिथकीय, क्षेत्रका केही बिम्व यी हुन् : शिव, पार्वती, राम, गीता, बुद्ध, सती, दसैं, तिहार तीज आदि । यसरी विभिन्न तबरले काव्यमा बिम्व विधान सहज कृत्रिम खालको नभई सहज, सुन्दर, परिष्कृत र भावसँगै उनिएर आएका छन् ।

उनले आफ्ना महाकाव्यमा विभिन्न प्रतीकको पनि सहज र स्वाभाविक संयोजन गरेको पाइन्छ । उनका महाकाव्यमा चित्रित पात्र एवम् परिवेशका रूपमा चित्रित व्यक्ति एवम् स्थान विशेष नै प्रतीकको रूपमा आएको पाउन सकिन्छ । **जुनू** महाकाव्यमा रहेको जुनू आत्मिक प्रेम तथा प्रकृतिको प्रतीक हो भने किरण भौतिकताको प्रतीक हो । त्यसैगरी पर्वते खराब मानसिकताको प्रतीक हो । त्यस्तै **अनामिका** महाकाव्यमा अनामिका भोगवाद तथा पाश्चात्य दर्शनको प्रतीक हो भने योगी आत्मिक प्रेम, योगवाद तथा पूर्वीय दर्शनको प्रतीकका रूपमा देखा परेको पाइन्छ । त्यसैगरी उनको **डायना** महाकाव्यमा डायनालाई आत्मिक प्रेम र मानवतावादको प्रतीकका रूपमा रहेको पाइन्छ । त्यसैगरी सन्त्रासमय विश्वमा देखा परेका समस्या पनि काव्य परिवेशमा प्रतीकात्मक रूपमा आएको पाउन सकिन्छ । यसरी प्रकृति, समाज, संस्कृति, इतिहास, धर्म, दर्शन आदि सन्दर्भमा लोकप्रिय बिम्वहरू सहज, सुन्दर र प्राकृतिक संयोजनद्वारा कलात्मक भाव सम्प्रेषण गर्नु तथा पात्र र परिवेशकै सन्दर्भलाई प्रतीकका रूपमा सङ्केत गर्नु उनको महाकाव्यकारिताको बिम्व र प्रतीक योजनागत प्रवृत्ति रहेको पाइन्छ ।

## ४.४.९ शीर्षक विधानगत प्रवृत्ति

शैलेन्दुप्रकाश नेपालले आफ्ना महाकाव्यमा मूलतः केन्द्रिय पात्रलाई नै आधार मानी शीर्षक चयन गर्ने प्रवृत्ति अँगालिएको छ । उनले आफ्ना तिनवटै महाकाव्यमा प्रमुख नारी पात्रको नामबाट चयन गरेका छन् । यसरी सम्पूर्ण महाकाव्यको नामकरण नारी पात्रको नामबाट गर्नु काव्यकारको शीर्षक विधानगत प्रवृत्ति हो ।

उनले आफ्ना सम्पूर्ण महाकाव्यको शीर्षक (जुनू, अनामिका, डायना) एक शब्दे चयन गरेका छन् । संक्षिप्त शीर्षक चयन पनि उनको महाकाव्यकारिताको अर्को प्रवृत्ति हो । **जुनू** प्रकृतिको प्रतीक हो । **अनामिका** भोग वा पाश्चात्य दर्शनको प्रतीक हो त्यसैगरी **डायना** मानवतावादको प्रतीक हो । यसरी प्रतीकात्मक अर्थ लाग्ने शीर्षक चयन गर्नु उनको अर्को प्रवृत्ति हो । सबै महाकाव्यको नामकरण नारी पात्रको नामबाट गरेबाट नारीलाई सम्मान गर्ने उनको महाकाव्यकारिताको अर्को प्रवृत्ति हो ।

यसरी उनका सबै महाकाव्यका शीर्षक औचित्यका दृष्टिले उपयुक्त एवम् सार्थक छन् । अवान्तर कथा वा घट्ना क्रम अनुसार **अनामिका** र **डायना** महाकाव्यमा प्रत्येक सर्गमा शीर्षक राखिएको छ । त्यो पनि कथा सङ्केतका दृष्टिले सार्थक र औचित्यपूर्ण नै रहेको पाइन्छ । समष्टिमा पात्र केन्द्रियता (मूलतः नारीपात्रको केन्द्रीयता)लाई आधार मानी सङ्क्षिप्त र औचित्यपूर्ण शीर्षक चयन गर्नु काव्यकारको महाकाव्यकारिताको शीर्षक विधानगत प्रवृत्ति हो ।

### ४.४.१० आयामगत प्रवृत्ति

शैलेन्दुप्रकाश नेपालका महाकाव्यहरू विस्तृत र व्यापक आयामका देखिन्छन् । उनका महाकाव्यहरू महाकाव्यको सैद्धान्तिक अपेक्षा अनुरूपकै जीवन जगत्को समग्रता वा पूर्णांश प्रस्तुत गर्ने किसिमका छन् । उनका पुष्ट आख्यानात्मक महाकाव्यमा विषयवस्तुगत (जीवन जगत्को) समग्रता फेला पर्छ । विस्तृत र व्यापक रूपमा विषयवस्तुको वर्णन गर्दै सुत्रात्मक रूपमा अभिव्यक्तिलाई व्यापक बनाउने उनको अर्को प्रवृत्ति हो ।

नेपालका महाकाव्यहरू आकार, पृष्ठ र श्लोक संङ्ख्याका दृष्टिले पनि विस्तृत प्रकृतिकै देखिन्छन् । उनका तिन महाकाव्य मध्ये **जुनू** १९ सर्ग, १२४ पृष्ठमा रहेको छ भने श्लोक सङ्ख्या छुट्ट्याइएको छैन । त्यस्तै **अनामिका** महाकाव्यमा २१ सर्ग, ३१५ पृष्ठ तथा १६२५ श्लोक रहेका छन् । त्यसैगरी डायना महाकाव्यमा ३६ सर्ग, २५६ पृष्ठ तथा ६८५ गुच्छक रहेका छन् । सामान्यतः शास्त्रीय छन्दको कवितामा चार हरफको एक श्लोक मानिए पनि उनका कवितामा फरक पाउन सकिन्छ । यसरी हेर्दा महाकाव्यको सैद्धान्तिक अपेक्षा अनुरूप विषयवस्तुगत आयाम र श्लोक सङ्ख्याका दृष्टिले मूलतः मानक र पुष्ट एवम् बृहत् प्रकृतिका महाकाव्य रचना गर्नु उनको महाकाव्यकारिताको आयामगत प्रवृत्ति हो भन्न सकिन्छ ।

### ४.४.११ भाषाशैलीगत प्रवृत्ति

शैलेन्दुप्रकाश नेपालको आफ्ना महाकाव्यमा संयमित भएर विषयानुकूल, भावानुकूल, लययुक्त, श्रुतिमधुर एवम् सुक्तिमय सरल सहज भाषाको प्रयोग गरेको पाइन्छ । हतारमा शब्द संयोजन नगरी संयमपूर्ण तरिकाले शब्द चयन गरिए तापनि सरल, सहज र ग्रामीणोन्मुख भाषा प्रयोग गरेका छन् । उनका महाकाव्यमा तत्सम, तद्भव र आगन्तुक शब्दको मिश्रित खाले प्रयोग पनि रहेको छ ।

उनका महाकाव्यमा तत्सम शब्दको प्रयोग भए पनि नेपाली जनजीवनमा पचेका शब्दहरू रहेका छन् । विषयवस्तुगत गाम्भीर्य र भावप्रस्तुतिगत आवश्यकताका कारण तत्सम, तद्भव र आगन्तुक शब्द प्रयोग गरेको छन् । काव्यमा प्रयोग भएका तत्सम शब्द काव्यमर्मानुकूल हुनुका साथै भाव सम्प्रेषणमा बाधक नभई सहयोगी बनेका छन् । आगन्तुक शब्द पनि नेपाली जनजीवनका व्यवहारमा प्रयुक्त र सामाजिक सांस्कृतिक सन्दर्भ झल्कने किसिमका रहेका छन् । ठाउँ-ठाउँमा विभिन्न उक्ति, टुक्का, अनुकरणात्मक शब्द फेला परे पनि यी सबैले काव्यलाई नेपालीपनले युक्त र सङ्गीतमय बनाएका छन् । शब्द संयोजनमा कहीँकतै संस्कृतका सिङ्गो श्लोक पनि प्रयोग गरिएको छ । यसरी हेर्दा विषयवस्तु र भावकै आवश्यकता अनुसारको भाषा प्रयोग गरेको पाइन्छ ।

शैलेन्दुप्रकाश नेपाल लय प्रयोगप्रति अत्यन्त सचेत देखिएका छन् । आफ्ना महाकाव्यमा शास्त्रीय छन्दयुक्त र लोक लययुक्त दुबै थरी छन्द प्रयोगमा जोड दिएको पाइन्छ । सरलता, सहजता र सरसताकै कारण उनका महाकाव्यको भाषा बोधगम्य एवम् हृदयसंवेद्य बन्न पुगेको छ । प्रकृतिको विविधताबाट र अन्य सामाजिक सांस्कृतिक सन्दर्भबाट अनेकानेक बिम्वप्रतीकहरू टिपेर तिनको सहज स्वाभाविक एवम् अकृत्रिम प्रयोग गर्नसक्ने शैलीकौशलले उनका महाकाव्य अलङ्कृत बन्न पुगेका छन् । उनका महाकाव्यमा कवित्वकै प्रबलता फेला पर्छ । कवित्व प्रवाहका चापबाट विषयवस्तुको सुत्रात्मक सङ्केत पनि काव्यमा भेटिन्छ ।

उनका महाकाव्यमा स्वच्छन्दतावादी काव्यकलाअनुकूल प्रकृतिका विविध रूपको चित्रण, प्रकृतिको मानवीकरण, मानवको प्रकृतिकरण, विद्रोहात्मकता, मानवताको खोजी, ग्रामीण र प्राकृतिक सभ्यताप्रति उन्मुखता, विकृति विसङ्गतिको विरोध, भावुकता, सङ्गीतात्मकता र रहस्यात्मकता जस्ता गुणहरू फेला पर्छन् । समष्टिमा भन्दा तत्सम,

तद्भव, आगन्तुक र झर्रा नेपाली शब्दको संमिश्रणबाट तयार भएको भाषालाई विषय र भाव अनुकूल प्रयोग गर्नु, स्वच्छन्दतावादी कविताधाराको भावमर्म र ग्रामीणतर्फ उन्मुख भाषा प्रयोग गर्नु शैलेन्दुप्रकाश नेपालको महाकाव्यकारिताको भाषाशैलीगत प्रवृत्ति हो भन्न सकिन्छ ।

### ४.४.१२ निष्कर्ष

शैलेन्दुप्रकाश नेपाल स्वच्छन्दतावादी महाकाव्यकार हुन् । उनका अहिलेसम्म प्रकाशित तिनओटा (जुनू, अनामिका, डायना) महाकाव्यको अध्ययन गर्दा देखिएका विशेषताका आधारमा उनी स्वच्छन्दतावादी महाकाव्यकार हुन् भन्ने पुष्टिन्छ । (सापकोटा, २०७१ : ११७) महाकाव्यकार शैलेन्दुप्रकाश नेपालका समग्र महाकाव्यको अध्ययन गर्दा उनका महाकाव्यमा कल्पनाशीलता, प्रकृतिचित्रण, सौन्दर्यत्मकता, आत्मपरकता, सरलता, सहजता, मानवतावादी दृष्टिकोण आदि स्वच्छनदतावादी प्रवृत्ति देखा पर्छन् । माथि अध्ययन गरिएका प्रवृत्तिलाई तलका बुँदामा संक्षेमा समेट्न सकिन्छ ।

क) शैलेन्दुप्रकाश नेपालको महाकाव्यकारिता उनको बाल्यकाल, जीवन भोगाई, युगीन परिस्थिति, वंश परम्परा, पिताको प्रेरणा, सामाजिक सांस्कृतिक, राजनीतिक सन्दर्भ तथा पूर्वीय धर्मदर्शनबाट प्रभावित छ ।

ख) शैलेन्दुप्रकाश नेपालका महाकाव्यको कथावस्तु सरल, सम्प्रेष्य आदि मध्य र अन्त्यको शृङ्खलामा रहेको छ । संयोगान्त र वियोगान्त दुबै खालको कथावस्तु रहेको पाइन्छ । लोककथा, सत्य घटनालाई कथास्रोत बनाइए पनि कवि कल्पनाको बाहुल्यता पाउन सकिन्छ । जीवन दर्शनका साथै प्रेमलाई कथावस्तु बनाउने प्रवृत्ति अँगालेको छ ।

ग) कम पात्रको प्रयोग गर्नु, कथावस्तु सुहाउँदो पात्रको प्रयोग गर्नु सामाजिक पृष्ठभूमिका, ग्रामिण परिवेशका सोझा पात्रको प्रयोग गर्ने प्रवृत्ति रहेको पाइन्छ । सांस्कृतिक धार्मिक, दार्शनिक परिवेशका बद्धमुक्त, सत्-असत् एवम् प्रत्यक्ष-सूच्य आदि प्रकृतिका पात्र प्रयोग गर्नु शैलेन्दुप्रकाश नेपालको महाकाव्यकारिताको पात्र प्रयोगगत प्रवृत्ति हो ।

घ) परिवेश विधानका दृष्टिले शैलेन्दुप्रकाश नेपालका महाकाव्यमा सामाजिक सांस्कृतिक, जानेबुझेका गाउँठाउँको प्रयोग, समयसन्दर्भ र युगीन सन्दर्भको

सङ्केत, लोक संस्कार अनेक सन्दर्भका साथै प्राकृतिक परिवेशको प्रयोग पाउन सकिन्छ । प्रकृतिको मन्मयका चित्रणका साथै ग्रामीण परिवशेको चित्रण उनको परिवेश विधानगत प्रवृत्ति हो ।

ङ) मानवतावादी दृष्टिकोण, राष्ट्रियता, नारी सिर्जनशीलताको सम्मान प्रेममय जीवन, नारी र पुरुषको सहअस्तित्व, प्रकृतिको अनन्त रहस्यको सङ्केत र स्वच्छन्दतावादी सेरोफेरो नै **विचार** सम्प्रेषणगत प्रवृत्ति हो ।

च) प्रेम-मिलन, जन्म-मृत्यु, देशभक्ति, मानवता, प्रकृति आदिको चित्रणमा विभिन्न रसको प्रयोग गरे पनि शृङ्गार रसको बाहुल्यता रहेको पाइन्छ । पूर्वीय काव्यशास्त्रमा चर्चित सबै रसको प्रयोग हुनु, तिनका देशकालगत परिवेश नै मूलतः आलम्बन तथा उद्दिपन विभावका रूपमा प्रयोग हुनु नै रसभाव प्रयोगगत प्रवृत्ति हो ।

छ) शैलेन्दुप्रकाश नेपालले आफ्ना महाकाव्यमा शास्त्रीय, लोक र मुक्त गरी तिन गरी लयको प्रयोग गरेका छन् । लोक परिचित विभिन्न छन्दको प्रयोगका साथै श्रुतिमाधुर्यका निम्ति सचेत रहनु, लयोत्कर्षका निम्ति अनुप्रास र अनुकरणात्मक शब्दको प्रयोग गर्नु तथा श्लोक निर्माणमा नयाँपन देखाउनु उनको महाकाव्यकारिताको लयप्रयोगगत प्रवृत्ति हुन् ।

ज) शैलेन्दुप्रकाश नेपालले आफ्ना महाकाव्यहरूमा मूलतः प्राकृतिक स्रोतकै बिम्वहरूको प्रयोग गरेका छन् । प्रकृतिको मानवीकरण र मानवको प्रकृतीकरण गर्नु, पात्र तथा प्रकृतिका विविध सन्दर्भलाई नै प्रतीकका रूपमा प्रयोग गर्नु, बिम्वप्रतीकको अवस्था कृत्रिम नभई सहज, सुन्दर र स्वाभविक हुनु नै उनको बिम्व प्रतीक योजनागत प्रवृत्ति हो ।

झ) सरल, सहज बोलचालकै भाषा प्रयोगका साथै तत्सम, तद्भव, आगन्तुक र झर्रा नेपाली शब्दको कोमल प्रयोग पाउन सकिन्छ । स्वच्छन्दतावादी कविताको भावमर्म उनका काव्यमा पाउन सकिन्छ । पात्रकेन्द्री शीर्षक चयन गर्ने महाकाव्यकार नारीप्रति सम्मान देखाउने काव्यकार हुन् ।

## ४.५ शैलेन्दुप्रकाश नेपालको महाकाव्य यात्रा

शैलेन्दुप्रकाश नेपाल नेपाली साहित्यकाशमा सबै विधामा कलम चलाउने विशिष्ट साहित्यिक व्यक्तित्व हुन् । काव्य विधाका सम्पूर्ण आयाममा कलम चलाएका उनले काव्य विधाकै बृहत्तर विधा महाकाव्यमा पनि कलम चलाएका छन् । वि.सं. २०२९ सालमा कविता लेखनबाट आफ्नो यात्राको सुरुवात गरेका शैलेन्दुले वि.सं. २०४० सालबाट महाकाव्य रचना गर्न थालेका हुन् । उनको लेखनका दृष्टिले पहिलो महाकाव्य **जलन** हो । सामाजिक विषयमा आधारित उक्त महाकाव्य अझै प्रकाशनमा आएको छैन । २०४० सालबाट महाकाव्य लेखनयात्रा प्रारम्भ गरेका शैलेन्दुले सामाजिक विषयवस्तुमा आधारित महाकाव्य लेख्ने क्रममा लोकलयको प्रयोग गरी २०४८ सालमा **जुनू** प्रकाशन गरेका हुन् । सामाजिक दुखान्त कथावस्तु रहेको **जुनू** महाकाव्य नेपाली साहित्यमै लोकलय प्रयोग गरिएको पहिलो सामाजिक महाकाव्य हो (शोधनायकबाट प्राप्त जानकारी) । जुन महाकाव्यको प्रकाशन पश्चात योग र भोगको संयोजनकारी भूमिकामा **अनामिका** महाकाव्य देखा पर्छ । प्रेमकथामा आधारित **अनामिका** पनि सामाजिक सांस्कृतिक विषयवस्तुमा आधारित उत्कृष्ट महाकाव्य हो । यो महाकाव्य २०५६ सालमा प्रकाशित भएको हो । यी दुबै महाकाव्यमा पूर्वीय महाकाव्य सिद्धान्तको प्रयोग केही मात्रामा पाइए पनि कवि कल्पना नै बढी मात्रामा पाइन्छ ।

सामाजिक विषयवस्तुमा कवि कल्पना मिसाएर महाकाव्य सिर्जना गर्ने शैलेन्दुको महाकाव्ययात्राले **डायना**मा पुगेपछि नयाँ मोड लिन पुगेको देखिन्छ । समाज सापेक्ष विषयवस्तु रोज्ने शैलेन्दु **डायना**मा अन्तराष्ट्रिय समुदायमै चर्चामा रहेको विषयवस्तु रोज्न पुग्दछन् । बेलायती युवराज्ञी डायनाको प्रेममय जीवन विघटन पछिको अवस्थालाई चर्चा गर्दै विश्व समाजको चित्र महाकाव्यमा उतारेका छन् । नेपाली समाजको विषयवस्तुबाट धेरै टाढा रही कथावस्तुको चयन गरेका उनको **डायना** महाकाव्य पश्चात् काव्ययात्रामा नयाँ मोड देखा पर्छ । यिनै आधारमा नेपालको महाकाव्य यात्रालाई दुई चरणमा विभाजन गर्न सकिन्छ ।

### ४.५.१ पूर्वाद्ध चरण

महाकाव्यकार शैलेन्दुप्रकाश नेपालको महाकव्य लेखनयात्रा सुरु भएदेखि **अनामिका**को प्रकाशन सम्मको समयावधिलाई पूर्वाद्ध चरण भन्न सकिन्छ । पहिलो लिखित महाकाव्य **जलन** हो । उक्त महाकाव्य २०४० सालमै पूर्णतः मात्रिक छन्दमा लेखिएको

थियो । सामाजिक विषयमा आधारित प्रस्तुत काव्य सबैभन्दा पहिले लेखिए पनि अहिलेसम्म प्रकाशन गर्ने साइत जुरेको छैन (शोधनायकबाट प्राप्त जानकारी) । २०३९-४० बाट सुरु भएको महाकाव्य लेखनयात्रा २०४८ सालसम्म आइपुग्दा पूर्ण गीतिलयमा **जुनू** रचिएको देखिन्छ । नेपाली काव्य इतिहासमा गीतिलयमा खण्डकाव्य सिर्जना गरिए पनि महाकाव्य सिर्जना हुन नसकेको अवस्थामा शैलेन्दुले पूर्ण रूपमा झ्याउरे ढाँचाको गीतिलय (३+२, ३+२, ३+३) को प्रयोग गरी **जुनू**को रचना र प्रकाशन गरेको पाइन्छ । नेपाली महाकाव्य इतिहासमा **जुनू** नै पहिलो सामाजिक कथावस्तुमा आधारित गीतिकाव्य हो (शोध नायकबाट प्राप्त जानकारी) ।

लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित मुनामदनको शैलीलाई अङ्गिकार गरी लेखिएको **जुनू** महाकाव्यमा प्राकृतिक सुन्दरता, मनोहारितामा झुलिरहेको र साङ्केतिक रूपमा प्रकृतिका विविध तत्त्व माथि जीवन खोजिरहेको देखिन्छ (ढुङ्गाना, २०६२ : ११५) । यस काव्यमा राष्ट्रिय भूमि, प्रकृति, संस्कृति र परम्परालाई छोइएको पाइन्छ ।

**जुनू** महाकाव्य उन्नाइस किरण र एक सय चौबिस पृष्ठमा संरचित छ । काव्य लेखनको पहिलो चरणमा लेखिएको यो काव्यमा ग्रामीण पर्यावरणको चित्रण पाउन सकिन्छ । यस काव्यमा पूर्वीय मान्यतालाई आंशिक रूपमा पालना गरेको देखिन्छ ।

पूर्वार्द्ध चरणको अन्तिम तथा दोस्रो प्रकाशित महाकाव्य **अनामिका** हो । **अनामिका** महाकाव्यमा गणिका र योगिका बिच देखिएको प्रेमकथालाई समेट्दै मानिसमा योग भन्दा प्रेमको अपरिहार्यता बढी हुन्छ भन्ने देखाइएको छ (शोध नायकबाट प्राप्त जानकारी) । अध्यात्मिक पक्ष भौतिक पक्षको संयोजन गरी प्रकृति, संस्कृति समाज आदि विभिन्न पक्षको स्वच्छन्दतावादी महाकाव्यमा प्रस्तुत गरेका छन् ।

एक्काइस वटा विभिन्न छन्दको प्रयोग गरी रचिएको **अनामिका** महाकाव्य एक्काइस सर्गमा संरचित छ । शास्त्रीय छन्दमा महाकाव्य लेख्ने कार्य कठिन हुँदा पनि पूर्णतः शास्त्रीय छन्दमा **अनामिका** महाकाव्य लेखिएको छ । आध्यात्मिकता र भौतिकताको समन्वय गर्दै लेखिएको यो महाकाव्य लेखनका दृष्टिले तेस्रो र प्रकाशनका दृष्टिले दोस्रो काव्य हो । यसले पूर्वीय र पाश्चात्य दुबै मान्यताको समीकरण गरेको छ । **अनामिका**सँगै नेपालको महाकाव्य लेखनको पूर्वार्द्ध चरण सम्पन्न हुन्छ ।

## ४.५.२ उत्तरार्द्ध चरण

**डायना** महाकाव्य वि.सं. २०६१ सालमा सिर्जना गरे पश्चात् उनको महाकाव्य लेखनमा नयाँ अध्यायको सुरुवात हुन्छ । विश्व समुदायको विषयवस्तुलाई टपक्क टिपेर

नेपाली काव्यजगत्मा विश्व समुदायको चित्र प्रस्तुत गरेका छन् । बेलायती राजकुमारी डायनाको सङ्घर्षपूर्ण जीवन प्रस्तुत काव्यमा प्रेम पनि स्वार्थसिद्धीका लागि गरिए जस्तो देखिन्छ । दरबारिया कुकृत्य, शोषण, अन्यायबाट प्रताडित डायना आफ्ना छोराछोरीका साथ एक्लै बस्न थाले पश्चात दरबारिया गतिविधि कतिसम्म स्वार्थी हुन्छ भन्ने तथ्य प्रस्तुत छ । नारीवादी चेतनालाई बलप्रदान गर्न यो काव्य उत्कृष्ट बनेको छ ।

उत्तरार्द्ध चरणका उनका महाकाव्यमा पहिलो चरणमा भन्दा केही फरकपन पाउन सकिन्छ । उनका काव्यमा परिष्कार तथा स्तरीयता पनि थपिएको देखिन्छ । सामान्य ग्रामीण परिवेश चित्रणमा रमाउने कवि यस चरणमा विश्व परिवेशलाई छुन पुगेका छन् । यस चरणको महाकाव्य समसामयिक घटनाक्रममा आधारित देखिन्छ । नारी सङ्घर्ष र जीवनगत यथार्थता पनि वेलायतकी युवराज्ञी डायनाको विषय लिएबाट प्रस्तुत भएको बुझिन्छ । लोकलय र शास्त्रीय लयको मात्र प्रयोग गरी कविता लेख्ने कविले यस चरणमा मुक्त लयलाई पनि स्थान दिएको देखिन्छ । डायना महाकाव्यलाई शोककाव्यका रुपमा पनि लिन सकिन्छ । यसरी हेर्दा यो चरण परिष्कार र परिमार्जनका दृष्टिले पनि महत्त्वपूर्ण रहेको छ ।

महाकाव्यकार शैलेन्दुप्रकाश नेपालका प्रकाशित **जुनू**, **अनामिका** र **डायना** प्रकाशन पश्चात् नेपाली इतिहासमा शक्तिशाली शासक श्री ३ जङ्गबहादुर राणाको जीवनकथामा आधारित महाकाव्य **जङ्गबहादुरको वायु** रचना गरे पनि उक्त महाकाव्य प्रकाशनमा आएको छैन । त्यस्तै हाल उनी **विक्षिप्त संसार** महाकाव्य रचनामा व्यस्त छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

### ४.५.३ निष्कर्ष

शैलेन्दुप्रकाश नेपालका तिनवटा महाकाव्यको अध्ययन गर्दा उनका सबै महाकाव्य उत्कृष्ट देखिन्छन् । नेपाली लोकलय, संस्कृत शास्त्रीय लय र मुक्त लयमा काव्य सिर्जना गर्ने अठोट लिएका महाकाव्यकार शैलेन्दुप्रकाश नेपालका तिनवटै काव्यको नामकरण प्रमुख नारीपात्रका नामबाट गरेका छन् । उनका महाकाव्यमा विभिन्न सर्गमा विभाजन गरिएको छ । **जुनू** महाकाव्यको प्रमुख पुरुष पात्र किरणको नामबाट सर्गको नामकरण गरेको देखिन्छ । एक्काइस सर्गमा विभक्त **अनामिका** महाकाव्यमा सर्गको नामकरण सर्ग नै भनेर गरिएको छ । **डायना** महाकाव्यमा पनि सर्ग नामकरण सहित छत्तीस सर्गमा विभाजित छ (ढुङ्गाना, २०६२ : ४३) । लयका दृष्टिले उनका महाकाव्य उच्च कलात्मक देखिन्छन् । **जुनू**मा लोकलय, **अनामिका**मा संस्कृत वर्णमात्रिक छन्दका एक्काइस ओटा छन्द र **डायना**मा

शास्त्रीय, लोक तथा मुक्त समेत गरी अठार छन्दको प्रयोग गरिएको छ। **अनामिका**मा शास्त्रीय छन्दको प्रयोगको साथै पूर्वीय महाकाव्य मान्यता अनुरूप सर्गान्तमा छन्द परिवर्तन वा भावी सर्गको जानकारी समेत गराइएको छ। **जुनू**मा ३+२, ३+२, ३+३ मा आधारित लोकलयको प्रयोग गरिएको छ। लेखनका दृष्टिले पाँचवटा महाकाव्य लेखिए पनि हालसम्म तिनवटा महाकाव्य प्रकाशित छन्। उनका महाकाव्यमा स्वच्छन्दतावाद, राष्ट्रप्रेम, मानवतावाद तथा संस्कृति प्रेमको भावना भेटिनुका साथै राष्ट्रनिर्माणको भावनाले परिव्याप्त देखिन्छ।

शैलेन्दुले २२ वर्षकै कलिलो उमेरमा शास्त्रीय मात्रिक छन्दमा **जलन** महाकाव्य लेखेका थिए । उनले हालसम्म पाँच महाकाव्य (**जलन**, **जुनू**, **अनामिका**, **डायना** र **जङ्गबहादुरको वायु**) को रचना गरे पनि **जलन** र **जङ्गबहादुरको वायु** अझै प्रकाशित भएका छैनन्। भिन्नाभिन्नै संरचना, विषयवस्तु र लयमा संरचित तिन महाकाव्य (**जुनू**, **अनामिका**, **डायना**) प्रकाशित भई सकेका छन्।

परिच्छेद - पाँच

# उपसंहार

## ५.१ परिच्छेदगत सारांश

**शैलेन्दुप्रकाश नेपालको महाकाव्यकारिता** शीर्षकमा तयार पारिएको प्रस्तुत शोधपत्रमा जम्मा पाँच ओटा परिच्छेद रहेका छन् । परिच्छेद एकमा शोध परिचय शीर्षक दिई विषय परिचय, शोध समस्या, समस्या कथन, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, शोध विधि तथा शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

परिच्छेद दुईमा महाकाव्यको सैद्धान्तिक परिचय दिइएको छ । जस अन्तरगत महाकाव्यको पृष्ठभूमि, पूर्वीय परम्परा, पाश्चात्य परम्परा, नेपाली परम्परा र परिभाषाका साथमा महाकाव्यका तत्वहरू पनि प्रस्तुत गरिएको छ । महाकाव्यका तत्त्वमा कथावस्तु, चरित्र, विचार, रस, लय, बिम्व, प्रतीक, शीर्षकीकरण, भाषाशैली आदिको चर्चा गरिएको छ ।

परिच्छेद तिनमा शैलेन्दुप्रकाश नेपालको सामान्य परिचय र उनका महाकाव्य कृति र जीवनी-व्यक्तित्व बिचको अन्तः सम्बन्ध प्रस्तुत गरिएको छ । नेपालको जन्म, जन्मस्थान, बंशपरम्परा, पारिवारिक जीवन, शिक्षादीक्षा, रुचि र स्वाभाव, पेसा र जागिरे जीवन, प्रेरणा र प्रभाव साहित्य लेखनको सुरुवात, संलग्नता, सम्मान र पुरस्कार तथा जीवन दर्शनको चर्चा गरिएको छ । यसका साथै जीवनी र महाकाव्य कृतितत्त्वको सम्बन्ध प्रस्तुत गरिएको छ ।

परिच्छेद चारमा शैलेन्दुप्रकाश नेपालका महाकाव्यको विधातात्विक अध्ययन गरिएको छ । उनका प्रकाशित तिनवटै महाकाव्य **जुनू**, **अनामिका** र **डायना** महाकाव्यको छुट्टाछुट्टै शीर्षकमा महाकाव्य तत्त्व (कथावस्तु, चरित्र, विचार, रस, लय, बिम्व र प्रतीक, शीर्षकीकरण, भाषाशैली) का आधारमा विधातात्विक अध्ययन गरिएको छ र तिनै महाकाव्य तत्त्वका आधारमा महाकाव्यात्मक प्रवृत्ति निरूपण गर्दै महाकाव्ययात्रा र योगदानको चर्चा गरिएको छ ।

परिच्छेद पाँचमा शोधपत्रको उपसंहार तथा सारांश प्रस्तुत गरिएको छ । यसमा महाकाव्यकारिताका प्रवृत्तिको निरूपण गरी महाकाव्य अध्ययनको निष्कर्ष प्रस्तुत गरिएको

छ। यसमा महाकाव्यकारिताको प्रवृत्तिको निरूपण गरी महाकाव्य अध्ययनको निष्कर्ष प्रस्तुत गरिएको छ।

## ५.२ समष्टिगत निष्कर्ष

प्रस्तुत शोधको पहिलो परिच्छेदमा उठाइएका समस्याको समाधानका रूपमा प्राप्त भएको निष्कर्षलाई समष्टि निष्कर्षका रूपमा तलका बुँदामा अङ्कित गरिएको छ।

क) शैलेन्दुप्रकाश नेपाल (वि.सं. २०१८) नेपाली महाकाव्य परम्परामा स्वच्छन्दतावादी भावधाराको प्रयोग गर्दै महाकाव्य सिर्जना गर्ने स्रष्टा हुन्। वि.सं. २०४० भन्दा पहिले नै महाकाव्य रचना गरेको देखिए पनि महाकाव्यगत प्रकाशनको थालनी भने वि.सं २०४८ मा प्रकाशित **जुनू**बाट भएको हो। त्यसपछि **अनामिका** (२०५६), **डायना** (२०६१) गरी हालसम्म उनका प्रकाशित महाकाव्यको सङ्ख्या तिन पुगेको छ। उनका जीवनका विभिन्न सन्दर्भको अध्ययन गरी हेर्दा उनका महाकाव्यहरूमा उनको जीवनका विभिन्न सन्दर्भको प्रभाव परेको पाइन्छ। आफूले बाल्यकालमा भोग्नुपरेका समस्या, उठबस गरेको ग्रामीण परिवेश, औपचारिक र अनौपचारिक अध्ययनका क्रममा प्राप्त दार्शनिक एवम् शास्त्रीय ज्ञान, कालिदास, सेक्सपियर, वर्डस्वर्थ, लेखनाथ, देवकोटा आदि कविका कविताकृतिको अध्ययनबाट प्राप्त स्वच्छन्दतावादी काव्यकला, राष्ट्रिय-अन्तर्राष्ट्रिय युगीन परिवेशको चेतनालाई आफ्ना महाकाव्यमा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा प्रयोग गरेकै छन्। यसबाट उनको जीवनी र महाकाव्यकारिताका बिच अन्तः सम्बन्ध रहेको स्पष्ट हुन्छ।

ख) शैलेन्दुप्रकाश नेपालका प्रकाशित तिनवटा काव्यहरू आख्यानका दृष्टिले पुष्ट रहेका छन्। आकृतिका दृष्टिले बृहत र मध्यम दुवै खालका रहेका छन्। विषयवस्तुका दृष्टिले सामाजिक, प्राकृतिक र ऐतिहासिक रहेको पाउन सकिन्छ। तिनवटै महाकाव्य मात्रिक, वर्णमात्रिक, शास्त्रीय लयले बद्ध रहेका छन्। दुईवटा काव्य शृङ्गार रस प्रधान छन् भने एउटा करुण रस प्रधान काव्य हो। लय र रस प्रयोगका दृष्टिले उनका काव्य उत्कृष्ट रहेको पाइन्छ।

ग) शैलेन्दुप्रकाश नेपालका तिनवटै महाकाव्य महाकाव्य मान्यता अनुकूल र प्रतिकूल दुबै खालका छन्। आख्यान भन्दा कवित्व प्रवाहमा जोड दिएको पाउन सकिन्छ। मानवीय संवेदनालाई कवितामा ढालेर हृदय संवेद्य महाकाव्य सिर्जना गर्ने स्रष्टाका

रूपमा देखिएका छन् । मानवता, जातीय गौरव, पूर्वीय, पाश्चात्य दर्शन, प्रकृतिको अनन्त रहस्य एवम् जीवन र प्रेमलाई महाकाव्यको वैचारिक आधार बनाएका छन् । महाकाव्यमा बिम्व र प्रतीकको सहज, सुन्दर र अकृत्रिम प्रयोग भने रहेको पाइन्छ भने लय माधुर्य पनि लहराएको पाइन्छ । नेपाली हिमाली एवम् ग्रामीण प्रकृतिको मन्मय एवम् सौन्दर्यपूर्ण प्रयोग तथा परिष्कृत परिमार्जित सौन्दर्यपूर्ण भाषा उनका काव्यमा रहेको पाइन्छ ।

घ) शैलेन्दुप्रकाश नेपालले आफ्ना महाकाव्यमा स्वच्छन्दतावादी काव्यधाराका आत्मपरकता, कल्पनाशीलता, ग्रामोन्मुखता अतीतप्रेम, प्रकृतिप्रेम मानवतावाद, राष्ट्रप्रेम तीव्र सङ्गीत चेतना जस्ता प्रवृत्तिहरू देखा पर्छन् । कवि कल्पित विषयमा जीवन र जगत्को समग्रता झल्कने विषयका साथै विषय सुहाउँदो पात्र, नेपाली जनजीवन, समाजसंस्कृति प्रकृति एवम् मानवता, राष्ट्रियता, प्रकृतिको अनन्त रहस्य सन्दर्भका साथ मूलतः शृङ्गार रसलाई प्रयोग गर्नु, छन्दोबद्धता, लयगत तीव्रता, प्रकृति, धर्म, दर्शन र लोक जीवनका बिम्वको सहज प्रयोग, सर्गगत सन्तुलन, सरल, सहज, ग्रामीण भाषाका साथै विद्रोहात्मकता जस्ता उनका महाकाव्यका मूल प्रवृत्ति हुन् । **जून, अनामिका, डायना** जस्ता स्वच्छन्दतावादी महाकाव्य सिर्जना गरी नेपाली महाकाव्य परम्परामा गुणात्मक दिशानिर्देश गर्नुका साथै स्तरीय र स्वच्छन्दतावादी महाकाव्यकारका रूपमा आफूलाई खडा गरेको देखिन्छ ।

## थप अध्ययनका लागि सम्भावित शोधशीर्षकहरू

१. शैलेन्दुप्रकाश नेपालका महाकाव्यमा वैचारिक पक्ष
२. शैलेन्दुप्रकाश नेपालका महाकाव्यमा राष्ट्रिय चेतना
३. शैलेन्दुप्रकाश नेपालका महाकाव्यको ध्वनितात्त्विक अध्ययन

# सन्दर्भ सूची

**कृति सूची**


अवस्थी, महादेव (२०६१) **लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता**, काठमाडौं : एकता बुक्स ।

अवस्थी, महादेव (२०६४) **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य विमर्श**, काठमाडौं : इन्टेलेक्चुअल्ज बुक प्यालेस ।

अधिकारी कृष्णराज (२०६६) **महाकाव्य सिद्धान्त र देवकोटाका महाकाव्य**, पोखरा : गण्डकी साहित्य संगम ।

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्री विशाल (सम्पा. २०७०) **प्रयोगात्मक नेपाली शब्दकोष** (दोस्रो संस्करण), काठमाडौं : विद्यार्थी प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०६७) **साहित्य-प्रकाश**, (सा.सं.) काठमाडौं : साझा प्रकाशन ।

खत्री, विष्णुकुमार (२०७१) **महाकवि देवकोटाका काव्यकृति**, काठमाडौं : बृहस्पति पुस्तक प्रकाशन ।

गौतम, कृष्ण (२०५५) **पाश्चात्य महाकाव्य**, काठमाडौं : भुँडीपुराण प्रकाशन ।

जोशी, कुमारबहादुर (२०५७) **देवकोटाको कवितायात्राको विश्लेषण र मूल्याङ्कन**, काठमाडौं : साझा प्रकाशन ।

ज्ञवाली, रामप्रसाद (२०६८) **महाकाव्य सिद्धान्त र नेपाली प्रयोग**, काठमाडौं : ऐरावती प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य (२०६५) **नेपाली कविता (भाग ४)** (पाँ.स) काठमाडौं : साझा प्रकाशन ।

थापा, मोहनहिमांशु (२०६६) **साहित्य परिचय** (पाँ.स), काठमाडौं : साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद (२००३) **सुलोचना** (ए.सं.), काठमाडौं : साझा प्रकाशन ।

नेपाल, शैलेन्दुप्रकाश (२०४८) **जुनू**, काठमाडौं : सिर्जना प्रकाशन ।

…………………, (२०५६) **अनामिका**, काठमाडौं : नइ प्रकाशन ।

…………………, (२०६१) **डायना**, काठमाडौ : नेपाल जन प्रज्ञा प्रतिष्ठान ।

न्यौपाने, नेत्रप्रसाद (२०६५) **देवकोटाका केही काव्यकृतिको विवेचना**, पाल्पा : कला विमर्श केन्द्र ।

पाण्डे, नित्यानन्द (२०६५) **महाकावि देवकोटा** (दो.सं.), काठमाडौं : साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५८) **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, काठमाडौं : साझा प्रकाशन ।

भण्डारी, पारसमणि र पौड्याल, माधवप्रसाद (२०७०) **नेपाली कविता र काव्य**, (चौ.सं.) काठमाडौ : विद्यार्थी प्रकाशन ।

भाउपन्थी (२०६०) **कविकोश**, काठमाडौं : ने.रा.प्र.प. ।

रिसाल, राममणि (२०५०) **काव्य र कवि** (चौ.सं.) काठमाडौं : साझा प्रकाशन ।

शर्मा, गोपीकृष्ण (२०६३) **संस्कृत साहित्यको रुपरेखा** (चौ.सं.) काठमाडौं : शब्दार्थ शर्मा ।

शर्मा, विनयकुमार (२०५९) **नेपाली महाकवि र महाकाव्य**, काठमाडौं : भाभा प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६६) **शोध विधि**, (चौ.सं.) काठमाडौं : साझा प्रकाशन ।

.................... (२०६७) **पूर्वीय र पाश्चातय साहित्य सिद्धान्त**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ दयाराम र शर्मा, मोहनराज (२०६४) **नेपाली साहित्यको संक्षिप्त इतिहास**, (न.स.) काठमाडौं : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०६३) **नेपाली साहित्यका केही पृष्ठ** (पाँ.सं.), काठमाडौं : साझा प्रकाशन ।

सिग्देल, सोमनाथ (२०५८) **साहित्य प्रदीप** (दो.सं.) काठमाडौं : विद्यार्थी प्रकाशन ।

सम, बालकृष्ण (२०१५) **चिसो चुल्हो** (दो.सं.) काठमाडौं : साझा प्रकाशन ।

## **शोधपत्र सूची**

कोइराला, शिवराम (२०६८) ***अनामिका महाकाव्यको विषयगत अध्ययन,*** स्नातकोत्तर, शोधपत्र (अप्रकाशित) त्रिचन्द्र क्याम्पस ।

खत्री, विष्णुकुमार (२०६७) ***माधव घिमिरेको खण्डकाव्यकारिता,*** विद्यावारिधि, शोधप्रबन्ध (अप्रकाशित) संस्कृत विश्वविद्यालय

ढकाल, बावुराम (२०६७) ***अनामिका महाकाव्यको विश्लेषण,*** स्नातकोत्तर शोधपत्र (अप्रकाशित) पशुपति बहुमुखी क्याम्पस

ढुङ्गाना, सिर्जना (२०६२) ***शैलेन्दुप्रकाश नेपालको जीवनी, व्यक्तित्व र कृतित्व,*** स्नातकोत्तर, शोधपत्र (अप्रकाशित) पदमकन्या बहुमुखी क्याम्पस ।

थापा, सङ्गीता (२०६९) ***नारीवादी दृष्टिकोणबाट डायना महाकाव्यको अध्ययन,*** स्नातकोत्तर, शोपत्र (अप्रकाशित) पद्म कन्या बहुमुखी क्याम्पस ।

धिताल, विष्णुप्रसाद (२०७०) ***जुनु महाकाव्यको सामाजिक पक्ष,*** स्नातकोत्तर, शोधपत्र (अप्रकाशित) पशुपति बहुमुखी क्याम्पस ।

बस्नेत, धनकुमारी (२०६७) **डायना महाकाव्यको विश्लेषणात्मक अध्ययन,** स्नातकोत्तर, शोधपत्र (अप्रकाशित) पद्मकन्या बहुमुखी क्याम्पस ।

भट्टराई, रीता (२०६१) ***जुनू महाकाव्यको अध्ययन,*** स्नातकोत्तर शोधपत्र( अप्रकाशित) पद्मकन्या बहुमुखी क्याम्पस ।

सापकोटा, पशुपति (२०७१) ***शैलेन्दुप्रकाश नेपालका महाकाव्यमा स्वच्छन्दतावाद,*** स्नातकोत्तर, शोधपत्र (अप्रकाशित) पशुपति बहुमुखी क्याम्पस ।

**पत्रपत्रिका सूची**

खनाल, वासुदेव (२०५८) भौतिक र आध्यात्मिकताबिच सन्तुलन **मधुपर्क**, वर्ष ३५, अङ्क ५, पूर्णाङ्क ३०६ ।

ढुङ्गाना, सिर्जना (२०६३) महाकाव्यकार शैलेन्दुप्रकाश नेपालको अनामिका महाकाव्यको विवेचना, **अन्नयन**, अङ्क ५९, वैशाख, जेठ, असार ।

………………., (२०६४) महाकाव्यकार शैलेन्दुप्रकाश नेपाल र उनको डायना महाकाव्य : एक विवेचना, **उन्नयन**, अङ्क ६५, कार्तिक, मङ्सिर, पुस ।

दाजुभाइ, दिपकमणि (२०५६) लिटिल देवकोटा र अनामिका महाकाव्य, **घटना र विचार**, भदौ १४ ।

भण्डारी, गोपालप्रसाद (२०५१) जुनू महाकाव्यमा प्रकृति र नेपाली संस्कृति, **रत्नश्री**, वर्ष ३२, अङ्क ४, पूर्णाङ्क १६५, फागुन-चैत ।

भण्डारी, श्रीश (२०६१) फूलको अवसानमा, **कान्तिपुर दैनिक** पत्रिका, फागुन ८ ।

# परिशिष्ट

## शोध नायकसँगको अन्तरवार्ता

**शोधार्थी : कविज्यू ! यहाँको महाकाव्यमा जीवनमा अनुभूत गरेका कुराको कस्तो प्रभाव रहेको छ ?**

कवि : मेरो जन्म सुन्दर पहाडी प्रकृतिको काखमा भएको हो । उक्त स्थानमा लामो समय बस्न पाइन । बाल्यकाल सुनसरीको चतरा तथा कोसीको किनारमा गाईवस्तु चराउँदै बितेको हो । त्यस्तै किशोरावस्था मोरङको सिजुवा सौठामा बित्यो । यसरी ती प्राकृतिक स्थानको प्रभाव काव्यमा अवश्य पनि पाउन सकिन्छ । यसका साथै मेरा पिताजी संस्कृत साहित्यको विद्वान्, साहित्यकार, पत्रकार, शिक्षक हुनुहुन्थ्यो । त्यसैले पुर्ख्यौली संस्कारको प्रभाव पनि स्वाभाविक रह्यो । त्यसका साथमा पेशागत रूपमा प्राध्यापक भएकाले मानवीय जीवनदर्शन, साहित्यको महत्त्व, महाकाव्यको गौरवका बारेमा परिचित हुँदै त्यसको प्रभावका साथमा युगबोध र युगचेतनाबाट पनि प्रभावित भएको हुनाले यिनै कुराको प्रभाव रहेको छ ।

**शोधार्थी : यहाँका प्रकाशित (जुनू, अनामिका, डायना) महाकाव्यको सन्दर्भ पनि बताइदिनुहोस् न !**

कवि : मेरा हालसम्म प्रकाशित तिनवटा महाकाव्यमध्ये **जुनू** सिर्जनाको परिणाम लोकलयमा ग्राम्य, सामाजिक जनजीवन प्रस्तुत गर्ने चाहना नै हो । **अनामिका** मनुष्य जीवनको योगवादी र भोगवादी जीवनशैलीको समीकरणको प्रयास गरेको छु । मानव जीवनलाई एक पक्षबाट मात्र हेर्दा एकाङ्गी हुन जान्छ । त्यसैले योग र भोग दुबैको समन्वय हुनसके मात्र जीवनले पूर्णता पाउँछ भन्ने विचारको उपजको रूपमा **अनामिका** आएको हो । तेस्रो महाकाव्य **डायना** वेलायतकी युवराज्ञी डायनाले जीवनमा गरेको सङ्घर्ष, मानवसेवा र उनको असामयिक निधनको परिणामस्वरूप आएको हो ।

**शोधार्थी : यहाँलाई प्रकृतिको पक्षमा लेख्ने कवि भन्न मिल्छ ?**

कवि : मिल्छ जस्तो लाग्छ, मेरो मुख्य पहिचान तथा कवितात्मक शैली स्वच्छन्दतावादी रहेको अनि स्वच्छन्दतावादीहरू प्रकृतिलाई सर्वोपरि मान्ने हुनाले मेरो सिर्जनामा त्यो विशेषता देखिनु स्वाभाविक रहेको छ ।

**शोधार्थी : यहाँको पूर्वीय काव्यशास्त्रमा पनि दख्खल छ, हैन त ?**

कवि : केही मात्रामा छ, मेरो पारिवारिक पृष्ठभूमि, अध्ययनको प्रारम्भिक अवस्था तथा साहित्यिक वातावरण आदिले पूर्वीय काव्यशास्त्रतर्फ झुकाव राख्नु मलाई मार्ग प्रशस्त गरेका हुन् । साहितयशास्त्रको समग्र रहस्य खोतल्ने प्रसङ्गमा हाम्रा पूर्वजहरूले व्यापक र सूक्ष्म दुबै रूपमा अद्वितीय योगदान गरेका छन् । म त्यसप्रति अनुगृहित र आकर्षित छु ।

**शोधार्थी : यहाँ आफ्ना महाकाव्यमा किन नारीपात्रलाई बढी प्राथमिकता दिनुहुन्छ ?**

कवि : मेरा महाकाव्य मुख्यतः नारी समस्यामा केन्द्रित छन् । नारी नै नायिकाको रूपमा केन्द्रीय भूमिकामा छन् । त्यसकारणले नारीप्रधानता देखिनु स्वाभाविकता हो । फेरि प्रकृति, नारी, कविता जस्ता विषयपक्ष सौन्दर्यका आधारभूमि हुन् । स्वच्छन्दतावादी कवित्व त्यही सौन्दर्य र जीवन रहस्यमा केन्द्रित हुनाले पनि नारी नै प्रमुख भएर आएका छन् ।

**शोधार्थी : मेरो शोधकार्यका सम्बन्धमा केही सुझाव छ कि ?**

कवि : शोधकार्य आफैमा गहन र महत्त्वपूर्ण हुन्छ । यस पक्षमा मौलिक चिन्तन गरी आधिकारिक शैलीमा आफ्ना अवधारणा खोज र प्राप्तिलाई प्रस्तुत गर्ने पक्षमा तपाईको शोधकार्य सार्थक हुनेछ भन्ने मैले ठानेको छु । विषयको प्रस्तुतिमा निष्पक्षता र शैलीमा गम्भीरता यी दुई पक्षलाई समेट्न सक्नुभयो भने तपाईको शोधकार्य उपलब्धिपूर्ण बन्नेछ ।

## शोधनायकको फोटो



# शोधार्थीको परिचय



| | | |
|---|---|---|
| **नाम** | : | **हेमन्त पराजुली** |
| **जन्म मिति** | : | २०४६।१२।१४ |
| | : | २७ मार्च १९९० |
| **जन्मस्थान** | : | खिदिम - ५, अर्घाखाँची |
| **पिता** | : | श्री भोजराज पराजुली |
| **माता** | : | कमला पराजुली |
| **नागरिकता** | : | नेपाली |
| **वैवाहिक अवस्था** | : | विवाहित |
| **श्रीमती** | : | माया भुसाल (पराजुली) |
| **रुचि** | : | अध्ययन अध्यापन तथा साहित्य रचना |
| **<u>शैक्षिक विवरण</u>** | | |
| **प्रवेशिका** | : | श्री फर्सवा टाकुरा उच्च माध्यमिक विद्यालय, अर्घाखाँची |
| १०+२ | : | श्री फर्सवा टाकुरा उच्च माध्यमिक विद्यालय, अर्घाखाँची |
| **स्नातक** | : | हरिहर शिक्षा क्याम्पस अर्घाखाँची |
| **स्नातकोत्तर** | : | पशुपति बहुमुखी क्याम्पस, चावहिल काठमाडौं |
| | : | महेन्द्ररत्न क्याम्पस, ताहाचल, काठमाडौं (अध्ययनरत) |
| **सेवा** | : | मा.वि. नेपाली शिक्षक होली एन्जल्स पब्लिक स्कुल, काठमाडौं |
| **संलग्नता** | : | नौलो सिर्जना साहित्य अनुसन्धान अभियान, पशुपति बहुमुखी क्याम्पसको संस्थापक सचिव |
| | : | पशुपति साहित्यिक अभियान पशुपति बहुमुखी क्याम्पसको सक्रिय सदस्य |
| **सम्पर्क नं.** | : | ९८५१०१९०९४/९८४३००५६२६ |